# उदय-कौसिला स्मृतिग्रन्थ

लेखन/सम्पादन तथा संयोजन

डा. खगेन्द्र घोडासैनी
रामप्रसाद रिमाल
डम्बरप्रसाद उपाध्याय

(वि.सं. १९७७-२०५२, १९९७-२०४३)

| | | |
|---|---|---|
| प्रकाशक | : | जैमिनीय मञ्च, लम्कीचुहा, कैलाली |
| कृति | : | उदय-कौसिला स्मृतिग्रन्थ |
| सर्वाधिकार | : | डा. खगेन्द्र घोडासैनी |
| संस्करण | : | २०८०, भदौ २८, कुसे औँसी |
| प्रकाशित प्रति | : | ५०१ |
| मूल्य | : | ४००/ |
| **ISBN Number** | **:** | **9789937-1-4509-1** |

जैमिनीय मञ्च
लम्कीचुहा-२ बगैरा, कैलाली
स्था. २०७३
जि.प्र.का. कैलाली दर्ता नं. २२४०/०७३/०७४
सम्पर्क : ९८२२७४८६०० इमेल: jaiminiya.org@gmail.com

पत्र सं. : २०८०।०८१
च. नं. : ०३

मिति: २०८०/०५/१६

## प्रकाशकीय

जैमिनीय मञ्चको उद्देश्य जैमिनीय गोत्र र घोडासैनी थरका बारेमा अध्ययन, अनुसन्धान गर्नुका साथै उक्त कुलमा जन्मिएका प्रतिभालाई चिनाउने पनि हो। पं. उदयराम उपाध्यायका बारेमा यस संस्थाको पृष्ठभूमिका रूपमा रहेको जैमिनीय मञ्च प्रकाशन समूहद्वारा प्रकाशित 'जैमिनीय मञ्च' पत्रिकामा खगेन्द्रप्रसाद उपाध्यायले 'घोडासैनी कुलका दिवंगत विशिष्ट व्यक्तित्त्वहरू' शीर्षकको लेखमा केही कुरा समेट्नुभएको थियो। अहिले स्वर्गीय पं. उदयराम उपाध्याय र स्वर्गीय कौसिलादेवीका छोराबुहारीहरूको सक्रियतामा उहाँहरूबाट आफ्ना आमाबुबाका नामबाट 'उदय-कौसिला स्मृतिग्रन्थ' प्रकाशनको तयारीमा छ। यसमा पं. उदयराम उपाध्यायसँग पढेका उहाँका विद्यार्थीहरू र उहाँलाई चिन्ने व्यक्तिहरू तथा उहाँका सन्ततिहरूद्वारा लिखित लेखहरू समावेश गरेर तयार पारिएको छ। यसको प्रकाशनमा लाग्ने सम्पूर्ण खर्च उहाँका छोराबुहारीहरू क्रमश: स्व. कृष्णराज/भिमकला, रामप्रसाद/मनकला, दामोदर/राधा तथा खगेन्द्र/मिनाद्वारा उपलब्ध गराई प्रकाशनको अभिभारा जैमिनीय मञ्चलाई दिनुभएकामा यो संस्था उहाँहरूप्रति हार्दिक आभार प्रकट गर्दछ। यस्ता अन्य कृतिहरू पनि खोज गरेर प्रकाशन गर्ने हाम्रो अभिलाषा हो तर आर्थिक अभावले ती सबै काम सम्पन्न हुन सकेका छैनन्। त्यसका लागि संस्थालाई सम्झेर यो प्रकाशनको अभिभारा दिए झैं अरूहरूबाट पनि संस्थाले यस्तो अपेक्षा राखेको छ। आगामी दिनहरूमा पनि यस्तै खोज, अनुसन्धानमूलक कृतिहरू प्रकाशित गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछु।

अध्यक्ष
एकेन्द्र घोडासैनी

**प्रदेश सरकार**

# सुदूरपश्चिम प्रज्ञा-प्रतिष्ठान

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

स्थापना : २०७९

पत्र सं. ०८०/०८१
च.नं.

मिति : २०८०/०५/१०

## हार्दिक शुभकामना !

सूदूरपश्चिम प्रदेशमा जन्मेर समाजका विभिन्न क्षेत्रमा अनुकरणीय कार्य गरेर स्थापित बन्नुभएका धेरै हाम्रा अग्रजहरू कतिपय जीवितै हुनुहुन्छ भने कतिपय दिवंगत भइसक्नुभएको छ । उहाँहरूका पवित्र कार्यहरूलाई समाजमा चिनाइदिन र नयाँ पिँढीका लागि मार्गदर्शनको ढोका खोलिदिन स्मृतिग्रन्थले महत्त्वपूर्ण भूमिका खेल्दछ । यसक्रममा अछाम निवासी शिक्षासेवी, आध्यात्मिक तथा दार्शनिक व्यक्तित्व पं उदयराम उपाध्याय र उहाँकी धर्मपत्नी कौसिलादेवी उपाध्यायका नामबाट यो**उदयकौसिला स्मृतिग्रन्थ** प्रकाशन हुन लागेको जानकारी पाउँदा निकै खुसी लागेको छ । पं. उदयराम उपाध्यायले अछाम जिल्लाको पूर्वी भेकका विभिन्न ठाउँमा अध्यापन कार्य गरी त्यस क्षेत्रका विद्यार्थीहरूलाई सामान्य साक्षरदेखि कर्मकाण्ड, ज्योतिष र वेदको शिक्षा दिनुभएको भन्ने कुरा उहाँको स्मृतिग्रन्थको पाण्डुलिपिको अध्ययनबाट जानकारी प्राप्त भयो । उहाँका पुस्ताले उहाँलाई जसरी चिनेजानेका थिए त्यही रूपमा नयाँ पुस्ताले पनि चिन्न सक्ने अवस्था यस स्मृतिग्रन्थको प्रकाशनबाट हुने छ भन्ने मैले अपेक्षा गरेको छु ।

त्यतिबेला शिक्षालयको अभाव थियो । उहाँले अछामबाट स्वर्गद्वारी आश्रम प्युठानमा पुगेर शिक्षा आर्जन गरी आफ्नै गाउँघरका मानिसहरूलाई वि.सं. २००० सालदेखि २०३८ सालसम्म अछामका माजी मुलेगडा, नन्दपुर-गुजियाँ, कुइका, विनायक, पुन: कुइका, बजगाउँ, बाँडाबस्ती, ढकारी, घोडासैन, ढाङ्टाको पिपल्तडा र सेराको ध्यानेवस्तामा पढाउनुभएको थियो । आजका पुस्ताले गाउँघरमा प्राप्त गरेको सुलभ शिक्षा र शिक्षकहरूले पाउने पारिश्रमिकका तुलनामा उहाँको योगदान एउटा जिल्लाको शिक्षा हेर्ने निकायभन्दा कम थिएन भनी मूल्याङ्कन गर्न सकिन्छ ।

समग्रमा उहाँले अछामको पूर्वी भेकमा वेद, ज्योतिष र अरू सर्वसाधारणलाई साक्षर तुल्याई नयाँ औपचारिक पाठशाला नखुल्दै शिक्षाको किरण छरेर उज्यालो पार्नुभएको थियो । त्यस्ता प्रतिभाका बारेमा लेखिएको यस स्मृतिग्रन्थले तत्कालीन शैक्षिक तथा सामाजिक अवस्थाका बारेमा जानकारी दिने कामसमेत गर्ने कुरामा म विश्वस्त छु । स्मृतिग्रन्थ प्रकाशनको पूर्ण सफलताको शुभेच्छा प्रकट गर्दै सुदूरपश्चिम प्रज्ञा-प्रतिष्ठान पं.उदयराम उपाध्याय र उहाँकी धर्मपत्नी कौसिलादेवी उपाध्यायप्रति भावपूर्ण श्रद्धासुमन एवं उच्च सम्मान व्यक्त गर्दछ । पाठक वृन्दलाई यो ग्रन्थ पढिदिन र ग्रहण गरिदिन म आग्रहसमेत गर्दछु ।

**(डा. टी.एन. जोशी)**
उपकुलपति
सुदूरपश्चिम प्रज्ञा-प्रतिष्ठान
☎M९८५८४२२१९५

☎ ९८५७८३५०४२, ९७५८५०११८३, ०८२-५६०२६५ ०८२-६२०१८६

# कीर्तिर्यस्य स जीवति

यस जगत्लाई परमात्माको अनन्य कृपाद्वारा प्रदान गरिका दुईओटा तत्त्व महत्त्वपूर्ण छन् र यी तत्त्व अनादि पनि छन् । अनादि तत्त्वमध्ये एक हो संस्कृत भाषा जसद्वारा लोकव्यवहार चल्दछ भने अर्को हो सनातन धर्म जसले विश्वलाई आचार, विचार, नीति नियममा बाँधेर सृष्टिलाई निरन्तरता दिएको छ। भाषाको जननी संस्कृत भाषा नै अनादि हो भने सनातन धर्म नै यसको मेरुदण्ड हो। कल्प कल्पको अन्तराललले यी दुवैलाई यदाकदा सङ्कुचन गरे तापनि समूल नष्ट गर्न सकेन र सक्दैन । यदि यी दुवैको संरक्षण भएन र व्यवहारमा प्रयोग भएन भने सृष्टि प्रक्रियामा नै विसङ्गति आउन सक्दछ । प्राणी जगत्को कल्याणका खातिर यी दुवैको संरक्षण, संवर्धन र निरन्तरताका निम्ति यस पुण्य धराधाममा परमात्मा आफैँ विभिन्न नाम र रूपमा अवतरित हुनुहुन्छ भने कहिले अंशका रूपमा अवतीर्ण हुनुहुन्छ। श्री स्वर्गद्वारी महाप्रभुको अवतार पनि उक्त दुई मूल तत्त्वको संरक्षण र प्रवर्द्धनद्वारा जगत्को कल्याणका निम्ति भएको अंशावतार हो । संस्कृतमा नै सनातन धर्मका आचार, विचार, नियम, व्यवहार निबद्ध छन् जसको मानव व्यवहारमा मात्र नभएर देव व्यवहारमा पनि प्रयोग हुन्छ । यसैका माध्यमले देवप्राण तृप्त हुन्छन् भने जगत्को अस्तित्व पनि संरक्षित छ ।

श्री स्वर्गद्वारी महाप्रभु दिव्य पुरुषका रूपमा यस देवभूमि हिमालयको काखमा अवतीर्ण भई लोकमङ्गलका निम्ति वि.सं. १९५२ सालमा स्वर्गद्वारी गिरिशिखरमा वेद, यज्ञ, गौ, देवपूजाको संयुक्त विशाल महायज्ञ प्रारम्भ गर्न पुग्नुभयो। यस महायज्ञमा भाग्यशाली धेरै पुण्यपुरुषको सहभागिता रह्यो । कोही वेदाध्ययनका लागि, कतिपय यज्ञ सञ्चालनका निम्ति त केही गोसेवा, अतिथिसेवा, यज्ञसेवाका निमित्त उपस्थित भए । एउटा काँचो माटाको डल्लो स्वर्गद्वारी पुगेर सुन्दर, परिपक्व, बलियो पात्रका रूपमा परिणत हुन्थ्यो । स्वर्गद्वारीको तात्कालिक परिवेशले गर्दा केही बन्दिनँ भन्दा पनि निरहंकारी, निर्लोभी, परोपकारी, शुद्धबुद्ध, ज्ञाननिष्ठ, परमार्थको असल बटुवा बनेर निस्कन्थ्यो । जुन परिस्थिति आज पनि आंशिक रूपमा यथावत् छ ।

श्री स्वर्गद्वारी महाप्रभुको सान्निध्य पाएका अथवा त्यो सुगन्धबाट प्रभावित भएका र शिक्षित, दीक्षित भएका व्यक्तिहरू जहाँ गए त्यहाँ प्रभुको सुगन्धलाई फैलाएर ज्ञानको ज्योतिबाट त्यस क्षेत्रलाई पनि आलोकित बनाए। यस्ता घटना वा उदाहरण अनेकौँ पाइन्छन्। नेपाल जुन समयमा अशिक्षाको अँध्यारो कोठरीमा रुमल्लिएको थियो त्यस समयमा अनादि देवभाषा संस्कृत र अनादि ज्ञानधारा वेदध्वनि गुन्जने स्थान भनेको स्वर्गद्वारी नै थियो। यो दिव्य आलोकबाट धेरै व्यक्तिहरूले आफूलाई कृतकृत्य बनाए। नेपालका हरेक स्थान र भारतका केही स्थानबाट समेत स्वर्गद्वारी आई अध्ययन गर्ने परम्परा यहाँ रहेको थियो र अहिले पनि छँदै छ।

पं. उदयराम उपाध्यायले वि.सं. १९९४ देखि २००० सालसम्म यसै यज्ञभूमिमा बसेर श्री स्वर्गद्वारी महाप्रभुको सान्निध्य पाई वेदवेदाङ्ग, दर्शन र धर्मशास्त्रको ज्ञानार्जन गरेको र प्राप्त ज्ञानलाई आफूमा मात्र सीमित नबनाई आफ्नो जन्मक्षेत्रलाई नै आलोकित बनाएको थाहा पाउँदा गर्वको अनुभूति भएको छ। पं. उदयरामले ६ वर्षमात्रै स्वर्गद्वारीको औपचारिक शिक्षा ग्रहण गर्नुभएको र प्राप्त ज्ञान जीवनभर अछाम जिल्लाका विभिन्न स्थानमा बाँडेर थाक्नुभएन। उदयराम उपाध्यायले शिक्षाबाट वञ्चित समाजलाई शिक्षित बनाउन र संस्कृत, संस्कृति र सनातनको प्रचारप्रसार गर्न उत्प्रेरणा दिनुको मूलमा श्री स्वर्गद्वारी महाप्रभुको कृपाप्रसाद रहेको छ। अछाम जिल्लामा रहेर त्यस क्षेत्रको शैक्षिक, धार्मिक, आध्यात्मिक क्षेत्रको उन्नयनमा पण्डितजीले खेलेको भूमिका कालजयी छ। त्यस्ता प्रेरणादायी कार्य गर्ने कर्मठ व्यक्तित्वको जीवनीले कालान्तरमा समाज सेवामा लाग्ने व्यक्तिहरूलाई समेत आत्मबल र मार्गदर्शन दिने छ। श्री स्वर्गद्वारीको ज्ञान झिल्काले यस्तो महत्त्वपूर्ण समाज सेवा गरेको सन्दर्भले श्री स्वर्गद्वारी आश्रमको समेत सम्मान बढेको अनुभूति भएको छ।

**उदय-कौसिला स्मृतिग्रन्थ**बाट पं. उदयरामको कालजयी सेवा सबैले थाहा पाउने छन्। स्मृतिग्रन्थ प्रकाशन गर्ने र श्री स्वर्गद्वारी आश्रमलाई समेत सम्झने यसका सम्पादकमध्येका पं. उदयरामका सुपुत्र विद्वान् व्यक्तित्व डा. खगेन्द्र घोडासैनीज्यूलाई विशेष धन्यवाद र स्मृतिग्रन्थको प्रचारप्रसार, उचित कदर र सामाजिक उत्प्रेरणाका लागि हार्दिक शुभकामना छ।

॥ ॐ तत्सत् ॥

डा. रुद्रानन्द ब्रह्मचारी (ध्रुवश्रीः)

श्री स्वर्गद्वारी आश्रम, प्युठान।

श्री गुरुकुल माध्यमिक विद्यालय
SHREE GURUKUL SECONDARY SCHOOL
ढकारी गाउँपालिका-१,अछाम
DHAKARI RURAL MUNCIPALITY-1, ACHHAM

पत्र संख्या:०८०/०८१
चलानी नम्बर : ४

Gmail: mavigurukul2018@gmail.com
मो.न ९८४८४७२५५३/९७४९८०९९६४
विद्यालय कोड : ६९०२१०००४
मिति : २०८०।०५।०६

## स्मृतिग्रन्थ प्रकाशनको शुभकामना

ढकारी गाउँपालिका वडा नम्बर-१ स्थित श्री गुरुकुल माध्यमिक विद्यालय, ढकारी, अछामको स्थापना कालमा साविकको घोडासैन गाविस, वडा नम्बर-९, माजी मुलेगडा हालको ढकारी गाउँपालिका, वडा नम्बर-८, माजीमा जन्मिनुभएका स्व. पं. उदयराम उपाध्यायले अछामका विभिन्न ठाउँमा पढाएर धेरै मानिसहरूलाई साक्षर तुल्याउनुका साथै वेद र ज्योतिषको गुरुकुलीय शिक्षा पनि प्रदान गर्नुभएको थियो। गुरुकुल विद्यालयको स्थापना कालमा विद्यालयको सेवाक्षेत्रका मानिसहरूलाई तत्कालीन ढकारी गाविस, वडा नम्बर-१, स्थित डुफा निवासी स्व. हरि कुवरको घरमा बसी २०१७ सालतिर आवासीय रूपमा शिक्षा दिन सुरुवात गर्नुभएको थियो। यो कुरा स्मृतिग्रन्थमा उहाँसँग ढकारीमा पढेका विभिन्न व्यक्तिहरूले लेख्नुभएका लेखबाट पनि पुष्टि हुन्छ। उहाँले शिक्षा प्रदान गर्दा नामकरण गरेर पढाउन सुरु गर्नुभएको शिक्षण संस्था नै आधुनिक शिक्षालयका रूपमा परिणत भई उक्त विद्यालयको नाम नै गुरुकुल रहेको भन्ने कुरा विद्यालयको अभिलेखमा तथा समाजका बुढापुराना मानिसहरूको भनाइ रहेको देखिन्छ। उहाँले यस विद्यालयको स्थापना गरी पढाउन सुरु गर्नुभएदेखि आजसम्म यो विद्यालय निरन्तर रूपमा गतिशील छ। उहाँले पुऱ्याउनुभएको देन र सहयोगका लागि यस विद्यालयले उहाँलाई सदैव सम्झिराख्ने छ।

यस विद्यालको स्थापनामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएका स्व. पं. उदयराम उपाध्याय र उहाँकी धर्मपत्नी स्व. कौसिलादेवीका नामबाट 'जैमिनीय मञ्च'बाट **'उदय-कौसिला स्मृतिग्रन्थ'** प्रकाशन गर्न लागेको जानकारी पाउँदा निकै खुसी लागेको छ। यस ग्रन्थबाट उहाँको अछाम जिल्लाका विभिन्न स्थानमा गर्नुभएको शिक्षण कार्यको अभिलेखीकरण भई उहाँका बारेमा बुझ्न मद्दत मिल्नुका साथै तत्कालीन शैक्षिक र सामाजिक परिस्थितिका बारेमा महत्त्वपूर्ण जानकारी हुने छ। यस्तो महत्त्वपूर्ण कृति प्रकाशनको पूर्ण सफलताको कामना गर्दै समग्र विद्यालय परिवारका तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछु।

भिम बहादुर शाही
प्रधानाध्यापक

विद्यालय कोड नं ६९०२४०००६

# श्री त्रिपुरासुन्दरी माध्यमिक विद्यालय

## ढकारी-८, घोडासैन, माजी, अछाम

### शुभकामना मन्तव्य

'जैमिनीय मञ्च'ले प्रकाशन गर्न लागेको लेखक डा. खगेन्द्र घोडासैनी, रामप्रसाद रिमाल र डम्बरप्रसाद उपाध्यायद्वारा सम्पादित 'उदय- कौसिला स्मृतिग्रन्थ' नामक पुस्तक प्रकाशन हुन लागेकामा अत्यन्त खुसी लागेको छ।

अछाम जिल्लाको हालको ढकारी-८ माजी मुलेगडामा जन्मिएर समग्र अछाम जिल्लामै शिक्षाको ज्योति छर्नुहुने जोतिष र वेदका ज्ञाता तथा प्रचारकको भूमिकामा रही उहाँले अछामका विभिन्न ठाउँमा गुरुकुल तथा अन्य व्यक्तिगत रूपमा शिक्षा प्रदान गर्ने काम गर्नुभयो। त्यस्ता व्यतित्त्व स्व. उदयराम उपाध्याय (पोकु उपाध्याय) का जीवनका गतिविधिहरू र उहाँले जीवनकालमा गर्नुभएका प्रेरक अतुलनीय योगदानलाई समेटी लेखिएको 'उदय-कौसिला स्मृतिग्रन्थ' नामक पुस्तक प्रकाशन हुन लागेकामा अत्यन्त हर्षित छौँ।

उहाँ जन्मिनुभएको ठाउँमै हाल माध्यमिक तहसम्मको अध्ययन अध्यापन हुने श्री त्रिपुरासुन्दरी माध्यमिक विद्यालय स्थापना भई पठन पाठन भइरहेको छ। यस ठाउँमा उहाँले वि. सं. २०१५-२०१८ सालमा पीपलको बोट वरिपरि आफू र आफ्ना विद्यार्थीहरू लगाएर चौतारो चिनाई पढाउनुभएको थियो। यस गाउँमा मात्रै नभई अछामका विभिन्न ठाउँमा शिक्षा दिई यहाँको शैक्षिक गतिविधिलाई आजको अवस्थासम्म पुऱ्याउने प्रमुख योगदान स्व. उदयराम उपाध्यायको पनि देखिन्छ। तसर्थ उहाँको जीवनीमा आधारित 'उदय-कौसिला स्मृतिग्रन्थ' प्रकाशन गर्न लागेकामा यसका सम्पूर्ण लेखकहरू, सम्पादकहरू तथा प्रकाशकलाई मेरो व्यक्तिगत तथा समग्र विद्यालय परिवारकातर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछु। यस स्मृतिग्रन्थले अछामको यस क्षेत्रका साथै समग्र घोडासैनी बन्धुहरूको पहिचान गर्नमा सघाउ पुऱ्याउने छ भन्ने विश्वास र आशा पनि व्यक्त गर्दछु।

०८०/४/०३

केशवराज उपाध्याय
प्रधानाध्यापक

## स्मृतिग्रन्थ प्रकाशनको लहरो तान्दा

दिवङ्गत व्यक्तिको स्मृति वा सम्झना गरेर लेखिएका कुराहरूको सङ्कलनलाई स्मृतिग्रन्थ भनिन्छ। पं. उदयराम उपाध्याय र उहाँकी धर्मपत्नी कौसिलादेवी उपाध्यायका नामलाई सङ्क्षिप्त रूपमा उदय-कौसिला नाम राखेर यो स्मृतिग्रन्थ तयार पारिएको हो। यसमा उहाँहरूसँग देखभेट भएका वा उहाँहरूका बारेमा सुनेका व्यक्तिहरूले उहाँहरूलाई कसरी चिन्नुहुन्छ ? उहाँप्रतिको बुझाइ के हो ? त्यसलाई उहाँहरूकै शब्दमा व्यक्त गर्न लगाएर लेख तयार पारिएका छन्। यसमा तीन प्रकारका लेखहरू छन् :

१. लेखक आफैँले लेखेका,

२. कुनै सहयोगी वा आफन्तलाई लेख्न लगाइएका,

३. अनुभव, भोगाइ, तथ्य र विवरण स्वयं लेखकका र तिनलाई आधार बनाएर लेख सङ्कलन समितिका संयोजक, उपसमितिका संयोजक, केही सदस्य र सदस्य सचिवले तयार पारेका। यस प्रकृतिका अधिकांश लेखहरू सदस्य सचिवले तयार पारेका हुन्। यसरी तीनओटा तरिकाबाट लेखिएका लेखहरूको सङ्कलन गरेर यो स्मृतिग्रन्थ तयार पारिएको छ।

बुबाका बारेमा उहाँसँग पढेका र उहाँका शिष्यका सन्ततिहरूले धेरैपटक उहाँका बारेमा कुनै न कुनै धारणा, विचार, चिन्तनहरू प्रकट गरेको अनुभव गरेपछि ती भावना, विचार र धारणाहरूलाई सङ्कलन गरेर स्मृतिग्रन्थ प्रकाशन गर्ने कुरा वि.सं. २०७२ सालको प्रारम्भमै मेरो र जेठा दाजु कृष्णराज उपाध्यायको फोनमा कुराकानी भएको थियो। त्यसको केही महिनामै जेठा दाजुको स्वर्गवास भयो। यस घटनाले स्मृतिग्रन्थको तयारीका लागि निकै ठुलो क्षति भयो। स्व.दाजुसँग भएको स्रोत र अनुभवको प्रयोग गर्न पाएको भए धेरै सहज र छोटो समयमै यसको लेखन र प्रकाशन सम्भव थियो। दाजुको स्वर्गवास र देशभर सञ्चारको सहज सुविधा नभएको र मेरो बसाइ दाङमा भएका कारण बुबाका बारेमा जान्ने सुन्ने महानुभावहरूसँग प्रत्यक्ष सम्पर्क गर्न निकै कठिन भएर यो काम त्यत्तिकै थन्किएको थियो। सञ्चारको सहजता र कैलालीबाट बुबाका शिष्य श्री रामप्रसाद रिमालले लेख सङ्कलनका लागि संयोजक भई सहयोग गर्ने वचन दिनुभयो। त्यसै गरेर अछामको जनजीवन बुझ्नुभएका शिक्षा क्षेत्रमा क्रियाशील ठुलीआमाका छोरा दाजु डम्बरप्रसाद उपाध्याय र अछामतिरबाट केही आफन्तहरूले सहयोग गर्ने कुरा बताउनुभयो। त्यसपछि सहयोग गर्न र लेख दिन इच्छुकहरूको समिति र उपसमिति बनाएर लेख सङ्कलनको काम थालनी भयो। कतिपयले एकैपटकमा लेख दिनुभयो। कतिपयले फोनमै टिपाएर सूचना दिनुभयो। विनायकका व्यक्तित्वका बारेमा चेतराज बजागाईंबाट सूचना प्राप्त भयो। अछाम घोडासैन माजीबाट दाजु रुपानन्द उपाध्याय र भतिज रामेश्वर, उद्धवराज र झपराज तथा घोडासैन फेरेबाटाका शिक्षक प्रेमप्रसाद शर्माबाट व्यक्तिको स्रोत प्राप्त भयो। कैलालीबाट संयोजक र सहसंयोजक दाजुहरूले सक्रियतापूर्वक लागेर विभिन्न ठाउँमा गएर प्रत्यक्ष भेटेर लेखसमेत तयार पारेर उपलब्ध गराउनुभयो। माहिला दाजु रामप्रसाद उपाध्याय र बहिनी महेसरा तथा भतिजीहरू मिना र कल्पनाबाट पनि कैलालीका विभिन्न व्यक्तिसँग सम्पर्क स्थापित गर्न र लेखका लागि अडियो तथा भिडियोहरू प्राप्त भए। सुर्खेतबाट बहिनी दुर्गा, कृष्ण भान्जा र दाजु प्रेमप्रसादबाट विभिन्न व्यक्तिसँग सम्पर्क स्थापित गर्न सहयोग प्राप्त भयो। जगन्नाथ दाजु र सानाबुबा हरिनाथ उपाध्यायले परिवारको ऐतिहासिक पक्षको खोजीनीति गरेर ऐतिहासिक विषयवस्तुबारे प्रशस्त जानकारी दिनुका साथै लेख पनि उपलब्ध गराउनुभयो। दैलेखबाट फुपू बज्यैका छोरा अग्निप्रसाद उपाध्याय खनाल र बुबाका मामाका छोरा नारायणप्रसाद उपाध्याय खनालबाट पनि सूचना र लेख प्राप्त भए।

यसरी माथि नाम उल्लेख भएकाहरूको स्मृतिग्रन्थ तयार पार्न प्रत्यक्ष संलग्नता रह्यो भने कतिपय व्यक्तित्वहरूले अप्रत्यक्ष रूपमा पनि सहयोग र सूचना प्रदान गर्नुभयो जसको परिणामस्वरूप यो स्मृतिग्रन्थ तयार पार्न सहज भयो। त्यसका लागि उहाँहरू सबैप्रति एकमुष्ट रूपमा हार्दिक आभार एवम् धन्यवाद प्रकट गर्दछु। यसको लेखन र सम्पादनका चरणसम्म विभिन्न तरिकाले प्रत्यक्ष एवम् अप्रत्यक्ष सहयोग गर्नुहुनुने व्यक्तित्वहरू तथा प्रकाशनको जिम्मेवारी लिएर पाठकहरूसमक्ष पुऱ्याउन मद्दत गर्ने **जैमिनीय मञ्च**का अध्यक्ष एकेन्द्र घोडासैनी र यसका सम्पूर्ण कार्यसमितिका पदाधिकारीहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु।

डा. खगेन्द्र घोडासैनी
सदस्य सचिव
स्मृतिग्रन्थ प्रकाशन मूल समिति तथा उपसमिति

## सम्पादकीय

'गर्नै योग्य छ के ? पिता र गुरुमा श्रद्धा र सत्संगति' (गुणरत्नमाला, पृ. १३)

यस अनमोल वचनले सन्तानका लागि पिता र गुरुमा श्रद्धा तथा सत्संग गर्न योग्य कुरा हुन् भनी जोड दिएको छ।

यस्तै संगत सद्गुरुको गर्नुपर्छ भने सद्गुरुको लक्षण पनि गुणरत्नमालामा उल्लेख गरिएको छ - को हो सद्गुरु ? जो छ तत्त्व बुझने सत्मार्गमा लाउने (पृ.१३)

पं. उदयराम उपाध्याय केवल सन्तानका लागि मात्रै होइन उहाँले धेरैलाई मार्गदर्शन गरेर गुरुको भूमिका निर्वाह गर्नुभएको छ। धेरैले उहाँबाट शिक्षा र प्रेरणा लिएका छन्। यस संसारमा आएपछि एक दिन सबैले जानुपर्छ। यहाँ कोही पनि सधैँका लागि बस्न सक्दैन। यो सत्यलाई समयमा बुझेर के गर्नुपर्छ भन्ने कुरा पं. उदयरामको जीवनीले हामीलाई मार्गनिर्देशन गर्छ। यस कुरालाई निम्नलिखित नीति श्लोकले सटिक चित्रण गरेको छ-

यौटै मानिस देह नै छ बढिया चौरासी लाखौँ बिच
योभन्दा पनि धन्य उच्च कुल हो आचार झन् मुख्य छ
त्यो हो झन् बढिया विचार छ जहाँ झन् धन्य विद्वान् कुल
साह्रै उत्तम ता छ वेद पढने आचारवान्को कुल (गुणरत्नमाला, पृ.३८)

यो कुरा त धेरैसँग मेल खान्छ भन्ने हो भने यस्तो देह पाएपछि के गर्नुपर्छ भन्ने कुरा पनि नीतिशास्त्रको भनाइअनुकूल हुनुपर्छ, जुन यसप्रकार छ-

पाओस् उच्च कुलीन देह त पनी आत्मा अनात्माकन
चिन्ने यत्न र देहको क्षणिकता जान्दैन हो जो जन
कस्तै त्यो चतुरो सिपालु गुनिलो विद्वान् भनीयोस् तर
व्यर्थै आयु बितेर जान्छ उसको रोला पछि धर्धर (गुणरत्नमाला, पृ.३९)

मनुष्य जन्म पाएर मात्रै हुँदैन त्यसको उद्देश्य बुझेर त्यसअनुसारको कर्म पनि गर्नुपर्छ अनि मात्रै मनुष्य जीवनले सार्थकता पाउँछ। जीवन त क्षणिक छ। यही क्षणिकताको बोध हुन जरुरी छ। यही सार्थक जीवनलाई अँगालेका व्यक्तित्त्वका विषयमा केन्द्रित भएर यो स्मृतिग्रन्थ तयार पारिएको छ।

यो स्मृतिग्रन्थ तीन खण्डमा विभाजित छ। यसको खण्ड 'क' मा 'जीवनीगत सम्झनाहरू' राखिएका छन्। यसमा पं. उदयराम उपाध्यायको बाल्यकालदेखि जीवनका विभिन्न पाटाहरू

पहिल्याउने प्रकृतिका लेखहरू समावेश छन् । खण्ड ‘ख’ मा ‘गुरुकुल वा पाठशाला सञ्चालन र शिक्षण कार्यको सम्झना’ शीर्षकमा उहाँले गुरुकुल वा पाठशाला सञ्चालन गरेर शिक्षण कार्यको आरम्भ गरेर जुन जुन ठाउँमा गएर पढाउनुभयो ती विभिन्न ठाउँमा उहाँसँग पढेका उहाँका शिष्यहरूले लेख्नुभएका लेखहरू समावेश गरिएको छ । यस क्रममा सबैभन्दा पहिला माजीमा पढाउनुभएको देखिन्छ । माजीमा पढाउनुभएको समय वि.सं. २००० देखि २००३ का बिचको समय देखिन्छ । माजीपछि कुइकामा पढाउन बसेका बखत स्वयं उहाँकै हस्ताक्षरयुक्त विवरण फेला परेको हुँदा २००४-२००७ र त्यसपछि विनायकमा पढाउनुभएको भन्ने प्रमाण उहाँकै शिष्यहरूले गर्नुभएको छ । पुनः कुइका हुँदै बजगाउँ, ढकारी, बाँडाबस्ती, माजी, घोडासैन, ढाङ्टा, ध्यानेवस्ता र सुर्खेतमा पढाउनुभएको र ती ठाउँमा पढ्नुभएका व्यक्तिहरूले लेखेका लेखहरू समावेश गरिएको छ । यी स्थानमा पढाउनुभएका तिथि मितिहरू सम्बन्धित लेखकका लेखमै उल्लेख भएकाले तिनको पुनरावृत्ति गरिएको छैन । खण्ड 'ग' मा 'विविध व्यक्तित्वका सम्झनाहरू' शीर्षकमा उहाँसँग नपढेका व्यक्तिहरू र उहाँका सन्तानहरूले लेख्नुभएका कुराहरूलाई समावेश गरिएको छ । उहाँका सन्तान पनि शिष्य पनि भएको अवस्थामा भने शिष्यमै राखिएको छ । अन्तमा परिशिष्ट खण्डमा उहाँको पारिवारिक परिचय र उहाँका हस्तलिखित केही कृतिहरू सम्झना स्वरूप राखिएका छन् । यसका साथै लेख सङ्कलन गर्न बनाइएको मूल समिति र उपसमितिका सम्पूर्ण सदस्यहरूको नामावली पनि समावेश गरिएको छ । अन्तमा कौसिलादेवीको स्केच चित्र र उहाँका जेठा छोरा स्व. कृष्णराज उपाध्यायका फोटा राखिएका छन् ।  आवरण पृष्ठको अन्तिम पानाको भित्रतिर पं. उदयराम उपाध्याय र उहाँका दाजुभाइहरूका परिवारसहितका फोटाहरू राखिएका छन् । कौसिलादेवीको फोटो उपलब्ध नभएकाले स्केच बनाएर राखिएको छ ।

यस ग्रन्थको प्रकाशनका लागि शुभकामना दिनुहुने सुदूरपश्चिम प्रज्ञाप्रतिष्ठानका उपकुलपति, स्वर्गद्वारी आश्रम, गुरुकुल र त्रिपुरासुन्दरी माध्यमिक विद्यालय प्रधानाध्यापकज्यूहरू तथा यस ग्रन्थका लागि लेख उपलब्ध गराउनुहुने सम्पूर्ण महानुभावहरूप्रति सम्पादन समिति हार्दिक आभार व्यक्त गर्दछ । यस्तै लेखहरूको प्रकाशनको जिम्मा लिने **जैमिनीय मञ्चप्रति** पनि हार्दिक धन्यवाद व्यक्त गर्दछ । यसको पाण्डुलिपि अध्ययन गरेर आवश्यक सल्लाह र सुझाव दिनुहुने श्री जगन्नाथ उपाध्याय, श्री गोकर्णप्रसाद उपाध्याय न्यौपाने, श्री टीकाराम आर्य, श्रीमती मिना घोडासैनी र श्री जनकदत्त उपाध्यायप्रति पनि सम्पादन समिति हार्दिक धन्यवाद व्यक्त गर्दछ । यस कृतिलाई उपयुक्त सेटिङ गर्ने सजन सापकोटा र छपाइ गरेर पाठकहरूसमक्ष पुऱ्याउन मद्दत गर्ने  सङ्गम बुक्स पब्लिकेसन प्रा.लि. काठमाडौँलाई सम्पादन समिति धन्यवाद दिन चाहन्छ ।

स्मृतिग्रन्थ सम्पादन समिति

# विषयसूची


प्रकाशकीय

हार्दिक शुभकामना !

कीर्तिर्यस्य स जीवति

स्मतिग्रन्थ प्रकाशनको शुभकामना.

शुभकामना मन्तव्य

स्मृतिग्रन्थ प्रकाशनको लहरो तान्दा

सम्पादकीय

**खण्ड 'क' जीवनीगत सम्झनाहरू** **१ - ४९**

१. तपेन्द्र घोडासैनी- एउटा ज्योतिको उदय २

२. नारायणप्रसाद शर्मा घोडासैनी- श्री स्वर्गद्वारी महाप्रभु र पञ्चशालाको परिचय ८

३. हरिनाथ उपाध्याय- हाम्रा सम्बन्धको त्रिवेणी १३

४. खगेन्द्रप्रसाद उपाध्याय घोडासैनी- केही श्रुति केही स्मृति : चिरस्मरणीय व्यक्तित्व १६

५. जगन्नाथ उपाध्याय घोडासैनी- पुर्खाको जीवनी र सत्यको खोज १८

६. डा. खगेन्द्र घोडासैनी- बुबाको व्यक्तित्वका आयाम र मेरा सम्झनामा बुबाआमा २९

७. अग्निप्रसाद उपाध्याय/खनाल- नारीको कर्तव्य र पारिवारिक सम्बन्ध ४८

**खण्ड 'ख' गुरुकुल वा पाठशाला सञ्चालन र शिक्षण कार्यको सम्झना** **५० - ९४**

८. रामनाथ उपाध्याय तिमल्सिना- वेदका गुरु ५१

९. विष्णुभक्त बजगाईं- सारयुक्त वेदका गुरु ५३

१०. प्रभुनाथ उपाध्याय घोडासैनी- मेरा सम्झनामा माहिला बुबा ५५

११. पद्माखर उपाध्याय घोडासैनी- मेरा गुरुरुपी दाजु ५६

१२. जयलाल बजगाई- शिक्षा र दीक्षाका गुरु ५८

१३. जमुनादेवी उपाध्याय बसुट्याल- लुकीचोरी बनेकी शिष्या ५९

१४. पदमराज कठायत- मेरो शैक्षिक यात्रा ६१

१५. खड्गराज ढुङ्गाना- गुरुको सम्झना ६३

१६. जगतिराम उपाध्याय बसुट्याल- वेद र ज्योतिषका गुरु भान्जा ६५

१७. कण्ठराज देवकोटा- मेरा सम्झनामा माहिला बाजे ६७

१८. केशरसिंह कुवर- गुरुकुलको स्थापना र मेरो शिक्षारम्भ ६९

१९. नारायण उपाध्याय (खनाल)- दाजु र गुरुको अन्तर्सम्बन्ध ७१

२०. लच्छीराम स्वार बजगाईं- मेरा सम्झनामा गुरुज्यू ७३

२१. शिवराज जैसी- मेरा सम्झनामा माहिला काका ७६

२२. रामप्रसाद उपाध्याय रिमाल- पुराना अविस्मरणीय सम्झना ७७

२३. नवराज उपाध्याय घोडासैनी- वेद शिक्षाका गुरु ८०
२४. नन्दराज उपाध्याय घोडासैनी- पिँढीसम्बन्धी विचार ८१
२५. जोगिराम स्वार बजगाईं- ज्ञानका भण्डार भिनाजु ८४
२६. केशवराज बजगाईँ- मेरा सम्झनामा गुरुज्यू ८७
२७. रङ्गादेवी उपाध्याय- मेरा बुबा नै गुरु ८८
२८. भूमिनन्द देवकोटा- पहिला शिक्षक ९०
२९. रामप्रसाद उपाध्याय (घोडासैनी)- मेरा सम्झनामा बुबा ९१
३०. लक्ष्मीकान्त न्यौपाने- गुरुज्यूको सम्झनामा ९३
३१. नन्दराज बजगाईं- मार्मिक क्षण ९४

**खण्ड 'ग' विविध व्यक्तित्वका सम्झनाहरू** **९५ - १६८**

३२. स्व. शिवराज जैसी घोडासेनी- मेरा अभिभावक ९६
३३. देवाखर उपाध्याय (बस्टेल)- सम्धीज्यूको सम्झना ९८
३४. जगन्नाथ जैसी (घोडासैनी)- मेरा सम्झनामा माहिला काउजु ९९
३५. पद्ममादेवी देवकोटा- अवस्मरणीय सम्झना १००
३६. खड्कराज अधिकारी- पण्डित स्व. उदयराम उपाध्यायका बारेमा १०१
३७. कालु जैसी घोडासैनी- माजीको शैक्षिक अवस्था १०३
३८. पहलमान साउँद- वेदपाठी गुरुज्यू १०४
३९. भूमि जैसी घोडासैनी- सत्मार्गका अनुयायी बाजे १०५
४०. बिसुराम जैसी घोडासैनी- जीवन र सत्यको खोज १०६
४१. कर्णसिंह बुढा- सत्यका अनुयायी ज्योतिषी १०७
४२. कोकिलादेवी उपाध्याय घोडासैनी- सबैका गुरु १०८
४३. डम्बरप्रसाद उपाध्याय- शिक्षा : गुरु उदयरामदेखि हालसम्म १०९
४४. टीकाराम आर्य जैमिनि- पूर्वी अछाममा वेद पठनपाठनका पथप्रदर्शक- स्व.उदयराम ११३
४५. विष्णुप्रसाद देवकोटा- मेरा सम्झनामा : बाजे पं. उदयराम उपाध्याय ११६
४६. दुर्गाप्रसाद बजगाईं- मेरा मनमा लागेको ११७
४७. रत्ना जैसी ढकाल- वेदका गुरुदेखि सद्गुरुका शिष्यसम्म ११८
४८. उद्धवराज उपाध्याय घोडासैनी- कीर्ति कहिल्यै मर्दैन ११९
४९. नेत्रराज उपाध्याय- पिताज्यूका गुरुज्यू १२१
५०. हरिदत्त गौतम- सत्यका अनुयायी १२२
५१. मदनलाल धमला- हाम्रा प्रेरणाका स्रोत १२३
५२. लीलाराम बस्टेल- प्रत्येक सास खेर फाल्नुहुँदैन १२६
५३. पूर्णप्रसाद बजगाईं- सत्यका अनुयायी ससुराज्यू १२७
५४. रामनन्द जैसी घोडासैनी- पं. उदयराम उपाध्याय दाजुका बारेमा भ्रम र यथार्थ १२९

५५. भूमिनन्द उपाध्याय- पं. उदयराम उपाध्यायज्यूको सम्झना १३१
५६. देवीराम जैसी- शान्त र सालिन स्वभाव १३२
५७. पदमराज उपाध्याय (तिमल्सिना)- सबैका सम्झनामा : गुरु उदयराम उपाध्याय १३४
५८. बिमकला घोडासैनी- एकन्तप्रेमी ससुरा बुबा १३७
५९. प्रभुनाथ देवकोटा- साधक व्यक्तित्व १३८
६०. काशिराम उपाध्याय- साधक व्यक्तित्व सम्पूर्ण भैँसोलेका गुरु : सानाबुबा १३९
६१. गङ्गाराम बाँस्पाने- अविस्मरणीय बाजे १४१
६२. टेकबहादुर बिसी- पं. उदयराम उपाध्यायज्यूका सम्बन्धमा १४२
६३. टीकाराम जैसी (घोडासैनी)- सिद्धान्तनिष्ठ माहिला बुबा १४३
६४. गोकर्णप्रसाद उपाध्याय (न्यौपाने)- प्रेरणाका स्रोत ससुरा बुबा पं. उदयराम उपाध्याय १४४
६५. रामप्रसाद धमाला- बाजे पं. उदयराम उपाध्यायज्यूसँगको संगत १४६
६६. महेसरा उपाध्याय न्यौपाने- बुबासँगको सामीप्यता र वियोग १४७
६७. जौमती उपाध्याय- मेरा सम्झनामा बुबा १५२
६८. दुर्गा उपाध्याय बिसी- बुबाको माया १५४
६९. रामप्रसाद धमाला- गुरु उदयराम उपाध्यायको सम्झनामा १५६
७.०. विभिन्न व्यक्तिहरूका सामाजिक सञ्जालमा व्यक्त सम्झनाहरू १५७
७१. लक्ष्मीप्रसाद बजगाईँ- सच्चा साधक मेरा मावली हजुरबुबा १५९
७२. कल्पना उपाध्याय- हजुरबुबा र हजुरआमा सम्झना मात्र १६६
७३. दर्शना घोडासैनी- केवल सम्झनामा मात्र हजुरबुबा र हजुरआमा १६७

**परिशिष्ट खण्ड 'क' पारिवारिक तथा सम्बन्धगत वंशवृक्ष १६९-१७२**

१. पं. उदयराम उपाध्यायका मावलीतर्फको वंशवृक्ष १६९
२. पं. उदयराम उपाध्यायको ससुराली तथा उहाँकी धर्मपत्नी कौसिलादेवीको वंशवृक्ष १७०
३. कौसिलादेवीका मावलीहरूको वंशावली १७०
४. पारिवारिक वंशवृक्ष १७१

**परिशिष्ट खण्ड 'ख' पं. उदयराम उपाध्यायसँग सम्बन्धित सामग्री १७३-**

१. पं. उदयराम उपाध्यायको नागरिकताको प्रमाणपत्र १७३
२. वैद्यरत्नसारको पाण्डुलिपि १७४
३. अप्रकाशित मन्त्रसङ्ग्रहको पाण्डुलिपि १७८
४. व्यक्तिगत परिचय खुल्ने हस्त लिखित पाण्डुलिपि १८३
५. उदय-कौसिला स्मृतिग्रन्थ प्रकाशनका लागि तयार पारिएको प्रश्नावली १८५
६. उदय-कौसिला स्मृतिग्रन्थ प्रकाशन मूल समिति र उपसमिति १८६
७. पं. उदयराम उपाध्यायको स्केच चित्र १८८
८. कौसिलादेवी उपाध्यायको स्केच चित्र १८९
९. स्व.कृष्णराज उपाध्यायको चित्र १९०

# खण्ड 'क'
# जीवनीगत सम्झनाहरू

# एउटा ज्योतिको उदय

तपेन्द्र घोडासैनी
ढकारी-८, घोडासैन,  माजी, अछाम

१

लत्रेको सुकुमार घाम कलिलो पारी उज्याला घर
डाँडा चट्ट सफासफा शरदको बेला थियो सुन्दर ।
कर्णाली छ हतार पूर्वतिरमा सेती हुँदा पश्चिम
बैकुण्ठै सरि वैद्यनाथ छ तितौडा स्वर्गझैँ स्वर्णिम ॥

२

सेतो उत्तरतर्फमा भगवती ढुङ्गो बडी मालिका
कैलाली मलवार दक्षिण थिए बाउन्न जो पालिका ।
चौखुट्टे गिरिसम्म पश्चिम सिमाना दुल्लुको पूर्वमा
चारैतर्फ अछाम राज्य अधिको मेरो थियो दृष्यमा ॥

३

पल्लोपट्टि कमल्बजार छ भने डाँडा उता पाँचुली
लर्केकी बजगाउँका नजिकमा गौरा खुलेकी ठुली ।
सिंजाली ममता समुन्द्र नृपको सौगातको राज्य यो
प्यारा नायक देवचन्द्र नृपको प्राचीन साम्राज्य यो ॥

४

लाखौँ स्वर्गसमान पश्चिम धरा नेपालको सुन्दर
जिल्ला एक अछाम झन् प्रकृतिको यौटा छटा उर्वर ।
घोडासैन जुरुक्क उठ्दछ अँझैँ क्या भव्य थुम्को बनी
पल्साता तल ओर्लिंदै गजबको गाउँ छ माजी झनै ॥

५

आँखाले जलझैँ सलक्क पिउँदै त्यो दृश्यको अमृत
मार्दै बात र साउँती र पिरती पोखेर आफैँसित ।

हावा निर्मल मन्द नन्दपुरको चुम्दै हिंडेको थिएँ
छेवैबाट सुने छु शब्द रसिलो खुट्टाहरू अड्किए ।।
६
बोलीमा दमदार भाष्य युगको आँधी सरी जोसिला
घाँटीका मसिना नसासँग थिए हड्डीहरूका किला ।
सेतो सुन्दर देहमा गजबको हे! दिव्य कुर्ता थियो
सुस्केरासँग पोखिदै अलिकता जो शोक सुर्ता थियो ।।
७
उम्रे उत्सुकता अनेक मनका कान्लाहरूमा नव
आँखाभित्र विचित्र चित्र हँसिला देखेँ फुलेका जब ।
बोले बृद्ध "कता गए गुरुसँगै, हे! वेद वाणी कता
शिक्षा नैतिकशास्त्रका जगतका पूर्वीय ती सभ्यता" ।।
८
झन् झन् उत्सुकता बढ्यो मनमनै सोधेँ "थिए को गुरु
कस्तो दर्शनशास्त्रको र कसरी शिक्षा भएथ्यो सुरु ?"
झल्क्यो बालककालको चुलबुले बोली लगातारमा
थाले वर्णन गर्न विस्तृत जरा खोलेर रफ्तारमा ।।
९
"हामी मानिस अन्धकार युगका सारा अँध्यारो थियो
मान्छेभित्र थिएन मानिसपना अज्ञान प्यारो थियो ।
तारा आज झरेछ सुन्दर पृथ्वीमा एक चर्चा थियो
मान्छेका अनुहारमा किरणको अत्यन्त वर्षा थियो ।।
१०
हल्लाको हलुको बतास पुगिगो एकेकका कानमा
तन्नेरी कलिला मिजास मुखका योगी पसे गाउँमा ।
यौटा निर्मल गेरुवस्त्र हुलियामा गाउँमा निस्किए
माजी गाउँ मुलेगडानिर पुगी विश्राममा अड्किए ।।
११
को होलान् ? कसका सुपुत्र ? बहुतै चर्चा चल्यो त्यो दिन
यस्तो उर्वर दिव्य यौवन हुँदै योगी बनेछन् किन ?

चारैतर्फ जतातत्तै चलिरह्यो चर्चा अनेकौँथरि
मानौ शान्त र सौम्य सागर भयो उन्मत्त आँधीसरि ॥

१२

दैलामा शिवरामकी गुणवती ती ब्राह्मणी निस्किइन्
खाना आज खुवाउने रहर भो यी साधुलाई भनिन् ।
धोएछन् मुखमण्डली मधुरतम् हाँस्ने गजबको कला
देखिन् बल्ल चिनिन्  सुपुत्र हँसिला आफ्नै थिए माइला ॥

१३

बोलिन् धैर्य गुमाउँदै "भन कहाँ छोडी हिंडेका थियौ?
पारी यो घर शून्य निर्जन कहाँ छोडी हिंडेका थियौ ?
तिम्रो शैशवकाल याद छ कि हे यै भूमिमा छामन
आँखाबाट भदौ बगेछ कति हे यै भूमिमा छामन ॥

१४

सम्झिहाल्छु असारको समयको आनन्द बेला थियो
चारैतर्फ हराभरा प्रकृतिको क्या भव्य मेला थियो ।
आँखाभित्र तिमी अनेक सपना बाँकि कुरा देखिन
हेर्दैमा शशिझैँ अलौकिक थियौ हे! जन्मिएको दिन ॥

१५

आमाको ममता र प्रेम सजिलै बिर्सेर बिर्सिन्छ र?
मान्छेका मनभित्र चित्र छ भने च्यातेर च्यातिन्छ र ?"
बोले "हे जननी छ लेख्नु युगको नौलो कथा सुन्दर
खोजी जीवनको यथार्थ रचना संसार भन्दा पर ॥

१६

आमा सुन्नु न हे! उता छ युगको आवाज बोलाउँदै
मान्छेका भरमा छ ईश्वर स्वयं पर्खेर टोलाउँदै ।
जानै पर्छ मुमा र खोल्नु छ नयाँ आँखाहरूको रवि
चाँडै आउँछु फर्किई अधरमा पोखेर नौलो छवि ॥

१७

आफूभित्र नियाल्नुपर्छ पहिले रे वेदले भन्दछ
हेर्ने मानस दिव्यदृष्टि मनको हाम्रो पुरै बन्द छ ।

मेरा निम्ति छ आत्मज्ञान सरिता सङ्ग्लो तयारी निर
पर्खेका गुरुदेव तत्पर भई छन् स्वर्गद्वारी निर ॥

१८

भिक्षामा मधुरो दिएर ममता गर्नुस् बिदा हे मुमा
आत्मा तृप्त हुने छ दिव्य मुखको वाणी दिँदा हे मुमा" ।
टोलाइन् मुखमा बढ्यो अलिकता सन्त्रासको बादल
कालो बादलबाट नै त सुकिलो बर्सिन्छ सङ्लो जल ॥

१९

बोलिन् "भाइ र बन्धु बान्धवहरू छोडी अँध्यारानिर
भन्दैछौ कसरी म जान्छु सजिलै एक्लै उज्याला तिर ।
चारैतर्फ सुवास दिव्य नछरे उद्यान के काम भो
यस्ता दर्शनशास्त्र ज्ञान अथवा विज्ञान के काम भो ॥

२०

बाँढी ज्ञान र चेतना सहितको संस्कार देऊ तिमी
आफ्नै साथ हिँडाउँदै सगरमा जाऊ पुर्‍याऊ जिमी ।
होला कीर्ति सदैव नायक थियो भन्ने छ यो लोकले
आफू बल्दछ ज्योति छर्दछ दियो भन्ने छ यो लोकले" ॥

२१

आमाको उपदेश लोकहितको सत्कर्मको जो सुने
शिक्षाको नवज्योति गाउँघरमा छर्ने सुयात्रा चुने ।
थाल्यो चल्न सुधारको जगतको त्यो पाठशाला नयाँ
नौलो अङ्कुर उम्रिने बखतको त्यो पठशाला नयाँ ॥

२२

शिक्षाको ध्वनि यत्रतत्र गुजियाँमा गुन्जियो शब्दको
चण्डी स्तोत्र पुराण भागवतको विज्ञानको वेदको ।
केही काल बसेर फेरि गुजियाँ फेरि रिमामा बसे
केही काल बसेर नन्दपुरमा हाम्रा मनैमा पसे ॥

२३

बाँडामा, कुइका, बिनायक बसे बज्गाउँ, माजी बसे
शिक्षाको अभियान, क्रान्ति युगको निस्केर एक्लै गरे ।

थाले झुल्कन गाउँगाउँ उनकै त्यो ज्ञानको ज्योतिले
मान्छे भित्र सुधारको समयका नेतृत्व यौटा मिले ॥

२४

गर्नै पर्छ विवाह कर्म घरमा इच्छा सबैको थियो
चारैतर्फ गुणी सुयोग्य दुलही खोजी तुरुन्तै भयो ।
आधा ओठ फिजाउँदी कमलझैँ नौली कुनै कोपिला
छन् कन्या बजगाउँमा खबर भो सौभाग्यकी कौसिला ॥

२५

रानी झैँ नजिकै दुरुस्त दुलही आफू बने इन्द्र झैँ
यौटा सुन्दर प्रेमयुक्त गुरुको छानो बन्यो स्वर्ग नै ।
जिम्मामा घरबारका कति कुरा छोडी उनैमा गए
शिक्षाको अभियानमा झन बढी अभ्यस्त बन्दै गए ॥

२६

"मान्छेमा गुण, धर्म, नैतिक, दया, माया र भ्रातृत्वता
विद्या प्राप्त गरेर फुल्दछ यही हो भन्दथे सत्यता ।
हाम्रो जीवन मूल्य दर्शन तथा बाटो सबै वेद हो
सारा प्राणि र सृष्टिको जगतमा यै  वेद नै भेद हो ॥

२७

विद्याबाट छ ज्ञान, ज्ञान छ भने विज्ञानको कारण
जोड्दै ज्ञान र प्राण जीवन तथा विज्ञान एकै क्षण ।
उठ्दै जीवनदेखि मास्तिर कुनै आनन्दको छेउमा
हाम्रो जीवन हुन्छ सार्थक स्वयं भन्थे उनी अन्त्यमा ॥

२८

तिर्खा निर्मम आत्मज्ञानसँगको यस्तो थियो व्यापक
खोजे खप्तडमा पुगेर त्यसको स्वामी कहाँ उत्तर ।
स्वामीबाट भएर दीक्षित फिरे ती कर्मको योगले
शिक्षा ज्ञान अँझै बढ्यो जगतमा उत्साहले प्रेमले ॥

२९

छोरा चार भए अनेक गुणका छोरी भइन् चार नै
आफैँ पालनपोषमा डटिरहिन् जो खास आधार झैँ।

धेरै बोझ भएछ खप्न नसकी आमा थलामा परिन्
जस्ले अन्तिम श्वाससम्म घरको सम्पूर्ण बाधा हरिन् ॥

३०

कैयौँको उपचारले पनि कुनै सन्चो हुने लक्षण
देखेनन् पहिरो गयो हृदयमा आएछ यस्तो क्षण ।
आँखा चिम्म गरी हिँडिन् सगरमा त्यागेर संसार यो
चिन्ताले गुरुदेव व्याकुल बने संसार नै शून्य भो ॥

३१

लागे रे गुटुतर्फ गाउँघरमा चर्चा चल्यो क्यै पछि
हाम्रो भव्य विकासको भवनको खाँबो ढल्यो क्यै पछि ।
त्यस्तो उच्च विचारयुक्त युगले मान्छे कहाँ पाउँछ
सोच्दामा पनि दुख्छ भित्र मुटुमा पोलेर झस्काउँछ" ॥

३२

बोल्थे अग्रज बृद्ध सुस्त पुगियो अर्कै कुनै लोकमा
सारा शून्य भएँ उजाड बनियो रित्तो सबै थोकमा ।
हावा बस्न तयार झैँ नजिकमा पृथ्वी रुके झैँ भयो
कर्णाली पनि आज टक्क उभिई सारा सुने झैँ भयो ॥

# श्री स्वर्गद्वारी महाप्रभु र पञ्चशालाको परिचय

नारायणप्रसाद शर्मा घोडासैनी
अवलचिङ, सुर्खेत

मानव जीवन सबैभन्दा दुर्लभ जीवन हो। अनेक जन्मका साधना र प्रभुकृपाको फलस्वरूप जीवले मानव जीवन प्राप्त गर्दछ। यद्यपि श्रुतिमा अमृतस्य पुत्राः तथा श्रीमद्भगवद्गीतामा 'ममैवांशो जीव लोके' आदि वाक्यले जीवलाई ईश्वरीय अंश प्रतिपादित गरेको छ। तथापि चौरासी लाख योनिअन्तर्गत जन्म लिने जीवमा मानव ईश्वरको अत्यन्त निकट रहन्छ। परमात्माका जति पनि विशेष अवतारहरू भएका छन् ती सबै मनुष्यरूपमा नै भएका छन्। त्यसैले भागवत्मा 'दुर्लभो मानुषो देहः' आदि वाक्यद्वारा मानव जन्मको महिमा गाइएको छ। मानव जन्मको गरिमा उच्च हुँदा हुँदै पनि यसको स्थान देवता र दानवको बिचमा राखिएको छ। अर्थात् निवासीका दृष्टिले देवताहरूको आवास मृत्युलोकभन्दा माथि र दानवहरूको आवास मृत्युलोकभन्दा तल परिगणित गरिएको छ। यसरी देवता र दानवको बिचमा रहेको मानवले यदि उत्तम कर्म गऱ्यो भने ऊर्ध्वलोकतर्फ उन्मुख हुन्छ र अधम कर्म गऱ्यो भने अधोलोकतर्फ पतित भई आफ्नो कर्मको भोग गर्दछ। कर्मको भोग ऊर्ध्वलोकतर्फ उन्मुख भए पनि गर्नुपर्दछ। किनकि देवलोकबाट पनि पुण्य क्षीण भएपछि मृत्युलोकमा जन्म लिनुपर्दछ- 'क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति' (गीता)। अतः मनुष्यजन्म भगवदनुग्रहको नै फल हो। भगवदनुग्रहबाट प्राप्त भएको मानव देहमा अहंता र ममता भयो भने सत्यको पथिक बन्न सक्दैन। मोहले गर्दा अज्ञानले बाँधिएको जीव सारा जीवन बनाउनु, खानु र शौच गर्नुमा नै व्यतीत गर्दछ। आफूलाई नचिनी ऊ आफ्नो मार्गबाट विचलित हुन पुग्दछ। जसले गर्दा उसले आफूले गर्नै पर्ने कार्यहरू त्याग गर्दै जान्छ। त्यसको प्रभावले ऊ अधोलोकतर्फ उन्मुख हुन्छ भने अर्कातर्फ यो मर्त्यलोकमा पापको वृद्धि हुन्छ तथा अधर्म बढ्दछ।

यस्तै जीवनको लक्ष्यबाट बहिर्मुख भएका मानवलाई जीवनमा दिव्यताको अनुभूति गराउन तथा धर्मको स्थापनाका लागि समय-समयमा भगवद्विभूति महापुरुषहरूले यस धराधाममा पदार्पण गर्दछन्। आफैंभित्र रहेको परमसत्ताको खोजी गर्न प्रेरणा दिन्छन् र क्षणभङ्गुर मानव जीवनलाई परमसत्ता प्राप्त गर्ने द्वारको रूपमा प्रमाणित गरिदिन्छन्। त्यस्ता महापुरुषहरू मध्ये स्वर्गद्वारी महाप्रभु पनि एक भगवद्विभूति हुनुहुन्थ्यो। उहाँले विश्वकल्याणका लागि वि.सं. १९५२ मा प्युठानको स्वर्गद्वारीमा अखण्ड महायज्ञको स्थापना गर्नुभएको थियो जुन अहिलेसम्म निरन्तर रूपमा चल्दै

आएको छ । अखण्ड महायज्ञ तथा यस वैदिक परम्पराको निरन्तरताका लागि शिष्यपरम्पराको थालनी पनि उही समयबाट चल्दै आएको पाइन्छ । उहाँले क्षणभङ्गुर सांसारिक मोहमा फँसेको मानव जीवनलाई दिव्यताको अनुभूति गराइदिनुभएको छ । दिव्यता प्राप्त गर्ने मार्गको पथिक बन्ने प्रेरणा दिनुभएको छ । विकट स्वर्गद्वारी शिखरलाई मानव जीवनको लक्ष्य प्राप्त गर्ने सोपान भूमिका रूपमा परिणत गरिदिनुभएको छ ।

स्वर्गद्वारी आश्रमका संस्थापक श्री १००८ स्वर्गद्वारी महाप्रभु नेपालको रोल्पा जिल्लाको रुम्टी गाउँमा वि.सं.१९१६ श्रावण शुक्ल एकादशी जेष्ठा नक्षत्र गुरुवारका दिन जन्मनुभएको हो । उहाँका पिताको नाम अनिरुद्ध खत्री र माताको नाम श्वेतकुमारी थियो । उहाँ जन्मिनुभएको राति पानीका साथमा त्यहाँ पुष्पवृष्टि पनि भएको र बिहानै भिक्षाको निहुँ पारी अनेक सिद्धले सद्योजात शिशु (पछि महाप्रभु) को दर्शन गरेका थिए भन्ने भनाइ पनि छ ।

५ वर्षको उमेरमा गाई चराउने ग्वालाहरूलाई उहाँले आज त्यो वनमा पहिरो जाने छ त्यहाँ गाईवस्तु नलैजाऊ भनी रोक्नुभएछ । केही समयपछि पहाड भत्केर सो वन पुरिएछ । ग्वालाहरूले नारायणले यसो भनेका थिए भन्ने कुरा चारैतिर फैलाए । त्यस दिनदेखि गाउँलेहरूले उहाँलाई प्रभु भन्न लागे र आफ्ना ग्रहदशाका बारेमा सोध्ने, हात देखाउने गर्न थाले । यसरी गाउँले र टाढाका मानिसले घेरिराख्ने गरेकाले उहाँ पूरा तीन वर्ष जति अन्तर्ध्यान हुनुभयो । तीन वर्षपछि गाउँ माथिको दहलेकको सिद्ध गुफामा ध्यान गरी बस्नुभएको अवस्थामा पाएर आमाबाबु र सबै गाउँलेले एकान्त स्थलमा कुटी बनाइदिन्छौँ भनी अनुनय विनय गरी गाउँमा ल्याई कुटी बनाएर राखे ।

१३ देखि २५ वर्षको उमेरसम्म जनसम्पर्कबाट अलग भई उहाँले पूरा १२ वर्ष तपस्या गर्नुभयो । त्यसपछि उहाँलाई सन्यास लिने इच्छा भयो र सखीको लेकमा योग साधना गरी बस्ने स्वामी सच्चिदानन्द गिरिबाट सन्यास दीक्षा लिनुभयो । गुरुबाट उहाँको नाम हंसानन्द गिरि राखियो । उहाँले केही समयसम्म गुरुसेवा गर्दै ज्ञानयोग, कर्मयोग र तन्त्रमन्त्रको समेत ज्ञान बढाउनुभयो ।

गुरु पूर्ण ज्ञानयोगी हुनुहुन्थ्यो । प्रभुलाई ज्ञानयोगबाट आफ्नो मात्र कल्याण हुने, कर्मयोगबाट आफ्नो साथै अरूको पनि कल्याण गर्न सकिने लाग्यो र आफ्नो आशय गुरुसमक्ष प्रकट गरी गुरुबाट बिदा लिएर फेरि रुम्टीमै फर्कनुभयो । यज्ञको प्रचार बढेपछि गाउँको वातावरण यज्ञका लागि नमिल्दो पाएर उहाँले वि.सं.१९५१ मा त्यहाँका यज्ञको पूर्णाहूति गरी यज्ञ र तपस्याका लागि निर्जन र पवित्र ठाउँ खोज्दै आफ्ना गुरु सच्चिदानन्द र आफ्ना चेला बोधानन्दजीसँग पहाडको उच्च टाकुरो स्वर्गद्वारीमा पुग्नु भयो । सो ठाउँलाई उपयुक्त ठहराई त्यहाँ गोठ राख्ने गरेका गोठालाहरूसित यो ठाउँ अघिदेखिको यज्ञाश्रम हो यहाँ म यज्ञ गर्न चाहन्छु छाडिदिनु पर्‍यो भनी अनुरोध गर्नुभयो ।

गोठालाहरूले यज्ञशाला थियो भन्ने कुराको प्रमाण मागे। हाल यज्ञशाला रहेको ठाउँ खन्न लगाउँदा आधा जलेको चरु भेटिएकाले उहाँको अनुरोध स्वीकारी गोठालाहरूले त्यो ठाउँ छाडिदिए। वि.सं.१९५२ सालदेखि यज्ञको आरम्भ र वेदादिशास्त्रको पठनपाठन, पुराणप्रवचनसमेत सञ्चालन गर्नुभयो। अर्कातिर सयौँ गाईका लागि गोशाला बनाई गोसेवा र अनेक धर्मशालाहरू बनाउन लगाई अतिथि सेवासमेत गर्नुभयो।

चारैतिर यज्ञ र आश्रमको प्रचार हुँदै गयो। साधारण दिनमा सयौँ र पर्वका दिनमा हजारौँ श्रद्धालु दर्शनार्थी आउन थाले। यहाँ हवन, वेदादि शास्त्रको पठनपाठन, पुराणवाचन, कीर्तन श्रवण र आध्यात्मिक चिन्तन मनन आदि प्रतिदिन बढ्न थाल्यो। उता प्रभुमा रहेको दिव्य शक्तिको चर्चा पनि सर्वत्र चल्दै गयो। प्रभुका अनेकौँ विचित्र लीलाहरू थिए। प्रभुका यी लोकोत्तर क्रियाकलापको चर्चा सर्वत्र फैलिएपछि राणासरकारबाट यहाँको भेद बुझ्न यात्रीहरूका रूपमा कैयौँ गुप्तचरहरू पठाइए। महिनौँ बस्दा पनि केही भेद पाउन नसकेका गुप्तचरहरूले यहाँका काम कुरा सबै विचित्र लीला हुन् भन्ने बिन्ती सरकारमा चढाउँदा रहेछन्। प्रभुको अलौकिक शक्तिमा विश्वास भएपछि यज्ञका लागि सरकारले के गरिनुपर्छ भनी सोध्दा प्रभुले अहिले काम चलेकै छ रक्षाको आवश्यकता परे गरिदिनुपर्ला भन्ने जवाफ दिनुभयो। त्यसपछि सरकारबाट स्वर्गद्वारीका आसपासको वन अरू कसैले काट्न र त्यहाँको वनमा सिकार खेल्न नपाउने गरी बन्देज लगाइयो।

## पञ्चशाला

१. यज्ञशाला : स्वर्गद्वारीको पौराणिक पृष्ठभूमितर्फ दृष्टिपात गर्दा द्वापरयुगसम्म पुगी यो स्थान यज्ञभूमिको रूपमा विख्यात थियो भन्ने कुरा स्मरणमा आउँदछ। वेदव्यास जस्ता त्रिकालदर्शी महर्षिहरूले पनि यही यज्ञभूमिमा ठुला ठुला यज्ञ गरेको इतिहास शास्त्रसम्मत छ। द्वापरयुगमा महाभारतका प्रसिद्ध पञ्चपाण्डवले यसै स्थानमा महान् यज्ञसम्पन्न गरी स्वर्गप्रस्थान गरेका थिए भन्ने जनश्रुति अद्यापि व्याप्त छ। स्वर्गद्वारी बालतपस्वी प्रभु महाराजले यसै प्रसिद्ध यज्ञभूमिको महत्त्व बुझेर विश्वकल्याणका लागि अखण्ड महायज्ञको थालनी गर्नुभएको हो। बालतपस्वी प्रभु महाराजले प्राचीन सिद्धभूमि स्वर्गद्वारी लेकलाई समस्त प्राणी मात्रको कल्याण गर्ने अभिप्रायले वि.सं. १९५२ सालदेखि आफ्नो धार्मिक कर्मभूमि बनाउनुभएको हो। यो प्राचीन यज्ञशालामा भित्री बनाओट पनि दर्शन योग्य छ। नौओटा मन्दिरले घुमाउरो स्वरूप धारण गरेको यज्ञशाला भित्र पूर्व कोठामा देवी पाञ्चायन, आग्नेय कोठामा गणेश पाञ्चायन, दक्षिणतर्फ सूर्य पाञ्चायन, नैर्ऋत्यमा सूर्यपाञ्चायन, पश्चिमतर्फ विष्णु पाञ्चायन (मूल गादि), वायव्य कोणमा देवी पाञ्चायन, उत्तरमा गणेश पाञ्चायन र ईशानकोणमा शिवपाञ्चायनको स्थापना गरिएको छ। चार विदिशामा दिशाका चार कोठामा अग्निकुण्डहरू रहेका छन्।

२. पाठशाला- स्वर्गद्वारी आश्रमको स्थापनाकालदेखि बालतपस्वी स्वर्गद्वारी प्रभुमहाराजले वि.सं.१९५२ सालमा स्वर्गद्वारी पुरीमा अखण्ड यज्ञाश्रमको प्रारम्भ गर्दादेखि नै स्थापना गरिएको गुरुकुल आहिलेसम्म पनि निरन्तर रूपमा चलिरहेको छ। स्वर्गद्वारी प्रभुमहाराजबाट वैदिक वाङ्मय अध्ययन परम्पराको संरक्षणका लागि स्थापना गर्नुभएको गुरुकुल अहिले बालतपस्वी गुरुकुल नामले प्रसिद्ध छ।

३. गौशाला- स्वर्गद्वारी प्रभुमहाराजको स्वर्गद्वारी प्रवेशसँगै गाईहरूको व्यवस्था भएको कुरा माथि पनि संक्षेपमा उल्लेख गरिएको छ। बालतपस्वी प्रभुमहाराजले अखण्ड होमादि कार्य प्रारम्भ गर्नु पूर्व स्वर्गद्वारी सामान्य गौचरनको रूपमा रहेको थियो। स्थानीय गाउँलेहरूले आफ्ना आफ्ना गाई वस्तु चराउने गोठ राख्ने खर्कको रूपमा रहेको थियो। स्थानीय गाउँलेहरूलाई स्वर्गद्वारी भूमिको आध्यात्मिक एवं धार्मिक महत्त्वका विषयमा केही पनि जानकारी थिएन। प्रभु महाराजसहित महात्माहरू प्रवेश गरी प्राचीन स्थलको विषयमा अवगत गराएपछि गाउँलेहरूले आआफ्ना गोठ त्यहाँबाट अन्यत्र स्थानान्तरण गरी ठाउँ खाली गरिदिए र अखण्ड होमादिको कार्य प्रारम्भ भयो। गाईको नाम र वर्णन लक्ष्मीनिधिले आफ्नो रचना योगेश्वराष्टक स्वर्गद्वारीका माहात्म्यमा गर्नुभएको पनि एक शताब्दी नाघी सकेको छ। यज्ञ, ब्राह्मण, साधु र गाई नै स्वर्गद्वारीको परिचय हो भन्न हिचकिचाउनु पर्दैन। थरी थरीका गाई यज्ञशाला परिक्रमा गरेर जंगलमा चर्न जान्थे। गोठालाहरू पनि द्वापर युगका ग्वाला जस्ता कर्तव्य परायण थिए। वन वनमा गाई वस्तथे । जङ्गली जनावरले केही नोक्सान गर्दैन थियो। बसाहाहरू पनि प्रभुबाट आज्ञा नपाई गाईको गोठमा आउँदैन थिए। अहिले पनि स्वर्गद्वारीमा गोवंशको संरक्षण दिव्यताका साथ चलिरहेको छ।

४. धर्मशाला स्वर्गद्वारीको दर्शन गर्न आउने तीर्थयात्री, साधु, सन्त अभ्यागत आदिलाई त्यो उच्च शिखरमा बास बस्ने प्रबन्धकै निमित्त पनि धेरैओटा धर्मशाला रहेका थिए र अद्यापि रहेका छन्। नजिक हाट बजार पनि नभएको गाउँ घर पनि वरपर नभएको उच्च तीर्थस्थलका रूपमा विकसित स्वर्गद्वारी पुरीको दर्शन गर्न एक मात्र पैदल यात्रा हुन्थ्यो। पूर्व पश्चिम र भारतबाट आएका कतिपय तीर्थयात्रीले बास बस्ने ठाउँ भनेकै धर्मशाला हुन्। घाम, पानी, झरी, बादल, सर्दी-गर्मी जस्तो सुकै अवस्थामा पनि धर्मशाला एक मात्र आश्रयस्थल भएकाले यसैलाई प्रयोग गरिन्छ। दर्शनार्थीलाई पहिले ३ छाकका लागि चामल, दाल, तरकारी आदि सिधा दिइन्थ्यो। सो सिधा लिएर गएर पकाएर खाने ठाउँ र रात बास बस्ने आश्रय भनेकै धर्मशाला मानिन्थ्यो। धर्मशाला स्वर्गद्वारी आश्रमका तर्फबाटै बनाइएका हुन्थे। कुनै कुनै धार्मिक परोपकारी व्यक्तिबाट पनि बनाइएका थिए। अहिले पनि यो परम्परा छ।

५. पाकशाला- स्वर्गद्वारी आश्रममा दैनिक पूजा, पाठ, हवन र यज्ञमा काम गर्ने र शिवालय मन्दिर आदिमा पूजा गर्ने वटुक ब्राह्मण एवं पाठशालामा अध्ययन अध्यापन गर्ने विद्यार्थी र गुरुहरू

प्रायः आश्रमकै भोजनालय (भान्सा) मा खाने प्रचलन पाइन्छ। बिहानदेखि अपराह्णसम्म र बेलुकीको आरती इत्यादि कार्यमा व्यस्त रहनुपर्ने पूजारी, वेद, पुराण आदि पाठ गर्ने ब्राह्मण आदि सधैँ जसो यज्ञशालामा नै रहनुपर्ने भएकाले आफू कुटी बस्ने आश्रय डेरामा पकाएर खान सम्भव पनि नहुने स्थितिमा सिधा लिएर जानुको सट्टा प्रभु महाराजकै पालादेखि भोजनालय (भान्सा) पाकशालामा खाने खुवाउने चलन चल्दै आएको हो। दर्शनार्थी यात्रु अभ्यागतलाई पनि आवश्यकतानुसार यही पाकशालामा खुवाइन्थ्यो। यद्यपि स्वर्गद्वारीको कुनै पनि काम लिएर पुगेको भक्तजन वा पाहुनालाई भने आज भोलि पनि प्रभुकै भान्सा घर भोजनालयमा खुवाइन्छ।

स्वर्गद्वारीको पूर्ण परिचयका लागि यी माथिका पाँच अवयवहरू अत्यन्त महत्त्वपूर्ण मानिन्छ। एकको अभावमा अर्काको अस्तित्वको लाभ लिन मुस्किल पर्दछ। यज्ञशालाको सम्पूर्ण कार्यक्रम पूरा तवरबाट सम्पादन गर्न पाठशालाबाट शिक्षा हासिल गरेका ब्राह्मणको दैनिक सेवा नभई हुँदैन। यज्ञका लागि अति आवश्यक वस्तुहरू गोमुत्र, गोबर, दुध, घिउ र दही गौशालामा पालिएका गाईहरूबाट नै प्राप्त हुन्छ। त्यसैले स्वर्गद्वारीको गौशालामा प्राचीन कालदेखि अद्यापि निरन्तर गोसेवा हुँदै आएको छ। दर्शनार्थी यात्रु, अभ्यागत, साधु, सन्त, पाहुनाहरूका लागि विश्राम र बसोवासका लागि धर्मशाला उत्तिकै महत्त्वपूर्ण रूपमा स्थापित छन्। वटुक, ब्राह्मण, सेवक, योगी, ब्रह्मचारी, साधु, माईहरूले अभ्यागतहरूको सेवाका लागि भोजनालयमा गरेको परिश्रमको लामो इतिहास पनि बिर्सन सकिन्न।

यस्ता दिव्य महापुरुष भगवत्स्वरूप स्वर्गद्वारी महाप्रभुले धराधामबाट १९९७ मार्गशुक्ल चौथीका दिनमा आफ्नो पाञ्चभौतिक देहलाई परित्याग गरी परब्रह्ममा समाहित हुनुभयो। सबैद्वारा सम्मानित पूज्य एवं परमादरणीय महापुरुषका सम्बन्धमा चैतन्यको यो सूक्तिलाई यहाँ उल्लेख गरिन्छ-

गङ्गा पापं शशी तापं दैन्यं कल्पतरुस्तथा।
पापं तापं च दैन्यं च घ्नन्ति सन्तो महाशयाः ॥

अर्थात् गङ्गाजीले पापलाई नाश गराउँछिन्, चन्द्रमाले तापलाई शान्त पार्दछ भने कल्पवृक्षले दुःखलाई नाश गर्दछ। परन्तु महानुभाव सन्तहरू त पाप, ताप र दुःख सबैलाई नाश गर्न समर्थ हुन्छन्।

# हाम्रा सम्बन्धको त्रिवेणी

हरिनाथ उपाध्याय
ढकारी-८, माजी किमडा, अछाम
हाल : लम्कीचुहा, कैलाली

पारिवारिक हाडको नाताले पं. उदयराम उपाध्याय मेरा भतिजा हुन् । उनका तर्फको म पिण्ड दिँदै छु । पिण्ड छुटेको छैन । गोकुल र गोइचु दुई भाइ बाजेमध्ये उनी गोकुलका सन्तान म गोइचुको सन्तान हुँ । उनी जेठातिरका म कान्छातिरको हुँ । उनकी आमा र मेरी आमा दिदीबहिनी हुनुहुन्छ । हामी दोनला भाइ र साढुभाइ पनि हौँ । त्यसैले हाम्रा सम्बन्धमा त्रिवेणी छ । अब नाता त हाडकै गर्नुपर्‍यो ।

पं. उदयरामका बाजे जगदेव उपाध्याय अछामबाट दैलेख जानुभएको थियो । उहाँ सपरिवार त्यहीँ घरबस्ती बनाएर बस्नुभएको थियो । वि.सं. १९५३ सालमा त बाजे जगदेवका नाममा त्यहाँ जग्गा पनि दर्ता भएको थियो । करिब १२ वर्षसम्म उहाँ त्यहाँ बस्नुभयो । एउटी छोरीको त्यहीँ बिहे भइसकेको र अरू परिवारका सदस्य बितेपछि बज्यैले छोरा शिवराम (सात वर्षको उमेरका) लाई लिएर आमाछोरा अछाम फर्किनुभयो । उहाँको माइती रिमा भएकाले त्यहीँ बस्नुभयो । शिवराम उपाध्यायको शिक्षा दीक्षा त्यहीँ भयो । उहाँको बिहेका लागि फेरि दैलेख खनालका घर गएर बुहारी मागेर पछि बिहे भयो । यो कुरा मलाई मावलका बाजे बज्यैले भन्नुभएको थियो ।

विं.सं. १९७०/०७२ सालतिर मात्रै शिवराम उपाध्याय रिमाबाट माजी बस्न थाल्नुभएको हो । त्यतिबेला उहाँ माजीको लाम्पाटामा घर बनाएर बस्नुभएको थियो भन्ने मैले सुनेको हुँ । उहाँमा धेरै गुण थिए । खेलाउडा, गिदाउडा, धागो कात्न जान्ने, थानका हुमारा उहाँसँग सबै सिप थियो । रिस उठ्यो भने मूर्ख पनि हुनुहुन्थ्यो । उहाँका नाउँमा वि.सं. १९८५ सालको नापीमा फेरि अछामको जग्गा दर्ता भएको हो । जेठीआमा पनि धेरै गुणवती हुनुहुन्थ्यो । उहाँहरू दुवैको ताप र रापको प्रभाव उहाँका सन्तानमा पनि परेको देखिन्छ । उहाँका चार छोराहरू देवीराम, उदयराम, भूमिनन्द र शङ्कर सबै मभन्दा उमेरले जेठा र मेरी जेठीआमाका छोरा हुन् । पारिवारिक नाताले भतिजा भए । उनीहरू सबैलाई प्रारम्भिक शिक्षा उहाँका बुबाले नै दिनुभएको हो । गाउँमा त्यतिबेला अरू शिक्षालय थिएनन् । पढाइमा रुचि तर शिक्षालय नभएकाले उदयराम पढ्न स्वर्गद्वारी गएका हुन् ।

स्वर्गद्वारी जाँदा बजगाउँका गङ्गे जोइसी, माजी दुवाडीका पदम उपाध्याय र उदयराम गरी तीनजना सँगै पढ्न गएका हुन् । पढ्न जानुअघि भैँसी गोठाला गएका थिए त्यहीँबाट भागेर पढ्न

गएका हुन् । अरू दुईजना छ महिना बसेर फिर्ता घर आए । उनी छ वर्ष बसेर आएका हुन् । स्वर्गद्वारी पढ्न जाँदा उदयरामको उमेर १८ वर्षको थियो भन्ने सुनेको थिएँ । ती पढ्न गएको वर्ष वि.सं.१९९४ साल हुनुपर्छ । महाप्रभुले वि.सं. १९९७ मङ्सिरमा संसार छोडेको र उनले महाप्रभुलाई देखेभेटेको कुरा अरूले उनले स्वयम् पनि भनेको हुनाले यो समय हुन सक्ने देखिन्छ ।

स्वर्गद्वारीबाट पढेर आएपछि माजीमा घर आफ्ना दाजुभाइलाई पढाउन थाले । यो कुरा देखेर गाउँघरका अरूलाई पनि आफ्ना सन्तानलाई शिक्षा दिने इच्छा भयो । गुजियाँका देवानन्दकी आमाको अनुरोधमा उहाँका घर बसेर नन्दपुरका र माजीका केटाकेटीहरूलाई पढाउन र त्यसका लागि सेउडे खेतमा पाठशाला बनाउने सल्लाह भयो । उनी कहिले रिमा र कहिले गुजियाँ बसेर नन्दपुर र माजीका विद्यार्थीहरूलाई पढाउन थाले । रिमा, बाँजकोट र नन्दपुरका भन्दा माजीका विद्यार्थी बढी थिए । त्यसपछि रिमा बस्न छोडेर गुजियाँ देवानन्दका घर बसे । उनले सबैभन्दा पहिले पढाउन सुरु गरेको माजी नै हो । म वि.सं.१९९७ सालमा जन्मेको हुँ । यो म ४-५ वर्षको हुँदाका बखतको कुरा हो । त्यस हिसावले यो विं.सं.२००२ वा २००३ सालको समय हुनुपर्छ । त्यसअघि त उनले घरमै दाजुभाइलाई मात्रै पढाएका थिए ।

माजीपछि उनले कुइका पढाएका हुन् । त्यहाँ वेद र सामान्य ज्योतिष पढाएका हुन् । पहिले उदयराम देवकोटाको घरमा बसेर पढाएका थिए । त्यतिबेलासम्म चिन गर्न जानेका थिएनन् । विनायकका कुष्माखर जोशी जसलाई 'चाइने जोइसी' भनेर सबैले चिन्थे । उनले चिन गर्न सिकाउँछन् भन्ने थाहा पाएर कुइका पढाउँदा पढाउँदै छोडेर विनायक गए । त्यहाँ कुष्माखर जोशीसँग चिन गर्न सिके । त्यहाँ करिब चार वर्षजति बसे । आफूले चिन गर्न सिके र अरूलाई वेद, रुद्री, चण्डी आदि पढाए । त्यहाँबाट फर्केपछि कुइका फेरि केही वर्ष पढाए । दोस्रो पटक रिसडा मुखियाका घरमा बसेर पढाए । त्यसपछि बजगाउँ पढाउन गएका हुन् ।

वि.सं.२००९ सालको मङ्सिरमा उनका दाजु देवीरामले मागेर उनको मागी बिहे भयो । १० साल वैशाखामा मेरो बिहे भयो । हामी दुवैको मावली र सुसुराली एकै घर हो । पारिवारिक हिसाबले पनि हामी एकै घरका भएकाले हाम्रा घरका धेरै कुरा एकअर्कालाई थाहा हुन्थे । हामी दुई सुसुरालीबाट फर्किंदै थियौँ । घोडासैनका मोरारी उपाध्याय सँगै हुनुहुन्थ्यो । उहाँलाई पनि माइलाले नै पढाई जान्ने बनाएका हुन् । हामी सबै दाजुभाइको साइनो गर्थ्यौँ । म त त्यतिबेला पनि सानै थिएँ । ती दुईजना कुरा गर्दै थिए । बजगाउँका तल चिउरीपाटा आएपछि माइलाले भने- ‘स्वर्गद्वारी महाप्रभुले दिएका परमात्माका तीन नाम मसँग छन् । तिमीलाई पाँच नाम पाइने छ ।’ ती पाँच नाम कहिले पाइने होलान् । कता जाने होला पाँच नाम खोज्न ? मेरा त हातमा त्रिशूल छ । यो त जोगी हुने लक्षण हो । मलाई किन सबैले जोगी हुन रोक्छन् ?’ मोरारी उपाध्यायले सम्झाउनुभयो बिहे गरेपछि जोगी हुन पाइँदैन । पाप लाग्छ । पछिसम्म पनि त्यसो भन्थे । मलाई त्यतिबेला ती केका नाम हुन् केका नाम हुन् के थाहा ? सद्गुरुकहाँ गएको त भुडेभावर आइसकेपछि हो । उनलाई जोगी हुने, परमात्माका नामको

खोजी गर्ने उद्देश्य त पहिले पनि थियो। लहर नै त्यतै थियो। जसको जेमा लहर हुन्छ उसले त्यो कुरा खोजेर पाएरै छोड्छ। उनले त्यही गरेका हुन्।

बजगाउँ पढाउँदै गर्दा बाँडाबस्तीका सन्यासीका भाइकी छोरीसँग उनका कान्छा भाइको बिहे भयो। उनका छोरालाई पनि एक वर्ष माजीमा पढाएका हुन्। त्यसपछि सन्यासीले मेरा छोरालाई पनि पढाइदिनपऱ्यो भनेपछि बस्ती पनि पढाए। बस्ती पढाउँदा पढाउँदै एक दिन उनी त्यतैबाट खप्तड गए तर त्यसबारे कसैलाई जानकारी भएन। यता घर पनि नआएका उता बस्ती पनि छैनन्। खोजाखोज भयो। साउनको महिना कता खोज्न जाने हो ? खोलानाला, वनजङ्गल कता जाने ? यस कुरालाई लिएर परिवारमा चिन्ता बढ्यो। जेठीआमाले चिन्ता व्यक्त गरेको म सम्झन्छु। त्यतिबेला उहाँका सन्तान जन्मेका थिएनन्। माहिँली पनि धेरै जसो माइतमै बस्थिन्। खप्तड पुगेपछि खप्तड बाबासँग जोगी हुने इच्छा व्यक्त गरे। खप्तड बाबाले तिम्रो बिहे भएको छ कि छैन भनी सोधे। बिहे भएको छ भनेपछि बिहे भएको भए श्रीमतीको सत लाग्छ। म तिमीलाई धुनीको खरानी ल्याइदिन्छु भनेर खरानी ल्याई लगाइदिएपछि छर्लङ्ग चेत खुले भन्थे। उनले अछामका धेरै ठाउँमा पढाए। उनले पढाएका ठाउँहरू निम्नलिखित छन् -

१. माजी : मुलेगडा, नन्दपुर-गुजियाँ
२. कुइका : पहिले उदयराम देवकोटाको घरमा एक वर्ष र तीन वर्ष रिसडा मुखियाका घरमा पढाए।
३. विनायक चाइने जोइसीका घरमा करिब चार वर्ष पढाए।
४. बजगाउँमा अलग अलग समयमा गरेर तीनपटक पढाएको जानकारी पाइन्छ।
५. बाँडाबस्तीका सन्यासीको घरमा करिब एक वर्ष पढाए।
६. बाँच्कोट उमाकान्तका घर एक वर्ष पढाए।
७. गुजियाँका देवानन्द उपाध्यायलाई सँगै राखेर रुज गाउँमा राम थापाका घरमा बसेर दुई वर्ष बसेका थिए।
८. ढकारी हरि कुवर (राना) का घर बसी आवासीय रूपमा गुरुकुल सञ्चालन गरेर तीन वर्ष बसेका थिए।

सुरुमा र २०१७ सालतिर माजी, घोडासैन २०३५ पछि ढाङ्टाको पिपल्तडा र त्यसपछि सेराको ध्यानेवस्तामा पनि पढाएको जानकारी पाइन्छ। यसरी उनले अछामको पूर्वी भेकमा वेद, ज्योतिष र अरू सर्वसाधारणलाई साक्षर तुल्याई नयाँ पाठशाला नखुल्दै शिक्षाको ज्योति छरेर उज्यालो पारेका थिए।

# केही श्रुति केही स्मृति :
# चिरस्मरणीय व्यक्तित्व स्वर्गीय उदयराम उपाध्याय

खगेन्द्रप्रसाद उपाध्याय घोडासैनी
ढकारी गाउँपालिका-८, माजी
हालः टीकापुर

स्वर्गीय उदयराम उपाध्याय पारिवारिक साइनामा मेरा दाजु पर्नुहुन्छ । उहाँका साहचर्यमा रहने अवसर नपाएको भएपनि मैले बाल्यकालमा देखेको उहाँको अनुहार म अहिले पनि राम्ररी सम्झिन्छु । पछि उहाँ सपरिवार भुडेभावर बसाइँ सरेर आएपछि भने उहाँसँग भेट हुने अवसर जुरेन । गाउँभन्दा बाहिरतिर उहाँको प्रचलित नाम माजीका पण्डित वा पोकु पाध्या थियो भने गाउँमा भने मुल्या गडाका माइला नामले उहाँ प्रचलित हुनुहुन्थ्यो । गाउँमा मान्छेहरू उहाँलाई सम्बोधन गर्दा उहाँसँगको साइनोका अघि माइला जोडेर सम्बोधन गर्ने गर्थे । जस्तैः माइला दाजु, माइला काउजु, माइला भदु, माइला बाजे आदि । म पनि उहाँलाई 'माइला दाज्यु' भनेर सम्बोधन गर्थें । मसँग आफ्नो बाल्यकालमा उहाँलाई देखेको, ढोगेको, उहाँसँग कुरा गरेको जस्ता केही थोरै मात्र साक्षात्कारका स्मरण र अनुभूतिहरू छन् तथापि उहाँ तत्कालीन समयको चर्चित व्यक्तित्व भएकाले उहाँका शिष्य तथा मेरा अग्रजहरूका माध्यमबाट मैले उहाँको व्यक्तित्वको परिचय पाएको छु ।

उहाँको जन्म वि.सं. १९७७ साल असार महिनाको ३० गते द्वादशी तिथिको मङ्गलवारका दिन पिता शिवराम उपाध्याय र माता राधिकादेवी उपाध्यायको माहिला पुत्रका रूपमा तत्कालीन घोडासैन गाउँको माजी मुलेगडामा भएको थियो । अत्यन्तै रमणीय, हराभरा प्रकृतिले सुसज्जित तितौडा पर्वतको काखमा अवस्थित माजीगाउँमा उहाँको बाल्यकाल बितेको थियो । म कल्पना गर्छु, सुरम्य लम्जुको सालघारीमा रमाउँदै, उदा गाडका माछा मार्दै, गजर गाडमा बाख्रा चराउँदै, सेलेमाजी र टिमिले गैरामा ढिकी खेल्दै, चिन्याखेतमा खुड्कीदाउला खेल्दै, निगाल्पानीका तओड खन्दै, थुम मैथुमका काफल तिर्खुला टिप्दै उहाँले आफ्नो बालापनका अनुभूति सँगाल्नुभयो होला । त्यही माटामा जन्मी हुर्केको म स्वयंसँग यस्ता अनगन्ती मिठा र लोभलाग्दा अनुभूति छन् ।

उहाँ आफ्नो समयको प्रख्यात ज्योतिष र प्रकाण्ड विद्वान् हुनुहुन्थ्यो । उहाँको साहचर्यमा रहेका थुप्रै अग्रजहरूले उहाँको विद्वताको मुक्तकण्ठले प्रशंसा गर्नुहुन्छ । उहाँले प्युठानको स्वर्गद्वारी गुरुकुलबाट ज्योतिष शास्त्र र वेद विषयमा शिक्षा प्राप्त गर्नुभएको सन्दर्भ जानकारहरूले बताएका छन् । उहाँको धार्मिक, आध्यात्मिक र प्राज्ञिक व्यक्तित्व धेरै टाढाटाढासम्म परिचित रहेको पाइन्छ । उहाँले पढाएका शिष्यहरू विभिन्न गाउँमा रहनुले यस तथ्यलाई पुष्टि पनि गर्दछ ।

स्वर्गीय उदयराम उपाध्यायले आफ्नो जीवनकालमा विभिन्न ठाउँमा गएर शिक्षा दिने तथा शिक्षाको प्रचारप्रसार गर्ने कार्य गर्नुभएको थियो । तत्कालीन गुरुकुल शिक्षा प्रणालीअनुसार उहाँले अछामका विनायक, कुइका, बजगाउँ, बस्ती, ढकारी, घोडासैन आदि गाउँका विभिन्न ठाउँमा बसी वेद, ज्योतिष आदि विषयमा शिष्यहरू बटुली पठनपाठन कार्य गराउनुभएको थियो । यस्तो कार्य गर्ने क्रममा केही समय उहाँ दैलेखमा समेत बस्नुभएको थियो । उहाँले माजी, किमडा निवासी लक्ष्मीकान्त उपाध्यायको आगनमा (यस लेखका पङ्क्तिकारको घर) थुप्रै युवाहरूलाई शिक्षित र दीक्षित पार्नुभएको थियो । उहाँका कतिपय शिष्यहरू पछि गएर नामी विद्वान्का रूपमा ख्याति कमाउन सफल भएका पाइन्छन् । शिक्षा विकासका दृष्टिले अन्धकारको युगका रूपमा रहेको तत्कालीन समयमा शिक्षाको प्रचारप्रसार गर्ने र युवाहरूलाई शिक्षित गर्ने कार्य चानचुने थिएन, निकै जोखिमपूर्ण र चुनौतीपूर्ण समेत थियो । अर्कातर्फ तत्कालीन समाज अनेक थरी विकृति र विसङ्गतिले ग्रस्त मात्र होइन, धार्मिक अन्धविश्वासयुक्त झारफुक, भूतप्रेत, धामीझाँक्री आदि जस्ता कुप्रथामा गाँजिएको थियो । त्यस्तो प्रतिकूल समयमा पनि नितान्त व्यक्तिगत प्रयासमा शिक्षाको प्रचारप्रसारमा होमिनु क्रान्तिकारी र साहसिक कदम थियो भन्न सकिन्छ । यसबाट पनि उहाँको व्यक्तित्वका सम्बन्धमा अड्कल लगाउन सकिन्छ ।

ढकारी गाउँमा उहाँले पढाउने गरेको स्थानमा हाल गुरुकुल नामक विद्यालयको स्थापना भई सञ्चालनमा छ । यस विद्यालयले हाल कक्षा १२ सम्मको शिक्षा दिइरहेको छ । उहाँले कर्मकाण्ड, अन्त्यपद्धति, ज्योतिष पात्रो आदि थुप्रै कृतिहरूको समेत रचना गर्नुभएको थियो । तीमध्ये केही कृतिका पाण्डुलिपिहरू हालसम्म सुरक्षित रहेको उहाँको परिवारका सदस्यहरू बताउनुहुन्छ । जीवनकालको उत्तरार्धमा उहाँ अछामबाट सुर्खेत, बिजौरा, भुडेभावरमा बसाइँ सर्नुभयो । वि.सं. २०५२ साल असोज २० गते शुक्रवार, शुक्लपक्षको त्रयोदशी तिथिका दिन त्यहीँ उहाँको निधन भयो । उहाँको शिक्षाप्रेमी व्यक्तित्व तथा उहाँले यस समाजलाई लगाउनुभएको गुन लोकमा चिरस्मरणीय रहने छ ।

# पुर्खाको जीवनी र सत्यको खोज

जगन्नाथ उपाध्याय घोडासैनी
घोडासैन, माजी मुलेगडा, अछाम
हाल : टीकापुर, कैलाली

प्रत्येक व्यक्तिको आआफ्नो सिद्धान्त, विचार र अनुभवमा देखापरेका सद्विचार र सद्भावनाको परिकल्पना गरी आफ्नो पहिचान दिने कुराको स्मरण गर्नु बुद्धिमानी कुरा हो । आफ्नो कुल, परम्परा र मान्यजनको स्मरण गर्नु आफ्नै वास्तविकताको खोजी गर्नु हो । पुराना परम्परा र रीतिथितिको ख्याल गर्दै उहाँहरूको ऐतिहासिक खोज गर्नु उचित कुरा हो । यसबाट आफ्ना पिता, पुर्खाका बारेमा जानकारी प्राप्त हुनुका साथै उहाँहरूको सत्मार्गमा आफूलाई पनि हिँडाउने प्रेरणा प्राप्त हुन्छ । मलाई मेरा पुर्खाका बारेमा जानकारी छैन । मैले जे जति खोजी गरेँ त्यो मेरो अल्पबुद्धिले ठम्याएर प्रस्तुत गर्दै छु । प्रत्येक परिवारका सदस्यलाई उचित ढङ्गले अघि बढाउन कुलमा कुनै न कुनै परिवर्तनकारी आत्माले जन्म लिनुपर्ने रहेछ । त्यस्ता व्यक्तिको प्रभाव सन्तति दरसन्ततिलाई पर्दै जान्छ र नयाँ पुस्ताका लागि प्रेरणा प्राप्त हुन्छ । यो लेखनको खास प्रयोजन माहिला बुबाको सम्झनामा प्रकाशन हुन लागेको स्मृतिग्रन्थ रहेको छ । यसैसँग पारिवारिक परिचयसमेतका आधारमा माहिला बुबाबारे केही शब्दसम्झना कोर्ने प्रयास गर्दै छु । त्यसका लागि बुढा हजुरबुबादेखिको पारिवारिक सन्दर्भलाई सङ्क्षेपमा वर्णन गर्ने कोसिस गर्दै छु ।

हाम्रा बुढा हजुरबुबा जगदेव उपाध्याय सपरिवार अछाम, माजीबाट दैलेख दुल्लुको हुँडिखोला जानुभयो । त्यहाँ करिब बाह्र वर्ष जति बस्नुभयो । त्यहाँ ४ बिघाजति जग्गा पनि बनाउनुभयो । वि.सं. १९५३ मा उहाँका नाउँमा दर्ता पनि भयो । त्यसक्रममा उहाँकी बहिनी देउमादेवीको दुल्लु धामी गाउँका लच्छिराम खनालका कान्छा छोरा गोपाल खनालसँग बिहे भयो । बुढा हजुरबुबाको स्वर्गवासपछि बुढी हजुरआमाको माइती अछाम रिमा भएका कारण उहाँले अब यहाँ बस्न उचित छैन भनी नाबालख छोरा शिवराम उपाध्यायलाई ल्याएर रिमा अछाम फिर्ता आउनुभयो । त्यतिबेला बाजे शिवरामको उमेर जम्मा सात वर्षको थियो । दैलेखबाट कर्णाली नदी तरी एक्लै रिमा पुगेर बड्डीबज्यैले आफ्ना सन्तानलाई बचाउन ठुलो सङ्घर्ष गर्नुपऱ्यो । बाजे शिवराम उपाध्यायको शिक्षादीक्षा, व्रतबन्ध आदि आफ्ना मामा चिन्तु उपाध्याय रिमालका घरमै भयो । उहाँ युवावस्थामा पुगेपछि उहाँको बिहेका लागि बड्डीबज्यै दैलेखमा आफ्नी नन्दका जेठाजुकी छोरी माग्न जानुभयो । गोपाल खनालका दाजु चूडामणि खनालकी जेठी छोरी राधिकादेवीलाई आफ्ना छोरासँग बिहेका लागि माग्नुभयो । पहिले त उहाँले मेरी राजग्रह भएकी छोरी नदीपारि दिन्न भन्नुभएछ तर पछि उहाँकी आमाले उहाँकी नन्द ल्याउने अब आफ्नी छोरी नदिने भनेर हुन्छ भनी सहमती जनाउनुभयो । त्यसपछि बिहे पक्का भयो । बिहेपछि उहाँ आफ्नो पुर्ख्यौली गाउँ माजी जानुभयो । सुरुमा माजीको

लाम्पाटामा घर बनाएर बस्नुभयो। बाजे शिवराम उपाध्याय हक्की स्वभावका हुनुहुन्थ्यो। उहाँले धर्मशास्त्र र ज्योतिषशास्त्रको ज्ञान हासिल गर्नुभएको थियो। उहाँ देउडा खेल्न र गीत गाउन पनि निकै सिपालु हुनुहुन्थ्यो। उहाँ खाइलाग्दो जिउडाल भएको र बलिया पनि हुनुहुन्थ्यो। जाँगरिला, सिपालु, मिलनसार र ईर्ष्यालु पनि हुनुहुन्थ्यो। उहाँ धर्मकर्ममा पनि निकै विश्वास राख्नुहुन्थ्यो। अन्याय सहन नसक्ने भएकाले जोकोहीले उहाँसँग निहुँ खोज्न सक्दैनथे।

बज्यै राधिकादेवीको शीलस्वभाव र गुणवत्ताको चर्चा धेरैले गर्ने गरेको पाइन्छ। उहाँको जन्म दैलेख दुल्लु सानगाउँमा भएको हो। उहाँ बुबा चूडामणि खनाल र आमा महोधराकी जेठी सुपुत्री हुनुहुन्छ। उहाँको बाल्यकाल निकै सुखसयलमा बितेको थियो। उहाँले आर्थिक र विद्याले सम्पन्न परिवारमा जन्म लिई अछामलाई कर्मथलो बनाउनुभयो। उहाँ निकै धार्मिक स्वभावकी हुनुहुन्थ्यो। उहाँकी कान्छी बहिनीको बिहे पनि पछि किमडामा भयो।

बज्यै राधिकादेवीको ज्ञान, ध्यान, व्रत, पूजामा पाइने लगाव, अतिथिसत्कार र परिवारको सेवामा देखिएको समर्पणलाई त्यतिखेर देखेभोगेका मानिसहरूले अहिले पनि प्रशंसा गर्दछन्। हाम्रो परिवारमा ऐश्वर्यको वृद्धि गर्नमा बज्यैको महत्त्वपूर्ण योगदान रहेको देखिन्छ। उहाँले गरेको अतिथिसत्कार र खाना खान दिनेबेला तयार पारिने परिकारबारे धेरै आगन्तुकहरूले वर्णन गर्ने र बज्यैको गुणगान गर्ने गरेको धेरैबाट सुनिएको छ।

बाजे शिवराम उपाध्याय र बज्यै राधिकादेवीका कोखबाट क्रमशः देवीराम, उदयराम, भूमिनन्द र शङ्कर गरी चारओटा छोराहरू जन्मिनुभयो। बाजेबज्यैले आफ्ना बुबालाई परेको दुख र सन्तान गुमाउनुपर्दाको पीडा तथा आफ्ना छोरा जन्मिएका तर छोरी नजन्मिएकाले त्यसको कामना राखी विभिन्न ठाउँमा तीर्थाटन गर्नुभएको थियो। बाजेबज्यैको सल्लाहअनुसार बाजेले पौष महिनामा नेपालबाट भारतको बद्रीनाराणसम्म पैदलयात्रा गरी आफ्नो कुलमा सन्तानको दीर्घ जीवन तथा छोरी पनि जन्मियुन् भन्ने कामना गरेर आउनुभएको थियो भनी बुढापाकाहरूले सुनाउने गरेका छन्। बाजे शिवराम उपाध्यायको मिति २०२६ साल साउन महिनाको ४ गते प्रतिपदा तिथिका दिन स्वर्गबास भएको थियो। बजै राधिकादेवीको देहावसान मिति २०२२ साल असार २ गते चतुर्थी थितिका दिन भएको थियो। उहाँहरूको जन्म साल निश्चित रूपले भन्न नसके पनि करिब ८० वर्षको आयु व्यतीत गरेर जानुभएको हो भन्ने परिवारका जेष्ठ सदस्यहरूको भनाइ रहेको पाइन्छ।

## देवीराम उपाध्याय

उहाँका जेठा छोरा देवीराम उपाध्यायको जन्म वि.सं.१९७३ कार्तिक महिनाको १७ गते अछाम जिल्लाको घोडासैन, माजीमा भयो। उहाँको बाल्यकाल सुखमय तरिकाले माजीमै बित्यो। उहाँको करिब छ फुट अग्लो कद, गहुँगोरो वर्ण, हँसिलो स्वभाव, उखानटुक्का मिस्याएर तार्किक र स्पष्टरूपमा आफ्नो विचार राख्ने बानी थियो। उहाँलाई पूजाआजा, कर्मकाण्ड, ज्योतिषशास्त्रको ज्ञान थियो। उहाँको बाल्यकाल आफ्नै गाउँठाउँमा आफ्ना आमाबुबाकै काखमा बित्यो। उहाँले सम्पूर्ण शिक्षादीक्षा आफ्नै बुबाबाट प्राप्त गर्नुभएको हो। उहाँले वैदिकशास्त्र र ज्योतिषको ज्ञान

आफ्नै बुबाबाट प्राप्त गर्नुभयो। उहाँले आफ्नो ज्ञानलाई अझ बढी विस्तारित गर्ने कार्य आफ्नै सहोदर भाइबाट पनि गर्नुभयो । उहाँको पहिलो बिहे पनि दुल्लु दैलेखका जयदेव र मनादेवी लम्सालकी छोरी धनीदेवीसँग भएको थियो । उहाँबाट १ छोरा हुनुहुन्छ भने दोस्रो विवाह कुइकाका मनदेव तिमल्सिनाकी छोरी उज्जलीदेवीसँग भएको थियो। उहाँबाट दुई छोरा र दुई छोरीको जन्मभयो।

उहाँले अछाम, दैलेख, जुम्ला, कैलालीका विभिन्न ठाउँका भ्रमण गरेर त्यहाँको प्राकृतिक तथा वातावरणीय ज्ञान हाँसिल गर्नुभएको थियो । उहाँको मिलनसार स्वभाव थियो । परिवार र छोराछोरीहरूप्रति उहाँको निकै स्नेह थियो। गाउँघरका सानातिना झगडा मिलाउनेदेखि मनोरञ्जन गर्ने, देउडा खेल्ने, गीत भन्ने कला उहाँसँग थियो। उहाँका मनमा कसैप्रति कुनै प्रकारको कुभावना थिएन। उहाँ निष्पाप र रमाइलो परामा अरूलाई खुसी दिनुहुन्थ्यो । उहाँले शिक्षण, पुरेत्याईँ तथा कृषि र पशुपालन गरेर आफ्नो तथा परिवारको पालन पोषण गर्नुभयो।

उहाँ तीर्थाटन गर्न सपरिवार काशि र आध्यात्मिक गुरुको घर व्याससम्म पुग्नुभयो र त्यहाँबाट दीक्षित हुनुभयो। गुरुको आज्ञानुसार भजन सुमिरन गरेर मनुष्य जन्मलाई सफल बनाउँदै सद्गुरुका कृपाले ९२ वर्षको उमेरमा आफू सुतेको खाटबाट तल खसेको निहुँले परमपिता परमात्माका धाममा पधार्नुभयो।

## पं. उदयराम उपाध्याय

पं. उदयराम उपाध्यायको जन्म वि.सं. १९७७ साल असार महिनाको ३० गते द्वादशी तिथिको मङ्गलवारका दिन भएको थियो। उहाँ बुबा शिवराम उपाध्याय र माता राधिकादेवीका कोखबाट दोस्रो सन्तानका रूपमा जन्मिनुभएको हो। उहाँको बाल्यकाल गाउँघरमै व्यतीत भयो। ५ वर्षपछि उहाँको अक्षरारम्भ आफ्नै घरमा बुबाबाटै भयो । उहाँले आफ्ना बुबाबाटै धर्मशास्त्र, कर्मकाण्ड, पूजापाठ, ज्योतिष आदिको अध्ययन गर्नुभयो।

उहाँको जिउडाल बाल्यकालदेखि नै मोटो र पुक्क परेको हुनाले बज्यैले 'पोकु' भनेपछि उहाँको नबोलाउने नाम 'पोकु पाध्या' रहन गएको हो। उहाँलाई धेरैले ज्ञानको पोको भएकाले पनि यो रहेको बताउने गर्दछन्। उहाँको परिचित नाम यही हो। भाइहरूमा माहिला भएकाले 'माहिला' भनेर पनि चिन्दछन्। उहाँको गौर वर्ण, ठुलो चौडा मुख, मोटो शरीर, करिब पाँच फुट लामो कद थियो। उहाँको टाठो र स्पष्ट स्वर, फुर्तिलो शरीर, हँसिलो मुहार, सिद्धान्त र व्यवहारमा सधैँ एकरूपता खोज्ने अर्थात् सिद्धान्तलाई व्यवहारमा उतार्न खोज्ने उहाँको स्वभाव थियो। उहाँ निडर स्वभावको हुनुहुन्थ्यो। मानिसहरूको अनावश्यक आलोचनाले उहाँलाई कहिल्यै छोएन । आफ्ना हितैषीहरूलाई बढी विश्वास गर्ने, दयालु तर आवश्यक परेमा आवेशमा पनि आउने उहाँको स्वभाव थियो।

उहाँको ज्ञान आर्जन गर्ने इच्छा अझै पूरा भएको थिएन। कहाँ जाने ? कसरी पढ्ने भन्ने कुरामा चिन्तित हुनुहुन्थ्यो। पढाइका अतिरिक्त घरपरिवारले गर्दै आएको कृषि र पशुपालनमा पनि उहाँ संलग्न हुनुहुन्थ्यो। तितौडाको लेकमा भैँसीका खर्कहरू थिए। बुबा त्यहीँ हुनुहुन्थ्यो। जतिखेर

पनि लेखपढमा लागेको देखेर गोठालाहरू उहाँलाई कति पढेको हो भन्थे । एक दिन त्यहीँबाट भागेर दैलेख दुल्लु मामाका घर जानुभयो । उहाँसँग गाउँका पदम उपाध्याय र बजगाउँका गङ्गा जोइसी पनि हुनुहुन्थ्यो । दैलेख, दुल्लुबाटै स्वर्गद्वारी आश्रम प्युठान जानुभयो । त्यतिखेर अछामबाट प्युठान पुग्न १२ दिन लागेको थियो रे ! उहाँहरू स्वर्गद्वारी गएको वि.सं. १९९४ साल साउनको महिना हो । अरू दुईजना छ महिनाजति बसेर घर फर्किनुभयो । माहिला बुबा एक्लै करिब छ वर्षजति त्यहीँ बसेर पढ्नुभयो । उहाँले त्यहाँ वेद, वेदाङ्ग, ज्योतिष, कर्मकाण्ड, तन्त्रमन्त्र आदिका साथै आध्यात्मिक ज्ञान पनि हासिल गर्नुभयो ।

स्वर्गद्वारी आश्रम केवल वेद, वेदाङ्गको पाठशाला मात्रै थिएन त्यहाँ स्वर्गद्वारी महाप्रभुको तप र आध्यात्मिक ज्ञानको प्रभाव पनि थियो । स्वर्गद्वारी महाप्रभु आफैँ जोसमनी सन्तपरम्परामा दीक्षित अभयानन्द द्वितीयका नामले परिचित हुनुहुन्थ्यो । उहाँलाई आत्मज्ञानीका रूपमा लिने गरिन्थ्यो । बुबाले उहाँको संगत गरेर आत्मज्ञान, वैराग्य धारण गर्नु भएको थियो । स्वाध्ययनपछि आफूलाई परमात्माको आराधनामा बिताउने, गृहस्थी नबन्ने धारणा थियो । मानिसले सोचविचार गरेर सांसारिक कर्म गर्नुपर्छ । सत्कर्म गर्नका लागि सत्यलाई पहिचान गर्नुपर्छ र सत्यको पहिचान सद्गुरुका शरणमा गएपछि हुन्छ । अनि मात्रै आत्मसाक्षात्कार हुन्छ भन्ने महाप्रभुको शिक्षाले उहाँलाई निकै प्रभावित पारेको थियो । उहाँलाई स्वर्गद्वारी महाप्रभुले "तिमीलाई आत्मज्ञान दिने गुरु भेटिने छन्, प्रतीक्षा गरेर बस्नू" भन्नुभएको थियो । विद्याध्ययनको समाप्ति भएपछि उहाँले जोगी हुने प्रस्ताव राख्नुभयो । स्वर्गद्वारीका महात्माहरूले जोगी हुन त आमासँग भिक्षा लिएर आउनुपर्छ भनेपछि उहाँ भिक्षा माग्न अछाम घरमा आउनुभयो । गाउँठाउँका मानिसहरूभन्दा फरक पहिरनमा आएकाले उहाँलाई घरपरिवार र गाउँलेहरू कसैले पनि चिन्नुभएन । उहाँले आफ्नै घरमा गएर आमासँग भिक्षा माग्नुभयो । धेरै दिनमा आफ्ना घरमा जोगी आएकाले हजुर आमालाई खाना खुवाउले सोच आयो । उहाँले खाना खानुहोस् भिक्षा पनि दिउँला भनेपछि खाना खान तयार हुनुभयो । खाना खाँदै गर्दा केही कुरामा हाँसो उठ्यो । हाँसेर दाँत देखेपछि हजुरआमाले आफ्नै छोरा भनेर चिन्नुभयो । त्यसपछि भिक्षा होइन पहिले आफ्ना भाइभतिजाहरूलाई पढाउन भन्नुभयो । उहाँ केही समय घरबाहिर लेकमा बस्नुभयो भन्ने पनि सुनिन्छ । त्यसपछि उहाँ पढाउन थाल्नुभयो । शारीरिक रूपमा उहाँले पाठशालामा पढाउँदै गरे पनि मानसिक रूपमा उहाँ सधैँ आफ्ना गुरुका वचनलाई ध्यानमा राखेर आत्मज्ञानको खोजी गरिराख्नुहुन्थ्यो ।

पढाउँदै गर्दा आफन्त र गाउँघरको वातावरणमा भिज्दै गएपछि आमाबुबा र आफन्तहरूको सल्लाह, करकापमा परेर त्यो पनि धेरै वर्षपछि उहाँ बिहेका लागि राजी हुनुभयो । उहाँको बिहे २००९ साल मङ्सिरमा बजगाउँका रङ्गनाथ (नारु) स्वार उपाध्यायकी साहिँली छोरी कौसिलादेवीसँग विवाह भयो । उहाँ वि.सं.१९९७ साल भदौमा जन्मिनुभएको थियो । बिहे हुँदा उहाँ जम्मा बाह्र वर्षकी हुनुहुन्थ्यो । उहाँको उमेर सानै माहिला बुबा घरबाहिरै बस्ने हुँदा बिहे भएपनि माहिली आमा माइतै बस्नुहुन्थ्यो । यता माहिला बुबा पढाउन धेरै गाउँमा पुग्नुभयो । जहाँका शिक्षा प्रेमीहरूले बोलाए त्यहीँ गएर धेरै वर्ष पढाउँदै आफ्नो युवा र वयष्क उमेर व्यतीत गर्नुभयो । उहाँले माजीबाट

पढाउन सुरु गर्नुभयो। यसको प्रमाण स्वयं बुबाले सर्वप्रथम पढ्नुभएको देखिन्छ। त्यसपछि कुइका, विनायक, बजगाउँ, बाँडाबस्तीमा पढाउनुभयो। बस्ती पढाउँदै गर्दा उहाँ खप्तड बाबाकहाँ पुग्नभयो। त्यहाँ करिब एक महिनाजति बस्नुभयो। आफूलाई आत्मज्ञान दिन अनुरोध गर्नुभयो। त्यसका लागि आफ्नो शिष्य बनाएर जोगी हुने विचार व्यक्त गर्नुभयो। खप्तड बाबाले "तिम्रो बिहे भएको छ कि छैन" भनी सोध्नुभयो। बिहे भएको सत्य कुरा बताएपछि उहाँको जिन्दगीलाई अलमलमा पार्नुहुँदैन। गृहस्थमै बसेर साधना र अभ्यास गर्नुपर्छ भन्नुभयो। आफ्नो अग्निकुण्डको एक मुठी खरानी दिएर "यो सँगै राख्नू, यसले तिम्रो रक्षा गर्ने छ" भनी फिर्ता पठाउनुभयो।

त्यसपछि पुनः पूर्ववत् रूपमा घोडासैन र ढकारीमा शिक्षा प्रदान गर्न थाल्नुभयो। यता माहिली आमाको पनि उमेर भएकाले घर ल्याउनुभयो। दिदी, दाजु र भाइहरूको जन्म भएपछि पनि ढाङ्टा र ध्यानेवस्तामा शिक्षण कार्य गर्नुभयो। उहाँले अछाम जिल्लाको पूर्वीभेकका विभिन्न ठाउँमा वेद, ज्योतिष, तन्त्रमन्त्र, चण्डी पढाउनुका साथै हजारौँ युवाहरूलाई साक्षर तुल्याउनुभयो। यसबाट यस भेकका धेरैजसो लेखपढ गरेका मानिसहरू उहाँका कुनै न कुनै रूपमा चेलाभएपछि उहाँ प्रतिष्ठित गुरुका रूपमा सम्मानित हुनुभयो। वेद, ज्योतिष र तन्त्रमन्त्रमा कतै अलमल भए, शङ्का लागे उहाँलाई सोध्ने र उहाँसँग पढेको हुँ भनी गर्व गर्ने मानिसहरूको सङ्ख्या बढ्यो। आज पनि उहाँसँग पढेका मानिसहरूले सगर्व 'मैले उहाँसँग पढेको हुँ' भनिरहेका छन्।

म करिब दश बाह्र वर्षको छँदा जेठा दाजु कृष्णराज र भाइ रामप्रसाद गरी हामी तीन भाइ माहिला बुबासँगै पढ्थ्यौँ। हामी एउटै उमेर समूहका थियौँ। हामी माहिला बुबाकै कक्षमा गएर पढ्थ्यौँ। त्यसबेला उहाँले पढ्दाखेरि कस्तो दुख सहनुपर्छ र आफूले आफ्नो जीवनमा के के गर्नुभएको थियो, त्यस्ता घटना पनि सुनाउने गर्नुहुन्थ्यो। उहाँ भन्नुहुन्थ्यो- "यो शरीरको सबैभन्दा राम्रो गहना भनेको विद्या हो। विद्या हासिल गर्न मानिसका जीवनको पहिलो खुड्किलो हो। यो खुड्किलो पार गर्न त्यति सजिलो छैन। विद्या हासिल गर्न अल्छीपना छोडेर धेरै समय दिई जाँगर लगाउनुपर्छ। सबै कुराबाट मन मोडेर विद्या आर्जनमा लगाउनुपर्छ। विद्या पढ्नमा रुचि बढ्यो भने आत्मज्ञानको खोजी गर्नुपर्छ" भनेर सम्झाउनुहुन्थ्यो।

गृहस्थी भएर सन्तान भएपछि उहाँको स्वर्गद्वारीबाट फर्किंदाको भन्दा भिन्न पोसाक थियो। बाल्यकालमा मैले उहाँसँग पढ्दादेखि नै उहाँ कालो कोट, सेतो कुर्ता सुरुवाल, खुट्टामा साबरको जुत्ता, शिरमा सेतो टोपी र रातो वा पहेँलो ठुलो उनीको गलबन्दीको पगरी बाँध्नुहुन्थ्यो। गलामा रुद्राक्षको माला, निधारमा त्रिपुण्ड लगाउनुहुन्थ्यो। शिक्षणसँगै आयुर्वेदिक जडीबुटी, तन्त्रमन्त्र, झारफुक र ज्योतिषीको कामले उहाँलाई कहिल्यै फुर्सद भएन। सधैँ समाजको सेवामै उहाँको समय व्यतीत हुन्थ्यो। घरको गृहस्थी जीवनमा उहाँको समय थोरै भए पनि त्यो पुरै माहिली आमा कौसिलादेवीका काँधमा थियो। उहाँको श्रम, लगनशीलता र हजुरआमाको मद्दतले घरगृहस्थलाई सुन्दर र सुखमय बनाउन तत्पर रहनुभयो। उहाँको कोखबाट चार भाइ छोराहरू र चारओटी छोरीहरू गरी आठ सन्तान जन्माउनु, हुर्काउनु, बढाउनु कम्ती ठुलो काम थिएन। सबैको स्याहारसुसार गर्दै उहाँले ठुलो तपस्या गर्नुभयो। सबै सन्तानहरू राम्रोसँग नहुर्किंदै उहाँको शरीर रुग्ण भयो। उहाँ सिकिस्त बिरामी हुनुभयो।

धेरै तरिकाले उपचार भयो तर सन्चो भएन। उहाँ विरामी छँदै भाउजूलाई सर्पले टोकेर उहाँको मृत्यु भयो। अर्को वर्ष माहिली आमा पनि अल्पायुमै नाबालक सन्तानलाई छोडेर परलोक जानुभयो।

हाँसो खुसी र उमङ्गपूर्वक समाजबाट प्राप्त सम्मानपूर्वक जीवनयापन गर्दै गर्दा आएको पारिवारिक सङ्कटले माहिला बुबालाई दुखी तुल्यायो। उहाँले दुखमा पनि धैर्य गरेर अघि बढ्नुभयो। उहाँका दाजुभाउजू, भाइभतिजाको सरसहयोगले विपतको घडीसँग सामना गर्नुभयो। त्यसपछि उहाँलाई आफ्ना सन्तानको बुबा मात्रै भएर होइन आमाको सरसहयोग, माया सबै दिनुपर्ने आवश्यकता देखापऱ्यो। बुढेसकालमा एक्लै सबै सन्तानलाई स्याहार्न उहाँलाई निकै समस्या पऱ्यो। उहाँ दुखमा पनि पहिले हाँस्ने अनि गम्भीर हुने मान्छे भएकाले सबै सहजै टर्दै गयो। भाइबहिनीहरू बढ्दै, हुर्कदै गए, आफ्नो मानो उत्पादन गर्ने जग्गा छँदै थियो। सङ्घर्ष गरेर आफ्नो निर्वाह गर्दै गए। माहिला बुबाले हौसला बढाउँदै कुशल अभिभावकत्व निर्वाह गर्नुभयो। आफ्ना अन्तरमा भने सत्य र परमार्थी ज्ञान दिने गुरुको खोजी जारी राख्नुभयो।

यस्तैमा वि.सं. २०४४ सालतिर सुर्खेतको गुटुका मदनलाल धमलाबाट सन्तमार्ग र सन्तसन्देशको पुस्तक फेला पार्नुभयो। त्यो किताब पढेपछि उहाँलाई स्वर्गद्वारीका प्रभुमहाराजले भन्नुभएका धेरै कुरासँग समानता देख्नुभयो। तत्त्वदर्शी, मुक्तिदाता गुरुको मार्गमा हिँड्ने चाहना परिपूर्ति हुने देखेर उहाँ निकै हर्षित हुनुभयो। पारिवारिक दुख भए पनि आफूले जीवनमा खोजेको कुरा पाउने आशाले उहाँलाई निकै खुसी र गुरुसँग भेट कतिखेर हुन्छ भनी आतुर पनि बनायो। मदनलालजीलाई सन्तमतबारे जानकारी बलिराम बाँसपाने (कामी) बाट भएको थियो। बलिरामजी बम्बईमा बस्दा त्यहीँ नामदान प्राप्त गर्नुभएको रहेछ। उहाँले ब्यास नदेखेको अनि मदनलालजीलाई ब्यास जाने समयअनुकुल भएन। यता बुबा छिटो ब्यास जाने भनी आत्तिनुभयो। त्यसपछि मदनलालजीसँग पुरै ठेगाना लिएर जेठादाजु कृष्णराजले उहाँलाई भारतको पन्जाब प्रान्तको अमृतसर जिल्लामा अवस्थित राधास्वामी सत्संग ब्यास लिएर जानुभयो जुन डेराबाबा जैमलसिंहका नामले प्रख्यात छ। त्यहाँबाट गुरुजी हजुर महाराज चरनसिंहजीबाट पाँच नामको दीक्षा लिएर आउनुभयो। पाँच नामको सुमिरन, ध्यान र भजनको पूर्णविधि तथा सुरतशब्दयोगको अभ्यास गर्ने तरिका सिकेर घर फर्किनुभयो।

डेरा ब्यासबाट नामको दीक्षा प्राप्त गरिसकेपछि एक दिन उहाँ सोल्टा हाम्रा घर आउनुभयो। त्यसबेला म पनि त्यहीँ थिएँ। उहाँले बुबालाई सम्झाउँदै भन्नुभयो- गुरुबिना भ्रम निवारण हुँदैन, गरुड पुराणको १५ र १६ अध्यायमा पनि यही कुरा बताइएको छ। आत्मज्ञान पाउनका लागि मात्रै होइन धर्म, कर्म, पूजापाठ, जपतप, दान, यज्ञ, शिल्पविद्या, धनुर्विद्या, तीर्थ, व्रत, मौन धारण आदि कर्म गर्दा पनि कोही न कोही सिकाउने जानकार व्यक्तिको आवश्यकता पर्छ। यी सबै साधना गर्नका लागि गुरुको अनिवार्य सहयोग चाहिन्छ। गुरुले सिकाएअनुसार आफूलाई त्यसमा ढाल्नाले मात्रै यी कुरा प्राप्त गर्न सम्भव हुन्छ। अन्यथा अधुरै रहन्छन्। गुरु पनि विभिन्न तह र श्रेणीका हुन्छन्। जुन

तहको काम सम्पन्न गर्नु छ गुरु पनि त्यसै तहका धारण गर्नुपर्छ । आत्मज्ञान, जीवन निर्वाह जे गर्दा पनि गुरु नभई हुँदैन । सांसारिक ज्ञान दिने गुरुबाट आत्मसन्तोष, मनमा पूर्ण शान्ति र तत्त्वको पहिचान हुँदैन । सत्मार्गमा हिँड्न लाज, सङ्कोच मानेर पनि हुँदैन" भनी बुबालाई सम्झाउनुभएको थियो । यी सबै कुरा सुनेर बुबाले 'बुझेर विचार गरौंला' भन्नुभयो । उहाँहरूका बिचमा एकआपसमा विश्वास र अविश्वासको कुरा पनि भयो ।

उहाँले आफूले स्वर्गद्वारीमा पाएको वेद, वेदाङ्गको शिक्षा आफ्ना भाइ, भतिजा, इष्टमित्र र गाउँघरका सबैलाई दिएर सांसारिक ज्ञान बाँड्दा पाएको हौसलाका कारण सन्तमार्ग पाएको अनुभूति गर्नुभयो । अब यो सन्तमतको शिक्षा पनि उहाँहरूलाई बाँड्दा राम्रो होला, सबै आत्माको चौरासी लाख प्रकारका जुनीबाट मुक्ति होला, सबैको मनुष्यजन्म सार्थक होला भन्ने अपेक्षा राख्नुभयो । आफ्नो निश्छल र सत्य विचारलाई जब उहाँले अरूसामु राख्नुभयो तब त्यसको अनपेक्षित प्रतिक्रिया पाउनुभयो । उहाँले सोचेभन्दा उल्टो भयो । साँचो र सत्य कुरालाई पत्याउनु त के झन उल्टो भयो । सत्यलाई अँगाल्दा र त्यसबारे जानकारी दिंदा धर्मकर्म छोडेको आरोप लाग्यो । सत्यलाई असत्य, हितलाई अहितका रूपमा मानिसहरूले लिनथाले । आफ्ना मित्र बनाउन खोज्दा विराना, वैरी र शत्रु सावित भए । अरूका ज्ञानरूपी आँखा खोल्नखोज्दा उल्टै अन्धाको आरोप लाग्यो । उहाँलाई सांसारिक वास्तविकताको बोध भयो । उहाँ आफ्ना विचारमा भने झन अडिग रहनुभयो । उहाँले कसैको निन्दा, आलोचनाको वास्ता गर्नुभएन । वेद, वेदाङ्ग, धर्मशास्त्र र पुराणहरूमा बताइएको भक्तिको मार्ग असत्य, झुटो र गलत सावित हुँदैन भनी उहाँले आफ्नो ध्यान निरन्तर अभ्यासमा नै लगाइराख्नुभयो । उहाँले आफ्ना अन्तरमा प्राप्त गरेको आन्तरिक अनुभूति एकजना हितैषी मित्र ठानेका व्यक्तिलाई भन्दाखेरि त्यो हरायो । त्यसपछि उहाँले मदनलालजी र बलिरामजीसँग यस विषयमा छलफल गर्नुभयो । ब्यासमा चिठी पठाएर पनि बुझ्नुभयो । आन्तरिक अनुभव र सत्य केवल आफ्ना लागि मात्र रहेछ अरूलाई भन्न नहुने रहेछ भन्ने कुराको बोध भयो ।

मानिसहरूसँगको अनावश्यक घुलमेल, भेटघाट पारमार्थिक उन्नतिका लागि बाधक रहेछन् भन्ने बोध भएपछि उहाँले अभ्यासका लागि छुट्टै घरको कोठामा बस्ने व्यवस्था गर्नुभयो । परिवारका सदस्य एउटा घरमा, आफू छुट्टै बसेर निरन्तर साधनामा लाग्नुभयो । त्यहाँ कसैलाई पनि होहल्ला गर्न, ठुलो स्वरले बोलाउन, गफगाफ गर्न अनुमति थिएन । खाना, खाजा खान उहाँ आफैँ उठेर ओल्लाघर आउनुहुन्थ्यो । घरको कामकाज र हरहिसाब जेठा दाजुलाई जिम्मा दिनुभएको थियो । आफूले आवश्यक परे सल्लाह दिने नभएर सबै काम आफैँ भाइहरूसँग मिलेर गर्नु भनी आफू सबै प्रकारका जिम्मेबारीबाट मुक्त हुनुभएको थियो । आफूले गर्न सक्ने काम मात्रै गर्नुहुन्थ्यो । आफूले गर्न सक्ने काम र खानाबाहेक सबै समय ध्यानमा बस्नुहुन्थ्यो । आवश्यक कुरा मात्रै गर्नुहुन्थ्यो । कसैसँग बहस छलफल गर्नुहुँदैनथ्यो । नामको कमाइमै व्यस्त देखिनुहुन्थ्यो । यसै गरेर सुमिरन, ध्यान र भजनमा नै समय बिताउनुहुन्थ्यो । उहाँले आफूले नै आफ्नो चिना बनाएर मेरो आयु ७५ वर्षको छ भन्नुभएको थियो । त्यसैले जीवनको अन्तसमय ठानी धैरैभन्दा धैरै समय सुमिरन र भजनमा नै

बिताउन थाल्नुभयो । एकै दिन अघिको सामान्य बिसन्चोबाट निकै कमजोर भएपछि त्यतिबेला घरमा एक्लै भएको "भाइ दामोदरले बुबा हजुरले छोडेर जानुभयो भने म के गरुँला" भनी सोधेपछि "केही चिन्ता नलिनु, केवल कुरेर बस्नु, सबै ईश्वरले गर्नुहुन्छ" भनी ढुक्क बनाउनुभयो। अन्तिम घडी आउँदै गर्दा उहाँले "आफूसँग कोही कसैलाई भेटघाट गर्न र कुराकानी गर्न आउन नदिनू भन्नै पर्ने कुरा भए लेखेर दिनुभनी" कापी र कलम अगाडि राखेर केवल परमात्माका नाममै आफूलाई लीन राख्नुभयो।

अन्तिम घडी आएको अनुभूति भएपछि अगाडिको भित्तामा राखिएको हजुर महाराजजीको तस्विरमा दृष्टि गयो । दुवै हात जोडी आँखा चिम्लेर हे मुक्तिदाता, सन्त सद्गुरु मलाई यसबेला शरीरमा धेरै पीडा भएको छ। अब म यो पीडा सहन सक्दिनँ, आफ्ना शरणमा लिई मुक्त गर्नुहोस्। परमात्मासँग मिलाई यो सासलाई यहीँ विराम दिनुहोस् भनी असोज महिनाको त्रयोदशी तिथि, बिहान ८ बजेको समयमा परमात्मामा विलीन हुनुभयो । त्यसपछि यो शून्य देहमा उहाँको उही हँसिलो मुहारको झझल्को मात्रै शेष रह्यो। ८ बजे उहाँले हामीलाई छोडेर जानुभयो त्यही दिन करिब ९ बजे म अछाम जान झाला पुगेको थिएँ। त्यो खबर सुनेर भुडेभावर पुगेँ। उहाँको पार्थिव शरीरलाई सेलाउने प्रक्रियामा आफूलाई सहभागी गराउन जुटेँ।

पौराणिक कथनअनुसार जो कोही महान् आत्मा यस धर्तीमा जन्मिँदा र यहाँबाट बिदा हुँदा केही न केही दैवी शक्तिसँग जोडिएका अचम्मका घटना सुन्न र देख्न पाइन्छन्। माहिला बुबा जन्मेका बखतका त यस्ता कुनै घटना मलाई जानकारी छैनन्, न त त्यसबारे भन्न सक्ने व्यक्ति अब कोही जीवित छ। उहाँले नश्वरदेह त्याग गर्ने बेला भएका तीनओटा घटनाहरू यसप्रकार छन् :

१. आफू जानुभन्दा २४ घण्टाअघि कसैसँग नबोल्ने र आफूलाई नबोलाउनू, बोल्नेपर्ने भए लेखेर दिनू भनी जाने समयको पूर्व जानकारी हुनु।

२. घरमा भएका एक्ला छोराले "हजुरलाई केही भयो भने म के गरुँला भन्दाखेरि त्यसको व्यवस्था ईश्वरले आफैँ मानिस पठाउने छन्" भनी निर्धक्क भएर भन्नु।

३. दाहसंस्कारका लागि घाटमा लैजाँदा अछामको पूर्वीभेकका उहाँका शिष्य र शुभचिन्तकहरू कोही हाट, कोही तराइँ, कोही भारततिर कामको खोजीमा जान लागेका करिब दुई सयजना मानिसहरूको हुल त्यही बेला घाटनजिक पुग्नु। आफ्ना गुरु र शुभचिन्तकको निधनमा धर्म काठहाल्न सहभागी भई आफूलाई भाग्यमानी ठानेको कुरा व्यक्त गर्नु, कतै पानी नपरे पनि चिता पखाल्ने बेला कर्णाली नदीमा वेग बढेर चितालाई आफैँ बगाएर लैजानु।

यी सबै घटनाको साक्षी म स्वयं पनि छु । त्यसैले यी सबै घटना संयोग मात्र हुन् वा दैवीआत्मासँग भएका हुन्, यो कुरा विचारणीय छ।

## भूमिनन्द उपाध्याय

बाजे शिवराम र बज्यै राधिकादेवीका साहिँला सुपुत्रका रूपमा वि.सं. १९७९ साल साउन महिनाको ४ गते घोडासैनको माजी, मुलेगडामा भूमिनन्द उपाध्यायको जन्म भएको हो । उहाँको बाल्यकाल निकै खुसीपूर्वक आमाबुबाकै काखमा बित्यो । उहाँ केही दुब्लो र पातलो हुनुहुन्थ्यो । त्यसकारण बज्यैले कुजा भनेर मायाले बोलाउनुभएका कारण उहाँको नाम कुजा उपाध्याय रहन गएको हो । उहाँ यसै नाउँले प्रसिद्ध हुनुभयो ।

उहाँको शिक्षारम्भ आफ्नै घरमा बुबाबाटै भयो । अक्षरारम्भदेखि अङ्ग, गणित र सामान्य ज्योतिषको ज्ञान बुबाबाटै भयो । बाँकी शिक्षा उहाँले आफ्ना माहिला दाजु उदयराम उपाध्यायबाट लिनुभयो । उहाँले आफ्ना दाजुसँग सम्पूर्ण शुक्ल यजुर्वेदको माध्यन्दिनीय शाखा, ज्योतिष, गीता, धर्मशास्त्र र कर्मकाण्डसम्बन्धी ज्ञान हासिल गर्नुभयो । उहाँले पनि आफ्ना दाजुले झैँ अछामका माजी, धमाली, कुइका, टिमुरुजको ढिल्की, बजगाउँ तथा रिमाको लम्सिलामा विभिन्न समयमा पढाउनुभयो । उहाँ आफ्ना दाजु पं. उदयराम उपाध्यायका सर्वाधिक योग्य शिष्यमध्ये एकजना हुनुहुन्छ । उहाँ आफ्ना दाजु उदयरामजस्तै वेदको सस्वर पठनमा सिद्धहस्त भएर समाजमा परिचित हुनुहुन्थ्यो । उहाँले आफ्ना गुरु तथा दाजुले पढाइसकेपछि लिनुभएको परीक्षामा सबैभन्दा राम्रो नतिजा दिनुभएकाले प्रथम शिष्यका रूपमा स्थान प्राप्त गर्नुभएको कुरा मैले स्वयं बुबाकै मुखबाट सुनेको हुँ ।

उहाँले दिनमा घरगृहस्थीको काम गर्दै साँझबिहानको समयमा स्वाध्ययन, पूजापाठ तथा कर्मकाण्डका माध्यमबाट वैदिक सनातन शास्त्रअनुकूलका ग्रहशान्ति, रुद्री, सत्यनारायण कथा, न्वारन, विवाह, व्रतबन्ध जस्ता कर्म गर्ने गराउने काम गर्नुभयो । आज पनि बुढापाका मानिसहरूले उहाँको सन्तोषी स्वभाव, सैद्धान्तिक नियम र आत्मसंयमको प्रशंसा गर्दछन् । उहाँको दुब्लो, पातलो साढे पाँचफुट लामो शरीर, गहुँगोरो वर्ण, शान्त स्वभाव, सेतो टोपी र सेतै कुर्ता सुरुवाल, कालो कोट, बुढेसकालमा बेतको लठ्ठी बोकेर हिंड्ने, निधारमा भष्म लेपन गर्ने बानीको सम्झना ताजै छ ।

सत्यवादी, ख्यालठट्टा नगर्ने, ठुलो स्वरमा नबोल्ने, हाँस्दा मुसुक्क मात्रै हाँस्ने उहाँको स्वभाव थियो । उहाँ नित्य स्नान, पूजापाठ, सन्ध्या र गायत्री जप गर्नुहुन्थ्यो । दिसापिसाब टाढा जाने र शुद्धतामा बढी ख्याल गर्ने गर्नुहुन्थ्यो । उहाँको स्वर निकै मधुर थियो । उहाँ उठ्दा बस्दा, हिंडडुल गर्दा हरे राम, हरे कृष्ण भन्नुहुन्थ्यो । उहाँका हस्तलिखित ग्रहशान्ति, पात्रो हेर्ने श्लोक, क्रियाकर्मसम्बन्धी, नारायणवलीलगायतका कृतिहरू लेखेर समाजलाई सुम्पिनुभएको छ । उहाँले आफ्नो शरीरले साथ दिंदासम्म सनातन धर्म संस्कृतिको संरक्षण र समाज सेवामा बिताउनुभयो ।

जीवनको उत्तरार्धमा उहाँले आफ्ना दाजु उदयराम उपाध्यायको सल्लाहबमोजिम सन्तमार्ग अपनाउनुभयो । माहिला बुबा डेरा ब्यासमा पुगेर नामदान (दीक्षा) प्राप्त गरेर फर्किएपछि सबैभन्दा पहिला बुबालाई भेट्न आउनुभएको थियो । म उहाँहरूका बिच त्यसबेला भएका कुराकानीको

साक्षी छु । म उहाँहरू दुई भाइका कुरा सुन्दै थिएँ । माहिला बुबाले भन्नुभयो, ‘भाइ मैले पढाएका सबै विद्यार्थीहरूमा तिमीलाई नै प्रथम मानेको छु । त्यसैले यो सन्तमार्गका बारेमा पनि सर्बप्रथम म तिमीलाई नै जानकारी दिँदै छु । मैले भनेको मान, डेरा ब्यास जाऊ, गुरुबाट दीक्षा प्राप्त गरेर आफ्नो आत्मालाई चौरासीको जेलखानाबाट मुक्त गर ।’ यस कुरामा बुबाले माहिला बुबासँग केही प्रश्न गरेर ‘राम्ररी बुझेर समय आएपछि विचार गरुँला’ भन्नुभयो । बुबाको कुरा सुनेर माहिला बुबाले भन्नुभयो, ‘भाइ के तिम्रो ममाथि विश्वास छैन र ? के आज तिमीले ममाथि अविश्वास गर्न लाग्यौ ?’ जस्ता कुरा गरेर दुखेसो पोख्नुभयो । त्यस कुराको जवाफमा बुबाले भन्नुभयो, ‘त्यसो नभन्नुहोस्, तपाईँलाई म मनदेखि गुरु मानेर सधैँ साँझबिहान पूजाको योग्य र आदरणीय ठान्दछु ।’ यो कुरा सुनेर माहिला बुबाले केही बोल्नुभएन । यी सबै कुरा मेरै प्रत्यक्ष उपस्थितिमा भएका हुन् । माहिला बुबाले उचित समयमा उचित सल्लाह दिनुभएको थियो तर बुबाले समयमा त्यसको उपयोग गर्नुभएन । त्यसमा केही ढिला भयो । समय बितेपछि पछुताउनुभयो । ढिलै भए पनि दाजुको आशीर्वादले गुरुको दर्शन गर्ने शुभ अवसर जुऱ्यो । मेरा लागि बुबाहरू दुई भाइको त्यही संवादले सन्तमतलाई अँगाल्ने आधार बन्यो । त्यसपछि बुबाले पनि राधास्वामी सत्संग ब्यासको सन्तसद्गुरु बाबाजी महाराजबाट नामदान (दीक्षा) प्राप्त गरेर नामको सुमिरन, ध्यान र भजन गर्नुभयो । उहाँले नश्वर शरीरलाई वि.सं. २०६३ साल असार ३१ गते पञ्चमी तिथिका दिन बिहान १० बजे परित्याग गरेर यस पिन्जराबाट मुक्त भई सच्चिदानन्द स्वरूप परमात्मामा समाहित हुनभयो ।

यसरी बुबा भूमिनन्द उपाध्यायसँग सम्बन्धित घटना र क्रियाकलापले माहिला बुबाकै जीवनसँग जोडिएका सन्दर्भलाई बुझाउने हुनाले प्रसङ्गवश उहाँको जीवनीका घटना जोडिएका हुन् ।

## शङ्कर उपाध्याय

बाजे शिवराम र बज्यै राधिकादेवीका चौथो सन्तानका रूपमा कान्छाबुबा शङ्कर उपाध्यायको जन्म वि.सं. १९८५ साल चैत महिनाको १५ गतेका दिन भयो । उहाँको बाल्यकाल आफ्नै घरमा आमाबुबा र दाजुहरूसँग रमाएरै बित्यो । उहाँ सबैभन्दा कान्छा भएकाले आमाबुबा र दाजुहरूका प्रिय पनि हुनुहुन्थ्यो । उहाँ आज्ञाकारी स्वभावका हुनुहुन्थ्यो । उहाँले पारिवारिक दायित्वलाई ज्यादा बेहोर्नुपऱ्यो । उहाँले पनि प्रारम्भिक शिक्षा आफ्नाबुबा र दाजुहरूबाट प्राप्त गर्नुभयो । वेदको शिक्षा आफ्ना माहिला दाजुबाट प्राप्त गर्नुभयो । उहाँले करिब दश अध्याय वेद मुखाग्र पार्नुभएको थियो ।

उहाँ निकै बलिया र अग्लो कदका हुनुहुन्थ्यो । उहाँ मिलनसार र शान्त स्वभावका हुनुहुन्थ्यो । त्यसैले उहाँ गएका ठाउँको वातावरण शान्त हुन्थ्यो । यौवनावस्थादेखि उहाँलाई पारिवारिक

निम्मेवारी ज्यादा भयो । उहाँको पहिलो बिहे भएपछि सन्तान नजन्मिएरै कान्छी आमाको निधन भयो । दोस्रो बिहे धेरैपछि दाजुहरूका मद्दतले सम्पन्न भयो । उहाँले हाट र बन्डाल जानेआउनेहरूका अगुवा मार्गदर्शक भएर धेरैलाई सहयोग गर्नुहुन्थ्यो । जीवनको उत्तरार्धमा उहाँ बर्दियाको पाताभारमा बसाइँ सर्नुभयो । दुई छोरी, तीन छोराका बुबा बनेर तिनलाई हुकाईबढाई पारिवारिक दायित्व पूरा गरेर ८८ वर्षको उमेरमा वि.सं. २०७२ साल साउन ४ गते चतुर्थी तिथिका दिन भौतिक शरीरलाई छोडेर परमधाम जानुभयो ।

सत्यमूर्ति, सत्यमार्गी सन्तति सृष्टिस्वरूपा बज्यै राधिकादेवीका कोखबाट जन्मिनुभएका चारभाइले एकै ठाउँमा लहरै घर बनाएर एकआपसमा मेलजोल तथा आत्मिक सम्बन्ध कायम गरी आफ्ना सन्ततिका साथै गाउँघरका दाजुभाइ, इष्टमित्र, विद्याका इच्छुक सबैलाई विद्यादानका साथै सत्यको मार्गमा हिँडेर जीवन उत्सर्ग र अरूलाई प्रेरणा दिने कार्यमा बाजे बज्यैको आशीर्वाद र उहाँहरूको लालनपालनले महत्त्वपूर्ण सहयोग गऱ्यो ।

मेरा सम्झनादेखि शुभअशुभ जस्तासुकै कार्यमा पनि बुबाहरू चारै भाइको आपसी मेलमिलाप उदाहरणीय थियो । आफ्नो अंशबन्डा भई पारिवारिक नीति, परम्परा, रीतिथितिको पालना गर्दा माहिला बुबाकै वचनमा सबैको सहमती हुन्थ्यो । जेठाबुबा सम्मानित हुनुहुन्थ्यो भने साहिँला र कान्छा बुबाले आज्ञाकारीको भूमिका निर्वाह गर्नुहुन्थ्यो । पाँचओटी आमाका हामी चौध दाजुभाइमध्ये दुई दाजुभाइ र दशओटी दिदी बहिनीमध्ये दुईओटी दिदीले हामीलाई छोडेर गए पनि हाम्रा बाह्र भाइ र आठ दिदीबहिनीहरू अछाम, सुर्खेत, दैलेख, कैलाली, बर्दिया, बाँके र दाङसम्म आआफ्ना काम र पेसाका कारण छरिएर बसेका छौँ । बुबाहरूको माजी मुलेगडा थातथलोबाट बसाइँ सरेर हामी कर्म गर्न जहाँ गए पनि यो केवल भौतिक दुरी हो । हामी भावनात्मक रूपले नजिक नै छौँ । कामका सिलसिलामा त हाम्रा छोराछोरी र भान्जाभान्जीहरू समुद्रपारि पनि पुगेका छन् । हामी सबैलाई जोड्ने सेतुका रूपमा यो माहिला बुबा र माहिली आमाको सम्झनामा प्रकाशित हुन लागेको ‘उदयकौसिला स्मृतिग्रन्थ’ले काम गरोस् । हामी सबैमा सत्मार्गमा हिँडेर शान्ति र सन्तोष प्राप्त होओस् भन्ने कामना गर्दछु ।

# बुबाको व्यक्तित्वका आयाम र मेरा सम्झनामा बुबाआमा

डा. खगेन्द्र घोडासैनी
ढकारी-८, घोडासैन, अछाम
हाल : तुलसीपुर-१८, दाङ

## जीवनी

सुदूरपश्चिम प्रदेशको पहाडी जिल्ला अछामको वर्तमान ढकारी गाउँपालिका वडा नम्बर-८ घोडासैन, माजीको मुलेगडा भन्ने ठाउँमा वि.सं. १९७७ साल असार महिनाको ३० गते द्वादशी तिथिको मङ्गलवारका दिन बुबा शिवराम उपाध्याय र माता राधिकादेवी उपाध्यायका कोखबाट दोस्रो सन्तानका रूपमा पं. उदयराम उपाध्यायको जन्म भएको हो । उहाँको बाल्यकालमा पेट पुक्क परेको हुनाले उहाँकी आमा राधिकादेवीले मायालु पारामा 'पोकु' भन्नुहुन्थ्यो त्यही नाम प्रसिद्ध हुँदै उहाँको नबोलाउने नाम 'पोकु पाध्या' रहन गएको हो । उहाँलाई चिन्नेजान्नेहरूले यसै नामबाट चिन्दछन् । त्यतिबेला पढ्नका लागि गाउँमा विद्यालयहरू नभएकाले उहाँको बाल्यकाल गाउँघरकै वातावरणमा सामान्य तरिकाले बित्यो । उहाँले प्रारम्भिक शिक्षा आफ्ना बुबा शिवराम उपाध्यायज्यूबाट प्राप्त गर्नुभएको थियो भने बाँकी शिक्षा स्वर्गद्वारी आश्रम प्युठानबाट लिनुभएको थियो ।

## शिक्षालय

बुबाले स्वर्गद्वारी आश्रम प्युठानबाट वेद, वेदाङ्ग, तन्त्रमन्त्र आदिको शिक्षा हासिल गर्नुभएको थियो । स्वर्गद्वारी आश्रमको स्थापना स्वर्गद्वारी महाप्रभुले गर्नुभएको थियो । बालतपसी महाप्रभुको जन्म वि.सं.१९१६ मा रोल्पा जिल्लाको तत्कालीन सखी गाविसको रुम्टीमा भएको थियो । उहाँले सन्यास ग्रहण गरेपछि हंसानन्द गिरी नामबाट परिचित हुँदै महाप्रभुका नामले प्रसिद्ध हुनुभयो । उहाँले नेपालको प्युठान जिल्लाको भिङ्ग्रीमा स्वर्गद्वारी आश्रमको स्थापना गर्नुभयो (ध्रुवश्री, पृ. पूर्वपीठिका) । उहाँ माता स्वेताकुमारी र पिता अनिरुद्ध गौतमका पुत्ररत्नका रूपमा जन्मिएका बालकको नाम नारायण राखिएको थियो । चार वर्षको उमेरदेखि नै भक्तिमा लागेका नारायण पाँच वर्षका भएपछि उहाँले गर्नुभएको भविष्यवाणी सत्य भएपछि मानिसहरूले उहाँलाई प्रभु भन्न थाले । त्यसपछि उहाँ तीन वर्षसम्म हराउनुभयो । उहाँ गुफामा ध्यान गरेर बसेको देखे । दस वर्षको उमेरमा उहाँलाई 'बालतपसी महाप्रभु' भन्न थाले । त्यसपछि पिताको मृत्यु भयो । १४ वर्षको उमेरमा उहाँको विवाह गर्ने चर्चा चल्यो । उहाँले तपोबलद्वारा आफैंलाई कुष्ठरोगी बनाएर तपस्या जारी राखनुभयो । यो क्रम १९२९-१९४१ सम्म जारी नै रह्यो । त्यसपछि उहाँलाई ब्रह्मज्ञानी ठानेर 'बालतपसी महाप्रभु' भन्न थालियो ।

काशीको जुना अखडाका दशनामी सन्यासी स्वामी सच्चिदानन्द दुईजना ब्रह्मचारीलाई सँगै लिएर आउनुभयो। उहाँसँग प्रभावित भएर सच्चिदानन्द गिरिबाट दीक्षा लिई हंसानन्द गिरि नाम पाउनुभयो। सच्चिदानन्दसँग सँगै आएका अनन्तानन्द र दौलतानन्द गिरि हुनुहुन्थ्यो। उहाँहरूमध्ये दौलतानन्द गिरिलाई महाप्रभुकै सेवामा छोडी महाप्रभुलाई वैदिक सनातन धर्मको संरक्षण र यज्ञ संस्कृतिको संरक्षण गर्ने जिम्मा दिनुभयो भनिएको पाइन्छ (ध्रुवश्री, २०७१, पृ.१-२२) तर स्वर्गद्वारी महाप्रभुको आध्यात्मिक सम्बन्ध त्यतिमात्रै थिएन। उहाँ जोसमनी सन्तमतमा दीक्षित हुनुहुन्थ्यो।

## जोसमनी सन्तमत

'जोस्मणी' शब्दको सर्वप्रथम प्रयोग सन्त शशिधरका रचनामा पाइन्छ। यसको व्युत्पत्ति 'ज्योतिर्मनीबाट ज्योतिष्मनी हुँदै जोस्मनी वा जोसमनी गरिएको छ। त्यसैले यो 'ज्योतिर्मनी' को अपभ्रंश भई जोसमनी भएको हुन सक्ने अनुमान गरिएको छ (पाण्डे, १९७०, पृ.६)। यस परम्पराका सन्तहरूले ज्योतिलाई महत्त्व दिई ईश्वरलाई ज्योति वा प्रकाश स्वरूप मान्ने हुँदा यो व्युत्पित्ति उपयुक्त पनि देखिन्छ (शर्मा, २०६०, पृ.२१३)। जोसमनी नामक कुनै सन्तको अस्तित्व फेला पर्दैन। शशिधर पूर्व यस मतका हरिश्चन्द्र (प्रथम), हरिभक्त (प्रथम), हरिश्चन्द्र (द्वितीय), धिर्जेदिल दास र हरिश्चन्द्र (द्वितीय) गरी पाँचजना सन्तको नाम उल्लेख छ (शर्मा, २०५२, पृ.३९२)। यस मतका आदि प्रवर्तकको नाम 'जोसमनी' हुन सक्ने (शर्मा, २०५२, पृ.५) भनिए पनि 'जोसमनी' शब्दको सर्वप्रथम प्रयोग शशिधर स्वयंले "आदिगुरु नाम शशिधर भेष नाम जोस्मणी" (शर्मा, २०५२, पृ.१५३) भनी उल्लेख गरेका छन्। शशिधरको यसै भनाइलाई लिएर जोसमनीका अनुयायीहरू उनलाई आदिगुरु मान्दछन्। अरू प्रमाणको अभाव र शशिधरको भनाइलाई आधार बनाएर जोसमनी मतको आरम्भ शशिधरबाटै भएको हो भन्ने मत पनि पाइन्छ (पाण्डे, सन् १९७०, पृ.९३)। पहिला रचनाकारको रूपमा भने जोसमनी सम्प्रदायका चौथा गुरु धिर्जेदिल दास देखिन्छन्। उनको एउटा मात्रै 'निर्गुण भजन' पाइन्छ। उनी पूर्व अरूका रचना उपलब्ध छैनन्।

शशिधरले आफ्नो जीवन कालमा केही समय बिहारका सन्त दरियाको पनि संगत गरेका थिए। शशिधरका रचनामा कबिर, दरिया र महाप्रभु चैतन्यको पनि प्रभाव पाइन्छ (शर्मा, २०५२, पृ.१४)। "दरिया साहेबको जन्मस्थान हुनाका कारण बिहार दरियापन्थी साधुहरूको प्रमुख केन्द्र थियो। बिहार, उत्तर प्रदेश र नेपालमा सबै गरी १५० दरियापन्थी मठ छन्" (उपाध्याय, सन् २०१०, पृ.२६-२७) भनी उल्लेख गरिएको छ। यसबाट शशिधरको सम्बन्ध दरिया साहेबसँग पनि भएको देखिन्छ। दरियापन्थी साहित्यमा सन्त दरियालाई सत् पुरुषका पुत्र (अंश) 'जोगजीत' भनिएको छ (उपाध्याय, सन् २०१०, पृ.२६-२७)। जोसमनी मतका अनुयायीहरूको भिक्षा माग्ने मूलमन्त्रमा 'जागोनाम' पद प्रयोग भएको पाइन्छ (शर्मा, २०५२, पृ.१६)। यो 'जोगजीत' शब्दकै अनुकरणका रूपमा पनि शशिधरले 'जागोनाम' र 'जोस्मणी' शब्दको प्रयोग गरेका हुन सक्ने देखिन्छ। दरिया साहेबलाई कबिर पछिका ठुला हठयोगी, रहस्यवादी कवि र समाज सुधारक भनिएको छ। यसैले शशिधर पनि उनको संगतबाट जातपात, कर्मकाण्ड तथा बाह्य आडम्बरका विरोधि देखिए (शर्मा, २०५२, पृ.७)।

यस सम्प्रदायमा पुरुष सन्तको नामका पछाडि दिल वा दिलदास र नारी सन्तको नामका पछाडि दिलमाई जोड्ने परम्परा पाइन्छ (शर्मा, २०६१, पृ.३८)। 'दिल'को समानार्थक शब्द 'मन' हो। निर्गुण भक्तिमा ईश्वरलाई मन वा हृदयभित्र खोज्ने हुनाले नामबाटै यसको सङ्केत गर्न खोजिएको हुन सक्छ। जोसमनी सन्तका रचनाहरूमा जातिप्रथा, कर्मकाण्ड, अवतारवाद तथा धार्मिक रूपमा गरिने बाह्य आडम्बर र पाखण्डको विरोध गरी निर्गुण निराकार ईश्वरको उपासना गर्नु जीवनको मुख्य उद्देश्य हो भन्ने कुरा व्यक्त गरिएको पाइन्छ। हिन्दी, व्रज र मैथिली भाषाको समिश्रणबाट एक प्रकारको 'सधुक्कडी' बनेको छ (भण्डारी, २०५३, पृ.२३३)। नेपाली सन्तकविहरूले विशुद्ध नेपाली भाषामा नलेखी यही 'सधुक्कडी' भाषाको प्रयोग गरेका छन्। विशुद्ध नेपालीमा कविता लेख्ने सन्तकविहरू थोरै छन्। 'सधुक्कडी' भाषा त्यति आकर्षक छैन तर यिनमा व्यक्त विचार र भाव महत्त्वपूर्ण छ। भाषा जस्तो भए पनि अभिव्यक्ति सरल, सहज र स्वाभाविक छ (शर्मा, २०६०, पृ.२१५)। जोसमनी सन्तकविताको विपुलराशि 'सधुक्कडी' भाषामा छ, त्यसका विपरीत नेपाली भाषामा थोरै सन्तहरूले कविता रचेका छन्। शशिधर, अगम दिल दास, अखड्दिल दास र ज्ञानदिल दासले नेपाली भाषामा कविता रचेका छन् (शर्मा, २०६०, पृ.२१५)। जोसमनी सम्पदायमा दीक्षित हुनेहरू गृहस्थी र गृहत्यागी दुवै देखिन्छन्। स्वर्गद्वारी महाप्रभु पनि महाप्रभु भनेर चिनिनुभन्दा पहिले नै जोसमनी मतका गुरु शशिधरका चेला हंसानन्दबाट दीक्षित हुनुहुन्थ्यो भन्ने कुरालाई (जनकलाल शर्माले (२०४२) निम्नलिखित रूपमा उल्लेख गरेका छन् :

> संयोगको कुरो हो जोसमनी मतमा दीक्षित भएपछि हातगोडाका केही औँला झरिसकेको भए तापनि बालकको कुष्ठरोग जाती हुँदै गयो र उनी सखीको लेकमा तपस्या गर्न लागे। निकै वर्ष त्यहाँ तपस्या गरेपछि उनी स्वर्गद्वारीको लेकमा सरे। यिनै अभयानन्द द्वितीय पछि गएर स्वर्गद्वारी महाप्रभु वा बालतपसीका नामले प्रसिद्ध भए।

यिनले आफ्नो जीवन स्वर्गद्वारीको लेकमा गोपालन र यज्ञ गराउने काममा व्यतीत गरे। यिनी जोसमनी सन्तसम्प्रदायमा दीक्षित भए तापनि बाहिरी आचरणमा गेरुवा वस्त्र धारण गर्दथे त्यसको कारणमा भनिन्छ उनका गुरु हंसानन्दले अन्तिम समयमा आत्मसन्यास लिएको कुरा उनले सुनेका थिए र उनले पनि आफूलाई आत्मसन्यास लिएको घोषित गरे। त्यसै कारण अब यो मठ अरू जोसमनीको हातमा नभएर अभयान्दका उत्तराधिकारी तथाकथित सन्यासीहरूको मठका रूपमा अद्यापि चल्दै छ। अभयानन्द द्वितीयका मृत्यु वि.सं. १९९८ सालको मार्ग महिनामा भयो (पृ.९२)। तेह्र वर्षको उमेरदेखि महाप्रभुको सेवामा रहेका ब्रह्मचारी बोधानन्दलाई पुजारी महाराज भनिन्छ। उहाँको जन्म रुकुम जिल्लाको रुकुममा गौतम वंशमा वि.सं.१९१७ मा भएको थियो। महाप्रभुको शक्रियता र पुजारी महाराजको सहयोगमा रुम्टीमा वि.सं. १९४४ बाट यज्ञशाला निर्माण गरी यज्ञ आरम्भ र १९५१ मा उक्त यज्ञको समापन गरियो। वि.सं. १९५२ मा महाप्रभु सखीको लेकमा पुगेर बाँझको वृक्षमा विश्राम गर्नुभयो। यस वृक्षलाई प्रतीक मानेर महाप्रभुका गुणगान गरी कवि शिरोमणि लेखनाथ पौड्यालले 'तरु तपसी' महाकाव्यको रचना गर्नुभयो। यस ठाउँमा गाईगोठ राखेर

गोठालाहरू बस्थे । यसै ठाउँमा पछि गएर स्वर्गद्वारी आश्रमका नामले प्रसिद्ध भयो । वैदिक विद्वान् टीकाराम गौतमको सहयोगमा वि.सं. १९५२ साल वैशाख पूर्णिमाका दिनदेखि दैनिक वैदिक यज्ञ सञ्चालनमा रहेपछि त्यस ठाउँको प्रसिद्धी अझ बढ्यो ।

गाईको दुध र श्रद्धालु व्यक्तिहरूले गरेको सहयोगका साथै त्यसरी आएको पैसाबाट आश्रमका नाममा दाङ देउखुरीमा जग्गा किनी त्यसको आयस्रोतबाट आश्रम र यज्ञ सञ्चालनमा महत्त्वपूर्ण सहयोग पुगेको छ । वेद, वेदाङ्गको अध्ययन, दैनिक यज्ञ, सात्विक आहार, गाई पालन, आगन्तुकलाई आश्रय स्थल र सात्विक भोजनको व्यवस्था भएपछि मानिसहरूको आवतजावत बढ्यो । आश्रमका यिनै गतिविधिले त्यसको प्रचारप्रसार भयो । अध्यात्मविद्याका जिज्ञासु, साधक, अन्वेषक, ब्रह्मचारी, सन्यासी र विद्यार्थीहरूको जमघट हुन थाल्यो । यसरी आउने जिज्ञासुहरूलाई महाप्रभुले कर्म, ज्ञान, सदाचार, धर्म, वैराग्य, भक्ति, ज्ञान र विज्ञानका बारेमा उपदेश दिनुहुन्थ्यो । उहाँ दर्शनार्थी र विद्यार्थीलाई भूत, भविष्य र वर्तमानका घटना भनेर सन्तुष्ट पार्नुहुन्थ्यो । आश्रमको सञ्चालन पुजारी महाराजले गर्नुहुन्थ्यो । महाप्रभु आफ्नो नित्य साधना र भक्तसँगको सम्पर्कमा रहेर योगदान दिइरहनुभएको थियो । प्रतिदिन बिहान ब्रह्ममुहूर्तमा उठेर स्नान, ध्यान, पूजा, आराधना गरेर ब्रह्मचिन्तन गर्नुहुन्थ्यो । उहाँ आफैँ गाई दुहुने, बाच्छालाई दुध खुवाउने र गाई चराउने गर्नुहुन्थ्यो । भक्तजनलाई ज्ञान, भक्ति, साधना र कर्मका विषयमा प्रवचन गर्नुहुन्थ्यो । उहाँ आफ्ना गुफामा बसेर ध्यान र साधना गर्नुहुन्थ्यो । कमजोर विद्यार्थीहरूलाई पनि उहाँ प्रोत्साहन गर्नुहुन्थ्यो । बुद्धिवर्धक औषधी दिनुहुन्थ्यो । उहाँको संगत पाएपछि गृहस्थ जीवनमा कोही पनि बस्न चाहँदैनथ्यो । उहाँ त्रिकालदर्शी हुनुहुन्थ्यो । वि.सं. १९६८ को वैशाख पूर्णिमादेखि १९६९ को वैशाख पूर्णिमामा पूर्णाहुति हुने गरेर महाप्रभुले १०८ ब्रह्मणहरूलाई बोलाएर महायज्ञ गराउनुभएको थियो (ध्रुवश्री, २०७१, पृ.२३-५६) । महाप्रभुले वि.सं. १९९५ सालमा वैशाख पूर्णिमाका दिनदेखि आरम्भ गरी एक वर्षसम्म अनन्तरुद्राभिषेक सञ्चालन भएको थियो । उहाँले वि.सं. १९९७ साल मङ्सिर शुक्ल चतुर्थीका दिन भौतिक शरीर परित्याग गर्नुभयो (ध्रुवश्री, २०७१ पृ.९६-९७) । भनिए पनि “अभयानन्द द्वितीयको मृत्यु वि.सं. १९९८ सालको मार्ग महिनामा भयो” (शर्मा, २०४२, पृ.९२) भनिएकाले यी दुई लेखकका बिचमा मतमतान्तर देखिन्छ । उहाँको मृत्युबारे मतमतान्तर भए पनि महाप्रभुको यसै आश्रममा सञ्चालित वेद विद्यालय थियो । यसै विद्यालयमा बुबाले पढ्नुभएको थियो । वेदको पढाइसँगै उहाँमा जोसमनी सन्तमतको गहिरो प्रभाव थियो । त्यसमा दीक्षित हुने इच्छा राख्दा आमाको आज्ञा आवश्यक हुन्छ भनेपछि त्यही आज्ञा लिन उहाँ जन्मस्थान अछाम फर्किनुभएको थियो । त्यसपछि बुबाले ज्योतिष विद्या अछामको विनायकका कुस्माखर जोशी (बजगाई) बाट सिक्नुभएको हो । त्यस्तै तन्त्र र मन्त्रसम्बन्धी शिक्षा केही स्वर्गद्वारी आश्रममा र केही आफ्नी आमा राधिकादेवीबाट पनि सिक्नुभएको थियो ।

## आनीबानी

स्वर्गद्वारीबाट पढेर आएपछि उहाँको हुलिया र खानपान नै परिवर्तन भएको थियो। स्वर्गद्वारी बस्दादेखि नै टाउको छोप्न बानी परेकाले होला उहाँले लामो गलबन्दी टाउकामा बेरेर त्यसको पगरी बनाएर लगाउनुहुन्थ्यो। उहाँलाई नामले नचिन्नेले पनि पगरीका आधारमा चिन्न सक्थे। सुरुमा उहाँले धोती कुर्ता लगाउनुहुन्थ्यो पछि दौरा, सुरुवाला, अस्कोट र पगरी उहाँको पहिरन बन्यो। उहाँ शाकाहारी हुनुहुन्थ्यो। उहाँले एकादशीका दिनमा व्रत बस्ने तथा आइतवार नुन सेवन गर्नुहुँदैनथ्यो। प्रायः दुध र दहीमा केरा खान मन पराउनुहुन्थ्यो। यसो गर्दा जहाँ गए पनि उहाँलाई खान समस्या हुँदैनथ्यो। बिहान उठेर सुरुमा ध्यान त्यसपछि नित्यक्रिया गरेपछि सन्ध्या, गायत्री जप र सधैँ गीता पाठ गर्नुहुन्थ्यो। दसैँका बेला चण्डीपाठ र पूजा तथा आरती हुँदा हामीहरूलाई पनि शङ्ख र घण्ट बजाउन लगाएर सहभागी गराउनुहुन्थ्यो।

## गृहस्थाश्रम प्रवेश

उहाँ विवाह गर्ने पक्षमा नभएकाले ३३ वर्षको उमेरसम्म अविवाहित नै रहनुभयो। पढाउने क्रममा उहाँको बसाइ पनि एक ठाउँमा भएन। उहाँ जहिले पनि गाउँ छोडेर जानसक्ने र त्यसरी गाउँ छोडेमा गाउँमा शिक्षा कसले दिने भन्ने समस्या उत्पन्न हुने देखिएकाले उहाँलाई गाउँमै राख्नका लागि उहाँको विवाह गर्न उपयुक्त देखेर आमाबुबा, आफन्त शुभेच्छुकहरूले धेरै कर गरेपछि उहाँको ३३ वर्षको उमेरमा विवाह भयो। उहाँको विवाह वर्तमान कमलबजार नगरपालिका बजगाउँका रङ्गनाथ (नारु) स्वार बजगाईंकी सुपत्री कौसिलादेवीसँग शुभविवाह सुसम्पन्न भयो। उहाँको जन्म वि.सं. १९९७ साल भदौमा भएको थियो। कौसिलादेवी उपाध्यायको कोखबाट चार पुत्रहरू क्रमशः कृष्णराज, रामप्रसाद, दामोदर र खगेन्द्र तथा र चार पुत्रीहरू क्रमशः रङ्गादेवी, महेसरा, जौमती र दुर्गाको जन्म भयो।

बुढेस कालमा धेरै सन्तान जन्मिएर आर्थिक अभाव खड्किए पनि उहाँ आफैँले गोरु जोत्ने काम गर्नुभएन। कुनै प्रकारका नसालु पदार्थ सेवन गर्नुभएन। बाउरु लगाएर जोतखन गराई आफ्नै खेतीको आम्दानी, पुरेत्याईं तथा आफ्ना शिष्यहरूलाई पढाएबापत र उपचार गरेबापतको आर्थिक स्रोतबाट नै आफ्नो र आफ्ना परिवारको भरणपोषण गर्नुभयो। वि.सं.२०२८ सालतिर उहाँले बर्दिया जिल्लाको राजापुरनजिक थापापुरमा करिब ४ बिगाहाजति खेत बनाउनुभएको थियो तर हातमा काँडा बिझेर धेरै दिनसम्म सन्चो नभएपछि त्यो बेचबिखन गरेर अछामतिरै फर्किनुभयो। वि.सं. २०४० सालमा सुदूरपश्चिममा परेको मुसलधारे वर्षाका कारण आएको बाढीले भातखाने झिमडेको खेत नै बगाएपछि त्यसै वर्ष वर्तमान चौकुने गाउँपालिका वडा नम्मर-४, भुडेभावरमा खेतबारी किन्नुभयो र वि.सं.२०४१ सालमा सपरिवार अछामबाट बसाइँ सरेर त्यहीँ बस्न थाल्नुभयो। अछामबाट बसाइँ सरेर आउँदा दिदी र जेठा दाजुको बिहे भइसकेको थियो। सुर्खेत आएपछि आमालाई बिसन्चो भयो। घरबाट बाहिर हिँडडुल गर्न पनि समस्या भयो। हाम्रो नयाँ घर निर्माणको चरणमा थियो। त्यसै घरमा जेठी भाउजूलाई सर्पले टोक्यो। त्यसलाई नियन्त्रणमा लिन जति झारफुक

गरे पनि त्यसले कुनै असर गरेन । अन्ततः सर्पले टोकेकै कारण उहाँले वि.सं. २०४२ साल असारमा भाउजूको निधन भयो । अर्को वर्ष वि.सं. २०४३ साल जेठ १७ गते, शनिवार  अष्टमी तिथिका दिन बिहान पख आमाको पनि निधन भयो । छोराछोरी सानै आफू वृद्ध भएर पनि उहाँले धैर्य गुमाउनुभएन। आफ्ना सन्तानलाई हौसला दिइरहनुभयो ।

अछाम छँदा म सानै थिएँ मैले बुबाले मानिसहरूसँग गरेका व्यवहारबारे जानकारी छैन । सुर्खेत आएपछि मैले उहाँको आफूले दिएको वचन पालन गर्ने बानी पाएको थिएँ। कुरा वि.सं. २०४३ सालतिरको जस्तो लाग्छ। भुडेभावरका छिमेकी रामबहादुर घिमिरे हाम्रा घरमा आउनेजाने गर्नुहुन्थ्यो। हाम्रा घरमा एउटा सानो कदको निकै सहनशील गाई थियो । त्यो नौमुठे नै हो होइन यसै भन्न सक्दिनँ तर अछामबाट ल्याइएको थियो । त्यसका बाच्छीहरू पनि त्यस्तै थिए । रामबहादुरजीले त्यो गाई आफूलाई बेच्न बुबालाई भन्नुभयो । बुबाले ‘म गाई बेच्दिनँ’ भन्नुभयो । रामबहादुरजीले धेरै दिन यही कुरा भनिरहनुभयो तर बुबाले अस्वीकार गर्दै जानुभयो । एकदिन रामबहादुरजीले एउटा त्यो गाई आफूले लिने नयाँ उपाय लिएर आउनुभयो । उहाँको करिब १० कट्ठा जति बारी हाम्रो बारीसँग सटेको थियो । उहाँले त्यो बाँझै राख्नुभएको थियो । हामीलाई हइ लाग्ने भएपछि त्यसमा तिल छरेका थियौं। उहाँले पाँचसय रुपियाँ थपेर गाई दिन र त्यो बारी लैजानुहोस् ‘म हजुरका नाममा नामसारी गरिदिन्छु’ भन्नुभयो । बुबाले उक्त प्रस्ताव स्वीकार गरी पाँच सय रुपियाँ र गेदु गाई दिनुभयो । त्यो गाईको नाम गेदु थियो मलाई अहिले पनि सम्झना छ । त्यसको दुई तीन वर्षपछि रामबहादुरजीको निधन भयो । उक्त बारी नामसारी हुन पाएन । उहाँका सन्तानले त्यसलाई कार्यान्यिवन गरेनन् ।

वि.सं. २०४३ सालतिर जुडे खनाल भन्ने मान्छेसँग करिब चौध कट्ठा जति खेत र बारी पाँच हजारमा किन्नुभयो । नामसारी गर्न तत्काल सदरमुका जानुपर्ने हुँदा ‘पछि गरिदिन्छु नगरे दस हजार तिर्छु’ भनी कागत गरिदिए । बुबाले विश्वास गर्नुभयो तर त्यसको तीन वर्षपछि बारीको मात्रै अठार हजार दिने मान्छे आएपछि उनले दस हजार फिर्ता दिन खोजे तर बुबाले तपाईंले बेइमानी गरे पनि मैले त्यसो गर्न मिल्दैन भनेर पाँच हजार मात्रै बुझ्नुभयो ।

सन्तमतमा लाग्नुभन्दा अघि भाउजू बितेपछि जेठादाजुको बिहेका लागि एकजना सम्धी नाता पर्ने व्यक्तिकहाँ जानुभयो । उहाँले आफ्नी छोरी दिन पूर्णतया राजी भएको बताउनुभयो । बुबाले पछि फेरि फरक त पर्दैन भनेपछि तीन पटक ‘राम, राम, राम ! हजुरसँग भनेको कुरामा मैले अविश्वास र कुरा फेर्ने काम गरुँला ?’ भन्नुभयो । तर पछि बुबा सन्तमतमा लागेपछि कुरा फेर्नुभयो । त्यतिमात्रै होइन छलफलका लागि अछामका बाहथानी बाउनहरूलाई बोलाउनुपर्छ भन्नेजस्ता बखेडा झिकेर अल्झाउनुभयो ।

यी घटनाबाट नैतिकता, इमान्दार, आपसी विश्वास र सम्बन्धलाई मान्छेले कसरी स्वार्थमा केन्द्रित गर्छन् भन्ने कुरा बुझ्नुपर्छ । यदि सत्यको पक्षमा लाग्ने हो भने त्यसमा अनेक बाधाहरू

आउँछन् तर ती बाधासँग सामना गर्न सबैले सक्दैनन् । लोभ र स्वार्थले मानिसलाई सबै प्रकारका सम्बन्ध बिर्साइदिन्छ । 'सत्य सधैँ सत्य नै हुन्छ' भन्ने कुरा सबैले बुझ्दैनन् । आज तिनै मासुभात ठुलो कुरा हो भन्नेहरूका नातीहरू शाकाहारी हुन पुगेको देख्दा भने कसैलाई सत्य स्विकार्न तीन पिँढी लाग्दो रहेछ भन्ने लाग्छ र खुसी पनि लाग्छ बुबाले अँगालेको सत्यमार्गमा आफूलाई पाएर ।

## सन्तमार्गको प्राप्ति र सङ्घर्ष

वि.सं. २०४४ सालमा बुबाले भारतको पन्जाब राज्यको अमृतसर जिल्लामा रहेको व्यास नदीको किनारमा अवस्थित राधास्वामी सत्संग ब्यासका सन्त सद्गुरु हजुर महाराज चरनसिंहजीसँग नामदानको दीक्षा प्राप्त गर्नुभयो । जीवनभर खोजीको विषय भएका परमात्माका पाँच नामको आन्तरिक अभ्यास गर्न सिकाउने गुरुसँग मिलाप भएपछि उहाँको जीवनले नयाँ मोड लियो । पहिलेदेखि पालना गर्दै आएका दैनिक पूजापाठ र नित्यकर्ममा परिवर्तन भयो । उहाँको बाहिरतिर आवतजावत पनि पूर्णतया बन्द भयो । पूर्णरूपमा एकान्तमा बसेर निरन्तर परमात्माका नामको सुमिरन र भजनमा खट्नुभयो । उहाँको प्रशंसा गर्नेहरूले कुरा काटे, उहाँको आलोचना गरे तर उहाँले कसैको वास्ता गर्नुभएन किनभने उहाँलाई स्वर्गद्वारी महाप्रभु र त्यहाँ भेटिएका बाबाले भन्नुभएको वेदमा वर्णन गरिएको नाद, गीता, उपनिषद् (वेदान्त), भागवत् महापुराणमा वर्णन गरिएको भक्ति र ज्ञानको असली मार्ग फेला परेको थियो । राधास्वामी सत्संग ब्यासले अँगालेको सन्तमत सिद्धान्त वेद, उपनिषद् र गीतामा प्रतिपादित ज्ञानकै समष्टिगत सार हो ।

अध्यात्म दर्शनमा शरीरलाई ईश्वर प्राप्तिको साधन मानिएको छ । "शान्ताकारं.... योगिभिर्ध्यानगम्यं" योगीजनले ध्यान गरेर ईश्वरको अनुभव गर्छन् अनि "यं ब्रह्मा ....ध्यानावस्थित तद्गतेन मनसा पश्यन्ति यं योगिनो" (श्रीमद् भागवत् महापुराण, १२-१३-१) योगीजन ध्यानमा स्थित भएर मनले ईश्वरको दर्शन गर्दछन् जस्ता भनाइले ध्यानलाई र कर्मयोगलाई महत्त्व दिइएको देखिन्छ । ध्यान र कर्म योग शरीरद्वारा गरिने भएकाले शरीर ईश्वर प्राप्तिको साधन मानिन्छ । ब्रह्मचारीको भेसमा आएका महादेवले उनैको प्राप्तिका लागि तपस्यारत पार्वतीलाई यस्तो भनेका छन् "अपि क्रियार्थ सुलभं....शरीर माद्यं खलु धर्म साधनम्" (कुमारसम्भव, ५-३३) अर्थात् धर्मका जति काम छन्, तिनमा शरीरको रक्षा गर्नु सबैभन्दा पहिलो काम हो । यसैले धर्मको साधना गर्ने माध्यम शरीर बनेको देखिन्छ ।

ईश्वरको वासस्थान मानव शरीरमा हुन्छ भन्ने कुराको वर्णन मुण्डकोपनिषद्मा यसरी व्यक्त गरिएको छ-

"पुरुष एवेदं विश्वं कर्म तपो ब्रह्म परामृतम् । एतयो वेद निहितं गुहायां सोऽविद्याग्रन्थिं विकरतीह सोम्य" (गोयन्दका, २०६८, पृ.२३०) अर्थात् हृदयरूप गुफामा लुकेका यी अन्तर्यामी परमेश्वरलाई जसले जान्दछ, त्यसले यस मनुष्य शरीरमा नै अविद्याजनित अन्तःकरणको गाँठो खोल्न सक्छ । यसको आशय हो; यस्तो व्यक्ति सबै प्रकारका संशय र भ्रमरहित भएर परब्रह्म पुरुषोत्तमलाई

प्राप्त गर्दछ । यस्तै आशय अर्को मन्त्रमा पनि प्रकट गरिएको छ- "आविः सन्निहितं गुहाचरं नाम महत्पदमत्रैतत्समर्पितम् । एजत्प्राणन्निमिषच्च यदेतज्जानथ सदसद्वरेण्यं परं विज्ञानाद्यद्वरिष्ठं प्रजानाम्" (गोयन्दका, २०६८, पृ.२३०) अर्थात् सर्वशक्तिमान्, सर्वज्ञ र सर्वव्यापी परमेश्वर प्रकाश स्वरूप छन् । उनी सम्पूर्ण प्राणीहरूका अत्यन्त नजिक उनैका हृदयरूपी गुफामा लुकेर बस्नाले नै उनी गुहाचर नामले प्रसिद्ध छन् । हलचल गर्ने, सास फेर्ने, आँखा चिम्लिने जति प्राणी छन्, ती सबै यिनै परमेश्वरमा स्थित अर्थात् समर्पित छन् । सबैका आश्रय यी परमात्मा नै हुन् । तपाईं यिनलाई जान्नुहोस् । यी सत् र असत् अर्थात् कार्य र कारण एवं प्रकट र अप्रकट सबै हुन् । सबैद्वारा वरण गर्न योग्य र अत्यन्त श्रेष्ठ तथा सम्पूर्ण प्राणीहरूको बुद्धिभन्दा पर अर्थात् अज्ञेय छन् ।

उपनिषद्का यी मन्त्रमा ईश्वरको वासस्थान सजीव प्राणीहरूका अन्तरमा हुन्छ भनिएको छ । त्यसकारण उपनिषद्ले ईश्वरको खोजी मानव शरीरभित्रै गर्न प्रेरित गर्छन् । मानिसद्वारा बनाइएका बाहिरी साधनहरू जस्तै तीर्थ, धर्मस्थान र धर्मग्रन्थमा ईश्वरलाई खोज्न प्रेरित गर्दैनन् । हाड, छाला, मासु, रगत र नसाहरूबाट ईश्वरले नै बनाएको शरीररूपी घर नै वास्तवमा ईश्वरलाई खोज्ने ठाउँ हो । शरीर नै ईश्वर प्राप्तिको साधन हो, त्यसैमा खोज्नुपर्छ । यसबाट उपनिषद्ले शरीररचना विज्ञानलाई महत्त्व दिइएको देखिन्छ ।

मानिसको शरीरलाई क्षेत्रका नामले पुकारिन्छ अनि जसले यसलाई जान्दछ उसलाई क्षेत्रज्ञ भनिन्छ । जसरी क्षेत्र (भूमि) मा बिउ रोपेपछि त्यसको गुणअनुसार फल फल्दछ र त्यसको उपभोग किसानले गर्नुपर्दछ त्यसैगरी यो शरीरमा रोपिएका कर्मका संस्काररूप बिउको फलरूपी परिणाम जीवात्माले भोग्नु पर्दछ (गीता, १३/१) । शरीररूपी क्षेत्रमा पञ्च महाभूत (पृथ्वी, जल, तेज, वायु र आकाश), अहंकार, बुद्धि र मूल प्रकृति (सत्त्व, रज र तम गुणको साम्यावस्था), दस इन्द्रियहरू, मन र पाँच इन्द्रियका विषयहरू (शब्द, स्पर्श, रूप, रस र गन्ध) तथा इच्छा, द्वेष, सुख, दुःख, स्थूल शरीरको पिण्डीय चेतना र घृति (राजसी भोगको इच्छा) जस्ता विकारहरू रहेका हुन्छन् (गीता, १३/५-६) । क्षेत्रज्ञ पुरुषहरूले शरीरभित्रै गएर योग, अभ्यास र ध्यानका माध्यमबाट परम पुरुषलाई प्राप्त गर्न सक्छन् । ती परमात्मा चराचर सम्पूर्ण प्राणीहरूका भित्र र बाहिर परिपूर्ण छन् अनि चर र अचर पनि उनै छन् । उनी सूक्ष्म भएर अविज्ञेय छन् तथा धेरै नजिक भएर पनि नजान्नाले टाढा छन् (गीता, १३/१५) । ती परब्रह्म ज्योतिहरूका पनि ज्योति एवं मायाबाट धेरै टाढा छन् । ती परमात्मा बोधस्वरूप जान्न योग्य एवं तत्त्वज्ञानबाट प्राप्त गर्न योग्य छन् अनि सबैका हृदयमा विशेष रूपले स्थित छन् (गीता, १३/१७) । परमात्मा सबै प्राणीहरूका हृदयमा स्थित सबैका आत्मा हुन् तथा सम्पूर्ण प्राणीहरूका आदि, मध्य र अन्त पनि उनी नै हुन् (गीता, १०/२०) । उनलाई मन र इन्द्रियसहित वशमा राख्नेवाला आशा र सङ्ग्रहरहित योगीले एक्लै एकान्त स्थलमा बसेर आत्मालाई निरन्तर परमात्मामा लगाएपछि प्राप्त गर्न सक्छ (गीता, ६/१०) । परमात्मालाई प्राप्त गर्न भक्ति गर्नेहरू अर्थार्थी (पैसाका लागि), आर्त (सङ्कट निवारण), जिज्ञासु (परमात्माको यथार्थरूप जान्न चाहने) र ज्ञानी (ज्ञान चाहने) गरी चार प्रकारका हुन्छन् (गीता, ७/१६) । अनि यस्ता भक्तमध्ये परमात्मामा नित्य एकीभावले अनन्य प्रेम

भक्तिवाला ज्ञानी भक्त अति उत्तम छन् किनभने परमात्मालाई तत्त्वले जान्न चाहने ज्ञानीका लागि उनी प्रिय छन् र ज्ञानी भक्त उनलाई प्रिय लाग्दछन् (गीता, ७/१७) । यस्तै उत्पत्ति र विनाशको गुण भएका सम्पूर्ण पदार्थहरू ईश्वरको अधिनमा छन् । त्यस्ता ईश्वर मनुष्य शरीरमा अन्तर्यामी रूपले सदैव विद्यमान रहेका हुन्छन् (गीता, ८/४) । जो व्यक्ति अन्तकालमा पनि परमात्मालाई नै स्मरण गरेर शरीर त्याग गर्दछ, उसले परमात्माको साक्षात् स्वरूपलाई प्राप्त गर्दछ । यसमा कुनै संशय छैन । जुन मनुष्यले अन्तकालमा जुन जुन भाव स्मरण गर्दै शरीर त्याग गर्दछ, त्यो त्यो भाव नै उसलाई प्राप्त हुन्छ किनकि ऊ सधैँ त्यसै भावमा लागि परेको हुन्छ (गीता, ८/५ र ६) । यसरी गीताले पनि शरीरलाई भगवत् प्राप्तिको साधन मानेको छ ।

भगवत् प्राप्ति बाहिरी कर्म गरेर हुँदैन भन्ने कुरा मुण्डकोपदिषद्मा यसरी उल्लेख गरिएको छ-“प्लवा ह्येते अदृढा यज्ञरूपा, अष्टादशोक्तभवरं येषु कर्म । एतच्छेयो येऽभिनन्दति मूढा, जरामृत्युं ते पुनरेवापि यान्ति”(गोयन्दका, २०६८, पृ.२१६) । अर्थात् नित्य, दर्श, पौर्वमास, चातुर्मास आदि अठार प्रकारका यज्ञका भेद छन् । सकाम कर्मको वर्णन गरिएका यी यज्ञरूपी अठार प्रकारका डुङ्गाहरू दृढ छैनन् । यिनका सहायताले संसाररूपी समुद्रबाट पारी पुग्न त परै जाओस् यस लोकका वर्तमान दुःखरूपी ससाना नदीहरू तरेर स्वर्गसम्म पुग्ने कुरामा शङ्का छ । जसले यिनैबाट जीवको कल्याण हुन्छ भन्ने ठान्दछन् ती मूर्ख हुन् किनभने यी लक्ष्यमा नपुगेर बिचमै छिन्नभिन्न हुन्छन् । यस रहस्यलाई नबुझेर जो मूर्खहरू यी सकाम कर्महरूलाई जन्ममृत्युको निराकरणका उपाय ठान्दछन्, यिनको प्रशंसा गर्दछन्, तिनले अवश्य जन्ममृत्युका दुःखहरू झेल्ने छन् । ऐतरेयोपनिषद्मा मानव शरीरको सृष्टि हुँदादेखि नै यसमा प्रत्येक देवताको वास रहेको भनिएको छ- “अग्निर्वाग्भूत्वा मुखं प्राविशद्वायुः प्राणो भूत्वा नासिके प्राविशद् आदित्यश्चक्षुर्भूत्वाक्षिणी प्राविशद्दिशः श्रोत्रं भूत्वा कर्णो प्राविशन्नोषधिवनस्पतयो लोमाग्नि भूत्वा त्वचं प्राविशंश्चन्द्रमा मनो भूत्वा हृदयं प्राविशन्मृत्युरपानो भूत्वा नाभिं प्राविशदापो रेतो भूत्वा शिश्नं प्राविशन्” (गोयन्दका, २०६८, पृ.२८०) । अर्थात् सृष्टिकर्ता परमेश्वरको आज्ञा पाएर अग्नि देवताले वाक् इन्द्रियको रूप धारण गरी परमात्माले सृष्टि गरेका मनुष्यको मुखमा प्रवेश गरेर जिब्रालाई आफ्नो आश्रय बनाए । त्यसपछि वरुण देवता पनि रसना इन्द्रिय बनेर मुखमा प्रविष्ट भए । वायु देवता प्राण भएर नासिका मार्गबाट छिरेर सम्पूर्ण शरीरमा प्रविष्ट भए । अश्विनीकुमार पनि प्राणको रूप धारण गरेर नासिकामा प्रवेश गरे । सूर्य देवता नेत्रेन्द्रिय बनेर आँखामा, दिशाभिमानी देवता श्रोतेन्द्रिय बनेर दुबै कानमा, औषधि र वनस्पतिका अभिमानी देवता रौँ बनेर छालामा, चन्द्रमा मनको रूप धारण गरेर मनमा, मृत्यु देवता अपानको रूप धारण गरेर नाभीमा अनि जलका अधिष्ठातृ देवता वीर्य बनेर लिङ्गमा प्रविष्ट भए । यसरी सम्पूर्ण देवताहरू इन्द्रियको रूप धारण गरेर आआफ्नो उपयुक्त ठाउँमा प्रवेश गरी स्थिर भएर बस्न थालेको उल्लेख गरिएको छ ।

वेदमा पनि देवताहरूको वास शरीरमा छ भनिएको छ- “पुरुष एवेदं सर्वं यद्भूतं यच्च भाव्यम् । उतामृतत्वस्येशानो यदन्नेनातिरोहति” (शुक्ल यजुर्वेद संहिता, सन् १९८७, पृ.५२४)

अर्थात् यो संसारमा जे जति निर्मित भएको छ त्यो सबै एउटै परम पुरुषबाट भएको हो । ती परम पुरुष सधैँ सबैमा व्याप्त छन् । ती अमरत्व प्रदान गर्नेवाला हुन् । तीबाहेक अमरत्व प्रदान गर्नेवाला अरू कोही छैन । "चन्द्रमा मनसो जातश्चक्षोः सूर्यो अजायत, श्रोताद्वायुश्च प्राणश्च मुखादग्निरजायत" (शुक्ल यजुर्वेद संहिता, सन् १९८७, पृ.५२६) अर्थात् सर्वव्यापक परमात्माका मुखबाट चन्द्रमा, आँखाबाट सूर्य, कानबाट वायु र प्राण तथा मुखबाट अग्निको उद्भव भयो । यसरी ती परम पुरुष नै सम्पूर्ण देवताका स्रोत हुन् । त्यसैले देवताको उत्पत्ति पनि उनै ईश्वरबाट भएको हो । यसरी उत्पन्न भएका देवताहरूको वास मानव शरीरमा नै रहेको हुँदा तिनको खोजी पनि शरीरमै गएर गर्नु पर्ने कुरा वेदले औँल्याएको देखिन्छ ।

यसरी मावन शरीरका तत्त्वहरूलाई सबल बनाउने देवताको वास पनि शरीरभित्रै रहेको कुरा अध्यात्म दर्शनमा बताइएको छ । त्यसैले उहाँका अगाडि मानिसहरूका ससाना टिप्पणीले कुनै असर गरेन । ध्यान, सुमिरन र भजनमै पूर्णतया समर्पित भएर वि.सं. २०५२ साल असोज २० गते शुक्रवार, शुक्लपक्षको त्रयोदशी तिथिका दिन बिहान ८ बजे नश्वर संसारलाई छोडेर परमेश्वरमा विलीन हुनुभयो ।

## शिक्षा

पं. उदयराम उपाध्यायज्यूको प्रारम्भिक शिक्षा आफ्ना बुबा शिवराम उपध्यायबाट घरमै भएको थियो । उहाँको औपचारिक शिक्षा भने स्वर्गद्वारी आश्रम प्युठानमा भएको हो । उहाँले वि.सं. १९९४ सालदेखि २००० सालसम्म करिब ६ वर्ष लगातार घर नआईकनै शिक्षा लिनुभएको थियो । उहाँले त्यहाँ वेद, ज्योतिष, स्तोत्र, र अरू व्यावहारिक शिक्षा हासिल गर्नुभएको थियो । उहाँले वेद र ज्योतिषको शिक्षा स्वर्गद्वारीमा प्राप्त गरेर ज्योतिषको थप अध्ययन विनायकमा गर्नुभएको पनि जानकारी पाइन्छ । औषधीको ज्ञान उहाँकी हजुरआमा र आमालाई समेत भएकाले त्यसको असर उहाँमा पर्नु स्वाभाविक नै हो । त्यसैले जडीबुटीको शिक्षा स्वर्गद्वारीमा र आफ्नी हजुरआमा र आमा राधिकादेवीबाट पाउनुभएको देखिन्छ । तन्त्र र मन्त्रको शिक्षा पनि स्वर्गद्वारीमा र थप लोकपरम्पराबाट प्राप्त गर्नुभएको हो । उहाँको व्यक्तित्वका मुख्य चार पक्ष छन् :

## अध्यापक/शिक्षक

बुबाले वेद र ज्योतिषको अध्यापक भएर अछामका विभिन्न ठाउँमा अध्यापन कार्य गर्नुभयो । उहाँले घोडासैनको माजी, कुइका, विनायक, बजगाउँ, बस्ती, घोडासैन, ढकारी, ढाङ्टा, ध्यानेवस्ता आदि स्थानमा धेरैलाई गुरुकुलीय शिक्षा दिनुभएको कुरा धेरैले उल्लेख गर्नुभएको छ । धेरैपछिसम्म हाम्रा घरमा विद्यार्थीहरूका हाजिरी त मैले पनि फेला पारेको थिएँ । उहाँले स्वर्गद्वारी आश्रमबाट पढेर आएपछि गुरुकुलीय शिक्षा प्रदान गर्ने कार्यको आरम्भ आफ्नै घरबाट सुरु गर्नुभयो । त्यसमा मुख्य गरी आफ्नै भाइ र भतिजाहरू विद्यार्थीका रूपमा रहनुभयो भने पछि अरू इच्छुक विद्यार्थीलाई पनि पढाउनुभयो । त्यसपछि उहाँलाई जहाँ जहाँका शिक्षाप्रेमीहरूले अनुरोध गर्नुभयो

त्यहीँ गएर पढाउनुभयो । उहाँले आफ्नै कतै शिक्षालय बनाएर झन्झट मोल्नुभएन । त्यसरी कुनै एक शिक्षालय बनाएको भए त्यसले इतिहासलाई जीवन्त बनाउँथ्यो तर उहाँको खोजीको विषय आध्यात्मिक भएकाले स्थायी शिक्षालय बाधक बन्न सक्थ्यो । त्यसैले आज उहाँले धेरै ठाउँ पढाउनुभए पनि कुनै ठाउँमा त्यसको अवशेष बाँकी छैन । हुन त उहाँले पढाउनुभएका ठाउँमा कुनै न कुनै तहका शिक्षण संस्थाहरू विद्यामान छन् । ढकारीमा भएको गुरुकुल माध्यमिक विद्यालयको नामकरणचाहिँ बुबाकै पालामा भएको हो भन्ने केही उहाँका विद्यार्थीहरूको भनाइ रहेको छ तर उक्त विद्यालयको आफ्नो अभिलेखमा यो कुरा उल्लेख भएको पाइँदैन ।

## ज्योतिषी

म सानो छँदा प्रयः मानिसहरू बुबालाई भेट्न आइरहन्थे । तीमध्ये धेरैजसो त कुनै न कुनै प्रकारको ज्योतिषको कामले वा झारफुकको कामले आउने गर्थे । बुबाले हेराउने बेला धुलौटाकै प्रयोग गर्नुहुन्थ्यो । त्यसका लागि धुलौटो र माटो नजिक ल्याइदिने काममा मैले पनि कहिलेकाहीँ सघाउँथेँ । उहाँ आफैँले पात्रो बनाएर मानिसहरूका चिना लेख्ने र त्यो शिक्षा अरूलाई दिने कामसमेत गर्नुभएको थियो । उहाँलाई धेरैले ज्योतिषी भनेर पनि चिन्दछन् । अछामको पूर्वी भेकका प्रायः मानिसहरू मेरो चिना तपाईंका बुबाले बनाउनुभएको हो भनी सुनाउने गर्छन् ।

## औषधोपचार

तन्त्रमन्त्र वा झारफुक र जडीबुटीबाट उपचार गरेर धेरैलाई सन्चो बनाउनुभएको थियो । त्यतिबेला कसैलाई रोग लाग्यो भने उपचारको अर्को साधन थिएन । सबैले यसै पद्धतिमा भर पर्नुपर्थ्यो । यसको शिक्षा उहाँले कतिपय वेद पढ्दादेखि नै पाउनुभएको थियो । केही लोकपरम्पराबाट हासिल गर्नुभयो । उहाँकी हजुरआमा र आमा आफैँ पनि झारफुक गर्नुहुन्थ्यो । उहाँहरूबाट पनि शिक्षा लिनुभएको देखिन्छ ।

एकपटक बहुलाहा कुकुरको टोकाइबाट त्यसभेकका धेरै मान्छे मरे । केहीलाई बुबाले उपचार गरेर सन्चो बनाउनुभयो भन्ने कुरा मैले सानैमा सुनेको थिएँ । (त्यस घटनाका बारेमा पुरै सूचना दिदीले बयान गर्नुभएको छ ।) त्यसपछि त्यस ठाउँका धेरै मान्छेले बुबालाई चिन्ने अवसर पाए भन्ने कुरा सानैमा सुनेको थिएँ । सर्पलाई मन्त्रले बोलाएर लठ्याएको कुरा पनि सुनेको थिएँ । उहाँको त्यस्तो प्रभावले होला गाउँघरमा कसैलाई कुनै रोग लाग्यो भने पछिसम्म मलाई पनि एक दुईजनाले बोलाएर उपचार गर्न भनेका थिए । मैले आफू यस विषयमा केही नजान्ने भनी फर्किँएको छु । खासगरी जन्त्र बाँध्ने, जल्को हाल्ने, बातो हाल्ने, औषधी खुवाउने जस्ता कार्य गर्नुभएको मेरो जानकारीमा छ । मलाई करिब १० वर्षको उमेरमा गाउँकै कुकुरले टोकेको थियो । त्यतिबेला बुबाले बातो हाल्नुभएको थियो । त्यसबाहेक मैले आजसम्म रेबिजको सुई लगाएको छैन । आजभोलि कुकुरले टोकेपछि रेबिजको सुई लगाउने चलन छ । यस्तै हाम्रो घरमा पं. कुलचन्द्र गौतमले नेपालीमा

लेख्नुभएको धेरै पुरानो औषधचन्द्रोदय भन्ने आयुर्वेदको किताब थियो । लेखनाथ पौड्यालका नैतिक कविता पनि धेरै थिए । सायद लेखनाथ पौड्याल स्वर्गद्वारी आश्रममा गएका हुनाले बुबाले त्यहीँबाटै लेखेर ल्याउनुभएको जस्तो छ किनभने त्यतिबेला नेपालमा नयाँ शिक्षा लागू नभएकाले गाउँघरमा ती किताब उपलब्ध हुँदैनथे । जयपृथ्वीबहादुर सिंहले लेखेको अक्षराङ्क शिक्षा मैले सानैमा घरमा देखेको थिएँ ।

## आध्यात्मिकता

उहाँले स्वर्गद्वारी महाप्रभुज्यूको सान्निध्य प्राप्त गर्नुभएको थियो । महाप्रभु आफैँ पनि जोसमनी सन्तपरम्परामा दिक्षित 'अभयानन्द द्वितीय'का नामले परिचित हुनुहुन्थ्यो । त्यहाँ एकजना अर्का साधक योगीसँग बुबाको भेट भयो । उहाँ पनि जोसमनी सन्तपरम्पराका अनुयायी हुनुहुन्थ्यो । उहाँसँग बुबाको अलि लामो संगत भएको थियो । त्यसपछि उहाँले बुबालाई सद्गुरुले ज्ञान दिनुहुने छ भन्नुभयो तर आफूले दिनुभएन । बुबाले ज्ञान दिन भनेपछि उहाँले समय आएपछि त्यो ज्ञान तपाईंलाई प्राप्त हुने छ भन्नुभयो । (यो कुरा स्वयं महाप्रभुले हो वा ती साधुले हो भन्ने कुरामा सबैको एकमत छैन तर सद्गुरुका बारेमा बुबालाई जानकारी त्यहीँ भएको देखिन्छ) बुबालाई ज्ञान, साधक र महापुरुषको कतै चर्चा भएको जानकारी पाएको अवस्थामा तिनलाई भेट्ने गर्नुहुन्थ्यो । त्यस क्रममा खप्तड बाबाका बारेमा सुनेपछि उहाँलाई भेट्न खप्तड लेक जानुभयो । खप्तड बाबाले त्यतिबेला कसैलाई भेट्न दिनुहुँदैनथ्यो । बुबाले जिद्दी गरेपछि भेट भयो । उहाँले दुध रोटी खान दिनुभयो । ज्ञान दिनुहोस् भनेपछि उहाँले आफू पनि ज्ञानकै खोजीमा रहेको जानकारी दिनुभयो । उहाँले यसले तिम्रो रक्षा गर्ने छ भनी खरानी मन्त्रेर दिनुभएको थियो । त्यहाँबाट फर्किएर आएपछि बेलाबेला 'म घर छोडेर उत्तरकाशी जान्छु' भन्नुहुन्थ्यो रे ! । हामी सानै भएकाले पनि दाजुले नजान भन्नुहुन्थ्यो । यो कुरा मलाई मेरा सहोदर जेठा दाजुले भन्नुभएको हो ।

आध्यात्मिक उन्नतिका लागि स्वर्गद्वारीमा भेटिनुभएका बाबाले भनेअनुसार ज्ञान कहाँ ? कससँग पाइने हो भन्ने टुङ्गो नलागेकाले शिक्षा दिने व्यक्तिको जात र वर्ग उहाँले हेर्नुभएन । यो कुरा सुर्खेतको गुटु मदनलाल धमला र बलिराम बाँसपाने आध्यात्मिक ज्ञानको अभ्यास गर्नुहुन्छ भन्ने बुझेपछि बुबा तुरुन्त उहाँहरूलाई भेट्न जानुभयो । मलाई यो ज्ञान चाहियो भनेर माग्नुभयो । उहाँहरूले हामीले होइन ज्ञान त गुरुले दिनुहुन्छ । गुरुको बसाइ पन्जाबमा छ, त्यसका लागि उचित समय पर्खिनुपर्छ भनी सुझाएपछि त्यो ज्ञान लिने समयको पर्खाइ उहाँलाई धेरै लामो लाग्यो । घरको आगनमा शिवलिङ्ग स्थापना गरी रुद्राभिषेक गर्न सुरु गर्नुभयो । त्यसपछि लगत्तै उहाँ पन्जाबको ब्यास जानुभएको कुरा मैले थाहा पाएको थिएँ । त्यसैले ज्ञानलाई हेर्नुपर्छ ज्ञान दिने गुरुको जात र वर्ग हेर्नुहुँदैन भन्ने दृष्टिले उहाँले मदनलाल धमला र बलिराम बाँसपाने कामीलाई आफ्ना गुरुसम्म पुऱ्याउने मार्गदर्शकका रूपमा हेर्नुभयो ।

'गुरु' शब्द संस्कृत भाषाको 'शब्द' अर्थ बुझाउने 'गृ' धातुबाट बनेको हो । यसको अर्थ 'आवाज वा शब्दको उच्चारण वा बोल्नु! हुन्छ । संस्कृत हिन्दी कोशअनुसार 'गु' को अर्थ अज्ञानता,

अन्धकार वा मैलो हुन्छ भने 'रु' को अर्थ हटाउनेवाला । अर्थात् जसले अन्धकारलाई हटाएर उज्यालातिर लैजान्छ । यस्तै आदरणीय पुरुष, वृद्ध पुरुषलाई पनि गुरु भनिएको पाइन्छ । नेपाली बृहत् शब्दकोशअनुसार "कुनै पनि विद्या वा शिक्षा प्रदान गर्ने व्यक्ति, शिक्षक, अध्यापक, सङ्गीतकला आदि सिकाउने व्यक्ति, उस्ताद । गायत्री, वेदमन्त्र आदि शिक्षा दिने व्यक्ति वा आचार्य"लाई गुरु भनिएको छ ।

यस दृष्टिले हेर्दा (क) माता गुरु, (ख) आचार्य गुरु, (ग) धार्मिक गुरु र (घ) आधात्मिक गुरु गरी गुरुका मुख्य चारप्रकार देखिन्छन् । जन्म दिएर संसारका विभिन्न पक्षसँग जुध्न आमाले सिकाउँछिन् । त्यसैले आमालाई पहिलो गुरुका रूपमा लिइन्छ । दोस्रा गुरु शिक्षा दिने आचार्य हुन् । आचार्य गुरुका सहायताले संसारका बारेमा बुझ्न र विभिन्न सिप सिक्न मद्दत पुग्छ । जीवन यापनका उपाय सिकाउने काम आचार्य गुरुबाट हुन्छ । अलग अलग धर्मका धार्मिक गुरु हुन्छन् । यस्ता गुरुलाई तेस्रो स्थानमा राखिन्छ । आध्यात्मिक शिक्षाका बारेमा जानकारी दिने आध्यात्मिक गुरु हुन् । यस्ता गुरुलाई ईश्वरको प्रतीकका रूपमा लिने गरिन्छ । सबै प्रकारका गुरु सबैले धारण गर्छन् भन्ने छैन तर गुरुका बारेमा सोचविचार गर्ने, चिन्तन मनन गर्नेहरूले विभिन्न गुरुका बारेमा उल्लेख गरेका छन् । माता र धार्मिक गुरु जन्म र परम्पराबाट विरासतका रूपमा प्राप्त हुन्छन् । आचार्य गुरु शिक्षालयको चयनबाट विभिन्न श्रेणी र योग्यताका हुन्छन् र तिनको सङ्ख्या पनि धेरै हुन सक्ने सम्भावना रहन्छ । आचार्य गुरुको स्थान स्वयं पिताले पनि गरेको देखिन्छ । आध्यात्मिक गुरु भने साधकको खोज, रुचि, पारमार्थिक इच्छा र मानसिक सन्तुष्टिमा भर पर्छ । यस्ता गुरुलाई वेद, उपनिषद् र पुराणमा ईश्वरकै प्रतिनिधिका रूपमा लिएको देखिन्छ ।

जोसमनी सन्तपरम्पराका सन्त शशिधरले आफ्ना एघार प्रकारका गुरु रहेको उल्लेख गरेका छन् । आमाबुबालाई उनले प्रथम गुरु मानेका छन् । दोस्रा गुरु व्रतबन्ध गराउने, तेस्रा गुरु शास्त्र पढाउने, चौथा गुरु आध्यात्मिक ज्ञान दिने, पाँचौँ गुरु बुद्धि, छैटौँ गुरु सतसंगत, सातौँ गुरु सांसारिक वैराग्य, आठौँ गुरु ब्रह्मज्ञान, नवौँ गुरु झुसिल्किरा, दसौँ गुरु आदि पुरुष र एघारौँ गुरु शिवस्वामी रहेका छन् । शशिधरले यी सबै गुरुको मान राखी यिनीहरूका कृपाले आफूले योग धारण गरेर नित्य परमात्माको नाम लिन समर्थ भएको बताएका छन् । संसारका अनेकौँ शङ्काको निवारण गरेर योगी हुन शास्त्र पढी तिनलाई कण्ठ गरेर होइन गुरुका सहायताले हो भनी शशिधरले आफ्ना अनुभवको वर्णन गरेका छन् । उनले जीवात्मालाई नवौँ गुरु झुसिल्किरासँग तुलना गरेका छन् जसले कठिन तपस्या गरेर धैर्यपूर्वक शरीर परिवर्तन गर्दछन् । झुसिल्किरा संसारतर्फ फैलिएको मैलो आत्माको प्रतीक हो जुन विषय विकारमा फसेको छ । यस्तो शरीर बदलेर पुतलीजस्तो सफा भई संसारको मैलो छोड्न सक्ने गुरु देखेपछि आफ्नो मनमा दृढ विश्वास पलाएको कुरा उनले बताएका छन् :

पहिले गुरु मेरे मातापिता,
......नमहुँ गुरु मेरे झुसिल् किरा, दृढ तप करि तन बदले अतिधीरा,
ओहितन बदलि पुतली होई उडी जाई, यहि चरित्र देखि मेरे परतीत आई (शर्मा, २०५२, पृ.१०५)

शशिधरका दृष्टिमा सांसारिक ज्ञानका लागि पनि गुरुको आवश्यकता हुन्छ, गुरुबिना आफ्नै प्रयासले शास्त्र पढेर ज्ञान हासिल गर्न सकिँदैन । त्यसैले उनले ज्ञान सिकाउने सबैलाई गुरुको संज्ञा दिएका छन् । उनको गुरुसम्बन्धी दृष्टिकोण ऋषि दत्तात्रयको झैँ फराकिलो देखिन्छ । शशिधरले सांसारिक र पारमार्थिक ज्ञान र सिप सिकाउने माता-पिता गुरु, धार्मिक गुरु, आचार्य गुरु र आध्यात्मिक गुरुलाई मुख्य मानेको देखिन्छ । आध्यात्मिक गुरुलाई नै जोसमनी सन्तविकहरूले कतै गुरु कतै सद्गुरु भनेका छन् । त्यसैले गुरुलाई उनीहरूले विविध रूपमा लिएको पाइन्छ ।

जोसमनी सन्तहरूले जीवनमा मार्गदर्शन गर्ने हरेक व्यक्तिलाई गुरुका रूपमा स्वीकार गरेका छन् । त्यस्ता सबै गुरुको महत्त्व देखाएका छन् तर आध्यात्मिक गुरुलाई उनीहरूले सर्वोपरि स्थान दिएको देखिन्छ (घोडासैनी, २०७८, पृ.९०-९१) ।

जोसमनी सन्तपरम्पराका साधकको संगत पाएकाले बुबालाई जीवनमा 'सद्गुरु'सँग भेट कहिले होला भन्ने कुराको निकै चासो थियो । माथि 'गुरु' शब्दको अर्थ उल्लेख गरिएको छ । 'गुरु' शब्दका अघि लाग्ने 'सत' शब्दको अर्थ के हुन्छ ? अनि 'सद्गुरु'को अर्थ के हुन्छ ? त्यसबारे पनि विचारविमर्श गरौँ । नेपाली बृहत् शब्दकोशमा 'सद्गुरु' शब्दको अर्थ '१. नैतिक ज्ञान वा अध्यात्मविद्या सिकाउने गुरु, धर्मगुरु । २. आचारनिष्ठा भएका गुरु, असल गुरु । ३. परमात्मा, ईश्वर' जस्ता तीनओटा अर्थ उल्लेख गरिएको छ । योगवाशिष्टसारको वैराग्यप्रकरण-१ मा भनिएको छ -

यान्नानुग्रहः साक्षाज्जायते परमेश्वरात् ।
तावन्न सद्गुरुं कश्चित् सच्छास्त्रं वाऽपि नालभेत् ।
अर्थात्
परमेश्वरको साक्षात् अनुकम्पा नभइकन ।
सच्चा गुरु र सत्शास्त्र भन्ने पाइन्न निश्चित ॥

पुराणहरूमध्ये अरू पुराण धेरैले नपढे पनि मानिस मरेका बेला लगाइने वा वाचन गरिने गरुड पुराणको प्रेतकल्प त धेरैले सुन्नुपर्ने हो । त्यसमा उल्लेख भएका कुराहरूलाई ध्यान दिने हो भने बुबाका बारेमा र उहाँले अँगालेको अध्यात्मका बारेमा राम्ररी बुझ्न सकिन्छ । गरुड पुराणका विभिन्न श्लोकमा विचार गरौँ :

व्रतिनो मन्त्र पूजस्य साग्निकस्या द्विजस्य च ।
ब्रह्मानिष्ठस्य यतिनो न हि राज्ञां च सूतकम् ॥ १३/२३

अर्थात् व्रत बसेको, मन्त्रद्वारा पवित्र पारिएको अग्निहोत्री ब्राह्मण, ब्रह्मनिष्ठ, सन्यासी र राजा यी सबैलाई जुठो र सूतक लाग्दैन ।

ततो मच्चिन्तितं रूप स्वयंज्योतिः सनातनम् ।
सदानन्दं सदा ध्यायेन्मुहूर्ते ब्राह्म संज्ञके ॥ १५/८८
एवं गुरूपदेशेन मनो निश्चलतान् नयेत् ।
न तु स्वेन प्रयत्नेन नद्विना पतनं भवेत् ॥ १५/८९

अर्थात् ब्रह्म मुहूर्तमा परमात्माको चिन्तनस्वरूप जो स्वयं ज्योतिर्मय, नित्य र सदा आनन्दमय छन्, उनको सधैँ ध्यान गरोस् । यसप्रकार गुरुको उपदेशले मनलाई स्थिर गरेर आफ्नो मिहिनेतले होइन कि गुरुको उपदेशले गरोस् । गुरुको उपदेशबिना जीवको पतन हुन्छ ।

माथिका योगवाशिष्ठ र गरुड पुराणका श्लोकहरूबाट के स्पष्ट हुन्छ भने आध्यात्मिक ज्ञानका लागि सद्गुरुको खोजी गर्नुपर्छ । सद्गुरुको मार्गमा हिँड्नेलाई कुनै प्रकारको जुठो सुतकले असर गर्दैन । भक्ति सद्गुरुका कृपाले हुन्छ मानिस आफैँले चाहेर सम्भव हुँदैन भन्ने कुरा बुझ्नुपर्दछ । यी कुराहरूलाई बुझेर बुबाले अँगालेपछि कतिपय अबुझहरूले उहाँलाई ‘सद्गुरु भयो’ भनी आलोचना गरे । उहाँ सद्गुरु हुनुभएको होइन सद्गुरुको शरणमा जानुभएको हो । उहाँसँग दीक्षा लिनुभएको हो । स्वयं सद्गुरु हुनु त धेरै ठुलो कुरा हो । सद्गुरुले त पापीहरूलाई संसारबाट पार तार्ने सामर्थ्य राख्नुहुन्छ । त्यति ठुलो काम उहाँले 'मैले गरेँ' भन्नुभएको थिएन । ‘सद्गुरु भयो’ भनेपछि त्यसलाई 'आलोचना' भन्नेहरूले सद्गुरु शब्दको छेउटुप्पै नबुझेर कुरा गरेका हुन् भन्ने कुरा बुबालाई राम्ररी थाहा थियो ।

कतिपयले पहिले वेद पढेको मान्छे किन सद्गुरुकहाँ गएको भनी प्रश्न पनि गरे । त्यो कुरा त गरुड पुराणमै लेखिएको छ । हेर्नुहोस् न-

अभ्यस्य वेदशास्त्राणि तत्त्वं ज्ञात्वार्थ बुद्धिमान् ।
पलालमिव ध्यान्यार्थी सर्वशास्त्राणि संत्यजेत् ॥ १५/८५

अर्थात् बुद्धिमान् मनुष्यको के कर्तव्य हुन्छ भने उसले वेदशास्त्रको अभ्यास र तिनको मुख्य तत्त्व जान्नुपर्छ अनि जानिसकेपछि सबै शास्त्रहरू त्याग्नुपर्छ । जस्तै खेती गर्ने किसानले धानजति भकारीमा राख्छ परालजति त्यागिदिन्छ ।

वेद पढ्नुपर्छ तर ज्ञान पाएपछि त्यो पराल जस्तै हो । धानको दाईं हालेपछि पराल भकारीमा कसैले राख्दैन । बुबाले त्यसै गर्नुभएको हो । पहिले वेद पढेको पछि किन त्यो पढ्न छोडेको भन्नेहरूले किसानले पहिले धानको बिउ हुँदा जसरी स्याहार्छ धान काटेपछि पराल त्यसरी स्याहार्दैन भन्ने कुरा बुझ्न नसकेर हो । शास्त्रको पठन कुरा बुझ्नका लागि हो । कुरा बुझेपछि त्यसलाई अभ्यास, प्रयोग वा व्यवहारमा ल्याउनुपर्दछ त्यसलाई सुगाले झै रटिरहने मात्रै होइन । ज्ञान हासिल गरेर मात्रै हुँदैन त्यसको व्यावहारिक प्रयोग आवश्यक ठानिन्छ ।

## मेरा सम्झनामा

मैले सानो छँदा ‘धर्तीभन्दा ठुलो र आकाशभन्दा चौडा के हो ?’ भन्ने गाउँखाने कथा सुनेको थिएँ । त्यसको अर्थ त्यतिबेला यति गहिरो रहेछ भन्ने मैले बुझेको थिइनँ । यसको उत्तर हो धर्तीभन्दा ठुलो- आमा, आकाशभन्दा चौडा- बुबा । एउटा सन्तान जो भर्खर जन्मिएको छ, उसका लागि आमाको काखभन्दा ठुलो धर्ती आजसम्म संसारमा कसैले देखेको छ ? अवश्य छैन । त्यस्तै कमजोर र असहाय अवस्थामा लालन, पालन र पोषण गर्ने र सबै प्रकारबाट सुरक्षा गर्ने बुबाका पौरखी हातभन्दा ठुलो आकाश अर्को हुन सक्दैन । बुबाको छत्रछायाका अगाडि यो सिङ्गो आकास

सानो ठहरिन्छ । त्यसैले यो गाउँखाने कथाको अर्थ मेरा लागि आजका दिनमा मात्रै अर्थिन्छ । आमाबुबाको परिक्रमा गरेर विश्वभ्रमणको मान्यता पाएको गणेशको कथाले हामीलाई बुबाआमाको उचाइ, गरिमा र महत्त्व अझ बढाइदिन्छ ।

म सात वर्ष पुग्नुभन्दा अगाडिका केही घटनाहरू सम्झन्छु । सात वर्ष पुगेपछिका त धेरै कुरा सम्झन्छु त्यसैले ती घटना सर्वप्रथम सम्झेका घटनामा पर्दैनन् । सात वर्षभन्दा सानो भए पनि तीमध्ये म कुन उमेरको थिएँ थाहा छैन तर बुबा साँझबिहान पूजापाठमा व्यस्त हुने गरेको मलाई याद छ । बुबाले बिहान श्लोकहरू पढ्नुहुन्थ्यो । त्यो के पढ्नुभएको हो भन्ने कुरा मैले धेरैपछि मात्रै थाहा पाएँ । त्यो श्रीमद्भगवत् गीता पढ्नुहुने रहेछ । मैले बुबालाई लेखपढमा व्यस्त भएको र भेट्न आउने मानिसहरूसँग कुराकानी गरेको थाहा पाउँछु । त्यसरी आउने मानिसहरू कोही चिना हेराउने, कोही चिना लेखाउने, कोही नामकरण गर्ने, कोही दिन हेर्न आउने र कोही उपचारका लागि आउँथे भन्ने कुरा मैले धुलौटो कता छ भन्ने कुरा हुँदाका पल सम्झन्छु । उपचारका लागि आउनेहरूलाई जडीबुटी दिएर वा झारफुक अथवा जन्त्र बाँधेर पठाउनुहुन्थ्यो । त्यसक्रममा मैले पनि केही जडिबुटी र केही मन्त्रहरू सुनेको कुरा सम्झना छ तर ती यस्तो प्रयोजनका लागि प्रयोग हुन्छन् भन्ने कुरा आजको दिमागले बुझेको हुँ त्यतिखेर यसबारे केही जानकारी थिएन ।

सानो छँदा मैले बुबासँग यात्रा गरेको पनि सम्झना छ । एक दिन बुबाले मलाई आफूसँग गाउँदेखि टाढा सँगै लिएर जानुभएको थियो । यो चाहिँ म आफैँ हिँड्न सक्ने भएपछि रहेछ । त्यसरी लैजाने क्रममा म मान्नाडा गएको थिएँ । मान्नाडा मेरो घरदेखि दश मिनेट जति टाढाको गाउँको टोल रहेछ भन्ने म आज बुझ्दै छु । त्यहाँ कुनै पूजाको आयोजना थियो । म बाहिरतिरै खेल्नमा लागेँ बुबा पूजामा । धेरैबेर पछि बुबा आउनुभयो र सँगै घर फर्कियौँ । त्यो कसको घर थियो ? केको पूजा थियो ? त्यसबारे म अनभिज्ञ छु । अहिले बुज्दैजाँदा त्यहाँ सबै हाम्रै परिवारका सदस्यहरूका घर छन् । त्यसैले आफन्तकै घरको पूजा रहेछ भन्ने बुझेको छु ।

बुबाले मलाई एक दिन देवकोट जाँदा पनि सँगै लग्नुभएको घटना सम्झन्छु । देवकोटमा पनि कुनै पूजाको कार्यक्रम थियो । त्यसबाहेक अरू कुरा मलाई सम्झना छैन । देवकोट गएको महिना भने माघफागुनको थियो । फर्किंदा पल्लामाजी गहुँ गरामा पानी जमेको रहेछ बुबाले पानी काट्नुभएको सम्झना छ ।

मेरा बुबा मेरा जन्मदाता मात्रै नभएर मेरो अक्षरारम्भ गराउने गुरु पनि हुनुहुन्छ । मैले अक्षर चिन्नुभन्दा पहिले दुर्गा कवच कण्ठ पारेको थिएँ । शारदीय होस वा चैत्रको नवरात्रभरि घरमा दुर्गाशप्तशतीको पाठ र पूजा हुन्थ्यो । मलगायत् अरू दाजु र दिदी बहिनीहरू पनि आरती गर्ने बेला एकएक ओटा घण्ट लिएर बजाउने गर्दथ्यौँ । त्यसैले पनि दुर्गाशप्तशतीका मन्त्रहरू याद गर्ने वातावरण निर्माण हुन्थ्यो । सानामा बुबा कतै पूजाबाट आउनुभयो भने नरिवल ल्याउनुहुन्थ्यो । त्यो काटेर उहाँ आफैँले सबैलाई बाँड्नुहुन्थ्यो ।

घरबारीभरि भिमलका रुख थिए। घाँस काटेपछि तिनका सिठा सुरक्षित राखिन्थे। ती सुरक्षित राखेर के गर्छन् भन्ने कुरा मलाई थाहा थिएन। एक दिन झिमडेको खेतका नजिक भिमलका सिठा भिजाएको ठाउँमा बुबाले लग्नुभएको थियो। मैले त्यही दिन गाईवस्तुलाई बाँध्न गल्यौँ बाट्ने पाटको उत्पादन यिनै भिमलका सिठाको रेसा निकालेर हुन्छ भनेर बुझेको थिएँ। मेरो ज्ञान र बुझाइका अंश अंशमा मेरा बुबाको शिक्षा थियो होला तर मलाई कहाँ सबै सम्झना हुनु ? मैले त बाल्यकालको धूमिल वातावरणलाई उज्यालो पार्दै खोज्दाखेरि फेला पारेका सम्झनाका केही सूत्रहरूमात्रै हुन् यी। आजको मेरो सोच, चिन्तन, विचार र दर्शनमा मेरा बुबाको अंश छ। म त्यसलाई विश्वास गर्छु। त्यसैले त मनीषीहरूले भनेका छन् 'आत्मा वै जायते पुत्रः' अर्थात् पिताका अंशरूप उसका सन्तानहरू हुन्छन्।

## जीवनका अन्तिम क्षण

वि.सं. २०५१ सालको भदौ महिनाको पहिलो साता म घरबाट पढ्न भारततिर लाग्न अघि बुबासँगको भेट नै मेरा र बुबाका बिचको अन्तिम भेट बन्यो। म बनारसमा पढ्दै गर्दा बुबा परलोक जानुभएको घरबाट आएको पत्र पाएँ। पत्रअनुसार हिसाब गर्दा बुबाको परलोक गमनको ३६ औँ दिनमा मैले पत्र पाएको थिएँ। त्यसपछि म त्यत्तिकै रहन सकिनँ। तुरुन्तै घर फर्किएँ। उहाँको परलोक गमन हुँदा आफू घरमा नभएको र सबै कुराहरू दाजु/भाउजू र बहिनीहरूबाट जे जानकारी पाएँ त्यसबाट आफूलाई सम्हाल्ने कोसिस गरेँ। वि.सं. २०५२ साल असोज २० गते शुक्रवार, शुक्लपक्षको त्रयोदशी तिथिका दिन उहाँले सधैँका लागि हामीलाई छोडेर जानुभएको रहेछ। उहाँको अन्तिम यात्रा सुखद्, सामान्य कारण बनेर परमात्माका नामको स्मरण गर्दै जानुभएको कुरा सुन्दा सबैको अन्तगति यति सुखद् हुँदैन भन्ने लाग्छ।

## आमासँगको सम्झना

म जन्मिनुभन्दा नौ महिना अघिदेखि म आमासँग एकाकार थिएँ। नौ महिना पूरा पुगेर दसौँ महिना लागेर मैले संसार टेकेपछि आमाकै काख र पिट्यूँमा आफूलाई हुर्कँदै र बढ्दै गए पनि आमासँगका सबै क्षणहरू म आज सम्झन सक्दिनँ। तर म आमाको पछिपछि लागेर आमा जता जानुहुन्थ्यो त्यतै पुगेको सम्झना भने ताजै छ। आमा खेतबारी भएका ठाउँहरूमध्ये सुधेमारे पुगेको मलाई राम्ररी सम्भना छ। त्यसैगरी किमडे पानी पुगेको छु। आमाले एक दिन मेरो कुनै बदमासीबाट आजित भएर मलाई गोठमा थुनेको अनि गोठको एउटा कोठाबाट अर्कोमा जाने बिचमा झ्याल रहेको त्यही झ्यालबाट बाहिरिएर किमडा सानीआमाका घर गएर एक रात बसेर भोलिपल्ट मात्रै आफ्ना घर फर्किएको सम्झिन्छु। एक दिन आमासँग सँगै जान नदिएर दाजुहरूले समातेर राख्नुभयो। केही समयपछि घरमा अरू कोही मानिस आएर तिनैसँग दाजु गफ गर्न थालेको मौका छोपी घरको करेटाबाट फुत्किन खोज्दा आफूसँग सँगै सर्प पनि हिँडिरहेको र त्यससँग डराएर घरै फर्किएको घटना ताजै छ। त्यस्तै एक दिन घरमा कोही नभएका बेला गाग्राबाट पानी सार्न खोज्दा थोरै पानी भएकाले

सारिएन। नजिकै सिलौटामा लोडो थियो। त्यसैलाई गाग्राका तल राखेर दुई तीन पटक टोक्काएपछि पानी मात्रै निस्किएन गाग्रो नै फुटेर चार टुक्रा भयो। त्यसपछि ठुलै बिगार गरेको डरले आमा आउने बाटो कुर्दै गौँडानिर गएर बसेँ। आमा आएपछि रुन्चे स्वर लगाएर बेलिबिस्तार लगाएँ। यी सबै घटना सात वर्ष नपुग्दैका हुन् तर अघि र पछिका कुन हुन् अहिले ठम्याउन गारो भइरहको छ।

साहिँली बहिनी हो कि कान्छी बहिनी हो जन्मेको दिन सम्झन्छु। दुई बहिनीमध्ये कुन हो त्यो भने ठम्याउन सकेको छैन। सबै कुरा बेलिबिस्तार लगाउँदा साहिँली बहिनी जन्मेको दिन हो भन्ने सुनेको छु तर म आफैँले भने ठम्याएको होइन। बहिनी जन्मिँदा ठुलीआमा आउनुभएको र आमालाई गारो भएको, बहिनी जन्मिएपछि आमा गोठ (घरको भुइँ तला) मा बसेको सम्झना छ। साहिँली बहिनी मभन्दा चार वर्ष कान्छी भएकाले मैले चार वर्ष हुँदाको घटना सम्झेको रहेछु भन्नुपर्ने हुन्छ।

यी सबै घटनाले मेरो बाल्यकालको धुमिल परिवेशभित्र प्रवेश गराएका छन् तर त्यसपछि बसाइँ सरेर सुर्खेत आउँदा बाटाको यात्रा र सुर्खेतका केही सम्झना छन्। सुर्खेतमा पनि म आमासँग खेतबारी, पँधेरा सबैतिर गएको सम्झन्छु। पछि आमालाई बिसन्चो भएपछि भने त्यसले निरन्तरता पाएन। आमा बिरामी हुँदा धामी बसालेको, जडीबुटीका अनेकौँ उपचार गरेका दृश्यहरू पनि मेरा मानसपटलमा ताजै छन्। आमाको स्वर्गवास हुँदाका दिन म माहिला दाजुसँग बनमा गएको थिएँ। दाजुले घाँस ल्याउने र म साथी मात्रै। हामी फर्किंदा आमाले प्राण त्याग गर्नुभएको रहेछ। जेठा दाजुलाई सोल्टा र अजिङ्गरे (कैलाली) तिर जेठाबुबा र साहिँला बुबालाई खबर गर्न बुबाले पठाइसक्नुभएको रहेछ। त्यस दिन दाहसंस्कार भएन। दोस्रो दिन कैलाली र अछामबाट सबै आफन्तहरू आएपछि दाहसंस्कार भयो। मलाई सानै भएकाले मलाम जान दिनुभएन। जेठीआमाले हामीलाई फकाइफुलाइ गर्नुभयो। आमालाई अब आगोमा जलाउँछन् भन्ने सुनेपछि मेरा मनमा त्यतिखेर एउटा प्रश्न उठेको थियो "आमालाई आगोले जलाउँदा पोल्दैन र ?, किन जलाउने होलान् ?" यस प्रश्नले म निकै आहत भएको थिएँ। उमेर बढ्दै गएपछि यसको उत्तर पनि आफैँ पाएँ।

## निष्कर्ष

यसरी बुबाले आफूले शिक्षा प्राप्त गरेपछि अध्ययन, पुरेत्याई, तन्त्रमन्त्र वा जडीबुटीबाट उपचार गरेर जीवनको उत्तरार्धमा पूर्णतः आध्यात्मिक चिन्तनमा लाग्नुभयो। आध्यात्मिक चिन्तनमा लागेपछि त्यसका आगाडि सबै प्रकारका समस्यालाई साना देखेर निरन्तर आफ्नो उद्देश्यमा लागिरहनुभयो। म उहाँको त्याग, समर्पण र लगावलाई कहिल्यै पनि बिर्सिने छैन। मेरा लागि उहाँ अनन्त प्रेरणाका स्रोत बन्नुभएको छ। ममा देखिएको आध्यात्मिक रुझान र दृष्टिकोण पनि बुबाकै आशीर्वाद र प्रेरणा हो। म यी सबैका लागि बुबाआमाको भौतिक शरीरबाट टाढा भए पनि बुबाआमा सधैँ मसँगै हुनुहुन्छ। मेरा अन्तश्चेतनामा हुनुहुन्छ।

## सन्दर्भ सामग्रीसूची

उपाध्याय, काशीनाथ (सन् २०१०). *सन्त दरिया* (बिहार वाले). (छैटौं संस्क.). जे.सी.सेठी. सेक्रेटरी राधास्वामी सत्संग व्यास।

कालिदास (२०२१). *कुमारसम्भव महाकाव्यम्*. पण्डित पुस्तकालय।

गोयन्दका, हरिकृष्ण दास (२०६८). *ईशादि नौ उपनिषद्*. (तिसौं संस्क.). गीता प्रेस।

घोडासैनी, खगेन्द्र (२०७४). 'यात्री' कविताको शरीररचनापरक विश्लेषण. *हैमप्रभा-१६*. (पृ.२३-३१)।

ध्रुवश्री (२०७१). *पुण्यभूमि स्वर्गद्वारी*. (सातौं संस्क.). भागवत सन्यास आश्रम एवं गुरुकुल पाशुपत क्षेत्र।

पाण्डे, मथुरा दत्त (सन् १९७०). *नेपाली और हिन्दी भक्ति काव्य का तुलनात्मक अध्ययन*. भारतीय ग्रन्थ निकेतन।

महर्षि वेदव्यास (२०४४). *गरुड पुराण*.(नेपाली भाषा टीकासहित). मोहनराज उपाध्याय (टीकाकार). जय नेपाल प्रकाशन।

भण्डारी, गोपालप्रसाद (२०५३). *प्राग्भानुभक्तीय नेपाली काव्य*. नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

महर्षि वशिष्ठ (२०५६). *योगवाशिष्ठ सार*.(नेपाली पद्यानुवादसहित). अद्वैत संस्था नेपाल।

शर्मा, जनकलाल (२०५२). *जोसमनी सन्त परम्परा र साहित्य*. साझा प्रकाशन।

*शुक्ल यजुर्वेद संहिता*, उवट-महिधर भाष्येण च समन्विता (सन् १९८७). मोतीलाल बनारसी दास।

*श्रीमद्भगवत्गीता* (२०६८). गीताप्रेस।

*श्रीमद्भागवत् महापुराण* (सन् १९९४). चौखम्बा संस्कृत प्रतिष्ठान।

## अलिखित सन्दर्भ

१. बाल्यकालमा घरपरिवार र आफन्तहरूबाट सुनेका घटनाहरू

२. दिदी, दाजु तथा बहिनीहरूबाट प्राप्त जानकारी

३. स्वर्गद्वारी आश्रमको प्रत्यक्ष अवलोकन र त्यहाँका बारेमा लिइएको जानकारी

४. सन्तमत साहित्य र अन्य कृतिको अध्ययनबाट प्राप्त ज्ञान, अनुभव तथा आफ्नो दृष्टिकोण

५. स्मृतिग्रन्थ तयारीका सन्दर्भमा परिवार, आफन्त र बुबाका शिष्य तथा उहाँका शुभचिन्तकहरूबाट प्राप्त जानकारी

# नारीको कर्तव्य र पारिवारिक सम्बन्ध

अग्निप्रसाद उपाध्याय/खनाल
दुल्लु नगरपालिका-३, सानगाउँ
दैलेख

हाम्रो सनातन धर्मअनुसार पुरुषको भन्दा नारीहरूको कर्तव्य ज्यादा देखाइएको छ । पुरुषको भन्दा नारीको क्षमता हर विषयमा बढी नै देखाइएको छ, जुन यसप्रकार छ :

१. भोजन गर्ने क्षमता २ गुणा,

२. बुद्धि ४ गुणा,

३. साहास ६ गुणा,

४. कार्य ८ गुणा ।

आदि विषयवस्तुको क्षमता बढी मात्रामा नारीहरूकै हुने भएको हुनाले नारीहरूलाई सनातन धर्मले अग्रस्थानमा राखेको छ । यसका साथै नारीहरूका अरू तीनओटा कर्तव्य हुन्छन् :

१. माइती कुलको इज्जत राख्नु,

२. श्रीमान्को घरको इज्जत राख्नु,

३. मावली कुलको इज्जत राख्नु ।

यिनै तीन कुराको पूरा जिम्मेवारी नारीहरूका लागि अत्यावश्यक छ । माथि उल्लेखित नियमको पालनाभित्र हाम्रा एकजना फुपू पर्नुहुन्छ । दैलेख जिल्ला दुल्लु माजखण्ड नेपा सानगाउँ भन्ने ठाउँमा बस्नुहुने मेरा जेष्ठ पितामह (जेठाबाजे) चूडामणि उपाध्यायको कोखबाट संवत् १९५५ सालमा जन्मिनुभएकी ठुली फुपू राधिका नामले चर्चित हुनुहुन्थ्यो । उहाँको शुभविवाह अछाम जिल्ला ढकारी-८, घोडासैन, माजी मुलेगडा भन्ने ठाउँमा जन्मिनुभएका फुपाजु शिवराम उपाध्यायसँग विवाह सुसम्पन्न भएको थियो । यसैगरी ठुली फुपूले आफूले गर्नुपर्ने कर्तव्यको पालना गरी श्रीमान्का घरको सम्पूर्ण जिम्मेवारी सम्हाल्दै उहाँका कोखबाट चार भाइ छोराहरू जन्मिनुभएको थियो । उहाँका कोखबाट जन्मिनुभएका चारभाइ छोराहरूले आआफ्नो कर्तव्यको पालना गर्नुभएको थियो । जसमध्ये उहाँका माहिला छोरा उदयराम उपाध्यायको विशेष रहेको देखिन्छ । किनभने उहाँ गाउँघर छरछिमेका एक कुशल व्यक्ति हुनुहुन्थ्यो । वि.सं. १९७७ साल, असार महिनाको ३० गतेका दिन जन्मिनुभएका फुपूका छोरा दाजु उदयरामका बारेमा मेरा पिताजीका भनाइअनुसार उहाँको बाल्य जीवनकाल सुखमय तरिकाले बितेको थियो ।

मेरा पिताजीका आफ्नै मामाका छोरा भएकाले उहाँसँग लामो समयसम्म अर्थात् झन्डै सत्ताइस वर्षसम्म एक ठाउँमा बस्नुभएको र साथसंगत गर्नुभएको हुनाले पनि मेरा पिताजीलाई धेरै कुराको जानकारी थियो । उहाँले भन्नुहुन्थ्यो, 'त्यतिखेरको पढेलेखेका पण्डितहरूमध्ये घोडासैनी परिवारका एकजना प्रमुख व्यक्ति हुनुहुन्थ्यो ।' वेदको ज्ञान भएको हुनाले कर्मकाण्डी ब्रह्यमणहरूमा पहिलो स्थानमा हुनुहुन्थ्यो । ज्योतिषशास्त्रमा उहाँको गहिरो ज्ञान छ, उहाँले भनेको पुग्छ भन्ने जनविश्वास थियो । उहाँले ज्योतिष काम गरेर भरपर्दो विश्वास कमाउनुभएको थियो । वेद पढ्दा र स्तोत्र वाचन गर्दा सुरिलो भाकामा वाचन गर्नुहुन्थ्यो । उहाँको स्वर पनि मिठो थियो । मिठो स्वरमा वाचन गर्ने भएकाले रामायण, कृष्णचरित्र, देवीभागवत र गीताको वाचन गर्दा सुन्ने जनमानसका आँखाबाट आँसु बर्सन्थे । उहाँले अछामका विभिन्न ठाउँका गाउँघर, टोल छरछिमेकका साधारण जनतालाई शिक्षा दिनुभएकाले अछाम जिल्लाका सम्मानित व्यक्ति हुनुहुन्थ्यो ।' यी सबै कुराको जानकारी मेरा ठुलाबुबा, ठुलीआमा र बुबाबाट पाएको हुँ । उहाँ जनप्रिय व्यक्तित्व भएकाले उहाँलाई भविष्यमा पनि सम्झिरहने छन् । यता मेरा पिताजीको मावली घर पनि उहाँको घर नै भएकाले मावली परिवारको सम्पूर्ण वातावरण पनि थाहा थियो । किनभने दैलेख जिल्ला दुल्लु माझखण्ड नेपा सानगाउँ भन्ने ठाउँमा १९३९ सालमा जन्मिनुभएका मेरा हजुरबुबा गोपालप्रसाद उपाध्याय (ढुन्के पाध्ये स्थानीय परिचित नाम) को शुभ विवाह अछाम जिल्ला घोडासैन माजी मुलेगडा शिवरामकी दिदी उदयरामलगायत चार भाइकी फुपू देउमादेवीसँग भएको थियो । उहाँको विवाह १९६४ सालतिर भएको थियो । देउमादेवीका कोखबाट तीन भाइ छोरामात्र जन्मिनुभएको थियो । जेठा ठुलाबुबा मोतीराम (स्थानीय नाम गैचो पाध्या), माहिला रुद्र (स्थानीय नाम रुन्चु पाध्या), कान्छा पदमप्रसाद (स्थानीय नाम आउँसे पाध्या), हुन् । बजै देउमादेवी आफ्ना बुबाको स्वर्गवास र आमा र भाइ अछाम गएपछि उहाँ पनि आफ्ना सन्तान लिएर वि.सं. १९८० तिर अछाम जानुभयो । उहाँ माजीमै बस्न थाल्नुभयो । त्यहीँ माहिलाबुबा रुद्रको मृत्यु १९९२ देखि २००६ सालका बिच भएको थियो रे ! साथै २००७ सालमा अछाम जिल्लाबाट फेरि दैलेख जिल्ला आउनुभएको थियो रे ! हजुरआमा देउमादेवीको देहान्त २०२३ सालमा भएको थियो । त्यसै सालमा ठुलाबुबाको पनि मृत्यु भएको थियो रे !  यसरी मैले थाहा पाएसम्मको जानकारी दिएको छु ।

# खण्ड 'ख'
# गुरुकुल/पाठशाला सञ्चालन र शिक्षण कार्यको सम्झना

# वेदका गुरु

रामनाथ उपाध्याय तिमल्सिना
कुइका, रिसडा, अछाम (भूपू प्रधानपञ्च)
हाल : टीकापुर, कैलाली

मेरो शिक्षारम्भ गुरु पं. उदयराम उपाध्यायबाट भएको हो। मैले उहाँसँग रिसडामा पढेको हुँ। त्यतिखेर उहाँसँग पढ्ने विद्यार्थीहरूमध्ये मनिराज देवकोटा, विष्णुभक्त उपाध्याय (तिमल्सिना), जेउडे उपाध्याय, गुरुका भतिजा प्रभुनाथ उपाध्याय र मलगायत थियौँ। उहाँ भर्खर स्वर्गद्वारीमा पढेर आउनुभएको थियो। उहाँ करिब दुई घण्टा लगाएर पूजा पाठ गर्नुहुन्थ्यो। धाराको मूलमा घुम्टो हालेर बस्नुहुन्थ्यो। हरि: ॐ भनेर लामो सास तान्नुहुन्थ्यो। उहाँको जति लामो सास हाम्रो पुग्दैनथ्यो। उहाँले जसरी वेद पढाउनुहुन्थ्यो त्यस्तो शैलीबाट वेद पढाउने बाउनहरू अहिले देखिँदैनन्। उहाँले सार हालेर, ह्रस्व, दीर्घको मात्रा मिलाई उदात्त, अनुदात्त र स्वरित भेदले उच्चारण र त्यसको सार हानेर पढ्ने र हामीलाई पनि त्यसरी नै सिकाउने गर्नुहुन्थ्यो।

उहाँ कुइका आएर सुरुमा मनिराज देवकोटाका घर बस्नुभयो। त्यसपछि मेरा घरमा बस्नुभएको हो। मनिराज देवकोटाकी बज्यै र मेरी बज्यै एक बहिनी हुन्। त्यही नाताले हामी दाजुभाइ भयौँ। अनि गुरुज्यूकी भाइ बुहारी पनि हाम्री फुपू हुन्। उहाँका साहिँला भाइले बिहे गरेकी। यस्तै मेरा बुबा र गुरु उदयराम उपाध्यायका बुबा दोनला भाइ हुनुभयो। उहाँहरूको माइती रिमा हो। दिदीबहिनीका छोरा हुनुभयो। बाँडाबस्तीका सन्यासी उपाध्याय ढुङ्गानाकी आमा, मेरी बज्यै र गुरुकी बज्यै दिदीबहिनी हुनुहुँदो रहेछ। यसरी हाम्रो पुरानो नाता पनि थियो तर पाठशालामा हामी उहाँका विद्यार्थी थियौँ। मेरो जन्म वि.सं.१९९४ सालमा भएको हो। मेरो व्रतबन्ध ६ वर्षको उमेरमा भयो। गर्भसहित ७ वर्ष गनेर मेरो बिहे भएको हो। मेरा बुबा २००७ सालमा बित्नुभएको हो। मैले नै काजक्रिया गरेको हुँ। हामीले गुरुसँग पढेको त्यसअघि हो। करिब १ वर्ष हामीले पढेका हौँ। म सानै भएकाले ॐ भन्दाखेरि मेरो सास पुग्दैनथ्यो। पढ्ने भनेपछि दक्षिणाको कुरा उठ्यो। दक्षिणा त हुँदैन हामी दोनला भाइका सन्तान भयौँ भन्ने कुरा त्यतिखेरै भएको म सम्झन्छु।

व्रतबन्ध नगरेकाहरूले वेद पढ्न पाउँदैनथे। हामी दुई काका र भतिजा साना थियौँ। मनिराज देवकोटा र चानपुन्ने गडाका जेउडु उपाध्याय अलि ठुला हुनुहुन्थ्यो। गुरु हाम्रा घर दुई वर्ष बस्नुभयो। दश अध्यायसम्म वेद हाम्रो मुखाग्र थियो। हामी उहाँका अगाडि बसेर पढ्थ्यौँ। उहाँले एकपटक भनेर हामीलाई दोहोऱ्याउन लगाउनुहुन्थ्यो आफू हामीले कसरी पढ्छौँ त्यो हेरिराख्नुहुन्थ्यो।

हामीले बिगाऱ्यौँ भने फेरि पढ्न लगाउनुहुन्थ्यो। त्यतिबेला गुरुलाई खान बस्न हाम्रै घरमा व्यवस्था थियो तर पढाएवापत् के दिन्थे त्यो हामीलाई थाहा भएन। उहाँका अगाडि वेद पढ्दा बिगार्न पाइँदैनथ्यो। धेरै बिगाऱ्यो भने हप्काउनुहुन्थ्यो। गल्ती गरेपछि सार, ह्रस्व, दीर्घ र मात्रा मिलाई सुधारेर भन्न सिकाउनुहुन्थ्यो।

उहाँले वेद पढाउँदाखेरि गजर हालेर (सुखासन) बायाँ हात काखमा तेर्सो पार्ने र दायाँ हात दायाँ घुँडामा बायाँ हातको मुड्कीमा कुहिनो राखेर दायाँ हातले सार हान्नुपर्थ्यो। ह्रस्व, दीर्घ, मात्रा, उदात्त, अनुदात्त र स्वरितको भेद छुट्याएर पढाउनुहुन्थ्यो। अहिलेका बाउनहरूले त्यसरी पढ्न जान्दैनन्। उहाँको जस्तो वेद पढ्ने र पढाउने सिप अबका बाउनहरूमा देखिँदैन। त्यतिखेर म सानै थिएँ। मनिराज देवकोटा मभन्दा धेरै ठुला हुनुहुन्थ्यो। सुरुमा त एक महिना जति मनिराज देवकोटाका घरमा बसेर पढेका हौँ। पछि त्यहाँ साँघुरो भएपछि हाम्रा घरमा पढ्न थाल्यौँ। मेरा बुबाले मलाई वेद पढाउने भने र गुरुसँग सम्पर्क गरेर पढ्ने व्यवस्था मिलाउनुभएको थियो। त्यसैले यो २००७ सालभन्दा अघिको कुरा हो। पछि विनायकबाट फर्किएर विष्णुभक्त उपाध्यायलाई चिना बनाउन पनि सिकाउनुभएको थियो। त्यो विनायक पढाएर आई पढाउनुभएको हो कि जस्तो लाग्छ।

गुरुले जसले पकाएको पनि खानुहुँदैनथ्यो। उहाँ मेरी आमाले पकाएको भने खानुहुन्थ्यो। गुरु पढाउँदा पढाउँदै विनायक जानुभयो। पछि भाइलाई पढाउन मैले साहिँला दाजु भूमिनन्दलाई ल्याएर दुई वर्ष पढाउन लगाएँ। उहाँलाई गुरुले नै पढाउनुभएकाले उहाँ पनि त्यस्तै विद्वान् हुनुहुन्थ्यो। त्यतिबेला उहाँ पढाउन बसेपछि घर जान पाउनुभएन। खेतीपाती गर्न भ्याउनुभएन। पढ्ने विद्यार्थीहरूका आमाबुबालाई बाँजाखेत रोपाएर त्यसको धान उहाँका घर पठाउने काम पनि गराएको थिएँ।

कुइका पढाउनुभएपछि गुरुसँग बजगाउँ, माजी र कैलालीमा पनि भेट भएको थियो। म माजी उहाँका घर गएको थिएँ धेरै पहिले नै हो। पछिल्लो पटक कैलालीको पहाडीपुरमा मलाई भेट गर्न आउनुभएको थियो। त्यतिबेला पहिलाको जस्तो दैनिकी थिएन। यो २०४१/२०४२ सालतिरको कुरा हो। यो नै मेरो उहाँसँगको अन्तिम भेट बन्यो।

# सारयुक्त वेदका गुरु

विष्णुभक्त बजगाईं
विनायक, अछाम
हाल : बगनाह, बर्दिया

अछाममा मैले जान्दाखेरि सारयुक्त वेद पढ्ने र पढाउनेहरू कोही थिएनन्। एक त पढेलेखेका मान्छेहरूको कमी थियो त्यसमाथि शुद्ध सारयुक्त वेद पढाउने मान्छेको कमी हुनु स्वाभाविक कुरा हो। पं. उदयराम उपाध्यायज्यूले नै सारयुक्त वेद पढाउने कामको थालनी गर्नुभएको हो । मैले उहाँसँग चण्डी, रुद्री र वेद पढेको हुँ । वेदको अर्थसहित त होइन तर त्यसका उदात्त, अनुदात्त र स्वरित भेदअनुसार तिनका सार कसरी लगाउनुपर्छ भन्ने कुरा हामीलाई उहाँले ने सिकाउनुभएको हो।

उहाँले खुट्टाको गोलीगाँठासम्म धोती लगाउनुहुन्थ्यो । उहाँका टपक्क मिलेका दाँत हाँस्दाखेरि झकक्क देखिन्थे। उहाँ प्रतिदिन कोइलाले दाँत माझ्नुहुन्थ्यो। उहाँको मुहार तेजिलो र हँसिलो थियो। कुनै कुनै बेला बढी हाँस्नुहुन्थ्यो। सरस्वती वन्दनाबाट प्रतिदिन शिक्षारम्भ हुन्थ्यो। त्यस पाठशालाका विद्यार्थीहरू नन्दकृष्ण बजगाईं, प्रजापति बजगाईं, रुपानन्द बजगाईं, नरहरि बजगाईं, देवानन्द बजगाईं, टीकाराम बजगाईं, नन्दाराम बजगाईं, प्रभुनाथ उपाध्याय (गुरुका भतिजा), पद्माखर उपाध्याय (गुरुका भाइ नाता पर्ने) र म भानुभक्तलगायत अरू पनि केही थियौँ। उहाँ करिब दुई वर्षजति विनायक बस्नुभएको हो। दुईओटा घरका बिचमा खलो थियो। कुष्माखर जोशी जसलाई चाइने जोइसी भनेर सबैले चिन्थे। उहाँ मेरा जेठाबुबा हुनुहुन्छ। उहाँको एउटा अतिरिक्त नौलो घर थियो। गुरुज्यू त्यहीँ बस्नुहुन्थ्यो। खाना आलोपालो गरेर खुवाउने व्यवस्था थियो। हामी कहाँ पढ्ने भनी अलमलमा थियौँ। हामी डढेल्धुरा पनि गयौँ। त्यहाँको संस्कृत विद्यालयमा कुनै प्रमाणपत्र नभई कक्षा पाँचमा भर्ना हुँदैन भनेपछि हामी घर फर्कियौँ। त्यसपछि हामी विद्यालयको खोजीमा थियौँ। माजी लाम्पाटाका प्रभुनाथ उपाध्यायकी बहिनी चाइने जोइसीकी बुहारी हुन्। यसै सम्बन्धले माजीमा उहाँको सम्पर्क थियो। माजीका मान्छेले स्वर्गद्वारीमा पढेर आउनुभएको छ भन्ने खबर छिट्टै थाहा पाउने माध्यम यही बनेको थियो। हाम्रा जेठाबुबा चाइने जोइसीले नै उहाँलाई बोलाएर ल्याई शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनुभयो।

त्यतिबेला शिक्षकलाई के कस्तो पारिश्रमिक दिने व्यवस्था थियो त्यस विषयमा हामीलाई जानकारी भएन। वेदका केही किताबहरू त हामीहरूसँग पनि थिए घरमा। कखरा प्रायः हामीले

सिकेका थियौँ। हाम्रो प्रारम्भिक शिक्षा औपचारिक रूपमा उहाँबाटै थालनी भयो। उहाँले त्यहाँ पढाएर फिर्ता भएपछि भेटघाट हुन सकेन। उहाँका साहिँला भाइ भूमिनन्दज्यूसँग भने भेट भएको थियो। उहाँ कुइका पढाउँदा कर्मकाण्ड गर्न आउँदा भेट भएको थियो। पछि म बर्दिया बगनाहा आएँ। यतै पढेर शिक्षण पेसामा लागेँ र अहिले अवकाशप्राप्त भइसकेको छु।

उहाँ पनि अछामबाट बसाइँ सरेर पछि भुडेभावर आउनुभयो। त्यहाँ उहाँले मानव प्राणी एउटै हौँ भन्ने विचारलाई लिएर अघि बढ्नुभयो। मैले त विनायकमा उहाँसँग पढेपछि भेट गर्न पाइनँ तर अरूले भनेको सुनेको कुरा हो। उहाँलाई धर्म छाडा भन्ने आरोप लगाए। छोराको बिहे गर्न क्रममा छोरी पनि दिन मानेनन् भन्ने सुनेँ। उहाँको पान्डित्याइँ अब केही छैन भन्ने मैले सुनेको हुँ। पछिल्ला दिनमा मैले जम्मा एक दिन राधास्वामी सत्संग व्यासद्वारा सञ्चालित सत्संग सुनेँ र मलाई वास्तविकताको बोध भयो।

संसारका धर्महरूको सार नै राधास्वामीको विचारधारा रहेछ। प्रवचन दिने व्यक्तिबाहेक सबैको बस्ने ठाउँ समान र एकनासको हुने रहेछ। यो समानताको मार्ग हो। मानिसहरूले उहाँलाई बुझेनन्। उहाँलाई अनावश्यक दुख दिए। यो उनीहरूको अमानवीय व्यवहार हो। धर्मको वास्तविक मर्म त उहाँले नै बुझ्नुभएको थियो। उहाँ त्यसको गहिराइमा जानुभएको थियो। 'सत्यमेव जयते' अन्ततः सत्यको नै जित हुन्छ। उहाँको विचार आज धेरैले बुझेका छन्। यो हिन्दुधर्म होइन भन्ने र टिकाटिप्पणी गर्ने कुराबाट मैले त आफूलाई अगल राखेको छु। म सप्ताह, नवाह पनि सुन्छु। म न प्रणामी हुँ, न राधे राधे हुँ तर म उत्तम कुरालाई सधैँ उत्तम नै भन्छु।

# मेरा सम्झनामा माहिला बुबा

प्रभुनाथ उपाध्याय घोडासैनी
माजी, मुलेगडा, अछाम

मेरो बाल्यकालमा मैले घरमा माहिला बुबालाई धेरै पछि मात्रै देखेको हुँ । मेरो जन्म वि.सं.१९९८ सालमा भएको हो । त्यतिबेला माहिला बुबा स्वर्गद्वारी आश्रम प्युठानमा अध्ययन गर्न जानुभएको रहेछ । उहाँ कसरी कहिले स्वर्गद्वारी जानुभयो त्यसबारे मैले जानकारी पाएको अरूले जस्तै सुनेरै हो । उहाँ घरबाट भागेर पढ्न जानुभएको हो भन्ने सुनेको हुँ । उहाँ घरबाट भागेर आफ्नै रहरले पढ्न जानुभएको हो । उहाँले त्यहाँ करिब ६-७ वर्षसम्म लगातार बसेर वेद, वेदाङ्ग, ज्योतिष र तन्त्रमन्त्रसम्बन्धी अध्ययन गर्नुभयो । मैले ६-७ वर्षको उमेर भएपछि माहिला बुबालाई माहिला बुबा भनेर चिनेको हुँ । मेरो जन्म र बाल्यकालभरि उहाँले अध्ययन गरी माजी र कुइकामा पढाइसक्नुभएको थियो । मेरो अक्षरारम्भ हुने बेला उहाँले मलाई आफूसँग विनायक लैजानुभयो । मैले उहाँलाई राम्रोसँग चिनेको विनायक पढ्न गएपछि हो । उहाँले विनायक पढाउन जाँदा मलाई पनि सँगै लिएर जानुभएको हो । त्यसअघि उहाँ पढाउने सिलसिलामा नन्दपुर (रिमा) तथा कुइकामा बस्नुहुथ्यो । विनायकमा माहिला बुबासँगै म र काका पद्माखर पनि थियौँ एकै परिवारका । हामीलाई बस्ने, खाने र पढ्ने सबै व्यवस्था माहिला बुबाबाटै गरिएको थियो ।

मेरो उमेर त्यही ६/७ वर्षको हुँदो हो जतिबेला मैले उहाँलाई माहिला बुबा भनेर चिनेँ । मेरो व्रतबन्ध भयो अनि म विनायक उहाँसँग पढ्न गएको सम्झन्छु । विनायकमा गएको त्यही वि.सं. २००७ तिरको कुरा हो । विनायकमा दुई वर्षजति पढाउनुभयो । त्यहीँ उहाँले ज्योतिषसम्बन्धी थप अध्ययन गरी चिना बनाउन पनि सिक्नुभयो । विनायकपछि फेरि कुइकामा पढाउनुभयो । म कुइकामा पनि उहाँसँगै थिएँ । कुइकामा विष्णुभक्त उपाध्यायलाई चिना बनाउन सिकाएपछि बजगाउँ आउनुभयो । बजगाउँका मोतीराम अधिकारीले आफ्ना छोरा हिरा अधिकारीलाई चिना बनाउन सिकाइदिन बोलाउनुभयो । उहाँले आग्रहलाई स्वीकारी त्यहाँ गएर हिरा अधिकारीलाई चिना गर्न्न सिकाउनुभयो । त्यसपछि घोडासैनमा पढाउनुभयो ।

उहाँले विनायक पढाउँदै गर्दा बजगाउँबाट बिहे भयो । सुरुमा उहाँको बिहे गर्ने मनसाय थिएन । परिवार र आफन्तजनले धेरै कर गरेपछि उहाँ बिहेका लागि तयार हुनुभएको हो भन्ने सुनेको थिएँ । घोडासैनपछि पनि उहाँले बस्ती, ढकारी, ढाङ्टा आदि स्थानमा पढाउनुभयो । म घोडासैनसम्म मात्रै उहाँसँग सँगै थिएँ । त्यसपछि मलाई मेरो घरपरिवारमा ध्यान दिनुपर्ने अवस्था सिर्जना भयो । उहाँले माजी, कुइका, विनायक, बजगाउँ, घोडासैन, बस्ती, ढकारी, ध्यानेवस्ता, पिपलतडा आदि विभिन्न ठाउँमा शिक्षा दिनुभएको थियो । मैले उहाँबाट धेरै कुरा सिकेको छु । उहाँ मेरा लागि सधैँ आदरणीय र स्मरणीय हुनुहुन्छ ।

# मेरा गुरुरूपी दाजु

पद्माखर उपाध्याय घोडासैनी
माजी, लेकगाउँ, अछाम

मेरो शिक्षारम्भ विनायकमा भएको हो । त्यतिबेला जतासुकै विद्यालयहरू थिएनन् । एक त पढेलेखेका धेरै मानिसहरू नै थिएनन् । पं. उदयराम उपाध्यायज्यूले विनायक पढाउन सुरु गर्ने बेला मलाई पनि त्यहाँ पुऱ्याइएको थियो । मेरी जेठी आमाको माइती घर त्यहीँ विनायक भएकाले मलाई त्यहाँ पढ्न पठाइएको थियो । म जेठी आमाका माइतीका घर बस्थेँ त्यहाँ बसुन्जेल मलाई खानबस्न कुनै समस्या परेन । पं. उदयराम उपाध्याय नाताले मेरा दाजु हुनुहुन्छ । मैले उहाँलाई माजीमा हुँदा चिनेको थिइनँ । उहाँको र हाम्रो घर धेरै टाढा त होइन तर म केटाकेटी उमेरको थिएँ । मेरो व्रतबन्ध गरेर भर्खर पढ्न गएपछि उहाँलाई विनायककै पाठशालामा चिनेको हुँ । उहाँले मलाई अक्षर, मात्रा, कवच, चण्डी र रुद्री पढाउनुभएको हो । त्यसैले उहाँ मेरा गुरु पनि हुनुहुन्छ । उहाँ करिब दुई वर्ष त्यहाँ बस्नुभएको थियो । उहाँ बसुन्जेल मैले उहाँसँगै पढेको हुँ । सबै वेद र चिना बनाउन सक्ने त म हुन सकिनँ ।

विनायकमा पढ्दा त्यस पाठशालाका विद्यार्थीहरू नन्दकृष्ण बजगाईं, प्रजापति बजगाईं, रुपानन्द बजगाईं, नरहरि बजगाईं, देवानन्द बजगाईं, टीकाराम बजगाईं, नन्दाराम बजगाईं, भानुभक्त बजगाईं, प्रभुनाथ उपाध्याय (मुलेगडाका भतिजा), नन्दकृष्ण रेग्मीका छोरा (कफल खेत, उनको नाम कालु भन्थे), मलगायत अरू पनि केही थियौँ।

त्यसबेला गुरुको पहिरन अरूको भन्दा फरक थियो । उहाँले कम्मरमुनि सेतो धोती, पैतालासम्म पुग्ने गरेर लगाउनुहुन्थ्यो । निधारमा त्रिपुण्ड र गलामा रुद्राक्षको माला लगाउनुहुन्थ्यो । उहाँको गलबन्दी सधैँ टाउकामा हुन्थ्यो । साँझबिहान गीता पाठ र सन्ध्या, ध्यान तथा पूजा गर्नुहुन्थ्यो । आफ्नो दैनिक नित्यक्रिया सकेपछि विद्यार्थीहरूलाई पढाउनुहुन्थ्यो ।

उहाँले विनायक पढाएको दुई वर्षपछि कुइकाका विष्णुभक्त उपाध्याय (तिमिल्सिना) का घरमा बसेर उहाँलाई वेद र ज्योतिष पढाउनुभएको हो । त्यसपछि उहाँले बजागाउँका मोतीराम अधिकारीका छोरा हिरा अधिकारीलाई चिना बनाउन सिकाउनुभयो । त्यहाँ अरू पनि धेरै विद्यार्थीहरू थिए ।

बजगाउँपछि पनि उहाँले बाँडाबस्ती, ढकारी, घोडासैन, माजी तथा ढाङ्टामा गएर शिक्षा दिनुभयो। घोडासैनका लोकमान बिष्ट 'राइटर' का घरमा पाठशाला सञ्चालन गर्नुभयो। त्यहाँ वेद सबै पढ्ने कोही भएन् तर साक्षर भने धेरै भए। प्रारम्भिक शिक्षाका लागि निकै राम्रो वातावरण बन्यो। त्यसलाई आधार बनाएर पछि आधुनिक विद्यालय सञ्चालन गरियो।

दुवाडीका पदम उपाध्याय, बजगाउँका गङ्गे जैसी र पं. उदयराम दाजु यी तीनजना सँगै स्वर्गद्वारी आश्रम प्युठानमा पढ्न जानुभएको थियो। उहाँहरू दुईजना केही महिनामै घर फर्किनुभयो। दाजुले भने ६ वर्षसम्म निरन्तर अध्ययन गरेर फर्किनुभयो। सुरुमा बिहे गर्दिनँ भन्नुहुन्थ्यो रे ! पछि उहाँका जेठा दाजु, आमा र मुखिया दाजुको जोडबलले उहाँको बिहे बजगाउँका रङ्गनाथ (नारु) स्वारकी छोरीसँग भयो।

# शिक्षा र दीक्षाका गुरु

जयलाल बजगाई
बजगाउँ, अछाम
हाल घाटगाउँ, सुर्खेत

पं. उदयराम उपाध्यायज्यूले २०१२ सालमा बजगाउँमा पढाउनुहुन्थ्यो । त्यतिबेला बलानाका खानमा गुरुकुल सञ्चालनमा थियो । उहाँ त्यतिबेलाका मुखिया गोरे कठायतका घरमा बस्नुहुन्थ्यो । मैले उहाँसँग त्यहीँ पढेको हुँ । मेरो अक्षरारम्भदेखि चण्डी र श्राद्धपद्धति पढेको हुँ । त्यहाँ उहाँले करिब एक वर्षजति पढाउनुभएको हो । त्यतिबेला महिनाको तीन रुपियाँ शुल्क दिनुपर्थ्यो । त्यस पाठशालामा धेरै थरिका विद्यार्थीहरू थिए । कोही अक्षरारम्भ गर्दै थिए- मजस्ता । कोही अक्षर चिनेका विद्यार्थी पनि थिए । कोही सामान्य लेखपढ गर्न जानेका थिए । विद्यार्थीको शिक्षाको स्तरअनुसार उहाँले त्यहाँ पढाउनुभएको हो । कसैले चिनासमेत बनाउन सिके, कसैले वेद पढे । मेरो त व्रतबन्ध पनि उहाँले नै गर्नुभएको हो । उहाँ मेरा गायत्री मन्त्र दिने गुरु पनि हुनुहुन्छ । त्यतिबेला उहाँ धेरै जानेबुझेका पढेलेखेका सिपालु हुनुहुन्थ्यो । उहाँलाई वेद कण्ठ थियो । बालबच्चालाई बुटी बाँध्ने ओख्तोमुलो गर्ने पनि गर्नुहुन्थ्यो ।

हिउँदमा ६ देखि ८ महिना बलानाको खानमा गुरुकुल पाठशालामा पढाउनुहुन्थ्यो । उहाँले वेद, कवच, रुद्री, चण्डी, ज्योतिष, जन्तरमन्तर, जुडीबुटीसम्बन्धी शिक्षा दिने गर्नुहुन्थ्यो । पाठशालामा ३० देखि ३५ जना विद्यार्थीहरू थिए । तिनीहरूमध्ये केहीका नाम निम्नलिखित छन् : जयलाल बजगाई, सिउरे कठायत, मनिराज देवकोटा, उमाकान्त अधिकारी, कृष्ण अधिकारी, मदनराज बजगाई र रङ्गनाथ बजगाई आदि विद्यार्थीहरूका नाम म अझै सम्झन्छु । उहाँ काँठे धोती लगाउनुहुन्थ्यो । बाहिर धोती, कुर्ता, सुरुवाल र लगौँटी लगाउनुहुन्थ्यो । बिहान घुम्टो हालेर पूजा पाठ गर्नुहुन्थ्यो । खितखित गरेर हाँस्नुहुन्थ्यो । उहाँ सात्विक विचारका शाकाहारी व्यक्ति भएकाले धेरै जसो दुधभात खानुहुन्थ्यो । निधारमा खरानीको वा पहेँलो टिका लगाउनुहुन्थ्यो । गलामा रुद्राक्षको माला लगाउनुहुन्थ्यो । उहाँ वेद, ज्योतिष, कर्मकाण्ड, झारफुक तथा औषधीउपचार गर्ने व्यक्तिका रूपमा प्रख्यात हुनुहुन्थ्यो ।

केही समयपछि मैले बजगाउँ छोडेर तलुनी गएँ । त्यतैबाट सुर्खेतको घाटगाउँ आएँ । उहाँसँग बिचमा धेरै वर्ष भेटघाट भएन । वि.सं. २०३८ सालको असारमा हामी दुई भाइ माजी गएका थियौँ । दाजु फर्किहाल्नुभयो म करिब १६/१७ दिनजति त्यहाँ बसेँ । त्यतिबेला भर्खर धेरै मानिसहरूलाई बहुलाहा कुकुरले टोकेर उहाँकहाँ आई उपचार गरेर निको भएको भन्ने मैले सुनेको थिएँ । मलाई पनि उहाँले बहुलाहा कुकुरले टोकेको निको पार्ने मन्त्र सिकाउनुभएको थियो । उहाँका हस्ताक्षर एकदमै राम्रा र स्पष्ट थिए । उहाँले आफैँ लेखेर दिनुभएको मन्त्र र जन्त्रको किताब अझै पनि मसँग सुरक्षित छ ।

# लुकीचोरी बनेकी शिष्या

जमुनादेवी उपाध्याय बसुट्याल
घोडासैन, फेरेबाटा, अछाम

कौसिलादेवी र म बाल साथी हौँ। नाताले हामी म फुपू उनी मेरी भदै हुन्। उनको जन्म मभन्दा एक वर्षपछि भए पनि बिहे मभन्दा एक वर्षअघि भएको मलाई सम्झना छ। मलाई तिथि, मिति, साल थाहा छैन। मैले पं. उदयराम उपाध्यायज्यूलाई बलानाका खानमा पढाउन लागेको देखेकी हुँ। मेरा भाइहरूलाई त मेरा बुबाले घरै पढाउनुहुन्थ्यो। अरू छरछिमेकका सबै पढ्न जान्थे।

बिहेपछि पनि कौसिलादेवी र मेरो भेटघाट भइरहन्थ्यो। मेरो बिहे घोडासैन फेरेबाटामा भएको र यो माजी जाने बाटो भएकाले माइत आउँदा जाँदा पनि हाम्रो भेट हुन्थ्यो। बिहे हुँदा कौसिलादेवी सानी थिइन्। ज्वाइँको उमेर अलि बढी थियो। हामी मेला, पात वरपर साथै हुन्थ्यौँ। पं. उदयरामज्यूलाई मैले देख्दा लामालामा जुङा थिए। पैतालासम्म धोती बान्नुहुन्थ्यो। टाउकामा रातो गलबन्दी बान्नुहुन्थ्यो। मैले धेरै पछिसम्म उहाँलाई भेटेकी थिएँ। मेरो उहाँहरूसँग अन्तिम भेट माजीबाट सुर्खेत जाँदै गर्दा डाबका खेत नजिकका पसलमा भएको थियो। त्यसपछि उहाँहरूसँग भेट भएन।

उहाँले पढाउँदा विद्यार्थीहरू गोलो घेरामा बसेका हुन्थे। उहाँ एकातिर बसेर पढाउनुहुन्थ्यो। सुरुमा श्लोक वाचन गर्नुहुन्थ्यो। उहाँले वाचन गरेका र विद्यार्थीहरूले दोहोऱ्याएका श्लोकहरू मैले पनि धेरै पटक सुनेकी थिएँ, जुन आज पनि याद छन्-

एकै कालमहाँ आउँछ र झटपट स्नान गर्नू शुद्ध भै
गायत्री जपी पाठ गर्नू निष दिन् एक् चित्त मन्मा रही
पढ्दामा तिमीले नखानू कहिल्यै कोइ कालमा खुब् भई
मन्मा याद रहन्न पाठ जति हो मन्दोधार् मा परी।
पढ्नू पर्छ इलम् जतनले लाज्को बचावट गरी
लाज् मान्दैनौ तिमी भने यस बखत् म मानी लाज् क्या गरुँ
लाज् होला नपढे सबै जनहरू भन्नन् यो पाठशाला महाँ।

म त बलानामा पढ्न गएकी होइन। म आफ्ना गाईबाख्राकी गोठाली थिएँ। अरू भाइबहिनीहरू पढ्थे। उहाँले पढाउनुहुन्थ्यो। मैले उहाँले पढाएका बेला वरपर हिंड्दाखेरि दिनुहुँ

सुन्ने गरेकी थिएँ, त्यसैले सुनेर याद भएका हुन्। ती श्लोकहरू कसरी लेखिन्छन्, मलाई थाहा छैन। मेरो सम्झनामा भएका श्लोकमा केही गल्ती पनि हुन सक्छ। मैले त्यतिबेला सुनेका श्लोकहरू आज पनि सम्झेकी छु-

हे दुर्गे जगदम्बिके भगवती हे दैत्य सिंहासिनी
हे अम्बे भय लोचनी त्रिनयने हे कालि विजया तिमी
आयाँ पर्न शरण् लिनुहवस् मेरा उपर् प्रेम् गरी
दूखी छु अनाथ छु गरिब छु सेवक् हजुर्कै पनि
अष्टैसिद्धि अगल् बगल् बसी सदा पाउसदा पर्दछु।

मेलै लेख्न जानेकी छैन। उहिले छोरीलाई पढाउँदैनथे। अर्काको भाँडा माज्नेलाई किन पढाउने भन्थे। मैले पढेकी भए अहिले देश हाँक्ने थिएँ। म त आकाशका तारा टिप्थेँ। उतिबेला पढाउँदैनथे। अहिलेको सरकारले त छोरीलाई पनि पढाउन जोड दिएको छ। मैले त नपढेरै सुनेर यो याद गरेकी थिएँ। एक पटक होइन सुन्न त धेरै पटक सुनेकी हुँ। तै पनि सुनेको कुरा बिर्सिएकी छैन।

# मेरो शैक्षिक यात्रा

पदमराज कठायत
बजगाउँ, अछाम
हाल : टीकापुर, कैलाली

मैले शिक्षा गुरुज्यू पं. उदयराम उपाध्यायबाट लिएको हुँ । म पढ्दाखेरि बजगाउँको बलानाका चौरमा गुरुज्यूले पढाउनुहुन्थ्यो । उहाँको बसाइ नन्दकृष्ण (गोरे) कठायतका घरमा थियो । नन्दकृष्ण त्यतिबेलाका मुखिया हुनुहुन्थ्यो । नन्दकृष्णजीले नै आफ्ना गाउँसमाजका मानिसहरूले शिक्षा प्राप्त गरुन् भनी गुरुलाई आवास र भोजनको व्यवस्था गर्नुभएको थियो । कहिलेकाहीँ भोजनका लागि अरू विद्यार्थीका अभिभावकहरूले पनि बोलाउँथे । त्यस्तो बेला उहाँ बोलाएका ठाउँमा जानु पनि हुन्थ्यो । त्यतिखेर पन्ध्रबिसजना जति विद्यार्थीहरू पढ्न आउँथे । हामीलाई पढाएवापत् गुरुजीले कुनै शुल्क लिनुभएको मलाई थाहा छैन । बुबाले दिनुहुन्थ्यो कि त्यसबारे मलाई जानकारी छैन ।

मैले गुरुज्यूसँग अक्षरारम्भदेखि अङ्क, गणित आदि पढेँ । अक्षर र गणितका आधारभूत कुराहरू सिकेपछि पातडे सिलोक (पात्रो बनाउने श्लोक) पनि पढेको हुँ । यसैगरी कवच, चण्डी पनि पढेको थिएँ । त्यतिखेर मसँग पढ्ने सबै विद्यार्थीको नाम त सम्झना छैन । केही विद्यार्थीमध्ये बजगाउँका हिरा अधिकारी, बस्तीका खड्ग ढुङ्गाना र काशिराम ढुङ्गाना हुनुहुन्थ्यो । ढुङ्गानाहरू डुङ्ग्रीका जोइसीका घर उहाँहरूकी दिदी हुनुहुन्थ्यो त्यहीँ बस्थे । धेरैको नाम त बिर्सिसकेँ ।

प्रत्येक दिन सुरुमा सामुहिक रूपमा सरस्वती बन्दना गरेर मात्रै हामी पढ्न सुरु गर्थ्यौँ । हामीले गर्ने सरस्वती बन्दना 'सरस्वती मया दृष्टा वीणा पुस्तक धारिणी ....' थियो । त्यतिबेला बिहान साँझ पढाइ हुन्थ्यो । दिउँसो बिदा हुन्थ्यो । दिउँसो गाईगोरु चराउनुपर्ने वा घरको काममा पनि सघाउनुपर्ने हुन्थ्यो । उतिखेर समय पत्ता लगाउन पानी घडीको प्रयोग गरिन्थ्यो । हामी काठका पाटीमा लेखेर पढ्थ्यौँ । बाँसका पोखमा लेख्थ्यौँ । निगालाका कलम गुरुजीले नै बनाइदिनुहुन्थ्यो । बटुकामा मसी राखेर लेख्थ्यौँ । कटुजको मसी पनि आफैँ बनाउँथ्यौँ । धेरै दिन प्रयोग गरेको पाटी माझ्नुपर्थ्यो । पाटी माझ्न कोइला पिसेर रायोको पातको रसले मुछी पाटीमा दलेर त्यसलाई कालो बनाउँथ्यौँ । राती पनि पढ्थ्यौँ । पाठ कण्ठ गर्नुपर्थ्यो । पहिले पढेको पाठ पनि गुरुज्यू बेलाबेला सोध्नुहुन्थ्यो ।

पछि गुरुज्यू ढकारी पढाउन जानुभयो । म ढकारी पनि पढ्न गएँ । म ढकारीमा हिउँखर भण्डारीका घरमा बसेर पढेको हुँ । त्यो मेरा दाजुको ससुराली घर हो । गुरुज्यू ढकारीमा बस्नुहुन्थ्यो ।

ढकारीमा धरम भकारी पनि राखिएको थियो । धरम भकारीमा अनाज राख्थे । म त्यहाँ जाँदा धरम भकारी खाली थियो । म ढकारीमा एक वर्ष बसेर पढेँ । ढकारीमा पनि चण्डी, पातडे सिल्लोक, हिसाब आदि पढेँ । गुरुज्यू बिहान पूजापाठ गर्नुहुन्थ्यो । उहाँ त पिसाब गर्न जाँदा पनि पानी लिई जानुहुन्थ्यो । बाहिरी स्वच्छता र सरसफाईमा उहाँको ध्यान भएजस्तै मनको सफाईमा पनि जोड दिनुहुन्थ्यो । त्यो के भन्न खोज्नुभएको हो भन्ने कुरा हामीहरू त्यतिबेला बुझ्दैन्थ्यौँ । उहाँ खुसी भएका बेला खितखिताएर हाँस्नुहुन्थ्यो ।

# गुरुको सम्झना

खड्गराज ढुङ्गाना
मङ्गलसैन, बाँडाबस्ती, अछाम
हाल : नेपालगन्ज, बाँके

पं. उदयराम उपाध्याय गुरुसँग मैले दुई ठाउँमा शिक्षा हाँसिल गरेको छु । सुरुमा मैले उहाँसँग बजगाउँमा पढेको हुँ । त्यहाँ पढ्न जानुअघि मैले साउँ अक्षर चिनेको थिएँ । म त्यतिबेला त्यही १२-१३ वर्षको थिएँ । बजगाउँ डुग्रीमा मेरी दिदीको बिहे भएको थियो । पछि ससुराली पनि त्यतै भयो तर पढ्दा ससुराली भइसकेको थिएन । मैले दिदीका घर बसेर पढेको हुँ । त्यहाँ मैले गुरुसँग चण्डी पढेको हुँ । बजगाउँ बस्दा म आफ्नी दिदीका घर अनि गुरु बजगाउँका गोरे कठायतका घर बस्नुहुन्थ्यो । त्यसैले गुरुको नित्यक्रिया आदिका बारेमा मलाई त्यति जानकारी भएन ।

पछि गुरु बाँडाबस्तीमा पढाउन आउनुभयो । बुबाले गुरुलाई आफ्नै घरमा राखेर हामीलाई पढाउने व्यवस्था मिलाउनुभएको थियो । हाम्रा घर नजिकै देवीको थान थियो, त्यसलाई झिर्कुले माडु भन्छन्, त्यहीँ पढाइ हुन्थ्यो । अहिले त्यहीँनिर हाइ स्कुल छ । त्यहाँ काशिराम, मननाथ, धर्मराज, मलगायत अरू पनि गाउँका करिब २०-२५ जना विद्यार्थीहरू थियौँ । हामी बाहुनहरूले वेद र ज्योतिष पढ्थ्यौँ । थापाहरू साक्षर भएर चण्डी पढ्थे । सबैको एकै नासको पढाइको अवस्था थिएन । त्यतिबेला गुरुलाई कति पारिश्रमिक दिने व्यवस्था थियो त्यो त थाहा छैन । अरूका घरबाट खाद्यान्न आउँथ्यो । मेरो चिना उहाँले नै लेख्नुभएको हो । मेरो चिना लेखेको २ रुपियाँ पाचास पैसा चाँदीका दिनुभएको मलाई थाहा छ । यो शुल्क होइन स्वैच्छिक रूपमा दिइएको हो ।

गुरुको खाना सादा शाकाहारी हुन्थ्यो । पूजापाठमा एक डेढ घण्टा समय लगाउनुहुन्थ्यो । हाम्रा घरनजिक बरको रुख थियो । गुरु बिहान त्यही रुखका फेदमा घुम्टो हालेर ध्यान र जप गर्नुहुन्थ्यो । बाँडाबस्तीमा उहाँ करिब २ वर्षजति बस्नुभएको थियो । मैले उहाँसँग ३५ अध्याय शुक्ल यजुर्वेदको माध्यन्दिनीय शाखा पढेको हुँ । पढाइ सञ्चालन धेरै जसो बिहान र साँझपख हुन्थ्यो । पढाउँदै गर्दा गुरुलाई सन्चो नभएपछि उहाँ आफ्ना घर फर्किनुभयो । उहाँ बस्ती फिर्ता आउनुभएन । मेरो पनि घर बसाइ भएन ।

एक दिन साउनको महिना साँझको समय थियो । बुबा धामीको काममा थारा वा मोयकाँडा जानुभएको थियो । हामी बुडाबाँडाको घरमा बसेर पढ्दै थियौँ । ठुलो आगो बालेको थियो । १०/१५ जना विद्यार्थी थियौँ । कोही वेद पढ्दै थियौँ । कोही ज्योतिष र कोही चण्डी पढ्दै थियौँ । गुरुले

सिकाउँदै हुनुहुन्थ्यो । त्यहीँ नजिक एउटा खर्क थियो । त्यसको छानामा केही आएर भुइँचालो जस्तै गरी हल्लायो । हामी सबै डरायौँ । कोही कराउन र रुन थाले । गुरुले उठेर म यस राक्षसलाई लक्ष्मण रेखा हालेर थुन्छु भनी उठ्नुभयो । खरानी समातेर ढोकामा पुगेपछि उहाँलाई त्यसले तानेर लग्यो । उहाँ त्यसको पछिपछि निस्किनुभयो । कहाँ लग्यो कहाँ लग्यो । हामी डरायौँ । केही मेसो लागेन । अँधेरी रात, साउनको महिना, त्यसै डर हुने त्यसमाथि भूत हो कि के हो के हो ? अन्तमा त्यहीँ तल एउटा धामी थियो गोडे ल्वार धामी । हामीहरू त्यही धामीलाई बोलाउन गयौँ । धामीले पनि कतै जाने आँट गरेन । हामी पनि एक्लै न कतै जान सक्यौँ न घर फर्किन सक्यौँ । राती त्यहीँ ल्वारकै घर सुत्यौँ । बिहान उठेर आउँदा गुरु पनि हुनुहुन्न । दोस्रो दिन चारपाँच बजेतिर जङ्गलबाट नाच्दै, काँप्दै धुर्सुका दुई स्याउँला समाएर हल्लिँदै आउनुभयो । खानपिन, नभएर ओठमुख सुकेका थिए । त्यसपछि गुरुले बस्तीमा पढाउन छोडिदिनुभयो । राती कहाँ जानुभयो भन्ने केही जानकारी भएन । गुरु बस्तीबाट फिर्ता जानुभएपछि बुबालाई खबर दिन मान्छे पठायौँ । गुरु फर्किनुभएन वेदको पढाइ त्यत्तिकै रोकियो ।

त्यसको लगत्तै २०१५ सालको चुनाव आयो । म त्यसैमा लागेर इन्द्रसिंह रावलसँग काठमाडौँ आएँ । नक्साल रात्री पाठशालाबाट एसएलसी र त्रिचन्द्र कलेजबाट आइकम र बिकम पास गरेँ । भूमिसुधारमा जागिर सुरु गरेर विभिन्न कार्यालय हुँदै अधिकृतबाट २०५८ सालमा अवकाश प्राप्त गरेर नेपालगन्जमा बस्न थालेँ । मेरा शिक्षाको आधार बजगाउँ र बस्ती हो । मैले त्यसलाई काठमाडौँसम्म निरन्तरता दिनसकेँ ।

बहिनीको बिहेहुनुभन्दा पहिले पनि हाम्रो नातासम्बन्ध थियो । रिमा लम्सिला चिन्तु उपाध्याय (रिमाल) गुरुका बुबाका मामा हुनुहुन्छ । उहाँकी सानी आमा र मेरी हजुरआमा दिदीबहिनी हुनुहुन्छ । यसरी गुरुकी आमा र मेरी बजै दिदीबहिनी हुनुहुन्छ । मेरी बजैका सन्तान जन्मिँदै मर्दै गएकाले दिदीसँग यसको औषधी गरेर बुबाको जन्म भयो । हजुरआमाका अरू सन्तान बिते उहाँलाई पनि मरेजस्तै देखेपछि खाल्टामा राख्नुभएछ । पछि हलचल भएर बाँचेपछि सन्यासी नाम राखेका हुन् । बुबाको खास नाम रुपानन्द हो तर सन्यासी नाम प्रसिद्ध छ ।

गुरु सज्जन र असल मानिस हुनुहुन्थ्यो । उहाँ माछामासु र सुर्ती तमाखु केही खानुहुँदैनथ्यो । उहाँको काम दैनिक पूजाबाहेक चिना लेख्ने, पढाउने थियो । उहाँका बारेमा कुइकाका रामनाथ तिमल्सिनाबाट भलाकुसारी पाएबाहेक पढिसकेपछि मेरो उहाँसँग भेट हुन सकेन । हाम्रो मङ्सिरमा वेदको समापन गर्ने उद्देश्य थियो । त्यो पूरा नभईकनै रह्यो । यसरी मेरो वेदको शिक्षा अपुरै रह्यो, त्यो पूरा हुन सकेन ।

# वेद र ज्योतिषका गुरु भान्जा

जगतिराम उपाध्याय बसुट्याल
घोडासैन, फेरेबाटा, अछाम

मेरो अक्षरारम्भ त घरमै भएको हो तर मैले पं. उदयराम उपाध्यायज्यूसँग ज्योतिष पढेको हुँ। उहाँ पढाउन बजगाउँ जाँदाआउँदा घोडासैनको फेरेबाटा हुँदै जानुहुन्थ्यो। नाताले हामी मामाभान्जा हौँ। उहाँले मलाई मामा भन्नुहुन्थ्यो। उमेरले त म उहाँभन्दा कान्छो हुँ। म अहिले ८२ वर्षको भएँ। उहाँले बजगाउँका रघुनाथ अधिकारीलाई चिना लेख्न सिकाउँदाकै वर्ष हो मैले पनि उहाँसँग आफ्नै घरमा पढेको। यो करिब २०१२ सालतिरको कुरा हो। मैले उहाँसँग ज्योतिष केही नीतिशास्त्र पढेको हुँ। उहाँ त्यस नाताले मेरा गुरु हुनुहुन्छ। मेरा दुई छोराको चिना पनि उहाँले नै लेख्नुभएको हो।

मैले उहाँसँग एक्लै पढेको हुँ। उहाँ बजगाउँबाट घर आउँदाजाँदा मेरा घर एकछिन बसेर मलाई पाठ लेखेर सिकाइदिनुहुन्थ्यो। फर्किँदा सोध्नुहुन्थ्यो। फेरि सिकाएर जानुहुन्थ्यो। उहाँ गइसकेपछि म लेखिदिनुभएको कुरा तयारी गरेर बस्थेँ। कहिलेकाहीँ म उहाँको घर वा बजगाउँ पनि पुग्थेँ जान्नै पर्ने कुरा नजानेको अवस्थामा।

उहाँले स्वर्गद्वारी आश्रम प्युठानमा पढ्नुभएको हो। 'तपाईँलाई आफ्नै घरमा बसेर पढ्न के गारो छ मैले स्वर्गद्वारी पुगेर पढेको हुँ' भन्नुहुन्थ्यो। बजगाउँ पढाएको धेरैपछि करिब २०२०-२०२५ सालको बिचमा उहाँले घोडासैनका लोकबहादुर बिस्ट (राइटर) का घरमा पनि पाठशाला सञ्चालन गर्नुभएको थियो। मलाई पढाउनेबेला उहाँको बिहे भइसकेको थियो। मैले पढ्दा उहाँको उमेर त्यही ३५-४० का बिच हुँदो हो। हामीबिच उहाँको उमेरका विषयमा भने कुरा भएन। मेरो गणित कमजोर भएकाले मैले चिना बनाउन सिक्न सकिनँ। बाँकी ज्योतिषका कुरा उहाँले जानेको सबै मैले सिकेको हुँ। अहिले पनि म ज्योतिषीको काम गर्छु।

उहाँ शारीरिकरूपमा स्वस्थ हुनुहुन्थ्यो। मानसिक रूपमा कहिलेकाहीँ उदास रहने, झस्केजस्तो गर्ने गर्नुहुन्थ्यो। सेतो धोती र कुर्ता लगाउनुहुन्थ्यो। भस्मको त्रिपुण्ड लगाउनुहुनथ्यो। टाउकामा सधैँ गलबन्दी बेर्नुहुन्थ्यो। उहाँलाई चालिस अध्याय वेद, ज्योतिष, तन्त्रमन्त्र र औषधीमूलोसम्बन्धी ज्ञान थियो। उहाँले आफ्ना विद्यार्थीहरूलाई पनि यिनै कुराका साथै विभिन्न नीति र प्रार्थनाका श्लोकहरू सिकाउनुहुन्थ्यो। उहाँले सिकाउनुभएका धेरै कुरा त अब बिर्सिएँ। एउटा नीतिश्लोक यसप्रकार छ-

काया हंशविना नदी जलविना भ्राताविना साह्यकम्
भार्या पुत्रविना गति शिवविना धेनू च दुग्धंविना
विप्रो वेदविना गृहं सुचिविना विद्या च अर्थंविना
मन्त्रादर्थविना तरु फलविना दीपंविना मन्दिरम्
पूजा गन्धविना सुखं गृहविना राजा च मन्त्रीविना ।

यस्तै ज्योतिषका केही श्लोकहरू यसप्रकार छन्-

उच्यते रवि लग्ने च फलभो नृपति सह
एष तं लग्न चन्द्रस्थो गम्भीरं विप्रसंयुक्ता
आदौ शुभ फलं दष्ट्वा वर्षषोध च तिष्ठति
भौमे रक्त पराभूमि विघ्नभय पराजिता
अथवा देव दोषं च देव योनि पिशाचयो
बुधे लग्ने यजेत् प्रश्ना वैश्यजाति बसुन्धरा
सर्वत्र धन धान्यानी वृष वर्षानि षोडष । आदि ।

श्लोकहरू संस्कृतमा छन् । मैले त संस्कृत जान्दिनँ । उहाँले श्लोकहरू लेखिदिएर त्यसको अर्थ नेपालीमा बुझाइदिनुहुन्थ्यो । उहाँ जत्तिको ज्योतिष जान्ने र शुद्ध वेद पढ्ने मान्छे मैले देखेभोगेको समयमा मेरा वरिवरि कोही पाएको छैन । उहाँले धेरैलाई चिना लेख्न सिकाउनुभयो । धेरैका चिना पनि लेख्नुभयो । पछि त उहाँका छोरासँग नातामा मेरी नातिनीसँग बिहे भयो । हामी भने पुरानै नाता गर्थ्यौं मामा भान्जाको ।

माजीबाट उहाँ सुर्खेतको भुडेभावर गएपछि त्यति धेरै भेटघाट भएन । एक दिन माजीका जय जैसी र म तराईँबाट अछाम आउँदै थियौँ । जय जैसीले मेरा छोराको चिठा लिन भुडेभावर जानुपर्ने भनेपछि हामी दुवै उहाँलाई भेट्न गयौँ । यो करिब २०४६ सालपछिको कुरा हो । जय जैसीले गोडामा ढोक्दाखेरि हच्किएर पछि सर्नुभयो । जय जैसीले चिठा बुझेर ५० रुपियाँ दिए । उहाँले लिनुभएन । 'म दान लिन्न, त्यो बरु मामालाई देऊ' भन्नुभयो । आफूले लिनुभएन । हामीले पनि दान किन लिनुहुन्न भनी उहाँलाई सोधेनौँ । उहाँको ज्ञान, ध्यान पहिलेको भन्दा फरक भएको मैले महसुस गरेँ । एक्कैछिन भेट भएको हो । त्यसपछि हामी फर्कियौँ । त्यसपछि उहाँसँग भेट हुने मौका जुरेन ।

# मेरा सम्झनामा माहिला बाजे

कण्ठराज देवकोटा
ढुङ्गाला, अछाम
हाल : टीकापुर, कैलाली

पं. उदयराम उपाध्याय मेरा बुबा मनिराज देवकोटाका पनि गुरु हुनुहुन्छ । उहाँ नाताले मेरा बाजे पर्नुहुन्छ । उहाँका साइला भाइले मेरी फुपू बज्यै बिहे गर्नुभएकाले बाजे भनेको हुँ । बाजे (गुरु) ले स्वर्गद्वारीमा पढेर आएपछि मेरा बुबा पनि स्वर्गद्वारी पढ्न जानुभयो । मेरा बुबाले गुरुबाटै स्वर्गद्वारीका बारेमा सुनेर जानकारी पाएपछि उहाँकै सम्पर्कबाट त्यहाँ जानुभएको हो । मेरा बुबा स्वर्गद्वारी गएपछि महाप्रभुको स्वर्गवास भइसकेको थियो । बुबाले प्रभुको दर्शन गर्न पाउनुभएन । बाजेले दर्शन पाउनुभएको थियो । प्रभुको स्वर्गवासपछि त्यहाँ त्यतिखेर राम्रो पढाइको वातावरण नभएकाले बुबा फर्किएर आउनुभयो । पछि गुरुज्यूसँगै पढ्नुभयो । बाजेले स्वर्गद्वारी महाप्रभुलाई भेट्नुभएका हुनाले उहाँका बारेमा बयान पनि गर्नुहुन्थ्यो ।

स्वर्गद्वारीबाट पढेर आएपछि बाजेले धेरै ठाउँमा पढाउनुभयो । मैले २०१६ सालतिर बाजेसँग घोडासैनमा बसेर पढेको हुँ । उहाँ घोडासैनका राइटर लोकमान बिस्टका छोरा बहिदार रणबहादुर बिस्टका घरमा बस्ने र त्यहीँ पढाउने गर्नुहुन्थ्यो । मैले मङ्सिरदेखि वैशाखसम्म पढेको थिएँ । मसँग पढ्नेहरू कर्णबहादुर बिस्ट, मैते बिस्ट, नारायण उपाध्याय (बाजेका मामाका छोरा, दुल्लु, दैलेख), बाजेका भतिजा प्रभुनाथ उपाध्याय, मेरा बुबा मनिराज देवकोटा, लक्ष्मी बसुट्याल, देवाखर बसुट्याल (पछि गुरुज्यूका सम्धी) मलगायत दशबाह्र जना अरू पनि थिए । अक्षरारम्भदेखि मात्रा, अङ्क, शप्तशती चण्डी, रुद्री पढ्थ्यौँ । बुबाले चिन गन्न सिक्नुभएको पनि त्यहीँ हो । मैले त्यो एक हिउँद पढेँ । जेठका महिना घर गयौँ । अक्षर चिन्न धेरै आउँथे तर क्षत्रीहरूले अक्षर जान्ने भएपछि छोड्थे । त्यतिबेला ठुलो वर्णमाला भन्ने किताब पाइथ्यो त्यो सबै पढाइ हुन्थ्यो । बाउनहरू भने जजमानी गर्न काम लाग्ने कर्मकाण्ड र ज्योतिष पनि पढ्थ्यौँ । पछि बाजेकी आमा (मेरी बज्यै) को गोदान पनि मैले गरेँ । त्यो गाई पनि बसुट्यालका नाममा होइन देवकोटाका नाउँमा बनाउन बाजेले नै जोड दिनुभयो ।

पढ्दाखेरि हाम्रो बसाइ पनि त्यहीँ बिस्टका घरका थियो । दाल, चामल आदि खाने कुरा केही घरबाट ल्याउनुपर्दैनथ्यो । त्यहीँको जजमानीबाट आइहाल्थ्यो । त्यहाँ बस्ने र खाने बुबा

र म, गुरुज्यू, उहाँका मामाका छोरा र भतिजा प्रभुनाथ गरी जम्मा पाँच जना थियौँ। पढेवापत लाग्ने शुल्कबारे मलाई जानकारी भएन किन भने मेरा बुबा पनि सँगै हुनुहुन्थ्यो। मेरो काम पढ्ने र स्याउँलेका खानबाट दाउरा ल्याउने थियो। खाना कहिले प्रभुनाथ, कहिले नारायणले पकाउनुहुन्थ्यो। गुरुज्यूको खाना सादा थियो। उहाँ शाकाहारी खाना खानुहुन्थ्यो। लसुन, प्याज, माछामासु, तमाखु केही खानुहुँदैनथ्यो। उहाँको र स्वर्गद्वारी गएर मेरा बुबा पनि शाकाहारी हुनुभयो। सात्विक खाने र बिहे नगर्ने शिक्षा उहाँले स्वर्गद्वारीबाटै पाउनुभएको थियो। साइला बाजे पनि शाकाहारी हुनुहुन्थ्यो। उहाँहरूका सङ्गतले गर्दा म पनि शाकाहारी भएको हुँ। मेरा बुबाले तमाखु त खानुहुनथ्यो। मैले पनि खाएँ। दम भयो अब त छोडेँ। बाजे त तामसिक भोजन र मादक पदार्थको त्याग र शाकाकारी नै हुनुपर्छ भन्नुहुन्थ्यो। कसैले मासुका कुरा गरे रिसाउनुहुनथ्यो। बाजे (गुरुज्यू) सन्ध्या गर्न थालेपछि दुई तीन घण्टा लाग्थ्यो। राती उज्यालो चोइलाको बाल्थ्यौँ। मट्टीतेल, टुकी भर्खर कतै कतै राजापुरबाट ल्याउनेहरूकहाँ हुन्थ्यो। चोइलो गुरुजीलाई भनेपछि कसैले नाइँ भन्दैनथे सजिलै गरी पाइन्थ्यो। घोडासैनमा चोइलो प्रशस्त थियो। गुरुजी धेरै हाँस्नुहुन्थ्यो। हामीलाई त केही रिसाउनुहुँदैनथ्यो।

बाजे स्वर्गद्वारी दुई पटक जानुभयो। पहिले पढ्न जानुभयो पछि बिहे गरेपछि पनि एक पटक दर्शन गर्न जानुभएको थियो। बाजे बित्नुभन्दा केही दिन अगाडि मैले उहाँलाई सुर्खेतको भुडेभावरमा पनि एक दिन गएर उहाँसँग भेट गरेको थिएँ। 'मैले सन्तमत अँगालेदेखि मनमा सन्तोष छ। अरूले जेसुकै भनुन्' भन्नुहुन्थ्यो। त्यो भेट नै मेरो अन्तिम भेट बन्यो।

(रामप्रसाद रिमाल र डम्बर रिमालसँग प्रत्यक्ष कुराकानी र सम्पादकसँगको टेलिफोन वार्तामा आधारित लेख)

# गुरुकुलको स्थापना र मेरो शिक्षारम्भ

केशरसिंह कुवर
ढकारी, डुफा अछाम
हाल : लम्कीचुहा नपा. १०, कैलाली

कुरा २०१५ साल कात्तिक महिनाको हो । ढकारीमा शिक्षण गराउने शिक्षकको खोजी भइरहेको थियो । मेरा बाजे स्वर्गीय हरि कुवर (राना) को यस भेकका मानिसहरूलाई शिक्षा दिनुपर्छ र सबैले आफ्ना सन्तानलाई शिक्षित तुल्याउनुपर्छ भन्ने सोचाइ थियो । यसका लागि मेरा कान्छाबुबा भूपू प्रधानपञ्च श्री खड्गबहादुर कुवर र म रिमाबाट माजी मुलेगडा गयौँ । एक रात बसेर गुरुजी पं. उदयराम उपाध्यायज्यूलाई ल्याएर आयौँ । उहाँलाई बाजे श्री हरि कुवर (तत्कालीन मुखिया) ज्यूले डुफास्थित आफ्नै घरमा बस्ने व्यवस्था गर्नुभयो । पढ्नका लागि डुफाको मन्दिरे कुवर रानाको खलामा बसी पढ्ने निधो गरेर पाठशालाको शुभारम्भ भएको थियो । लगभग एक वर्ष यसै स्थानमा पाठशाला सञ्चालन भएको थियो ।

एक वर्षपछि छिमेकी गाउँहरू बाझकोट, मुसरेकाफल, नन्दपुर, डुफाको बिचमा ढकारी पर्ने भएकाले हरि कुवरको घरलाई नै पाठशाला बनाएर पढाइ सुरु भयो । उक्त विद्यालयको नाम गुरुकै आज्ञानुसार गुरुकुल राखिएको थियो । संस्थापक मुखिया हरि कुवरको प्रयास र सोचअनुसार विद्यालय अघि बढ्दै गयो ।

उक्त विद्यालयमा अध्ययन गर्ने तत्कालीन विद्यार्थीहरूको नामावली यसप्रकार छ- खड्गबहादुर कुवर, केशरसिंह कुवर, नरपति कुवर, नैनसिंह कुवर, टिका बुडथापा, दाने थापा, किर्ते बुडथापा, नाउटे बिस्ट, जङ्गे बुढा, रत्न बुढा, भानसिंगे बुढा, रतन बुढा, चने बुढा, शिवा बुढा, महावीर हुड्के, चामे बुढा, मानी बुढा, उमाकान्त उपाध्याय, धर्म जैसी, प्रभुनाथ उपाध्याय, हरिप्रसाद उपाध्याय, धर्मराज उपाध्याय, लालुराम जैसी, उदयराम जैसी, रोधे जैसी, रङ्गनाथ जैसी, कर्ण खत्री, तुला खत्री, हरि देवकोटा, जङ्गे थापा, रत्न थापा, धने थापा, धर्म थापा, मने राना, बिसु बुढा, पद्मा जैसी (रिमाल), देव जैसी (रिमाल), पहराम बुढा आदि विद्यार्थीहरू थिए । यीमध्ये कतिपयले साक्षर भएर पढ्न छोडे भने कतिपयले चालिस अध्याय वेद सबै कण्ठस्थसमेत पारेका थिए ।

मलाई अक्षरारम्भ गराउने गुरु उहाँ नै हो । पढाइ प्रायः कात्तिकदेखि चैतसम्म हुन्थ्यो । बिहान सबै खाना खाएर पढ्ने गर्थ्यौँ । चैतपछि सबै खेतगरामा काम गर्न जान्थे । चैतपछि गुरुज्यू

पनि आफ्ना घर जानुहुन्थ्यो । पढ्दा सुरुमा प्रार्थना गर्थ्यौँ। त्यो श्लोक चाहिँ अहिले बिर्सिएँ। सायद भगवतीकै नाम लिएर कर जोडेर गर्थ्यौँ। त्यसपछि पालैपालो गुरुज्यूलाई दण्डवत गर्थ्यौँ। गुरुज्यू अगाडि उभिनुभएको हुन्थ्यो। पालैपालो ढोगेर आआफ्नो ठाउँमा गएर बस्थ्यौँ।

त्यतिबेला खिराका फलाको पाटी बनाएर त्यसमा मोसो दलेर कालो बनाउँथ्यौँ । राजापुरबाट ल्याएका खरीले लेख्थ्यौँ । कागजका रूपमा सुरुमा बाँसका पोखको प्रयोग गर्थ्यौँ। कटुसको मसी बनाएर साना साना काँसका कचौरामा राखी निगालाका कलमले लेख्थ्यौँ। गुरुज्यूले पाटीमा लेखिदिनुहुन्थ्यो । त्यसरी पाटीमा लेखिएको कुरा कण्ठ गरेर सुनाउनुपर्थ्यो । कसैले काठका फलाको धुलौटो बनाएर त्यसमा पनि लेख्थे । एकपटक लेखेको पाठ मुखाग्र भएपछि त्यो पाटी रायोको पात र कोइलाले माझ्थ्यौँ। त्यसपछि फेरि अरू पाठ लेखिदिनुहुन्थ्यो। यसरी क्रमशः कखरा, मात्रा, अङ्क, कवच, अन्य स्त्रोत्र श्लोक, चण्डी, ग्रहशान्ति, रुद्री, वेद, पातडे श्लोक, मुहूर्त, खाँड गन्ने, चिना गन्नेसम्म त्यहाँ पढाइ हुन्थ्यो । सबैको कक्षा एकनासको समान हुँदैनथ्यो । कोही केही कोही केही पढ्ने हुन्थ्यो । ढकारीमा पढेकामध्ये चिना गन्नेसम्मको कोही भएको मलाई थाहा छैन । उमाकान्त उपाध्यायले वेद सबै पढ्नुभएको थियो ।

गुरुज्यूको दिनचर्या सबै मलाई थाहा भएन । उहाँले खाना आफैँ पकाएर खानुहुन्थ्यो । उहाँ त पिसाब फेर्न जाँदा पनि जनै कानमा हाली पानी लिएर जानुहुन्थ्यो । उहाँको खाना शाकाहारी थियो । खाना खानेबेला दही, दुध, घिउ आदि खानुहुन्थ्यो ।

गुरुले पढाउन सुरु गर्नुभएको ढकारीको सोही ठाउँमा आज गुरुकुल माध्यमिक विद्यालय सञ्चालनमा छ । यस विद्यालयलको प्रारम्भ सुरुमा खलामा र पछि घरमा हुँदै सार्वजनिक विद्यालयको स्वरूप प्राप्त गर्ने अवस्थासम्म आइपुगेको हो ।

# दाजु र गुरुको अन्तर्सम्बन्ध

नारायण उपाध्याय (खनाल)
दुल्लु नगरपालिका-३, सानगाउँ, बजिदह, दैलेख
हाल : ठाकुरबाबा नगरपालिका, ठाकुरद्वारा, बर्दिया

पं. उदयराम उपाध्याय मेरी जेठी फुपूका माहिला छोरा दाजु र मेरा गुरु पनि हुनुहुन्छ । उहाँका हजुरबुबा जगदेव उपाध्याय घोडासैन, माजी, अछामबाट सपरिवार दैलेख जानुभयो । उहाँको ससुराली रिमा, ढकारी, अछाम हो । उहाँ दैलेख दुल्लुको धामीगाउँ नजिक रहेको हुँडिखोला भन्ने ठाउँमा बस्न थाल्नुभयो । दैलेख रनुखानाका रिजाल थरका एकजना साहु थिए जसको अछामको धमालीमा आवतजावत थियो त्यही सम्पर्कले उहाँ अछामबाट दैलेख जानुभएको थियो ।

उहाँले दैलेखमै जग्गा जमिन तथा घरबार बनाएर बस्नथाल्नुभयो । उहाँकी छोरी देउमाको दैलेख दुल्लुका गोपाल खनाल (उपाध्याय) सँग बिहे भयो । जगदेव उपाध्यायको २०/२१ जनाको परिवार थियो । हल्के रोगका कारण परिवारका धेरैजसो सदस्यहरूको निधन भयो । जगदेव उपाध्यायकी श्रीमती (बज्यै) र उहाँका छोरा शिवराम मात्रै बाँच्न सफल हुनुभयो । त्यसपछि त्यहाँ कोही सहारा दिने व्यक्ति नभएको ठानी उहाँ (बज्यै) ले नाबालक एउटा छोरा र केही खाद्यान्न बोकेर रिमा आफ्ना माइतीको शरणमा आउनुभयो । फुपाज्यू शिवराम उपाध्याय त्यहीँ हुर्किबढी शिक्षा पनि आर्जन गर्नुभयो । पछि उहाँको माजीमा रहेको जग्गा पनि सुस्तसुस्त फिता लिँदै जानुभयो । तिनै बज्यैले आफ्ना छोरा शिवरामको बिहे गर्नका लागि दैलेख दुल्लु गई चुडामणि उपाध्याय (खनाल) की जेठी छोरी अर्थात् मेरी फुपू राधिकालाई माग्नुभयो र उहाँको बिहे भयो । कान्छी फुपू सतरुपाको माजी किमडाका रामनाथ उपाध्यायसँग बिहे भयो । अनि बरपतिकी छोरीको पनि मेरा कान्छा बाजे गोपालका छोरासँग भएको थियो ।

स्वर्गद्वारी पढ्न दैलेखबाट पनि जान्थे । त्यही सम्पर्कले दाजु पनि दैलेख आएर त्यहाँ जानुभएको हो । दाजुले स्वर्गद्वारीमा पढ्नुभएको हो । उहाँले स्वर्गद्वारी महाप्रभुलाई भेटेको, उहाँसँग उठबस गरेको मलाई सुनाउनुहुन्थ्यो । उहाँ त्यहीँ हुँदै प्रभु महाराजको स्वर्गवास भएको बताउनुभएको थियो । त्यतिखेर विद्यालयहरू थिएनन् । भएका भए पनि व्यवस्थित थिएनन् । शिक्षकलाई आफ्ना घरमै राखेर पढाउने परम्परा थियो । म २०१५-२०१८ सालसम्म तीन वर्ष माजी अछाममा दाजुका घर पढ्न बसेको हुँ । त्यतिबेला रङ्गनाथ मुखियाको घरभन्दा माथितिर लामो घर थियो । सबै

दाजुहरूको बिहे भएको थियो । जेठा र साहिँला दाजुका छोराछोरी जन्मेका थिए । माहिला र कान्छा दाजुका छोरा छोरी जन्मेका थिएनन् । केही दिन म दाजुसँग घरै बसेर पढेँ । पछि दाजु ढकारी पढाउन जानुभयो । म पनि उहाँसँग ढकारी पढ्न गएको थिएँ ।

त्यतिबेला डुफाका मुखिया हरि रानाको घर थियो । हामी माजीबाट गएर साँझ त्यहीँ बस्थ्यौँ । बिहान माथि ढकारी जान्थ्यौँ । आउँदा जाँदा हाम्रो बसाइ तिनै रानाका घरमा हुन्थ्यो । कहिलेकाहीँ घाँटुका घर पनि बस्थ्यौँ । हामी शुक्रवारका दिन माजी फर्किन्थ्यौँ । त्यहाँ धेरै विद्यार्थीहरू थिए सबैका नाम त अहिले भन्न सक्दिनँ । रिमाका उमाकान्त र म सँगै वेद पढ्थ्यौँ । मैले दाजुसँग रुद्री, चण्डी र वेद पढेको हुँ । अरू बेला उहाँको शान्त स्वभाव थियो । कुनै कुनै बेला सर्को आएजस्तो अलिअलि रन्किने र झन्किने गर्नुहुन्थ्यो । त्यस्तो बेला रिस उठायो भन्ने हान्नु पनि हुन्थ्यो । उहाँ पछि पनि एकपटक दैलेख दुल्लु आएका बेला जङ्गलको नजिक गएर वरपर हेर्ने, टोलाउने गर्नुहुन्थ्यो । किन यसो गर्नुहुन्छ भन्दा प्रकृतिलाई हेर्न मन लाग्छ भन्नुहुन्थ्यो । उहाँ पछि पनि दुई तीनपटक दुल्लु आउनुभएको थियो ।

माजीबाट जेठा दाजु आउनेजाने गर्नुहुन्थ्यो । माहिला दाजु पढेर आउनुभएको जानकारी पाएपछि मेरा कान्छा बुबा कृपारामले मलाई माजी लगेर पुऱ्याइदिनुभएको थियो । म लगातार घर नआईकनै २०१५-२०१८ सालसम्म फुपूका घर बसेर पढेको हुँ । २०१८ सालमा भविष्यवाणी गरिएको एउटा पर्चा आयो गाउँघरमा । त्यसमा अष्टक परेका कारण मान्छे मर्ने, घर भत्किने सम्भावना रहेको कुरा उल्लेख गरिएको थियो । त्यो पढेपछि घर पऱ्यो भनेर दैलेख आउने सोच बनाएँ । माघमा म दैलेख फर्किएँ । पछि ताराहरू ठोक्किएनन् त्यही भएर केही भएन भन्थे । हामी त्यहाँबाट बर्दिया आयौँ । त्यसपछि म पढ्ने गरेर माजी गइनँ । साहिँला दाजुसँग त त्यसपछि पनि भेट भयो । माहिला दाजुसँग दैलेख छोडेदेखि भेटै भएन । उहाँसँग भेट नभए पनि उहाँसँगको सम्झना सधैँ रहने छ ।

# मेरा सम्झनामा गुरुज्यू

लच्छीराम स्वार बजगाईं
कमलबजार नपा, बजगाउँ, अछाम
हाल : लम्की चुहा नपा, मोतीपुर, कैलाली

पं. उदयराम उपाध्याय मेरा भिनाजु हुनुहुन्छ । उहाँलाई 'पोकु पाध्या' भन्थे । म १२/१३ वर्षको उमेरमा ढकारी पढ्न गएँ। गुरुज्यूकै साथमा बस्ने खाने र पढ्ने काम गरेँ। मेरा सहपाठीहरूमध्ये उमाकान्त उपाध्याय, नारायण खनाल, लच्छे कठायत र पदम कठायतलगायत अरू डुफाका १५/१६ जना थिएँ। अहिले घाँटु भन्ने खड्के कुँवर र नाउटे बिस्टको नाममात्रै याद छ।

मैले त्यहाँ अक्षरारम्भदेखि पातडे श्लोक, धुलौटे श्लोक, हिसाव, दुना पढेको थिएँ। साथमा तीन अध्याय वेद पनि कण्ठ पारेको थिएँ। त्यतिबेला जे पढे पनि मुखाग्र बनाउनुपर्थ्यो। नहेरेर लेख्नु पनि पर्थ्यो। गुरुले मेरो चिना पनि बनाउनुभएको थियो। त्यो अहिले पनि मसँग छ। चिन लेखेबापत् एउटा थाल, एउटा बटुको र एउटा काँसाको करुवा दिएको थिएँ।

गुरुज्यू स्वर्गद्वारीको बयान गर्नुहुन्थ्यो । उहाँले भनेअनुसार 'म घरबाट भागेर प्युठान जिल्लाको स्वर्गद्वारी आश्रम पुगेँ। त्यहाँ मैले करिब ६ वर्ष लगातार घर नआईकनै पढेको हुँ। त्यहाँ १०८ गाई, बाछा र गोरुहरू पनि पालिएका थिए। त्यहाँ १०८ बाउनहरूले हवन गर्थे। त्यहाँ एक दिनमा १०८ बोरी तिल र १०८ कन्टर घिउले दैनिक हवन हुन्थ्यो। स्वर्गद्वारी आश्रम र वेद पाठशाला मुख्यतः महाप्रभुबाटै सञ्चालित थियो भने त्यसमा अरू धेरैको सहयोग पनि थियो। एक दिन प्रभुले आफूसहित सबै १०८ पण्डितलाई बनमा लगेर घाँस ल्याउनुभयो। साँझपख आफ्नै हातले सबै गाई, बाच्छा र गोरुलाई घाँस हाल्नुभयो। बिहान ४ बजेको समयमा दक्षिण दिशाबाट एक ठुलो राँकोजस्तो उज्यालो झलझलाकार गरेर आयो। सबैतिर त्यसको उज्यालो छायो। हामी सबैले के हो त्यो भनेर त्यता हेर्न लाग्यौँ। त्यो उज्यालो बन्द भएपछि प्रभुज्यूले संसार छोडेर जानुभयो।

प्रभुज्यूको स्वर्गवास भएको केही वर्षपछि गुरुज्यू पनि घर फर्किनुभयो। घर फर्किएपछि केही दिन टोलको लेकमा र केही दिन पाँचुलीको लेकमा बस्नुभएको थियो। उहाँसँग शरीरमा लगाउने धोती, स्विटरजस्ता लुगा, बस्ने मृगछाला र वेदको पुस्तक मात्र हुन्थ्यो। गाउँलेहरूले गाउँमै बस्न आग्रह गरेपछि उहाँ पढाउन थाल्नुभयो। सुरुमा भाइ, भतिजालाई पढाउन सुरु गर्नुभयो। त्यसको केही दिनमा उहाँले बिनायक, कुइका हुँदै बजगाउँमा पनि पढाउनुभयो। बजगाउँ पढाउने बेला मेरा जेठा बुबाकी छोरी दिदी कौसिलासँग उहाँको बिहे भयो।

गुरुज्यूको दैनिकी निकै व्यस्त हुन्थ्यो। बिहान लगभग ४ बजे उठ्नुहुन्थ्यो। समय भने उहाँ तारा हेरेरै भन्नुहुन्थ्यो। हामीलाई उठ भनेर आवाज लगाउनुहुन्थ्यो। उहाँको आवाज सुनेर हामी पनि उठ्थ्यौँ। हामी त पानी टाढा भएकाले सधैँ नुहाउँदैनथ्यौँ हातमुख धोएर ठ्याक्कै बाहिर पढ्न बस्थ्यौँ। गुरुज्यू भने पूजापाठमा लाग्नुहुन्थ्यो। उहाँ हामी कसैसँग पूजामा बसेका बेला बोल्नुहुँदैनथ्यो। उज्यालो भएपछि हामी गाग्री लिएर धारा जान्थ्यौँ। नित्यकर्म र नुहाईकन गाग्रीमा पानी लिएर आउँथ्यौँ। खाना ठिक्क पाथ्यौँ। पकाउने काम गुरुज्यू आफैँ गर्नुहुन्थ्यो। उहाँले पकाएको दालभात पनि निकै मिठो हुन्थ्यो। रोटी कहिल्यै खाँदैनथ्यौँ। हेराउनेहरूले चामल ल्याउँथे त्यसैले पुग्थ्यो। त्यसरी आएको चामल गुरुज्यू कहिल्यै घर लिनुहुँदैनथ्यो। हामी सबै उहाँका आफन्त नै थियौँ। हामीले पनि कहिलै चामल लिनुपर्दैनथ्यो। महिनाको एक दिन बिदा हुन्थ्यो। टोलका लेक दाउरा र चोइलो ल्याउन जान्थ्यौँ। कहिलेकाहीँ गुरुज्यू आफैँ पनि हामीसँगै जानुहुन्थ्यो। दाउरा त ल्याउनुहुँदैनथ्यो। सँगै जाने आउने गर्नुहुन्थ्यो।

त्यतिबेला महिनाको दुई रुपियाँ शुल्क लाग्थ्यो। एउटा जेउडे भन्ने विद्यार्थी थियो। ऊ खुट्टा पसारेर लेख्थ्यो। घुँडा खुम्च्याएर लेख भनेर त्यसलाई धेरै सम्झाउनुभयो तर उसले मानेन। त्यसपछि लठ्ठीले खुट्टा खुट्टामा हान्नुभयो। हान्नुपर्ने अवस्था आएपछि बेसरी हान्नुहुन्थ्यो। त्यसको दोस्रो दिन त्यो पढ्न आएन। पढ्नै छोडिदियो। पछि त्यससँग पैसा माग्न त्यसका घर मलाई लिएर जानुभएको थियो।

लेख्ने कागज हामी आफैँ बनाउँथ्यौँ। नेपाली कागजका दुई ताउ हालेपछि एक चोपडी (कपी-किताब) बन्थ्यो। भिनाजु कागत आफैँ केलाएर चोपडी बनाउनुहुन्थ्यो। गुरुज्यू चोपडीमा लेखिदिनुहुन्थ्यो। उहाँले बनाएका कागतको आठ वा चार आना तिर्नुपर्थ्यो। विद्यार्थीले अर्को चोपडीमा सार्नुपर्थ्यो। गुरुका चोपडीमा विद्यार्थीले लेख्न पाइँदैनथ्यो। गुरुले तयार पारेको चोपडी अरू विद्यार्थीलाई सार्न दिन दुई चार वर्ष सजिलो हुन्थ्यो। एक दिन त्यसरी सार्न दिएको चोपडी हेरेर एउटा विद्यार्थीले भन्यो, 'यस्ता मात्रा लागेका अक्षर त मेरा कुनै पुर्खाले पढेका थिएनन्' भनी जवाफ लगाएर तपाईंले लेखेको यही त हो भनेर चोपडी फ्याँकिदियो। त्यसलाई केही भन्नुभएन, हाँस्नुभयो मात्रै। त्यस्तै अर्को एउटा हरि देवकोटा नाउको विद्यार्थी थियो। गुरुज्यू मुखियाले तमाखु खान लागेका बेलामा एक एक गरेर विद्यार्थीलाई बोलाउनुहुन्थ्यो। सबैलाई एकै श्लोक पढाउनुहुन्थ्यो। त्यो श्लोक थियो- आला मेष, उवा वृष ....। मुखाग्र गर्न लगाउनुहुन्थ्यो। सबैलाई बोलाएर सोध्नुहुन्थ्यो- हुक्का, चिलिम, नली, पातो आदि कुन कुन राशिका भए ? सबैले ठिक जवाफ दिए। तर हरि देवकोटाले श्लोक सबै बताए पनि यो चिजको यो राशि भयो भनी भन्न सकेन। दोस्रो दिन मलाई लिएर त्यसका घर गयौँ। उसका बुबालाई तिम्रो शुल्क पनि लिन्न तिम्रो छोरो पनि पढाउँदिनँ भनेर आउनुभयो।

एक दिनको अर्को घटना पनि छ । बाहिर हाम्रो बस्ने भित्र उहाँको पूजा गर्ने ठाउँ थियो । बिहान ४ बजे राम्रोसँग उज्यालो नभइसकेको अवस्था थियो । साँझपख बाहिर हामीले बोकाको टाउको ल्याएर छिनेका थियौँ । त्यहाँनिर त्यसका टुक्राहरू खसेका थिए । त्यसैको नजिकमा हामीहरू पाठ गर्न बसेका थियौँ । सबैले लामो स्वरमा 'हरि ॐ' भनेर पढ्न सुरु गर्दै थियौँ । मैले ॐ भन्दा आँ भएको उमाकान्तको मुखमा त्यही बोकाको टाउकाको टुक्रा हालिदिएँ । त्यो गुरुज्यूले देखिहाल्नुभयो । तर हामी चुप लागी त्यो कुरा मिलाइसकेका थियौँ त्यो सबै गुरुले हेरिरहनुभएको थियो । उहाँले मलाई अँध्यारामै भए पनि गल्ती गर्ने यही हो चिनिसक्नुभएको थियो । मेरो मफ्लर भित्र मेरो ओच्छयानमा थियो । पानी लिन जानेबेला यो भित्र आउला भनेर त्यसको एक ताल आफूले च्यापेर राख्नुभयो । पाठ सकेर म भित्र मफ्लर लिन गएँ । मफ्लरको अर्को धार समातेर हान्नुभयो मलाई धन्नै लागेन । लागे त म ठहरै बस्ने । मैले टाउको वर गरेँ उहाँको हात ढोकामा लाग्यो । हात कस्तो भयो होला । मैले बाँचेँ सोचेँ । बाहिर आएर लखेट्नुभयो । माथिबाट मलखातमा हाम फालेँ । उहाँले पनि त्यहीँ हाम फाल्नुभयो । त्यहाँबाट बजगाउँ जानका लागि गरागरा दौडिएँ । उज्यालो राम्ररी भइसकेको थियो । उहाँ पनि पछाडि दुगुर्नुभयो । पल्तिर तिर्खुलाका जङ्गल हुँदै ओरालातिर लाग्यौँ । तलबाट डुफाका विद्यार्थी पढ्न आउँदै थिए । तिनीहरूले गुरुलाई फर्काए । अरू केही विद्यार्थीले मलाई पनि समातेर फिर्ता ल्याए । त्यसपछि मलाई पनि त्यस्तो चकचक गर्न नहुने ज्ञान भयो । गुरुले पनि मलाई माफी दिनुभयो ।

पाठशालामा पढ्दाखेरि गुरुज्यू र विद्यार्थीहरूको बस्ने, पढ्ने, खानपिन र रेखदेख सबै कुरा मिलाउने हरि राना हुनुहुन्थ्यो । जो जो पढ्थे तिनले आआफ्ना घरबाट चामल, दाल, दही, घिउ, मह आदि खाने कुरा पनि ल्याउँथे । गुरुज्यूलाई ओढ्ने ओछ्याउने काम्ला पनि ल्याइदिन्थे । गुरुज्यूलाई खान, बस्ने व्यवस्था त्यहीँ हुन्थ्यो । कोसेली र भेटीको केही कमी थिएन । शुल्क पनि आफैँ ल्याउँथे । कोही कोही नल्याउनेकहाँ भने गुरुज्यू जानुहुन्थ्यो वा कसैलाई पठाउनुहुन्थ्यो । हामीले हाम्रा घरबाट ओढ्ने ओछ्याउने ल्याउनुपर्दैनथ्यो । सबै हरि रानाले गर्नुहुन्थ्यो ।

साँझ बिहान पढ्ने बेला टुकी बाल्थ्यौँ । राजापुर पुगेर मट्टीतेल ल्याउनुपर्थ्यो कि चोइलो बालेर पढ्नुपर्थ्यो । मट्टीतेल र टुकीको व्यवस्था हरि रानाले नै गर्नुहुन्थ्यो । अरूले त आफ्ना घरबाट पनि ल्याउँथे गुरुज्यू र हामीलाई त्यहीँ व्यवस्था थियो । हरि रानाले गुरुज्यू माजीबाट पाठशामा पढाउन भनी लग्नुभएकाले उहाँ शिक्षाप्रेमी हुनुहुथ्यो । हामीले पढेको हरि रानाको घरमा सञ्चालित पाठशाला नै अहिले गुरुकुल माध्यमिक विद्यालयका रूपमा विकसित भएको छ ।

# मेरा सम्झनामा माहिला काका

शिवराज जैसी
ढकारी-८, घोडासैनी, अछाम
हाल : लम्कीचुहा, कैलाली

माहिला काका पं. उदयराम उपाध्याय विद्वान् हुनुहुन्थ्यो । ज्योतिष हुनुहुन्थ्यो । डण्डबिरे मगर झारफुकमा प्रसिद्ध थिए । कोही उनीकहाँ गयो भने 'मलाई के सोध्छौ ? विद्वान् तपाईंकै गाउँमा हुनुहुन्छ 'पोकु पाध्या! । म उहाँकै चेला हुँ' भन्थे । माहिला काका र हाम्रो तलोमुल्लो घर थियो । साँझबिहान सबै काकाहरूसँग उठबस हुन्थ्यो । अहिले पनि म ती दिन सम्झन्छु ।

माजीमा पाठलाशाको आरम्भ लम्जुको पीपलको रुखको तल थियो । मैले त्यहीँ पढेको हुँ काकासँग । त्यतिबेलाका मेरा सम्झनाका विद्यार्थीहरू- डम्बरे भुल, रामप्रसाद रिमाल, पदमबहादुर खड्कालगायत हामी माजीका दशपन्ध्रजना थियौँ । सबै विद्यार्थी र माहिला काका मिलेर पीपलको रुखवरिपरि चौतारो चिन्यौँ । हामीले ढुङ्गा बोक्यौँ । चौतारो चिन्नुअघि खाली ठाउँमा गएर पनि पढ्यौँ । चौतारो चिनेपछि त्यसमै बसेर पढेका हौँ । त्यो पीपल तल्ला बाँसेगैराका रजवार (हरिका बुबा) ले रोप्नुभएको थियो भने त्यसमा चौतारो चिनाएर पाठशाला सञ्चालन माहिला काकाले गर्नुभएको थियो । लम्जुको त्यही ठाउँमा अहिले माध्यमिक विद्यालय छ, जसको नाम त्रिपुरा सुन्दरी माध्यमिक विद्यालय हो । हालको विद्यालयको नाम माहिला काकासँग सम्बन्धित छैन ।

बाजे शिवराम सारै रिसालु मानिस हुनुहुन्थ्यो । एकपटक नाडाका पूर्णबहादुर शाहीले घरमा ल्याएर घोडा छोडिदियो । तेरा घोडाका खुट्टासुट्टा काटिदिन्छु भनेर लखेट्नुभएको थियो । उहाँ लेखपढ गरेका विद्वान् हुनुहुन्थ्यो । महाभारत पढ्नुहुन्थ्यो । किताब पढ्न लागेपछि खाना पनि बिर्सनुहुन्थ्यो । पढ्दा पढ्दै कहिले हाँस्ने कहिले रुने गर्नुहुथ्यो । उहाँको आध्यात्मिक चिन्तन थियो । त्यो प्रभाव काकाहरूमा पनि पऱ्यो । काकाहरू सबै समझदार हुनुहुन्थ्यो ।

मेरा सम्झनामा माजीमा दुई ठाउँमा विद्यालय सञ्चालन भएका थिए- लम्जु र मेल्चाको खाल । साँझबिहान घरमा पनि पढाउनुहुन्थ्यो । उहाँको खानपान शाकाहारी थियो । अरू मांसाहारी भए पनि माहिला र साहिँला काका शाकाहारी हुनुहुन्थ्यो । उहाँका त भाँडा पनि अलग थिए । हाम्रो घर जोडिएको हुनाले मलाई थाहा छ । उहाँको घर लामो चारओटा अलगअलग ढोका भएको थियो । उहाँ घरमा थोरै बस्नुहुन्थ्यो । पछि अरू काकाहरू अलग भएपछि भने अलि बढी घर बस्न थाल्नुभएको हो ।

# पुराना अविस्मरणीय सम्झना

रामप्रसाद उपाध्याय रिमाल
ढकारी-१, रिमा, लाम्सिला, अछाम
हाल : टीकापुर-१, कैलाली

शिक्षाको खोजीमा मेरी आमाले हात डोऱ्याई घोडासैन, माजी, मुलेगडा सानीआमाकहाँ पुऱ्याउनुभयो। कुरा २०२२ सालको मङ्सिर १३ को हो। मेरा सानाबुबा भूमिनन्द (कुजा) उपाध्याय र गुरुजी उदयराम उपाध्याय दुई भाइ हुनुहुन्छ। उहाँहरू एउटै घरमा बस्नुहुन्थो। म त्यहीँ बस्दै गुरुजीसँग पढ्न थालेँ। पल्लो मूल कोठा गुरुजीको र पश्चिमतिरको सानो कोठा सानीआमा र सानाबुबाको थियो। मेरो खाने सोही भान्सामा र सुत्ने माथि अथारा (घरको माथिल्लो तला) मा भयो। त्यतिखेर सानाबुबाका जेठा रुपानन्द र कान्छा नन्दाराम (त्यसपछि दुई छोरा अरू पनि भए जगन्नाथ र शिवराज) दुई छोरा थिए।

बिहान बेलुका पढ्थ्यौँ। भाइ रुपानन्द र म सधैँ चोइलो बालेर घरभित्रै पढ्थ्यौँ। दिउँस पाठशाला जान्थ्यौँ। पाठशाला लाम्पाटाको खरीको रुख भएको गरामा थियो। त्यस पाठशालाका गुरु उदयराम उपाध्याय हुनुहुन्थ्यो। बिहान खाना खाएर गाईवस्तु फुकाइसकेपछि पाठशाला जान्थ्यौँ। पिठ्यूँमा हाते पाटी बोकेर जान्थ्यौँ। त्यतिखेर फाट्टफुट्ट राजापुरबाट मगाएका कापीमा पनि लेख्ने गरिएको थियो। कलम भने निगालाको र आफैँ बनाइएको कटुसको मसी प्रयोग गर्थ्यौँ। हुने र सोखिनहरूसँग बजारको मसी पनि हुन्थ्यो। तत्कालीन मुखिया रङ्गनाथ जैसीको छोरा शिवराम (सिउरे) सँग मसीको डब्बा थियो। छ सातजनासँग राजापुरबाट ल्याएका कागज पनि थिए। मैले एक वर्षपछि राजापुरबाट लामो कापी मगाएँ। कापीमा गुरुजीले मात्रै लेखिदिनुहुन्थ्यो। रफका लागि पाटी नै प्रयोग गर्थेँ। मेरो कापी मसँग अहिलेसम्म पनि सुरक्षित छ। त्यस कापीमा पातडो (पात्रो) कसरी हेर्ने भन्ने श्लोकलगायत अन्य कुराहरू पनि लेखिएका छन्, त्यसमा लेखिएको एउटा श्लोक निम्नानुसारको छ :

झाधा यिनं धने फाढा थाप कन्या तथैवच।
ज्ञान घं मिधुनं प्राप्ति नष्ट राश विधियते॥

मैले त्यो कापी अहिलेसम्म राख्नाको मूल कारण जीवनमा धेरै गुरुहरूसँग अध्ययन गरेँ तर गुरुजीसँग मैले ४ अध्याय रुद्री, ५ अध्याय शप्तशती चन्डी र पातडो गन्ने श्लोक पढिसकेपछि मेरो उत्तरार्धको जीवन (१४वर्षको उमेरबाट) आँखा उगाडो भएर अघि बढ्न त्यसले सहयोग गऱ्यो। कपाली तपसुक, भर्पाई, चिठीका ढाँचाहरू सिकेर गाउँ समाजमा लेख्न सुरु गरेँ। शिक्षाको भोक अझै जागेर कौमुदी पढ्नुपर्छ भन्ने गुरुजीलगायत धेरैबाट सुनिसकेपछि २०२८ साल मङ्सिर ५ गते

मङ्गलवारका दिन भारतको गुजरात बडौदा जिल्ला, रेवा (नर्मदा) नदीको किनारमा चाँणोद भन्ने तीर्थस्थलमा मेरो भाग्यले मलाई पुगायो। त्यहाँ म भौंतारिंदै जाम्बु ब्राह्मण वेदको काण्व शाखा पढाइ हुने पाठशालामा पुगेँ। त्यहाँका गुरुसँग भेट गरी कुरा गर्दा गुरुज्यू छगनलाल शास्त्रीले मलाई प्रश्न गरे 'तुम ब्राह्मण है तो गोत्र क्या है ? और पढा क्या है ?' मैले जानीनजानी उत्तर दिएँ 'मै कान्यकुब्ज ब्राह्मण हुँ। मेरा गोत्र कौशिक है। और मैने चार अध्याय रुद्री पढा है।' गुरुजीले मलाई एउटा मन्त्र सोध्नुभयो। त्यो मन्त्र मलाई पूज्य गुरुज्यू उदयरामले पढाउनुभएको थियो। रुद्रीको पहिलो मन्त्र मैले सुनाएँ। गुरुजी छगनलालले मलाई दया गरी पाठशालामा भर्ना गर्नुभयो। मैले १४ वर्ष भारतका विभिन्न विद्यालय र महाविद्यालयमा व्याकरण, साहित्य, ज्योतिष र वेदको अध्ययन गरी शास्त्री उपाधि प्राप्त गर्न सफल भएँ। सो शिक्षाको कारण नै मेरो जीवनमा सरकारी नोकरीको माध्यमबाट आर्थिक उन्नति, समाजसेवा, सन्तानको शिक्षा र शैक्षिक उन्नतिलगायत सनातन धर्म संस्कृतिको संरक्षणका क्षेत्रमा रूपान्तरणकारी परिवर्तन भयो।

शिक्षा क्षेत्रमा प्रवेशपछि पनि गुरुज्यूसँग भेटघाट, सरसल्लाह र पूजामा पनि कहिलेकाहीँ सँगसँगै हुन्थ्यौँ। मलाई माया गरेर काममा सल्लाह र परामर्श दिनुहुन्थ्यो। उहाँले मलाई (उहाँका छोराहरू जन्मिसकेपछि) एक श्रीमद्भागवत् महापुराण श्रीधर टीका दिनुभएको थियो अध्ययनका लागि। मैले सकेसम्म पढेर उपयोग गरेँ। त्यो पनि मसँग सुरक्षित छ।

आफूसँग ४ आना छ भने १२ आना पाइँदो रहेछ भन्ने मान्यताअनुसार गुरुज्यूले पढाएको चार अध्याय रुद्रीको पहिलो मन्त्रले मलाई छगनलाल गुरुज्यूले भर्ना गरे पनि पहिलो श्रेय पूजनीय गुरुजी उदयराम र भूमिनन्दकै हो भन्ने मान्यताले उहाँका हस्ताक्षरको संरक्षण गर्नु म आफ्नो धर्म र दायित्व ठान्दछु। उहाँकै घरमा बसेर एक माना चामल नलगी खान, सुत्नलगायत सबै व्यवस्थाका साथै शिक्षाको जग बसाल्ने द्वय गुरुज्यूको आजीवन ऋणी भएको महसुस भइरहेको छ। कहिलेकाहीँ लोहोटामा भरेर दिएको प्राकृतिक पानी पिउनुभयो होला, त्यसैलाई मेरो सेवाको रूपमा स्विकार्नुभयो होला।

२०२० साल माघ २० गते म १० वर्षको हुँदा पूजनीय पिताजी रङ्गनाथ उपाध्यायको परदेशमा असामयिक स्वर्गवास भएको खबर पाइसकेपछि साहिँला गुरुज्यू भूमिनन्दले नै पुरोहित भएर अन्त्येष्टि कर्म सम्पन्न गरिदिनुभयो। त्यसपछि छोराले त पढ्नुपर्छ भन्ने चाहना जागृत भई हात समाउँदै आमाले धैरैका घरमा चहार्नुभयो। अन्तमा आफ्नी बहिनीको घरमा लिएर पुऱ्याउने आमा चन्द्रादेवी, त्यहाँ भरण पोषणसमेत गरेर निरन्तर शिक्षामा लगाउने सानीआमा विन्द्रादेवी हुनुहुन्छ। यी दुवै आमाको योगदानको ऋणी भएको महसुस भइरहेको छ।

माजीमा मैले करिब तीन वर्ष पढेँ। पहिले गौंडाको पीपलको रुखमा एक हिउँद पढेको थिएँ। त्यहाँ पढ्दा पीपलको बोट मात्र थियो। त्यसको वरिवरि चौतारो चिन्नका लागि हामी विद्यार्थीहरूलाई गुरुज्यूले करिब २०० मिटर टाढाको खोलामा सँगै लिएर जानुहुन्थ्यो। गुरुजीसँग

बिदाको दिनमा सबै मिलेर चौतारो बनाएका थियौँ। त्यतिबेलाका मेरा सहपाठीहरू : रुपानन्द उपाध्याय, शिवराम जैसी (पछि उपप्रधानपञ्च), डम्मरे भुललगायत करिब पन्ध्र बिस जना थियौँ।

त्यसपछि माजीकै कोडेपानीको तल खरीको रुखनिरको गरामा गइसकेपछि विद्यार्थीहरू बढे। दुवाडी र लेकगाउँका पनि आएपछि करिब २५ जना भयौँ। विद्यार्थी बढेपछि रमाइलो भयो। हामीलाई माया गरेर पढाउनुहुन्थ्यो। यसरी पढ्नुपर्छ भन्ने समन्वयकारी काम मुखिया रङ्गनाथ जैसीको अगुवाइमा भएको थियो। नाताले उहाँ गुरुज्यूका दाजु र छिमेकी हुनुहुन्थ्यो। पढेको शिक्षा अरूलाई पनि दिई गाउँ उज्यालो बनाउनुपर्छ भन्ने मुखियाको सोच र शिक्षा दिनु मेरो कर्तव्य हो भन्ने गुरुज्यूको इच्छाशक्तिका कारण कुनै पनि जातजाति नभनेर सबैले शिक्षा पाइरहेका थिए।

## अविस्मरणीय

गुरुज्यू सुरुमा दुई घण्टासम्म नियमित पूजा र ध्यानमा मग्न हुनुहुन्थ्यो। बाँकी समय नियमित वेदपाठ, कर्मकाण्ड, ज्योतिष गर्ने र पढाउने गर्नुहुन्थ्यो। उहाँ धेरै समय एक्लै बस्न रुचाउनुहुन्थ्यो। अरूसँग सँगै भएका बेला हाँसीखुसी बोल्नुहुन्थ्यो। वेदलाई छन्दबद्ध रूपमा सस्वर पढ्ने र पढाउने कार्यको आरम्भ अछाममा उहाँले नै गर्नुभएको हो। जीवनको उत्तरार्धमा गुरुज्यूले वेदपाठ, कर्मकाण्ड, ज्योतिष सबै छोडेर (राधास्वामी) फरक सम्प्रदायबाट दीक्षित हुनुभयो। यसबाट जनमानसले उहाँको जीवनका वास्तविक कुरा बुझ्न नसकी धर्म छोडेको भन्ने आरोपसमेत लाग्न गयो। उहाँ मात्रै नभएर उहाँका सहोदर भाइ तथा मेरा सानाबुबा पनि उहाँकै मार्गमा हिँड्नुभयो। सनातनी कर्मकाण्डी संस्कारबाट पनि मुक्तिको बाटो छैन भन्ने मान्यताबाट दीक्षित सो समाजले उहाँको मर्म बुझ्न सकेन। त्यसपछि उहाँलाई समाजले फरक सम्प्रदायको रूपमा हेर्न थाल्यो र उहाँको पुरानो पहिचान र साख बिस्तारै घट्न थाल्यो। आफ्नो सम्प्रदायमा रहेको उहाँको साख, हैसियत र स्थान मूर्ति पूजक सम्प्रदायकाहरूले देख्न सकेनन्। आफू पनि टाढा (अछामबाट सुर्खेतको भुडेभावर आएकाले) सबै कुरा थाहा हुन पनि सकेन।

मेरो उहाँसँगको अन्तिम भेट लगभग २०४६/२०४७ सालमा भयो। मैले सधैँ गुरुज्यूको गोडा छोएर प्रणाम गर्ने प्रचलनअनुसार भेटमा गोडा छुन लाग्दा जिरागाडीको पघार (भेट भएको स्थान) मा गोडा अलि पर सारेर हच्किए जस्तो महसुस मैले गरेँ। गोडा छुन सकिनँ। हाम्रो गन्तव्य एकैतिर थियो। सँगै गयौँ। केही परसम्म करिब एक घण्टा सँगै हिँड्यौँ। त्यही बेलामा 'भगवान् त मैले साक्षात् देखी आएँ। भगवान् त भित्र पो छन्। भगवान्को चाहना भयो भने तिमीलाई पनि लिएर जाउँला। यी गाउँघरमा हामीले गर्ने काम त यस्तै हुन्' भन्नुभयो। पछि उहाँ भुडेभावर र म अछाम जाने हुँदा बाटो छुट्टियो। हामी पनि छुट्टियौँ। मैले उहाँको प्रस्तावमा केही निर्णन गर्न सकिनँ।

# वेद शिक्षाका गुरु

नवराज उपाध्याय घोडासैनी
माजी, अछाम
हाल : ओखरकोट, कैलाली

पं. उदयराम उपाध्यायज्यूले स्वर्गद्वारी आश्रम प्युठानमा वेद वेदाङ्गको अध्ययन गर्नुभएको हो । उहाँलाई पुराण, धर्मशास्त्र, ज्योतिष र गीताशास्त्रको ज्ञान थियो । उहाँ गीता नित्य पठन गर्नुहुन्थ्यो । उहाँले आफ्नो जीवनकालमा हासिल गरेको शिक्षालाई विकास र विस्तार गर्दै जानुभयो । त्यसक्रममा उहाँले विनायकका रामशरण बजगाईंसँग ज्योतिष शिक्षा लिनुभयो । उहाँले त्यसरी हासिल गरेको ज्ञान बाँड्न जुन जुन ठाउँका शिक्षाप्रेमीहरूले उहाँलाई बोलाए त्यहीँ गएर शिक्षा प्रदान गर्नुभयो । उहाँले शिक्षा दिन सुरु त माजीबाट सुरु गर्नुभएको हो । त्यसपछि कुइका, विनायक, फेरि कुइका, बजगाउँ, बाँडाबस्ती, ढकारी, घोडासैन, ढाङ्टा, ध्यानेवस्तामा धेरैलाई शिक्षा प्रदान गर्नुभयो । उहाँबाट शिक्षा प्राप्त गरेका धेरै मानिसहरू अहिले पनि जीवित छन् । वि.सं. २०१६-०१७ सालतिर उहाँले पल्लामाजीमा सञ्चालन गर्नुभएको पाठशालामा धेरै युवाहरूलाई साक्षर तुल्याउनुभयो । त्यसक्रममा मैले पनि उहाँसँगै पढेको हुँ । माजीमा उहाँसँग पढेकाहरूले पुरै वेद त कसैले पढ्न सकेनन् उहाँका साहिँला भाइ भूमिनन्द काकाले भने सबै वेद पढ्नुभएको हो । मैले उहाँसँग पढे पनि धेरै पढ्न सकिनँ । अछामको पूर्वीभेकमा वेदको पहिलो शिक्षक भनेकै पं. उदयराम काका हुनुहुन्थ्यो । उहाँले पढाएकाहरूले नै रुद्री पढ्ने गरेका छन् । वेद र ज्योतिषको शिक्षा दिनुका साथै त्यसबेला धेरैलाई साक्षरसमेत तुल्याउनमा उहाँको महत्त्वपूर्ण योगदान रहेको छ जुन हाम्रा लागि अविस्मरणीय रहिरहने छ ।

# पिँढीसम्बन्धी विचार

नन्दराज उपाध्याय घोडासैनी
घोडासैन, अछाम
हाल : लम्कीचुहा, कैलाली

हजुरबुबा शिवराम उपाध्याय घोडासैनीज्यू र हजुरआमा राधिका उपाध्यायज्यू नेपालबाट पैदल यात्रा गर्दै बद्रीनाथ, जगन्नाथ ब्रह्मकपाली चारधामको दर्शन गरी त्यहाँबाट पनि पैदल यात्रा गर्दै छ महिनामा नेपाल फर्किनुभएको थियो । त्यसभन्दा पछि शिवराम उपाध्यायका चार पुत्रहरू हजुरआमा राधिका उपाध्यायका कोखबाट जन्मिनुभएको थियो । उहाँका जेष्ठपुत्रको नाम देवीराम उपाध्याय थियो । माहिला पुत्रको नाम उदयराम उपाध्याय थियो भने साहिँला पुत्रको नाम भूमिनन्द उपाध्याय र कान्छाको नाम शङ्कारप्रसाद उपाध्याय थियो । माहिला पुत्र उदयराम उपाध्यायज्यूले १७ - १८ वर्षको उमेरमा अछाम घोडासैनबाट पैदल यात्रा गर्दै स्वर्गद्वारी आश्रम प्युठानमा गएर त्यहाँका बडा गुरुज्यूसँग शुक्ल यजुर्वेदको माध्यन्दिनीय शाखा र ज्योतिष विद्या सिक्नुभयो ।

तितौडाको लेक नजिक रहेको झारकुँडामा भैंसी बान्ने खर्कहरू थिए । त्यहीँ भैंसी गोठाला गएका बेला त्यतैबाट भागेर स्वर्गद्वारी पढ्न जानुभएको हो । उहाँ करिब १८ वर्षको उमेरमा पढ्न जानुभएको हो । त्यसपछि छ वर्षसम्म लगातार पढेर घर फर्किनुभएको हो । हाम्रो कुलमा जन्मेका धेरै प्रतिभावान् व्यक्तिमध्ये उहाँ उच्च् प्रतिभावान् र क्षमतावान् व्यक्ति हुनुहुन्थ्यो । समयमा हामीले उहाँलाई चिन्न सकेनौँ ।

उहाँले स्वर्गद्वारीबाट वैदिक सनातन शिक्षाको मार्गदर्शन ल्याएर त्यहाँबाट पैदल यात्रा गर्दै आफ्नो गृह जिल्ला अछामको घोडासैनमा आउनुभयो । यसरी शिक्षा लिएर घरमा पुगिसकेपछि आफ्ना भाइ, भतिजाहरूलाई वेदको मार्गदर्शन ज्योतिषको शिक्षा दिनुभयो । आफ्नो गाउँबाहेक उहाँले विनायक पञ्चदेवल, बजगाउँ, ढकारी आदि विभिन्न ठाउँमा पढाउनुभएको थियो । विनायकमा करिब २ वर्षसम्म त्यहाँका इष्टमित्रहरूलाई वेद र ज्योतिष पढाउनुभएको थियो । त्यसपछि बजगाउँ र त्यहाँका इच्छुक शिक्षार्थीहरूलाई वेद र ज्योतिषको शिक्षा दिनुभएको थियो । त्यसपछि बाँडाबस्ती र ढकारीमा पुगेर त्यहाँका इच्छुक विद्यार्थीहरूका आवश्यकता पूरा गर्दै वेद र ज्योतिषको शिक्षा प्रदान गर्दै अनेकौंलाई साक्षर तुल्याउने काम गर्नुभएको थियो ।

गाउँमा शिक्षाको सञ्चार गर्दै यति बेलासम्म उहाँले आफ्नो वैवाहिक जीवनतर्फ वास्ता गर्नुभएको थिएन । उहाँको उमेर करिब ३४ वर्षको थियो । त्यतिबेला बजगाउँका रङ्गनाथ (नारु) स्वार

उपाध्यायकी छोरी कौसिलादेवीसँग उहाँको शुभ विवाह सुसम्पन्न भयो। कौसिलादेवी उपाध्यायको कोखबाट चार पुत्र र चार पुत्रीको जन्म भयो। जेठाको नाम कृष्णराज, माहिला रामप्रसाद, साहिँला दामोदर र कान्छाको नाम खगेन्द्र हो। उहाँका छोरीहरूका नाम रङ्गादेवी, महेसरा, जौमती र दुर्गा हुन्।

उहाँले माजीमा पढाउँदाखेरि सञ्चालन गरेको शिक्षालय र घरमा नै मेरो शिक्षारम्भ भएको हो। मैले पढ्दाखेरि लाम्पाटानजिक चिउराका डाँडामा शिक्षालय सञ्चालित थियो। त्यस पाठशालाका गुरु माहिला बुबा पं. उदयराम हुनुहुन्थ्यो। त्यतिखेरि माजीका धेरैजसो दाजुभाइ र भजिताहरू त्यस पाठशालाका शिक्षार्थीहरू थियौँ। आउँसे, नन्ना, शिवराज, नारायण, रामप्रसाद आदि सबैले त्यहीँ पढेका हौँ।

उहाँले स्वर्गद्वारीबाट फर्किएपछि सबैभन्दा पहिले गुजियाँ र रिमाका बिचमा रहेको नन्दपुरमा पाठशाला सञ्चालन गर्नुभयो जहाँ आफ्ना जेठा दाजु, साहिँला भाइलगायत माजी र रिमाका थुप्रैलाई शिक्षा प्रदान गर्नुभयो। यो क्रम केही वर्ष जारी रह्यो। माजीमा त्यसरी शिक्षालय सञ्चालन गरेको कुरा इष्टमित्रहरूले सुने। त्यो कुरा फैलिँदै गयो। जसको फलस्वरूप उहाँलाई शिक्षा प्रदान गर्न विनायकबाट बोलावट भयो। उहाँले त्यसपछि गाउँगाउँ जताका शिक्षाप्रेमीहरूले बोलाए त्यतै गएर शिक्षा दिन थाल्नुभयो।

उहाँको नित्यकर्म सधैं पूजापाठबाट सुरु हुन्थ्यो। उहाँ बिहान गीता पाठ, गायत्री जप र ध्यान गर्नुहुन्थ्यो। त्यसपछि पाठशालामा शिक्षा दिनुहुन्थ्यो। दिउँसो घर व्यवहारको कामकाज, लेखपढ र साँझमा सन्ध्या र खानपिनपछि फेरि पढाउन थाल्नुहुन्थ्यो। त्यतिबेला विद्यार्थीहरूले घरका कामकाजमा सहयोग गर्नुपर्ने हुँदा पाठशाला बिहान र साँझ सञ्चालन हुने गर्थे। यसरी उहाँको जीवन आध्यात्मिक साधना, शिक्षा र पारिवारिक जिम्मेबारी पूरा गरेर व्यतीत हुन्थ्यो।

उहाँका धेरै सन्तान जन्मिएर आर्थिक अभाव खड्किए पनि उहाँ आफैँले गोरु जोत्ने काम गर्नुभएन। जाँड, रक्सी, माछामासु, बिँडी, चुरोट आदि सेवन गर्नुहुँदैनथ्यो। उहाँ आफू शिक्षा दिने जान्नेसुन्ने व्यक्ति भएर पनि अहङ्कार गर्नुहुँदैनथ्यो। त्यतिखेर मैले पनि उहाँको सेवा र संगत गर्ने अवसर पाएको थिएँ। उहाँले काँधमा झोला बोकेको देखेँ भने म अप्ठ्यारो मान्थेँ। उहाँले मलाई पनि असाध्यै माया गरेर सिकाउने पढाउने गर्नुहुन्थ्यो। म सानै र अबुझ थिएँ त्यसैले मैले उहाँको भावना र सद्भाव सबै बुझ्दैनथेँ। उहाँको काम गर्न भनेपछि गाउँले छिमेकीहरूले पनि सक्दो सहयोग गर्थे। उहाँलाई कामको चटारो परेका बेला मैले पनि सहयोग गर्ने मौका पाएको थिएँ। मेरा आमाबुबाले पनि यो पल्लो घरको काम गर्छ भन्नुहुन्थ्यो। मैले त माहिला बुबा माजीबाट बसाइँ सर्ने दिन पनि सहयोग गर्ने अवसर पाएको थिएँ।

एकदिन झिमडेका खेतमा रातको बसाइ भयो। अरू पनि धेरैजना थियौँ। उहाँले धेरै कुरा भन्नुभयो। एउटा चाल्नो मगाउनुभयो। मैले गाडबाट पानी ल्याएँ। उहाँले त्यस चाल्नामा पानी हाल्नुभयो तर त्यसबाट कत्ति पनि पानी पोखिएन। मैले अचम्म मानेँ।

पल्साँताबाट एकजना चलाउने लगन हेराउन माजी उहाँका घर आउँदै थिए। चाउरे खलामा लेकगाउँका ज्योतिषीले कहाँ जान लागेको भनेर सोधे। उनले 'तल मुलेगडा लगन हेराउन जाँदै छु' भनेछन्। 'उहाँले पढेर आए के भयो लगन त म पनि हेरिदिन्छु' भनी लगन हेरिदिएछन्। पल्साँताबाट लाँची देउवाका घरमा जन्त गयो। तलबाट जन्त जाँदै गरेका बेला बजगाउँबाट माहिला बुबा फर्किन लाग्नुभएको थियो सिल्की खालमा भेट भयो। आज लगन कस्तो छ भनेर चलाउनेले सोधेछन्। लगन त ठिकै छ तर बिहे भएपछि गृहप्रवेश लगत्तै दुलाहाको मृत्यु हुने हो भन्नुभयो। उसले अचम्म मान्यो। मरेन भने घरै बस्नुहोला अन्त कतै नजानुहोला म आउँछु भनेछ। उहाँले म घरै हुन्छु भन्नुभएछ। पछि बेहुलाको हृदयघातका कारण मृत्यु भएछ। त्यसपछि ती पल्साँतीहरू माहिला बुबालाई नै हेराउन आउने गर्थे भन्ने मैले सुनेको हुँ। यस्तै बजगाउँका गोकर्ण जोशी काफल्डाँडाका पदम उपाध्यायका घर छोरी माग्न गए। केटाकेटीहरू जुर्छन् कि नाइँ भनी माहिला बुबाकहाँ हेराउन आए। उहाँले केटीको आयु ३२ मात्रै छ सन्तान त हुन्छन् भन्नुभएको थियो। तिनका एक छोरा र एक छोरी भए पछि त्यो मरी भन्ने कुरा मलाई गोकर्ण जोशीले नै सुनाएका हुन्। उहाँको ज्योतिषशास्त्रको यस्तो ज्ञान थियो। यस्ता कुरा धेरै ठाउँमा उहाँले भनेअनुसार मिलेका हुनाले उहाँप्रति जनविश्वास बढेको थियो।

उहाँ जसले जे भने पनि, दुखमा पनि मुसुमुसु हाँसिदिनुहुन्थ्यो। सितिमिति रिसाउनुहुँदैन्थ्यो। रिसाएपछि कहिलेकाहीँ बेसरी पनि रिसाउनुहुन्थ्यो। सकेसम्म कुखुरा पालेको घरमा जानुहुँदैनथ्यो। उहाँ हिंसाबाट टाढै हुनुहुन्थ्यो। उहाँलाई दुखमा हाँसेको देखेर मानिसहरू छक्क पर्थे। उहाँलाई दुख र सुखबाट असर गरेको हामीले अनुभव गरेनौँ। उहाँको यसै स्वभावले पछि सन्तका शरणमा जानुभयो। त्यसपछि मानिसहरूले उहाँको विरोध गरे। धर्म छोडेको भन्ने आरोप लगाए तर उहाँले अँगालेको मार्गलाई उहाँका दाजु, भाइ, छोरा-बुहारी, छोरी-ज्वाइँ, भतिजा, इष्टमित्रहरू धेरैले अँगालेका छन्। उहाँको विरोध गर्ने इष्टमित्रहरू पनि लागेका छन्। उहाँको जीवनकालमा यस विषयमा धेरै विरोध खेप्नु परेको थियो। यस्तो विरोध हुँदा पनि उहाँले जानेबुझेर अँगालेको सिद्धान्त हुनाले अरूको विरोध भए पनि उहाँले अँगालिराख्नुभयो। आफ्नो सिद्धान्तमा अडिग रहनुभयो।

उहाँ सन्त हुनुहुँदो रहेछ। सन्तको संगत पाएर पनि हामीले उहाँबाट त्यति फाइदा लिन सकेनौँ जति लिन सकिन्थ्यो। मलाई लाग्छ उहाँले गरेजस्तो कर्म गऱ्यौँ भने हामीले पनि कुनै कुराको अभाव खेप्नुपर्ने छैन। कालले यो आत्मालाई खोसेर लग्यो भने पनि नर्कमा नगई ईश्वरकै शरणमा पुगाउने छ। उहाँले जीवनको उत्तरार्धतिर पन्जाबको ब्यासमा गई सन्तको मार्गदर्शन ल्याएर हाम्रा गाउँमा फैल्याएर जानुभएको छ। हामी आफ्ना सम्झनामा उहाँलाई सधैँ बनाइराख्ने छौँ।

# ज्ञानका भण्डार भिनाजु

जोगिराम स्वार बजगाईं
कमलबजार नपा, बजगाउँ, अछाम
हाल : लम्की चुहा नपा, कैलाली

पं. उदयराम उपाध्याय नाताले मेरा भिनाजु हुनुहुन्छ । उहाँ मभन्दा उमेर, नाता र ज्ञानले त्यसै पनि सम्माननीय हुनुहुन्छ । म त अँझ उहाँको शिष्य पनि हुँ । मैले उहाँलाई राम्ररी चिनेको वि.सं.२०१८ सालमा हो । दिदीको बिहे भएका बेला त जन्मेको पनि थिइनँ । दिदीको बिहे भएको एक वर्षपछि म जन्मेको रहेछु । मेरो जन्म वि.सं.२०१० साल हो । दिदीसँग पनि म राम्ररी घुलमेल भएर माजीमा गएपछि मात्रै बसेको छु । भिनाजु बजगाउँ पहिले पनि जानुहुन्थ्यो होला तर मलाई राम्रोसँग जानकारी भएन । वि.सं.२०१९ मा त म पढ्नका लागि माजी भिनाजुका घर गएँ । त्यहीँ बसेर करिब दुई वर्ष पढेको हुँ । म भिनाजुको माजीको घरका लहरै नौओटा थामहरू भएको सम्झन्छु । मैले तिनलाई गनेको पनि थिएँ । मैले अक्षर त घरमै चिनेको थिएँ । मैले माजीमा चण्डी र रुद्री पढेको हुँ । माजीका विद्यार्थीहरूका नाम त मैले बिर्सिएँ ।

माजीमा पढ्ने पाठशाला खोल्टाका गरामा थियो । केही समय दुबाडीमा पनि चलेको थियो । हामी त धेरैजसो घरमै पढ्थ्यौँ । हामीले त त्यस्तो केही शुल्क दिँदैनथ्यौँ । अन्नपानी हामी त्यहीँको खान्थ्यौँ । अरू विद्यार्थीहरूले माना ल्याउँथे । शनिवारका दिन चोइलो र दाउरा ल्याउँथे । पढ्ने समय बिहान र बेलुकाको हुन्थ्यो । दिउँसो घरका कामकाजमा पनि सहयोग गर्थ्यौँ । त्यतिखेर पढ्न कठिनाइहुन्थ्यो । सबैले पढ्न सक्दैनथे । सबैका लागि शिक्षा सहज थिएन । सानामा बाल्यकाल त्यसै बितेर जान्थ्यो । अलि ठुलो भएपछि बिहे हुने र परिवारका समस्यामा अल्झिने कारणले सबैले कहाँ पढ्न सक्थे र ! भिनाजुले खै कसरी हो स्वर्गद्वारी गएर पढेर आउनुभएको हो । साहिँला भिनाजुले पनि उहाँसँगै घरमै पढ्नुभएको हो ।

माजीमा दुई वर्ष पढेपछि फेरि भिनाजु बजगाउँ पढाउन आउनुभयो । त्यसअघि २०१२ सालतिर पनि उहाँले बजगाउँमा पढाउनुभएको थियो । दोस्रो पटक बजगाउँ आउँदा भिनाजुको बस्नेखाने व्यवस्था हाम्रै घर थियो । बजगाउँमा केही विद्यार्थी माजीका पनि थिए । त्यतिबेलाका सहपाठीहरू : प्रभुनाथ स्वार, नाउटु स्वार, कान्त स्वार, नन्दाराम उपाध्याय घोडासैनी, शिव स्वार र मलगायतका थियौँ । त्यहाँ पनि चण्डी, रुद्री पढाउनुभयो । चण्डी, रुद्री पढेकाहरूले वेद पढ्यौँ । मैले

पनि दस अध्यायसम्म वेद पढेको हुँ। उहाँले २०२१ सालमा एक वर्ष पढाउनुभयो। अर्का वर्ष उहाँ घर फर्किनुभयो। त्यसपछि केही दिन साहिँला भिनाजु आएर उहाँले पनि पढाउनुभयो। उहाँसँग पनि केही समय पढेको हुँ।

म उहाँसँग कुइका रिसडा विष्णुभक्त उपाध्याय तिमल्सिनाका घर गएको थिएँ। उहाँले आफूले पहिला बिहे गर्दिनँ भन्नुहुन्थ्यो रे ! अरू मानिसहरूले पनि त्यसै भन्ने गरेको सुनेको हुँ। कान्छा बुबा र बुबाले बिहे जहाँ गरे पनि गर्नुहोस्, निसन्तान हुनुहुँदैन भनेर सम्झाएपछि बिहे गर्नुभएको हो भन्ने सुनेको हुँ। बजगाउँमा उहाँले तीनपटक पढाउनुभएको हो। पहिलो पटक मोतीराम अधिकारीका छोरा हिरा अधिकारी, घोडासैनका जगतिराम बसुट्याल र डुफाका विद्यार्थीहरूलाई पढाउनुभएको थियो। यो म सानै छँदाको कुरा हो। पछि घोडासैन, बस्ती, ढकारी पढाएपछि फेरि बजगाउँ पढाउनुभएको हो। मैले त्यतिबेलै पढेको हुँ। त्यसपछि उहाँले धेरै पछि पनि पढाउनुभएको हो।

भिनाजुको हाँस्ने बानी थियो। उहाँ काम सप्रे पनि बिग्रे पनि, राम्रोमा पनि नराम्रोमा पनि हाँस्नुहुन्थ्यो। उहाँका अन्तरमा दुख भए पनि बाहिर सधैँ हँसिलो देखिनुहुन्थ्यो। कसैले हाँस्नाको कारण के हो ? भनी सोध्यो भने उहाँ त्यसको कारण पनि भनिदिनुहुन्थ्यो। 'हाँस्यो भने राम्रो हुन्छ, रोएर दुख मनाउ गर्नुहुँदैन। रोए रात हुन्छ हाँसे दिन हुन्छ। रुनु दुखको कारण हो भने हाँस्नु सुखको कारण भन्नुहुन्थ्यो। जन्मेपछि मृत्यु अवश्य हुन्छ, बच्चा नै मरे पनि त्यसको दिन त्यति नै थियो, उसले आफ्नो माना खाएर मरेको छ अब हामीले दुख मानेर के गर्ने ? भन्नुहुन्थ्यो।' त्यसपछि उहाँको हाँसो सुन्ने मानिसहरूलाई पनि स्वाभाविक लाग्थ्यो। उहाँले भन्ने गर्नुहुन्थ्यो- 'सुख र दुखमा फरक मान्नुहुँदैन। यी आउने जाने गरिरहन्छन्, यी दुवै अवस्थामा समान विचार बनाउन सक्नुपर्छ। त्यसपछि कुनै कुरामा दुख हुँदैन। हाँसेर दुख बिर्सनुपर्छ। आफ्नै बुबा बितेका बेला पनि रोएर समस्याको समाधान हुँदैन। भोलिका लागि बाँच्न आफूले कुनै न कुनै कर्म त गर्नै पर्छ। आज रोए पनि भोलि हाँस्नुपर्छ भने किन रुने ? रोए त बिग्रिहाल्छ' भन्नुहुन्थ्यो।

उहाँ भन्नुहुन्थ्यो 'मानिसको शरीर बाउरु (कारिन्दा) हो। भित्रको आत्माले जे भन्यो शरीरले त्यही गर्छ। नौ नाडी, बहत्तर कोठा सबै शरीरभित्रै छ। शरीरभित्रको शक्ति मालिक हो। त्यो न मर्छ, न जन्मिन्छ। त्यसले न दुख मान्छ, न सुख मान्छ। त्यसैले रुनु व्यर्थ छ' भनेर सम्झाउनुहुन्थ्यो। उहाँ बिहान उठेर सधैँ स्नान, ध्यान, सन्ध्या, गायत्री जप गर्नुहुन्थ्यो। जस्तो सुकै कठिन अवस्थामा पनि नित्यकर्म छोड्नुहुँदैनथ्यो।

उहाँ बजगाउँमै हुँदाखेरिको कुरा हो। एक दिन उहाँले मलाई बिहानै बोलाउनुभयो। त्यतिखेर उहाँका घरमा भैँसी बिरामी छ भन्ने सुनेको थिएँ। मलाई सँगै लगेर बाहिरतिर जानुभयो।

केराको झ्यालनजिक गएर चामलका दाना मन्त्रेर छर्नुभयो । दुईतिरबाट दुईओटा सर्पहरू आएर आपसमा लड्न लागे । म अचम्म मानेर त्यो दृष्य हेरिरहेँ । धेरै बेर लडेर सर्पहरू थाकेपछि भुइँमा लत्रिए । त्यसपछि उहाँले एउटा सर्पलाई चक्कुले काटेर त्यसका टुक्रा बनाई थैलामा राख्नुभयो । त्यसरी लडेपछि सर्पको बिस झर्ने र त्यसपछि सर्पका अङ्गको औषधीका रूपमा प्रयोग हुने रहेछ । मैले त्यसै गरेर उहाँलाई सर्प बोलाएर लडाउने अनि तिनलाई छुट्याएर दुई दिशातिर पठाउने गरेका दृश्यहरू पनि देखेको छु ।

उहाँसँग वेद, ज्योतिष, तन्त्रमन्त्र, जडीबुटी, झारफुक, जन्त्र आदिको निकै ज्ञान थियो । सिक्न चाहनेलाई उहाँले त्यसको शिक्षण पनि गर्नुभयो । उहाँले धेरै ठाउँमा आफ्ना ज्ञानको प्रयोग पनि गर्नुभयो । उहाँसँग पढेकाहरूमध्ये केहीले यो ज्ञान ग्रहण गर्न सके भने धेरैमा यो ज्ञान सर्न सकेन । हरेक जानकार व्यक्तिको अभावमा भएको ज्ञान पनि यसरी लुप्त हुँदै जान्छ । उहाँले आफूसँग भएको ज्ञान धेरैलाई बाँड्नुभयो । उहाँको अभावमा पनि त्यस ज्ञानले मानिसहरूलाई मार्गनिर्देशन गरिराख्ने छ ।

# मेरा सम्झनामा गुरुज्यू

केशवराज बजगाईँ
बजगाउँ, डुग्री, अछाम
हाल : टीकापुर-१, कैलाली

मैले गुरुज्यू उदयरामसँग २०२१ सालको कात्तिक महिनाको १४/१५ गतेबाट असारसम्म पढेको थिएँ । पछि उहाँ केही बिरामी हुनुभयो र घर फर्किनुभयो । त्यस वर्ष पढाउनुभएन । अर्को वर्ष माजीमै पढाउन थाल्नुभयो । त्यसपछि माजीमै पाठलाशा बनाउनुभयो । उहाँका सन्तान जन्मिँन थालेकाले पनि उहाँको बाहिर पढाउने क्रम कम हुँदै गयो ।

बजगाउँमा पढाउँदा उहाँको बसाइ मेरो घरमा थियो । विद्यालय खन्टे स्वारका छोरा प्रभुनाथ स्वारको घरमा थियो । त्यहाँ जम्मा ३१ जना विद्यार्थीहरू थियौँ । म, प्रभुनाथ, मेरो भाइ नवराज, कृष्ण बजगाईँ, जोगिराम स्वार, जय स्वार आदि । सबैको नाम अहिले सम्झना छैन । त्यहाँ ४/५ जना विद्यार्थीहरू घोडासैनका पनि थिए । पछि मेरा बाजे मुली पढाउन गएपछि म पनि मुली पढ्न गएँ ।

बजगाउँमा पढ्दा दिउँसो र राति दुई समय पढ्ने गर्थ्यौँ । धेरै जसो राति नै पढ्थ्यौँ । त्यसबेला देओलको कलम, कटुसको मसी, बाँसका पातको कागज, खिराको पाटी प्रयोग गरेर पढेका थियौँ । त्यतिबेला घरमै विद्यालय हुने भएकाले पहिरन पनि गाउँघरमै सिलाएका आफूखुसी लुगा लगाउने चलन थियो । त्यतातिर गाउँघरमा देओला पनि पाइँदैनथ्यो त्यो पनि छबिसबाट ल्याउनुपर्थ्यो । देओला नभए निगालाका कलम बनाएरै काम चलाउँथ्यौँ ।

गुरुको बस्ने ठाउँ मेरा घरमा थियो । पढ्नका लागि हुमारा खन्टु स्वारका घरमा जानुपर्ने हुन्थ्यो । उहाँको ठुलो घर थियो । सबैको बस्ने एउटै ठाउँ हुँदैनथ्यो । दिउँसो त समस्या हुँदैनथ्यो । हामी बजगाउँका विद्यार्थी राति पनि पढ्न जान्थ्यौँ । चौइलाको राँको बालेर अँध्यारो हुँदा आआफ्नो घर जान्थ्यौँ । घोडासैनका विद्यार्थीहरू आफ्ना आफन्तका घरमा बस्थे । खानाका लागि प्रत्येक घरबाट माना उठाउने चलन थियो । महिनाको ३० रुपियाँ रोकडा दिनुपर्थ्यो । मैले एक वर्षको अवधिमा रुद्री पढेँ । पहिले गुरुले सुनाउनुहुन्थ्यो अनि हामी पछि दोहोऱ्याउँथ्यौँ ।

अक्षर र मात्रा मैले आफ्ना हजुरबुबाबाट घरमै सिकेको थिएँ । पढ्ने बेला शब्द पनि बिगार्न पाइँदैनथ्यो । बिगाऱ्यो भने निगालाको एक लठ्ठी खानुपर्थ्यो । उहाँले सुर्ती तमाखु खानु हुँदैनथ्यो । पढ्ने विद्यार्थीहरूलाई पनि खान्छौ कि भनी सोध्नुहुन्थ्यो कहिलेकाहीँ हात पनि सुघ्नुहुन्थ्यो ।

ॐ शान्ति ! ॐ शान्ति ! ! ॐ शान्ति ! ! !

# मेरा बुबा नै गुरु

रङ्गादेवी उपाध्याय
घाटगाउँ, सुर्खेत

बुबा लेकमा भैँसी गोठाला हुनुहुन्थ्यो। भैँसी चराउने बेला पातमा लेखेर समय बिताउनुहुन्थ्यो। त्यसरी बसेको अरू गोठालालाई मन पर्दैनथ्यो। सधैँ लेखेर बस्ने भैँसी कसले हेर्छ ? के लेखेको भनेर उनीहरू कचकच गर्थे, हप्काउँथे पनि। एक दिन तिम्रा भैँसी यहीँ रहलान् भनेर एक माना चामल र एक रुपियाँ लिएर स्वर्गद्वारी पढ्न गएको हुँ भन्नुहुन्थ्यो बुबाले म सानी छँदा। स्वर्गद्वारीमा कति वर्ष बस्नुभयो त्यो त मलाई थाहा भएन। त्यहीँ धेरै पढेर आउनुभएको हो भन्ने सुनेकी हुँ।

हाम्रो घर पहिले मुखिया जेठाबुबाको घर नजिक थियो। त्यसबेला हाम्रो एउटै लामो घर थियो। त्यसपछि अरू बुबाहरू छुट्टिएपछि सबैका आआफ्नै घर मुलेगडानिर बनाउनुभयो। बुबाले ३५ वर्षको उमेरमा बिहे गर्नुभएको थियो रे ! म जान्ने भएपछि साइला बुबा र जेठा बुबाको घर मात्रै थियो मुलेगडामा। कान्छा बुबा र हाम्रो घर एउटै थियो। साइला बुबाले पनि पढाउनुहुन्थ्यो। उहाँले कहाँ पढ्नुभयो त्यो मलाई थाहा छैन। बुबाले अरू गाउँमा गएर पनि पढाउनुहुन्थ्यो। मेरा सम्झनामा त दुई भाइलाई लगेर ढाङ्टाको पिपलतडाका भगदत्त देवकोटाको घरमा पढाउनुभएको हो। त्यसअघि विनायक, कुइका, बजगाउँ, बस्ती, ढकारी, घोडासैन, माजी धेरै ठाउँमा पढाउनुभएको थियो अरे ! घोडासैनमा राइटर बिस्टका घरमा बसेर पढाउनुभएको थियो। ढाङ्टा त धेरै पछि पढाउनुभएको हो। पहिला वर्ष जेठा भाइलाई मात्रै लग्नुभएको थियो। अर्को वर्ष यसले घरमा पढ्दैन भनेर माहिला भाइलाई पनि लग्नुभयो।

डन्डबिरे मगर कहाँ पनि बुबाको आवतजावत थियो। उनलाई जडीबुटी, तन्त्रमन्त्र, ज्योतिष सिकाउनुभएको थियो। अछाममा बहुलाहा कुकुरले टोकेर धेरै मान्छेलाई सऱ्यो। त्यसपछि त्यसको उपचारमा समस्या देखियो। त्यतिबेला अहिलेका जस्ता अस्पताल थिएनन्। गाउँघरको जडीबुटी झारफुकमै आधारित उपचार गर्नुपर्थ्यो। किमडाका (सानी आमाका छोराहरू) नजन्मिँदैको कुरा हो साल त ठ्याक्कै थाहा भएन। त्यतिबेला सानीआमालाई पनि बहुलाहा कुकुरले टोकेको थियो। बुबाले झारफुक र औषधी गरेर सन्चो भयो। पल्साँता र डुफातिरका धेरै मान्छेलाई पनि बहुलाहा कुकुरले टोकेको थियो।

डुफामा त कुकुरझैँ भुक्ने र अरू मान्छेलाई टोक्न जाने समस्या भएपछि खलामा बाँधेर राखेका थिए रे ! पछि कताबाट बुबाका बारेमा सुनेर राती नै मान्छेहरू बोलाउन आए। बुबा राती नै जानुभएको मलाई सम्झना छ। त्यहाँ गएर झारफुक र औषधी गरेर तीन महिना नकटेका सबैलाई निको भयो। तीनदेखि छ महिना पुगेका कोही बाँचे कोही भने बाँच्न सकेनन्। छ महिना पुगेकाहरूलाई

त झारफुक र औषधीले पनि काम गरेन। त्यसरी बुबाले झारफुक र औषधी गरेर बहुलाहा कुकुरले टोकेका मानिसहरूलाई निको बनाएपछि उनीहरूमध्ये पैसा हुनेले पैसा, पैसा नहुनेले मह, चामल, बाख्रा दिएका थिएँ। ती ल्याएर उनीहरूले घरमै पुऱ्याएको त म सम्झन्छु। डुफाका मात्रै छ जनालाई सन्चो बनाउनुभएको थियो। ती मध्ये एक जनालाई ज्यालै थियो। उसलाई झाड्दा झाड्दै बुबालाई नै सल्कियो। पछि आफूले आफैँलाई पनि झाडेर र अनि औषधी खाएर निको भयो।

मैले बाजेलाई त देखेकी थिएँ। उहाँको स्वर्गवास हुँदा म चार वर्षकी मात्रै थिएँ। बजैलाई त मैले देखिनँ। बड्डा बाजेबजै दैलेख दुल्ल गएका बेला बाजे त्यहीँ जन्मिनुभएको हो अरे। पछि भुल र हाम्रै परिवारले बोलाएर माजी ल्याएका हुन् भन्ने सुनेकी थिएँ। आमा के बिरामले बित्नुभयो मलाई केही थाहा भएन। त्यतिबेला बिरामी भएभने भाग मात्रै फाल्ने चलन थियो। आमा पहिलेदेखि बिरामी हुनुहुन्थ्यो। त्यतिबेला न अहिलेका जस्तो अस्पताल थियो, न त क्यामेरा नै। उहाँको एउटा फोटोसम्म पनि छैन।

बुबाले हलो जोत्नुभएन। घरका कामधन्दा पनि उहाँ आफैँले गर्न भ्याउनुभएन। जहिले पनि पढाउने, पढ्ने र पूजापाठमै समय बित्थ्यो। घरको कामधन्दा पनि पढ्ने विद्यार्थीहरूले गरिदिन्थे। जोत्ने, खन्ने काम उनीहरूले नै गरिदिन्थे। पढाउन गएका गाउँबाट पनि चामलका बोरा नै ल्याउनुहुन्थ्यो। मलाई पनि कखरा, मात्रा, अङ्क चिनाएर पढ्न सिकाउनुभयो। मैले छुट्टै विद्यालयमा पढेकी होइन तर बुबा घरमा भएका बेला सिकाउने र नभएका बेला लेखेर यति घोक्नु भनी सिकाउनुहुथ्यो। साँझ बिहान बुबाले पढाएरै साक्षर भएकी हुँ। मैले छसात कक्षाका किताब राम्ररी पढ्न सक्थेँ। बुबाले त्यस्ता किताब पनि ल्याइदिनुभएको थियो। आजभोलि पनि मैले त्यही सिकेका आधारमा पढ्छु। बुबाले सिकाउनुभएका केही श्लोकहरू आज पनि याद छन् :

भाग्यकै भरमा जो छ उसले दुख पाउँछ।
डोकामा गाईको दुध दुहेको खान पाउँछ॥
हाती झैँ लस्केर हिँड हिँड्दाखेरि तिमीहरू।
किन्खापको चोलो दिए खुसी हुन्छन् दिदीहरू॥
गर पुष्करको याद गरे चित्त रमाउँछ।
पुष्पले देवको पूजा गरे चित्त रमाउँछ।

यीलगायत सरस्वती बन्दना, नैतिक दृष्टान्त कविता, दुर्गा कवच सिकाउनुभएको थियो। यी सबै लेखेर दिनुभएको थियो। एक अध्याय चण्डी पनि पढेकी थिएँ। त्यतिबेला कण्ठ थियो। अहिले त बिर्सिएँ। यति जानेपछि पातडे श्लोक पनि लेखेर दिनुभएको थियो। यी सबै पढेका कुरा सँगालेर राखेकी छु। बिहे भएपछि त्यस ज्ञानमा अरू केही थप्ने काम भएन। घरव्यवहार र दैनिक काममै व्यस्त भएँ। ज्ञान त जति सिक्यो त्यसलाई दोहोऱ्याउने र थप्ने गरे मात्रै बाँच्दो रहेछ।

# पहिला शिक्षक

भूमिनन्द देवकोटा
नाडा, ढाङ्टा, अछाम

पं. उदयराम उपाध्यायज्यू हाम्रा घरमा करिब चार वर्ष बस्नुभएको हो । उहाँ हाम्रा घरमा बस्दा म करिब आठ दश वर्षको थिएँ। उहाँले मेरा भाइलाई चालिस अध्याय वेद पढाउनुभएको थियो। मैले जानकारी पाएअनुसार मेरा बुबाका पालाका धेरैजसोले उहाँसँग पढेको र उहाँसँग शिक्षादीक्षा लिएको देखिन्छ । त्यतिबेला विद्यालय थिएनन् । पढाउने मान्छे उहाँमात्रै हुनुहुन्थ्यो ।

हामीले पढ्ने हिजोका तिनै कुरा भए पनि त्यसलाई पढाउने तरिका फरक भयो । हामी त्यसबेला सानै भएकाले सबै कुरा त्यति राम्ररी बुझ्न सकेनौँ। उहाँसँग भएको ज्ञान त्यतिबेलाका धेरैले पाए । यो कुरा मैले मात्रै होइन उहाँलाई चिन्नेहरूले भनिरहेका छन् । हामीजस्ता र उहाँलाई नजिकबाट चिन्ने हाम्रा बुबाका पिँढीका मान्छे त अब धेरै छैनन् तर पनि उहाँलाई कुनै न कुनै रूपमा चिन्नेहरू अझै छन् ।

मैले उहाँलाई चिनेजस्तै चिन्ने मान्छेहरू त धेरै होलान् । मैले थाहा पाएसम्म पहलमान साउँदलगायतका मान्छेहरू धेरै छन् । मैले त उहाँको नाम 'पोकु पाध्या' भनेर चिनेको छु ।

# मेरा सम्झनामा बुबा

रामप्रसाद उपाध्याय (घोडासैनी)
ढकारी-८, घोडासैन, माजी अछाम
हाल : लम्कीचुहा नपा. कैलाली

बुबाले स्वर्गद्वारी आश्रम प्युठानमा पढ्नुभएको हो । तितौडाको लेकका तल भैंसी गोठ थियो । त्यहीँ गोठाला गएका बेला त्यहाँबाट भागेर पढ्न जानुभएको हो भन्ने मैले बुबाबाटै सुनेको हुँ । त्यतिबेला एक रुपियाँ र एक माना चामल साथमा लग्नुभएको थियो । उहाँले आफूसँग भएको आँसी र चाबो त्यही खर्कको किलामा राखेर जानुभएको थियो । उहाँको उमेर १७ वर्षको थियो । माजीबाट उहाँ दुल्लु दैलेख मामाका घर जानुभयो त्यतैबाट स्वर्गद्वारी आश्रम प्युठान पुग्नुभएको हो । बुबासँग माजीको दुबाडीका धर्मराज जेठाबुबा र बजगाउँका गङ्गे जैसी पनि गएका हुन् तर उहाँहरू दुईजना केही महिना बसेर फिर्ता आउनुभयो । बुबाले भने छ वर्ष बसी त्यहाँ पढाइ हुने सबै कुरा पढेर घर आउनुभएको हो । उहाँले पढाइ सकेपछि म योगी हुन्छु भन्नुभएछ । यो कुरा सुनेर उहाँलाई योगी हुन त आमाका हातको भिक्षा लिएर आउनुपर्छ भनेछन् । उहाँ आफ्नी आमासँग भिक्षा माग्न स्वर्गद्वारीबाट अछाम आउनुभयो । घर आउँदा पनि उहाँले धोती कुर्ता लगाएर योगीकै जस्तो भेष बनाएर आउनुभएको थियो । घर आएर आफ्नो पहिचान लुकाएरै खाना खान लाग्दा हाँसेपछि हाँसोबाट चिन्नुभएछ । त्यसपछि भिक्षा नदिएर सम्झाइबुझाइ गरेर गाउँमै बसाल्नुभयो । त्यसपछि उहाँले आफूले पढेर आएको कुरा दाजुभाइलाई पढाउन थाल्दै गृहस्थ जीवन सुरु गर्नुभएको हो । त्यसैले स्वर्गद्वारीबाट फर्केर आएपछि पनि बिहेका लागि तयार हुन उहाँलाई करिब ९ वर्ष लाग्यो ।

गाउँमा बस्न सुरु गरेपछि उहाँले धेरै ठाउँमा पढाउनुभयो । घर व्यवहार तथा हाम्रो हेरविचारमै समय बित्यो । पढ्दाखेरि स्वर्गद्वारी महाप्रभुले बुबालाई भन्नुभएको थियो रे 'तिमीलाई पूर्ण गुरुको दर्शन हुने छ । यही कुरालाई लिएर उहाँ जीवनभर प्रतीक्षा गरिराख्नुभयो । खप्तड बाबाकहाँ पनि पुग्नुभयो तर उहाँले खरानी मात्रै मन्त्रेर दिनुभयो । यसरी 'तिम्रो शरीर रक्षा गर्ने छ' भन्नुभएको थियो रे ! उहाँसँग मलाई पूर्ण र आन्तरिक ज्ञान दिनुहोस् भन्दा 'म आफैं त्यसको खोजीमा छु' भनी कुरा टुङ्ग्याउनुभएको थियो रे !

बुबाले आफू साठी वर्षको उमेर हुँदा पनि प्रभु महाराजको वचन अझै सत्य सावित भएन । अब के गर्ने होला भनेर निकै चिन्ता व्यक्त गर्नुहुन्थ्यो । एक पटक त उहाँले 'म उत्तर काशितिर जान्छु'

पनि भन्नुभएको थियो। जहाँकहीँ आध्यात्मिक कुरा चल्थ्यो उहाँ त्यहाँ पुग्नुहुन्थ्यो तर केही फेला पार्नुभएको थिएन। 'प्रभु महाराजको वचन त असत्य नहुनुपर्ने' भन्ने विश्वास र हामी सानै भएकाले पनि उहाँ कतै जानुभएन।

अन्तमा राधास्वामी सत्संग व्यासका पूर्ण सन्तसद्गुरुको सम्पर्कबारे जानकारी भयो। यसका माध्यम बन्नुभयो गुटुका मदनलाल धमला। मदनलाल धमला र बलिराम बाँस्पानेसँग यस विषयमा धेरै छलफल गर्नुभयो। केही सन्तमत साहित्य पनि पढ्नुभयो। त्यसपछि नामको दीक्षा प्राप्त गर्नुभयो। उहाँले नाम प्राप्त गरेको आठ दिनमै आफ्ना अन्तरमा शब्द प्रकट गर्नुभयो। यो कुरा उहाँले केही मान्छेहरूसँग भन्नुभएका कारण त्यो दिव्य शक्ति हरायो। त्यसबारे बुझ्न उहाँले व्यासमा रजिस्ट्री चिठी पठाएर बुझ्दा तथा अरू सत्संगीसँग बुझ्दा आफ्ना अन्तरको कुरा कसैलाई भन्न नहुने रहेछ भन्ने जवाफ आयो। यसपछि उहाँ धेरै समय अभ्यासमै बिताउन थाल्नुभयो। बाबाजीको दर्शन गर्न अर्को पटक व्यास पनि पुग्नुभयो।

मेरो अक्षरारम्भदेखि सबै शिक्षा दिने गुरु उहाँ नै हुनुहुन्छ। मेरो अक्षरारम्भ घरमै भएको हो। मेरो पढ्ने उमेर भएका बेला बुबाले ढाङ्टा भगदत्त देवकोटाका घरमा पढाउनुहुन्थ्यो। यो वर्तमान तुर्माखाँद गाउँपालिकामा पर्छ। भगदत्त देवकोटाको घर पिपलतडा भन्ने ठाउँमा थियो। यो वि.सं. २०३४-०३५ सालतिरको कुरा हो। अघिल्लो वर्ष दाजु मात्रैलाई लग्नुभएको थियो। अर्को वर्ष मलाई पनि लग्नुभएको थियो। त्यहाँ पुष्कर देवकोटा, हरि देवकोटा, भानुभक्त देवकोटा, दाजु कृष्णराज र मलगायतका विद्यार्थीहरू थियौँ। बुबा धेरैजसो पढाउन घर बाहिर बस्नुहुने भएकाले उहाँले पढाउने ठाउँमा हामीलाई पनि लिएर जानुभएको हो। त्यहाँ करिब २ वर्षजति बस्नुभयो। त्यसपछि सेराको ध्यानेवस्ता पनि पढाउनुभएको थियो। त्यहाँ दाजुलाई लैजानुभएको थियो म गएको थिइनँ।

# गुरुज्यूको सम्झनामा

लक्ष्मीकान्त न्यौपाने
विनायक- २, अछाम

पं. उदयराम उपाध्यायले कुइकाको रिसडामा आएर हामीलाई वेदको शिक्षा दिनुभएको हो। उहाँले सारयुक्त वेद पढाउनुभएको हो। वेदका मन्त्रहरूको ह्रस्व, दीर्घको मात्रा छुट्याएर सार लगाई वेद पढ्ने क्षमता त्यतिबेला यस क्षेत्रका कसैसँग थिएन। हामी बिहान ४ बजे उठ्थ्यौँ। गुरुले नित्य स्नान गरेर सन्ध्या गरिसकेपछि हामीलाई पढाउनुहुन्थ्यो। प्रत्येक दिन बिहान पाठशालामा उपस्थित भएपछि केही श्लोकहरू भन्न सिकाउनुभएको थियो। ती श्लोकहरू यसप्रकार थिए :

गर ईश्वरको याद पढ विद्या सफारहु,
इलम सिक्दा जति दुख आइपर्छ सबै सहु।
माता पिता र गुरुको मान राख उनीहरू,
जे भन्दछन् उही काम गर्ने गर खुरुखुरु।
काममा जागरी होऊ छोडेर आलसीपना,
नबोल फोहरी लाज घिन लाग्ने कुरा जति,
नलेऊ झोक्किने बानी ठट्टा गर्दा पनि रति।
सबैलाई मित्र जस्तो बानी राम्रो मिजासले,
रिझाउने गरे तिम्रो सह्राना गर्छ लोकले।
दैवदेखि डराएर राम्रो काम सधैँ गर,
देहमारी झुटो काम हुँदैन कहिले थिर।

गुरुज्यूले आफैँ पकाउनुहुन्थ्यो। अरूले पकाएको खानुहुँदैनथ्यो। उहाँले साँझ पनि सन्ध्या गर्नुहुन्थ्यो। सुत्ने समयमा पनि भन्ने एउटा श्लोक सिकाउनुभएको थियो। यो श्लोक प्रत्येक दिन सुत्ने समयमा भन्नुपर्छ भन्नुहुन्थ्यो। उक्त श्लोक यसप्रकारको थियो -

पिउने भाङ अफिम चन्दु धतुरो घस्ने खरानी सदा,
लिने हातमहाँ त्रिशूल डमरु योगीसरीको छँदा,
कण्ठैमा विष कालकूट सर भै काख्मा गिरीकी सुता,
सानो चन्द्र ललाटमा जडी शिव एकपल्ट आउन् यता।

कुइका रिसडाका नरहरि उपाध्याय मेरा मामा हुनुहुन्थ्यो। म उहाँकै घरमा बस्थेँ। गुरुजी पनि त्यहीँ बस्नुहुन्थ्यो। मैले पढेको २०१५ देखि २०१८ सालसम्म हो। मैले उहाँसँग १० अध्याय वेद पढेको हुँ। पछि गुरुजीका भाइ कुजा पाध्या (भूमिनन्द उपाध्याय) ज्यूसँग २५ अध्यायसम्म पढेको हुँ।

(नेत्रराज उपाध्यायले लक्ष्मीकान्त न्यौपानेसँग गरेको कुराकानीमा आधारित, उहाँले भनेको समयमा भने कुइकामा नपढाएको देखिन्छ- सम्पादक)

# मार्मिक क्षण

नन्दराज बजगाईं
मोहन्याल गापा-६, अजिङ्गरे, कैलाली

पं. उदयराम उपाध्याय अछाममा जन्मेर जीवनको उत्तरार्धतिर सुर्खेत आउनुभयो। सुर्खेतको भुडेभावरमा बस्दाखेरि मेरो र उहाँको राम्रोसँग चिनजान भएको हो। त्यसको खास कारण उहाँका जेठा दाजु देवीराम उपाध्याय र मेरो बसाइ कैलालीको अजिङ्गरेमा सँगै थियो। पं. उदयराम सुर्खेत आउने बित्तिकै मैले उहाँका बारेमा जानकारी पाएको थिएँ। मैले उहाँसँग पाँच अध्याय वेद पनि पढेको हुँ। यस दृष्टिले उहाँ मेरा गुरु पनि हुनुहुन्छ। उहाँले मलाई सारै माया गर्नुहुन्थ्यो। म उहाँका घर बेला बेला उहाँले श्राद्ध गराइदिन बोलाउँदा जाने गर्थें। उहाँ पनि आफ्ना दाजुकहाँ आउँदा मसँग भेट हुन्थ्यो।

उहाँसँग बिताएका केही यिनै छिटपुट सम्झनामात्रै मसँग सुरक्षित छन्। जीवनको अन्तिम घडीमा भेट भएन तर उहाँको स्वर्गवासपछि पनि उहाँको संस्कारमा म संलग्न हुन पुगेँ। २०५२ साल असोज महिनाको शुक्ल त्रयोदशीका दिन उहाँले हामीलाई छोडेर जानुभयो। त्यसपछि उहाँका दाजु देवीराम, उहाँका भाइका छोरा नन्दाराम र म राती कर्णाली नदी तरेर भुडेभावर पुग्यौँ। उहाँका दाजु देवीरामले हाम्रो बामन अछाममा भएकाले काजक्रिया तपाईंले गरिदिनुपर्‍यो भनी मलाई भन्नुभयो। चतुर्दशीका दिन दाहसंस्कार भयो। वैदिक विधि र सनातन परम्पराअनुसार दश गात्रादि कर्म गरेर म तेह्र दिनसम्म त्यहीँ बसेँ। ती क्षण सम्झँदा आज पनि म मर्माहत हुन्छु।

# खण्ड 'ग'
# विविध व्यक्तित्वहरूका सम्झनाहरू

# मेरा अभिभावक

स्व. शिवराज जैसी घोडासैनी
ढकारी-८, घोडासैन, सान्नाडा

मेरा गुरु भने पनि बा भने पनि पोकु पाध्या काका हुनुहुन्थ्यो। उहाँ नाताले मेरा काका भए पनि म उहाँकै छत्रछायामा हुर्के बढेको र उहाँबाट धेरै कुरा सिकेको हुँ। उहाँको खास नाम उदयराम भए पनि पोकु पाध्या चलेको नाउँ हो। सबैको नाउँ चल्दैन। यी कोही मुखिया भए, कोही प्रधान र खरदार भए तर तिनको नाउँ चलेन। उहाँको नाउँ कसरी चल्यो भने उहाँ सानै उमेरमा घरबाट भागेर पढ्न जानुभयो। उहाँ कता जानुभयो भन्ने कुरा घरपरिवारमा कसैलाई पनि थाहा थिएन। बाजे र बज्यै रुनुभयो। छोरो कता हरायो, कता गयो भन्ने कुरालै उहाँहरूलाई चिन्तित तुल्यायो। छ महिनापछि उहाँसँग स्वर्गद्वारी पढ्न गएका दुईजना फर्केर आएपछि स्वर्गद्वारी पढ्न गएको कुरा जानकारी भयो। त्यति टाढा पढ्न यहाँबाट कोही गएको थिएन त्यसैले उहाँको नाउँ चलेको हो।

दैलेख त पहिले बड्डा बाजे जोगिराम पनि जानुभएको थियो तर उहाँ बस्ने गरेर परिवारसहित जानुभएको थियो। दैलेख करिब १२ वर्ष बस्नुभएको थियो। बाजे शिवरामको जन्म त्यहीँ भएको थियो। पछि बाजे र बड्डी बज्यै अछाम फर्किनुभयो। यहाँ बज्यैको माइती रिमा बस्नुभयो। बाजे ठुला हुनुभएपछि उहाँको दैलेखमा बिहे भयो। त्यसपछि उहाँको आफ्नो सम्पत्ति र दाजुभाइहरू माजीमा भएकाले उहाँलाई सबैले यतै बोलाए। यहाँ आएर पहिले दुबाडी बस्नुभयो। पछि लाम्पाटा अनि त्यसपछि मुलेगडा आउनुभएको हो। जोगिराम दैलेख जानुभएपछि उहाँको सम्पत्ति नजिकका भाइका नाताले किमडाका गोब्रुले हत्याउनुभएको थियो। शिवराम बाजे माजी आउनुभए पनि उहाँलाई गोब्रुले जग्गा फिर्ता दिनुभएन। बाइसे भुल प्रसिद्ध थियो। उसले शिवराम बाजेलाई हजुरको जग्गा यो यो हो भनी सबै कुराको पूरा जानकारी दियो। त्यसपछि गोब्रु बाजेले जग्गा फिर्ता दिनुभयो। त्यसपछि शिवराम बाजे माजीको मुलेगडा बस्नुभयो। मेरा बुबाआमा र बाजेबज्यै एकै सउडी भएकाले म पनि उहाँहरूसँग नजिक थिएँ। हामी एकै सउडी भएर बस्यौँ। यहीँ उहाँका चारभाइ छोराहरू देविराम, उदयराम, भूमिनन्द र शङ्कर जन्मिनुभयो। उहाँका चार छोरामध्ये माहिला उदयरामले प्युठानको स्वर्गद्वारीमा पढेर आफ्ना बाजे दैलेख गए भने उहाँ अँझ पर गएर पढी विद्वान् भएर फर्किनुभयो। त्यसैले उहाँको नाउँ चलेको थियो।

म अहिले ८७ वर्षको (२०७० सालमा) भएँ। मेरा सम्झनामा त्यति बेलासम्म त्यति टाढा पढ्न कोही पनि गएको थिएन। स्वर्गद्वारीका बारेमा कसरी कहाँबाट जानकारी भयो त्यो कुरा मलाई केही थाहा भएन। उहाँले त्यहाँ गएर सबै कुरा पढेर जान्ने भएर आउनुभयो। उहाँलाई सबैले गुरु माने। अरूले बिगारेर नजानेको अवस्थामा उहाँलाई नै सोध्ने गर्थे। उहाँले धेरैलाई शिक्षा दिएर जान्ने बनाउनुभयो। उहाँले पढाएका कुइकाका विष्णुभक्त तिमिल्सिना पण्डित भनेर चिनिए। म सउडी भएकाले उहाँ घर हुँदा साँझबिहान भेट हुन्थ्यो। म उहाँसँग ठट्टा पनि गर्थें। एक दिन मैले "काउजु यी घोगा जम्मै बनकाल सके बचेका कागल खाइदिन लागे" भनेँ। "उहाँले म कागको बन बनाइदिन्छु भन्नुभयो"। त्यस वर्ष मेरा गडामा काग कतै लागेनन्। उहाँसँग त्यस्तो ज्ञान र सिप थियो।

उहाँले विनायक, कुइका, बजगाउँ, रिमा, ढकारी आदि ठाउँमा पढाउनुभयो। यी सबै ठाउँका मानिसहरूले उहाँलाई गुरु मानेका थिए। विनायकका चाइने जोइसीको पनि नाउँ चलेको थियो तर तिनले काका पोकु पाध्यालाई लिएर पढाउन लगाउनुभयो। त्यसैले उहाँ विद्यामा निकै सिपालु हुनुहुन्थ्यो। मेरो चिना उहाँले नै बनाउनुभएको थियो। लामो आयु छ भन्नुहुन्थ्यो। उहाँ सधैँ मेरा सम्झनामा हुनुहुन्छ।

(नोट : यो लेख स्व. शिवराज जैसी घोडासैनीसँग २०७० सालको असार महिनामा ढकारी-८, घोडासैन, माजी सान्नाडा उहाँकै घरमा उहाँसँग खगेन्द्र घोडासैनीले गरेको कुराकानीमा आधारित भएर तयार पारिएको हो।)

# सम्धीज्यूको सम्झना

देवाखर उपाध्याय (बस्टेल)
घोडासैन, फेरेबाटा, अछाम
हाल : लम्की, कैलाली

पं. उदयराम उपाध्यायका साहिँला भाइ पं. भूमिनन्द उपाध्यायसँग मैले वेद पढेको हुँ। यो २०१४ सालको कुरा हो। म त्यतिबेला जम्मा १० वर्षको थिएँ। मैले कुइका रिसडाका विष्णुभक्त उपाध्यायका घरमा बसेर पढेको हुँ। त्यसअघि त्यहीँ पं. उदयराम उपाध्यायज्यूले पढाइसक्नुभएको थियो। उहाँका भाइले पनि उहाँबाटै शिक्षा आर्जन गर्नुभएको थियो। यस हिसाबले उहाँ मेरा गुरुका पनि गुरु हुनुहुन्थ्यो। त्यतिबेला भवानीप्रसाद, व्रतराज, विनीप्रसाद आदि विद्यर्थी थियौँ। अब सबैका नाम त सम्झनामा छैनन्।

पं. उदयराम उपाध्यायज्यूको हाम्रा घरमा आवतजावत थियो। मेरा काका मुरारी उपाध्याय र उहाँको निकै घनिष्ठ मित्रता थियो। उहाँ यो बाटो हिँड्दा एकपटक यहाँ बसेर तथा काकाज्यूसँग भेट गरेर जानुहुन्थ्यो। उहाँसँग हामी नजिक हुनाको एउटा कारण यो पनि थियो। म उहाँहरूका अगाडि सानै थिएँ। मेरो उहाँसँगको पहिलो भेट २०१२ सालमा भएको थियो। २०१२ सालमा बजगाउँ अधिकारीका घरमा एउटा काममा उहाँ र मेरा बाजेसँगै हुनुहुन्थ्यो। मैले उहाँलाई त्यहीँ भेटेको हुँ। पछि मेरी छोरी दिने कुरामा काकाज्यूसँगै उहाँको कुरा भयो। मैले पनि हुन्छ भनेँ। यसरी हामी सम्धी भयौँ।

उहाँ बजगाउँ जाँदा आउँदा हाम्रा घरमा पसेर जानुहुन्थ्यो। एकपटक ढाँकु बिस्टका घरमा सप्ताह हुँदाखेरि हामीले सँगै वेद पढेका थियौँ। उहाँलाई अछाममा वेदका विज्ञ भनेर चिन्थे। अरूले वेद पढ्ने तरिका र उहाँले वेद पढ्ने तरिका फरक थियो। उहाँ सस्वर वेद पढ्नुहुन्थ्यो। उहाँले जसरी वेद पढ्ने यस भेकमा अरू कोही पनि थिएनन्। उहाँ शान्त स्वभावका तर हँसिला हुनुहुन्थ्यो। हाँस्नु पर्दा खित्का छोडेर हाँस्नुहुन्थ्यो। कुरै कुरामा अरूलाई पनि हँसाउनुहुन्थ्यो। उहाँसँग लामो सँगै बसाइ भएन। हाम्रो घरनजिक भएको हुनाले पनि त्यसो भएन। पछि म तराईतिर आएँ उहाँ पनि भुडेभावर आउनुभयो। टाढाको कुरा त्यसपछि भेटघाट नै हुन सकेन। अब केवल सम्झना मात्रै रह्यो।

# मेरा सम्झनामा माहिला काउजु

जगन्नाथ जैसी (घोडासैनी)
ढकारी- घोडासैन-८, अछाम
हाल : बडिगाउँ, कैलाली

पं.उदयराम उपाध्याय नाताले मेरा काउजु हुनुहुन्छ । मैले उहाँलाई सानैदेखि चिनेको हुँ । उहाँसँगको संगत पनि लामै भएको थियो । काउजुको र हाम्रो पहिले बसाइ एकै ठाउँ थियो । हाम्रा नायक, गुरु दुबै हुनुहुन्छ उहाँ त । मेरा बुबा सरहका मान्छे हुनुहुन्छ । मेरो उहाँले सधैँ भलो चिताउनुहुन्थ्यो । उहाँकै मायाले त उहाँका छोराहरूसँग पनि मेरो सम्बन्ध र माया रहेको छ । आफ्ना दिनमा उहाँको निकै चर्चा हुन्थ्यो । त्यो बयान गरेर साध्य छैन । पहिले उहाँको घर पनि दुबाडी थियो । हामी सउँडी थियौँ । हाम्रा घरदेखि माथितिरको खनारो हो उहाँको । पछि उहाँ मुलेगडा सर्नुभएको हो । उहाँ टाढा गए पनि हाम्रो सम्बन्ध कायम थियो ।

उहाँको मावल दैलेख भएकाले उतैबाट स्वर्गद्वारी गएर पढेपछि धेरै ठाउँमा पढाउनुभयो । माजी लम्जु, विनायक धेरै ठाउँमा पढाउनुभयो । मैले त पढ्न पाइनँ । उहाँसँग पढेका धेरै थिए । माजी वरपर पहिलो शिक्षा दिने उहाँले होला मेरा सम्झनामा ।

उहाँले सन्तमत अपनाएपछि धेरैले विरोध गरे । माछामासु नखाने भनेर बढी विरोध गरे । उहाँ शाकाहारी भएको त स्वर्गद्वारी गएपछि हो । यो कुरा मानिसहरूले बुझेनन् । अब त शाकाहारी अरू पनि भएका छन् । म पनि पहिले जानकार थिइनँ । सामाजिक भेदभाव उहाँ पहिले पनि गर्नुहुँदैनथ्यो तर सरसफाइ भने आवश्यक हुन्छ भनेर जोड दिनुहुन्थ्यो ।

माजीका विद्वान् बाजे सम्पत्ति हुनुहुन्थ्यो । माहिला काउजु र साहिँला काउजु उहाँपछिका विद्वान् र पढेलेखेका मान्छे हुनुहुन्थ्यो । अरू पनि अब त धेरै भएका छन् । पहिले गाउँमा पढ्ने कतै ठाउँ थिएन । माजीबाट अरू कोही त्यति टाढा पढ्न गएको मलाई जानकारी छैन । त्यसरी पढेर आएपछि उहाँको पढाउने कामबाहेक धेरै समय पूजापाठ र ध्यानमा बिताउनुहुन्थ्यो । उहाँ पानीको मुलमा गई बिहानै नुहाइधुवाइ गरेर पूजापाठ र ध्यान गर्नुहुन्थ्यो । सन्ध्या र गायत्री जप गर्ने, खरानी मन्त्रेर घस्ने गर्नुहुन्थ्यो । मन्त्रहरू पढ्दै घर पुग्नुहुन्थ्यो । उहाँले त्यसरी के पढ्नुहुन्थ्यो मलाई जानकारी छैन । यो कुरा उहाँको उमेर तिस बत्तिस वर्षको हुँदाखेरिको हो । उहाँमा आध्यात्मिक ज्ञानको खोजी र ध्यानमा लाग्ने बानी पहिलेदेखि नै थियो । उहाँको विरोध गर्नेहरू पनि पछि पछुताए उहाँ लागेकै मार्गमा लागेको मैले देखेको छु ।

उहाँ मेरा लागि सधैँ सम्झना गर्न लायक व्यक्तित्व हुनुहुन्छ । मैले उहाँबाट परिवार, समाज र ज्ञानका धेरै कुरा सुनेको छु । मेरो अल्पबुद्धिले ती सबै कुरा स्मरणमा राख्न सकिनँ । उहाँ सधैं मेरा लागि स्मरणीय हुनुहुन्छ ।

# अविस्मरणीय सम्झना

पद्ममादेवी देवकोटा
घोडासैन, अछाम
हाल : लम्कीचुहा, कैलाली

कौसिलादेवी र म दुई दिदीबहिनी हौँ । उनी मेरा जेठाबुबाकी छोरी हुन् । हामी बाल साथी हौँ । मेरो बिहे घोडासैनमा भयो भने बहिनीको बिहे माजीमा भयो । पं. उदयराम उपाध्यायले माजीबाट स्वर्गद्वारी गएर पढ्नुभएको हो । त्यहाँबाट फर्केर घर आउनुभयो । उहाँले त्यतिबेलासम्म बिहे गर्नुभएको थिएन । कौसिलादेवीलाई घोडासैनमा बिहे गरिदिने भनेर दिएका थिए । फागुनतिर बिहे गरिदिने कुरा थियो । माजीबाट पं. उदयरामका दाजु देवीराम उपाध्याय बहिनी कौसिलालाई आफ्ना भाइसँग बिहे गरिदिन माग्न आउनुभयो । अरूहरूले पनि उहाँलाई दिनुपर्छ भन्नुभयो । त्यसपछि पं. उदयरामसँग बहिनी कौसिलादेवीको बिहे भयो । बिहे हुँदा बहिनीको उमेर १३ वर्षको थियो । बिहे भएका वर्ष हामी दिदीबहिनी तितौडाको राम हेर्न गएका थियौँ । सेतो रङको यता अछामतिर नचलेको साडी बिहेमा दिइएको थियो । त्यो साडी देखेर तितौडाको जात्रामा गएका सबै मानिसहरू हेरेका हेर्‍यैँ भए । त्यतिबेला बहिनीकी सासू बुढी हुनुहुन्थ्यो त्यसैले बिहे भएको अर्को वर्ष दनगनु (बिहेपछि घर भित्र्याउन गरिने कर्म) गरेर घर ल्याउनुभयो । त्यसपछि दाजुभाइ छुट्टिनुभयो । बहिनीको उमेर सानै थियो । 'मेरी सासू सक्नुहुन्न घर खर्च सकियो होला' भनेर बहिनी भन्ने गर्थिन् ।

हामी दुई बहिनी सँगै घर आउँथ्यौँ माइतबाट । म घोडासैन उनी माजी आउने हुँदा हामी सँगसँगै आउँथ्यौँ । पं. उदयरामज्यूले बजगाउँ पढाउँदा हामी सानै थियौँ । उहाँले दुईपटक बजगाउँ पढाउनुभयो । उहाँले बिहानै उठेर पूजापाठ, सन्ध्या, जप गर्नुहुन्थ्यो । खरानीको टीका लगाउनुहुन्थ्यो । उहाँ पढ्ने, पढाउने र ज्योतिषको काम गर्नुहुन्थ्यो । मेरो चिना पनि उहाँले बनाउनुभएको थियो । उहाँले चिना हेरेर छोराका विषयमा भनेका धेरै कुराहरू मेल खाएका छन् । हामी दिदीबहिनी साथै हुन्थ्यौँ । घाँसदाउरा लिन र गाईगोरु चराउन जान्थ्यौँ । त्यतिबेला नुन लिन राजापुर जानुपर्थ्यो । ती दिनहरू कठिन थिए । हामीले अरूले पढेको सुनेका आधारमा अक्षर र नाम त लेख्न जानेका थियौँ तर हामीहरूलाई भने पढाएनन् । त्यतिबेला छोरीहरूलाई पढाउँदैनथे । छोरीहरूलाई शिक्षा दिँदैनथे । जमाना त्यस्तै थियो ।

मेरो जन्म वि.सं. १९९७ साल जेठमा भएको हो । बहिनीको जन्म त्यसकै भदौमा भएको हो । हामी एकै सालका र केही महिनाले मात्रै दिदीबहिनी हौँ । साथै जन्मियौँ साथै हुर्कियौँ । बिहे पनि नजिक नजिकै भएको थियो । लेख पढ गराएका भए त हामी पनि जान्ने सुन्ने टाठाबाठा हुने थियौँ । जमाना त्यस्तै थियो । त्यसो भए पनि ती दिन रमाइला र अविस्मरणीय थिए । यसरी बहिनी कौसिलादेवी र उनको बाल्यकाल बिहे हुँदा र त्यसका केही दिनसम्मको मेरो साथ अविस्मरणीय रहेको छ ।

# पण्डित स्व. उदयराम उपाध्यायका बारेमा

खड्कराज अधिकारी
कमलबजार नपा-७ अछाम

## पृष्ठभूमि

हालको पूर्वी अछामको भूभागलाई पहिला भैँसोले भनिन्थ्यो । कमलबजार डाँडादेखि पूर्वतिर मल्लो भैँसोले र दक्षिण पश्चिम भूभाग तल्लो भैँसोलेका नामले परिचित थियो । उक्त क्षेत्र शिक्षामा निकै पछाडि थियो । औपचारिक शिक्षालय नगण्य मात्रामा थिए । सुरुमा दैलेख र पछिल्लो समय डोटी सदरमुकाम रहेको थियो । औपचारिक शिक्षा लिन डोटीसम्म जानुपर्ने बाध्यता थियो । त्यतिबेला औपचारिक शिक्षामा खासै पहुँच थिएन । गाउँठाउँमा परम्परादेखि चलिआएको गुरुकुल शिक्षा प्रणाली राष्ट्रिय शिक्षा पद्धतिको योजना-२०२८ को वरिपरिसम्म प्रचलनमा रहेको पाइन्छ । सन्तानलाई शिक्षा दिनुपरेमा गाउँटोलमा केही व्यक्तिहरू मिलेर पण्डित, विद्वान् खोजी गरी एक ठाउँमा राखेर गुरुकुल शिक्षा पद्धतिको रूपमा शिक्षा दिने गरिन्थ्यो ।

यसै सन्दर्भमा सोधपुछ गर्दा पाइएको जानकारीअनुसार २०३२ सालमा अछाम तल्लो भैँसोले तत्कालीन सेरा गाउँपञ्चायत वडा नं-१ ध्यानेवस्तामा देवराज अधिकारीले आफ्ना जेठा छोरा विष्णुप्रसाद अधिकारीलाई ज्योतिषसम्बन्धी शिक्षा दिनका लागि दिन हेर्ने, जन्म कुण्डली बनाउने र चिना बनाउने कामसम्मको अध्ययन गराउन एकजना पण्डित वा गुरुको खोजी कार्य गरे । खोजी गर्दै जाँदा २०२७ सालमा ध्यानेवस्ता आफ्नै घरमा सप्ताह महायज्ञ लगाउँदा घोडासैन पञ्चायत माजी मुलेगडा निवासी पण्डित उदयराम उपाध्यायलाई आमन्त्रण गरिएको थियो । उहाँलाई धेरैले उहाँको पोकु पाध्याका नामले चिन्दछन् । यो उहाँको उपनाम हो । उक्त महायज्ञमा पण्डित उदयराम उपाध्याय महायज्ञमा स्थापित गणेश भगवान्को भूमिकामा हुनुहुन्थ्यो । उहाँको स्मरण आएर पण्डितको घरमा गई आफ्ना छोरालाई पढाइदिन अनुरोध गर्दा पण्डित उदयराम उपाध्यायले स्विकार्नुभयो र ध्यानेवस्तामा २०३२ र ०३३ सालमा करिब दुई वर्ष बसेर ज्योतिष शिक्षा दिनुभयो । ध्यानवस्ता देवराज अधिकारीको घरमा नै बसेर शिक्षा दिन सुरु गरेका पण्डित उदयराम उपाध्यायका दुईजना मात्र शिष्य थिए । एकजना पण्डितकै जेठा छोरा हुनुहुन्थ्यो र अर्का विष्णुप्रसाद अधिकारी विहानदेखि बेलुकासम्म दिनभरि नै पठनपाठन हुन्थ्यो । कटुसको मसी र निगालाको कलमले शिष्यलाई लेखन सिप सिकाउनुहुन्थ्यो । करिब दुई वर्षको अध्यापनपछि विष्णुप्रसाद अधिकारीलाई चिनासम्म लेख्न सक्षम बनाई घर फर्कनुभएको थियो । निज पण्डितका छोरालाई त्यतिबेला ज्योतिष विद्या सिकाउनुभएन, कर्मकाण्डसम्बन्धी सिप सिकाउनुभएको थियो । करिब दुई वर्षको बसाइपछि गुरुदक्षिणा र टीकासहित बिदाइ गरिएको थियो ।

## दिनचर्या र आनीबानी

१. बिहान करिब ४ बजेतिर निन्द्राबाट उठेर ध्यान गर्ने, ध्यान गर्दा पुरै शरीर ओढेर बस्ने, कसैले होहल्ला गर्न नहुने,
२. उज्यालो हुन लाग्दा उठेर पानी भएको खोला (सानो नदी) तिर जाने र स्नान गर्ने, गायत्री जप गर्ने, पूजापाठमा करिब दुई घण्टासम्म समय लगाउने,
३. बिहान ८ र ९ बजेपछि मात्र घरमा आई खाना खाने र अध्यापन कार्य गर्ने,
४. स्वाध्ययन गर्ने, शिष्यलाई कक्षाकार्य दिएर आफू स्वाध्ययनमा लाग्ने र बिचबिचमा शिष्यको पढाइमा ध्यान दिइरहने,
५. कहिले काहीँ रमाइलो गफगाफ गर्ने र हाँसो मजा गर्ने,
६. बढी जसो एकान्तमा बस्न मन पराउने ।

## भेष भूषा र खानपान

१. तल सुरुवाल र सेतो धोती लगाउने, माथि भोटो र हाप कोट लगाउने,
२. खानमा भात अरूको पकाएको नखाने, आफैँ पकाएर खाने, अरूले पकाएको रोटी पनि चल्ने,
३. खाना जे उपलब्ध हुन्छ सन्तोषका साथ खाने, दुध, दही र तरकारीमा आलु, पिँडालु मन पराउने,
४. प्रत्येक दिन आयुर्वेदिक गिलो पदार्थ सेवन गर्नुहुने, अरूले सोधेमा 'बिष हो' भनी जवाफ दिने ।

## पण्डितसँग सम्बन्धित एउटा घट्ना

एक दिन गाउँमा बौलाहा कुकुर पसेछ । कुकुरले जसलाई भेटायो उसैलाई टोक्दै हिंडेछ । मान्छे, गाई, भैँसी र जनावर सबैलाई भेटेजति टोकेछ । पण्डितले बौलाहा कुकुरले टोकेकाहरूलाई मन्त्र जप गरेर ठिक पार्नु भएछ । यस कार्यबाट सबै गाउँबासीहरू खुसी भएछन् र गुरुको प्रशंसा गरेछन् । यस घटनाका बारेमा आजसम्म पनि गाउँसमाजका मानिसहरूले सुनाउने गर्दछन् ।

पण्डित उदयराम उपाध्यायका सन्दर्भमा बाहिर अन्य ठाउँका बुढा पाकाहरूसँग सोधपुछ गर्ने क्रममा ढकारी गापा- १ निवासी समाजसेवी बलबहादुर कुँवरसँग साक्षात्कार गर्दा निज पण्डित समकालीन समाजका ठुला विद्वान् भएको र ढकारीमा पनि हालको गुरुकुल माध्यमिक विद्यालय नजिक केही समय अध्यापन गर्नु भएको जानकारी दिनु भयो ।

## निष्कर्ष

पण्डित गुरु उदयराम उपाध्याय तत्कालीन समयका विद्वान् पण्डित हुनुहुन्थ्यो । वेद, ज्योतिष शास्त्र र कर्मकाण्डमा उहाँको राम्रो दखल भएको बुझिन्छ । उहाँको जीवन दर्शन आध्यात्मिक र परोपकारी रहेको कुरा उहाँको दिनचर्या, आनीबानी र व्यवहारबाट पुष्टि हुन्छ ।

## स्रोत

घरका आमाबुबा र दाजु चन्द्रप्रसाद अधिकारी तथा वरपरका अन्य जनकार व्यक्तिहरू

# माजीको शैक्षिक अवस्था

कालु जैसी घोडासैनी
ढकारी-८, घोडासैन, अछाम

मेरा सम्झनामा घोडासैनमा लेख पढ गरेका धेरै मानिसहरू थिएनन्। औपचारिक शिक्षालय त २०३३ सालमा मात्रै स्थापना भएको हो। त्यतिबेलासम्म सबै बाहिरबाटै पढेर आएका मानिसहरू थिए। माजीको अवस्था पनि त्यस्तै थियो। गाउँमा शिक्षालय नभएकाले चिठी लेख्ने र लेखेको चिठी पढ्न सक्ने क्षमता पनि धेरैमा थिएन। पछि त माजीमा खरदार पनि हुनुभयो। सुरुमा पल्लामाजीका भूमि जैसी घोडासैनी र मुलेगडाका उदयराम उपाध्याय र मुख्या हुनुहुन्थ्यो। मेरा काका बम्बईमा हुनुहुन्थ्यो। उहाँका नामबाट एउटा चिठी आयो। त्यो चिठी पढ्ने मान्छे पाउन कठिन भएको थियो पछि मुख्याका हातमा पऱ्यो। उहाँले पढेर बुबालाई सुनाउनुभयो। त्यसमा मेरा काकाको निधन भएको कुरा लेखिएको रहेछ। त्यो चिठी सुनेर मेरा बुबाले पत्याउनुभएन।

अब पोकु पाध्या (उदयराम उपाध्याय) कहाँ जानुपर्छ भन्नुभयो। उहाँकहाँ गएर काकाका बारेमा हेराउनुभयो। उहाँले बुबालाई यो मान्छेको त आयु सकिएको छ भन्नुभएछ। त्यसपछि बुबाले पत्याउनुभयो र काकाको काजक्रिया गर्नुभएको हो। यो घटना २०१८ सालतिरको हो। त्यसअघि अक्षर जानेका लेखपढ गर्ने मान्छेहरू उदयराम उपाध्याय, मुख्या जेठाबुबा र दाजु भूमिनन्द जैसी मात्रै हुनुहुन्थ्यो। अरू त्यसपछि जान्ने भएका हुन्।

(यो वि.सं. २०७० साल असार महिनामा घोडासैनको देउलनिर कालु जैसीसँग खगेन्द्र घोडासैनीद्वारा गरिएको कुराकानीमा आधारित भएर तयार पारिएको हो।)

# वेदपाठी गुरुज्यू

पहलमान साउँद
ढकारी, बलाँता, अछाम

गुरु उदयराम उपाध्याय हाम्रा परमपूज्य हुनुहुन्छ । उहाँ अछाम जिल्लाको तत्कालीन बलाँता गाविसमा स्थित मेरा घरमा हुने पूजामा आउने गर्नुहुन्थ्यो । यो वर्तमान ढकारी गाउँपालिकामा पर्दछ । म दानबहादुर साउँदको कान्छो छोरा पहालमान साउँद हुँ । म २०३२ सालमा तन्कालीन बलाँता गाउँपपञ्चायतको प्रधानपञ्च थिएँ । मेरा बुबाले पूजापाठ गर्नुहुन्थ्यो । उहाँले प्रत्येक वर्ष सत्यनारायणको पूजा र रुद्रीपाठ गराउनुहुन्थ्यो । पूजा प्रभुनाथ उपाध्यायले गराउनुहुन्थ्यो तर त्यसमा मुख्य गुरुका रूपमा उदयराम उपाध्याय गुरु हुनुहुन्थ्यो । उहाँ चालिस अध्याय वेद पढेको, शुद्धसँग वेद पढ्ने व्यक्ति हुनुहुन्थ्यो । उहाँ नभईकन पूजा सम्पन्न हुँदैनथ्यो ।

उहाँलाई वेदका मन्त्रहरू कण्ठस्थ थिए । उहाँले जसरी शुद्ध तरिकाले पाठ गर्ने थोरै थिए । उहाँले समाजलाई दिनुभएको संस्कार र सभ्यातालाई हामीले अपनाइरहेका छौँ । वैदिक पूजापाठ गराउने उहाँ उदाहरणीय व्यक्तित्व हुनुहुन्थ्यो ।

# सत्मार्गका अनुयायी बाजे

भूमि जैसी घोडासैनी
ढकारी-८, घोडासैन, अछाम

उदयराम उपाध्याय नाताले मेरा बाजे पर्नुहुन्छ । मलाई शिक्षा र सत्मार्गमा लगाउने उहाँ नै हो । उहाँले पहिले धेरै ठाउँमा पढाउनुभयो । बजगाउँ, विनायक, ढकारी आदि ठाउँमा पढाउनुभएको भन्ने सुनेको थिएँ । माजीको दुवाडीमा उहाँले पढाउन सुरु गरेपछि मैले पनि त्यहाँ पढ्ने अवसर पाएको थिएँ । त्यसपछि मेरो कैलाली बसाइ भयो । त्यसक्रममा उहाँका बारेमा सामान्य कुरा सुने पनि भेटघाट भने भएको थिएन ।

पछिल्लोपटक उहाँलाई मैले कैलाली जिल्लाको मोहन्याल गाउँपालिकाको रुइनीकोट बजारमा भेटेको थिएँ । त्यतिबेला मैले त्यहाँ पसल गर्थें । उहाँ पन्जाबको डेरा ब्यासमा गएर फर्किनुभएको केही समय बितेको थियो । मैले उहाँलाई बाजे चिया खानुहुन्छ भनी सोधेँ । उहाँले खान्छु भनी स्वीकृति दिनुभयो । चियाखाने क्रममा उहाँसँग भलाकुसारी भए । उहाँले मलाई ब्यासका बारेमा जानकारी दिनुभयो । आफू गएको र सत्मार्ग भएको जानकारी दिनुभयो । उहाँले दिएको सल्लाह र सुझावअनुसार नै म पनि ब्यास गएर नाम प्राप्त गरेको हुँ । मलाई सत्मार्गमा लगाउने उहाँ नै हुनुहुन्छ ।

## जीवन र सत्यको खोज

बिसुराम जैसी घोडासैनी
ढकारी-८, घोडासैन, अछाम
हाल : लम्कीचुहा, मोतीपुर, कैलाली

उदयराम उपाध्यायज्यू नाताले मेरा दाजु पर्नुहुन्छ । उहाँ विद्वान् मान्छे हुनुहुन्थ्यो । उहाँले धेरैलाई चिना गन्न र पात्रो बनाउने सिप सिकाउनुभयो । उहाँसँग भएको ज्ञान समाजले आफ्नै गाउँमा पाएको थियो । उहाँ ज्ञान र भक्तिमा पूर्णरूपमा लाग्नुभएको व्यक्ति हुनुहुन्थ्यो । व्यक्तिको आलोचना त जे गरे पनि हुन्छ ।

उहाँ ध्यानमा बस्नुभएका बेला खलामा थुपारेर राखेको गहुँ पशुले खाएको थाहा पाउनुभएन । ध्यानमा बसेको व्यक्तिले थाहा पाउने कुरा पनि भएन तर मानिसहरूले बुझे राधास्वामी भएपछि पशुले खेतीबाली खाँदा पनि हान्दैनन् । उहाँको जीवनका पछिल्ला चरणका यस्ता धेरै अफवाह छन् ।

# सत्यका अनुयायी ज्योतिषी

कर्णसिंह बुढा
चौकुने-४, भुडेभावर, सुर्खेत

उदयराम उपाध्यायज्यूलाई मैले सानै उमेरदेखि चिनेको हुँ । अछाममा हुँदादेखि मैले उहाँका बारेमा सुनेको थिएँ । उहाँ विद्वान् र ज्ञानी ध्यानी व्यक्ति हुनुहुन्थ्यो । पछि तत्कालीन बिजौरा गाविसको भुडेभावरमा उहाँको छिमेकी भएर बस्ने अवसर मिल्यो । उहाँसँग नजिक बसाइ भए पनि मेरो घरमा थोरै बसाइ भएकाले मैले उहाँलाई त्यति नजिकबाट बुझ्न सकिनँ ।

म भारतको जमुनानगरमा बस्थेँ । त्यतिबेला उहाँका जेठा छोराले त्यहीँ लिएर जानुभयो । मैले उहाँलाई कान्छाबुबा भन्थेँ । उहाँ पन्जाबको ब्यासमा गएर फर्किनुभएको रहेछ । मैले उहाँलाई चिया पिउन भनेर केही पैसा दिन खोजेँ । उहाँले मैले त यसरी कसैसँग कुनै प्रकारको पैसा लिनेदिने गरेको छैन बाबु भन्नुभयो । अब उहाँका बारेमा हामी अल्लारे मान्छेलाई अरू के थाहा ?

उहाँका जति ज्ञान ध्यान अरूलाई भएको मलाई जानकारी छैन । उहाँलाई मैले एकपटक घर बनाउने ठाउँको माटो हेराएको थिएँ । उहाँलाई माटो हेराउन लैजाँदा मैले एकै गडाका दुई ठाउँको माटो दुई ठाउँ पोको पारेर लगेको थिएँ । उहाँले पहिलो पोकाको माटो हेरेर राम्रो छ यसमा घर बनाउँदा हुन्छ भनी सल्लाह दिनुभयो । मैले अर्को पोकामा भएको माटो देखाएँ । त्यो हेरेर उहाँ गलल्ल हाँस्नुभयो । मैले किन हाँस्नुभयो कान्छाबुबा भनी सोधेँ । उहाँले जवाफ दिनुभयो- मसँग के ठट्टा गरेको त ? एकै गडाको माटो दुई पटक हेराउनुहुन्छ भन्नुभयो ।

# सबैका गुरु

कोकिलादेवी उपाध्याय घोडासैनी
घोडासैन, माजी, अछाम
हाल : चौकुने-४, भुडेभावर, सुर्खेत

पं. उदयराम उपाध्याय नाताले मेरा देवर पर्नुहुन्छ । अछाममा एकै गाउँ भए पनि हाम्रो घर अलि टाढा थियो । मेरो बिहे हुँदा म सात वर्षकी थिएँ । उहाँ तीस वर्षको हुनुहुन्थ्यो । त्यसअघि त उहाँका बारेमा मलाई जानकारी हुने कुरा पनि भएन । बिहे हुँदा पनि म सानी थिएँ । मेरा आफ्नै जेठाजु पदम उपाध्याय र उहाँ सँगै पढ्न जानुभएको थियो । पदम उपाध्याय केही दिन बसेर फर्की आउनुभयो भने उहाँ छ वर्ष बसेर धेरै पढेर आउनुभएको भन्ने सुनेकी थिएँ । माजीमा एकै गाउँ बसाइ र खेतरोप्दा आउँदा जाँदा बहिनीसँग भेट हुन्थ्यो । उहाँसँग त्यति भेटेको सम्झना छैन । भुडेभावर आएपछि हाम्रो बसाइ नजिक भयो । एकै ठाउँ बसाइ भयो । बहिनी खुट्टाको नसासम्बन्धी रोगले पीडित थिइन् । लामो समय घाउ निको भएन । अहिलेको जस्तो भएको भए रोगको पहिचान र उपचार हुन्थ्यो । यहाँ आएपछि त मेरो नातासम्बन्धले गर्दा पटकपटक आवतजावत बढ्यो । मेरा श्रीमान् छिटै परलोक हुनुभयो । त्यतिबेला मेरा छोराछोरी साना थिए । मलाई घरायसी सल्लाह पनि उहाँले नै दिनुहुन्थ्यो ।

उहाँले स्वर्गद्वारी पढेर गाउँ फर्किएपछि धेरैलाई पढाउनुभयो । उहाँको ठुलो मान र इज्जत थियो । उहाँले यो सबै छोडेर सन्तमार्ग अपनाउनुभयो । त्यसपछि उहाँको अपमान गर्नेहरू पनि भए । उहाँलाई सबैले गुरु भन्थेँ तर मानिसहरूका कुरा सुनेर होला उहाँले मलाई एक दिन बोलाएर भन्नुभएको थियो- भाउजू अहिले मलाई गुरु होइन गोरु भन्छन् । भोलिका दिनमा यस समाजले सज्जनको मूल्याङ्कन यसरी नै गर्ने छ । उहाँले कहिल्यै बल्ल जोत्नुभएन । कोदो, भट्ट, मास, मासु आदि केही पनि खानुहुँदैनथ्यो । उहाँले कसैको बिराउनुभएन । उहाँलाई आफ्नै खेतीबाली खाने पशुसँग पनि खासै वास्ता थिएन । उहाँ दुई हात जोडेर हे प्रभु ! भनी एकोहोरो घुम्टो हालेर ध्यानमा बस्ने गर्नुहुन्थ्यो ।

उहाँ ध्यानमा बसेका बेला गाईवस्तुले खेतीबाली खाएको पनि थाहा पाउनु हुँदैनथ्यो । जीवनको अन्तिममा त उहाँ यसरी भक्तिमा लाग्नुभएको थियो कि उहाँले आफूले ध्यान गर्न पनि छुट्टै घरको प्रयोग गर्नुहुन्थ्यो । पहिले पहिले त ज्योतिषको काम गर्नुहुन्थ्यो । मेरा छोराको चिठा (चिना) पनि उहाँले बनाउनुभएको थियो । अहिले पनि मसँग छ । उहाँले हेराएर भनेका धेरै जसो कुराहरू मेल खान्थे ।

# शिक्षा : गुरु उदयरामदेखि हालसम्म

डम्बरप्रसाद उपाध्याय
मङ्गलसैन नपा- कुन्ती, ढुङ्गानी, अछाम
हाल : टीकापुर, कैलाली

ज्योतिष पण्डित गुरु स्व. उदयराम उपाध्याय स्वर्गद्वारी आश्रमबाट दीक्षित भई फर्किएपछि अछामको दक्षिण पूर्वी क्षेत्रमा शिक्षाको एउटा अभियान चल्यो । अछामको तल्लो मुल्लो भैँसोले क्षेत्रमा उहाँले आफ्नो गाउँघरबाहेक करिब नौ स्थानमा गई भौतिक उपस्थितिमा शिक्षा दिनुभयो । यो क्रममा वि. सं. २००१ साल देखि २०३८ सालसम्म करिब ३५ वर्ष नियमित र अनियमित रूपमा शिक्षा दिने काम गर्नुभयो । वि. सं २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना पश्चात् नागरिकको शिक्षाको दायित्व राज्यले लिने भयो । देशभर एकै प्रकारको शिक्षा प्रणाली लागु भयो । विविध कारणले नयाँ शिक्षा प्रणालीअनुसार गुरु उदयरामले शिक्षा दिने गरेका चौतारा, बैठक, अथारा, ओटाला आदि औपचारिक विद्यालयमा रूपान्तरण हुन सकेनन् । एउटा ढकारीमा मात्र गुरुले गुरुकुल स्थापना गरेको ठाउँमा गुरुकुल प्रावि नामकरण भई हाल गुरुकुल प्राविधिक माविका नामले सञ्चालित छ । गुरुकुल नाममात्र भए पनि गुरुकुल नै उदयराम र उदयराम नै गुरुकुल जस्तो बुझाइ त्यस क्षेत्रका जनमानसको रहेको बुझिन्छ । नामले गुरुकुल भए पनि साधारण शिक्षा चल्यो । बाँकी स्थान किंवदन्तीमै सीमित रहे । पूजनीय गुरुज्यूका नाममा उहाँको सम्झना गरेर स्मृतिग्रन्थ प्रकाशनका लागि मात्रात्मक तथा गुणात्मक तथ्याङ्क सङ्कलनका क्रममा प्रकाशन समितिका संयोजक पूजनीय दाजु शास्त्री श्री रामप्रसाद उपाध्याय रिमालको सामीप्यमा रही जानिफकारसँगको अन्तरक्रिया र प्रत्यक्ष अवलोकनमा सहभागी हुन पाउँदा मलाई अहोभाग्य र गौरवको अनुभूति भएको छ । यस कृतिमा पूर्वी अछाममा तत्कालीन समयमा भएका शैक्षिक स्थल र योगदानकर्ता ऐतिहासिक व्यक्तित्वका बारेमा रहेका किंवदन्तीलाई लिपिवद्ध गरिएको हुँदा एक ऐतिहासिक शैक्षिक दस्तावेजका रूपमा रहने छ । स्वर्गीय माता कलधरीभन्दा सानी मेरी सानीआमा कौसिलादेवीका श्रीमान् उदयराम मेरा सानाबुबा हुनुहुन्छ । वि सं २०२५ सालमा मभन्दा अगाडिका दुई दाजु र तीन दिदीहरूलाई लिएर पिताजी देविराम रिमाबाट ढुङ्गानी बसाइँ सरेपछि ढुङ्गानीमा जन्मिएको (जीवित मध्ये) पहिलो हुँ म । 'बा धेकेन बाआको समाउने धेकैँ भन्नाजन' मैले न सानाबुबा उदयराम र सानीआमा कौसिलादेवीलाई देखेँ न त माजी नै राम्ररी देख्न पाएँ । एकपटक तितौडाको राम हेर्ने मौका पारी माजी गएको थिएँ । अर्की सानीआमाका घर किमडा बसेँ भाइ पुष्पराजसँग मामाका घरमा

चिनजान भएकाले। अरू दुई सानीआमा जलुदेवी र भद्रादेवी पनि त्यही गाउँमा हुनुहुन्छ भन्ने थाहै थिएन। अहिले बुझ्दा त्यसबेला सानाबुबा उदयरामको बसाइँ भुडेभावर (सुर्खेत) भइसकेको रहेछ। पिताजीबाट भने घरमा धेरैपटक साडुभाइ पोकु पाध्या नामले सम्बोधन गरी उहाँले ठाउँठाँउमा पढाएको र उहाँको विद्वत्ताका कुरा सुनेको थिएँ। उदयराम नाम त मैले भाइ डा. खगेन्द्रले स्मृतिग्रन्थ प्रकाशन गर्ने कुरा भनेपछि थाहा पाएको हुँ। दुर्भाग्य नै भनौँ पिताजीका वचन न लिपिबद्ध गर्न सकेँ न त अहिले सम्झन नै। जे होस सानाबुबाको अलौकिक शक्ति, उहाँका शिष्य साहिँला गुरुले मेरा माइला दाजु पूजनीय काशिरामलगायत रिमालहरूलाई दिएको ज्ञान र हाम्रो नाता सम्बन्धको धर्मले २०६० सालतिर काठमाडौँमा उच्च शिक्षा अध्ययनका क्रममा भाइ खगेन्द्रसँग भेट भएपश्चात् तीनओटा दाजु स्व. कृष्णराज, रामप्रसाद र दामोदरसँग चिनजान र भेटघाट भई हामी आवश्यक ठाउँमा निरन्तर सहकार्यमा छौँ। लोक भनाइ छ-

'भेट हुन्छ धैर्य भई बस, राखेका धर्मल।

माया हो बन्धनको डोरी खानु छ कर्मल ।।'

तत्कालीन समयमा गुरु उदयरामका शिक्षालय (गुरुकुल) का विद्यार्थी तथा व्यवस्थापक भूपू प्रधानपञ्च श्री रामनाथ उपाध्याय तिमिल्सेना र समाजसेवी स्वर्गीय हरि कुवर रानाका उत्तराधिकारी समाजसेवी श्री बलबहादुर कुवर, आदरणीय मामा देवीराम (जोगिराम) र लक्ष्मीराम स्वार बजगाईंलगायत गुरुज्यूका नौजना शिष्यसँगको अन्तरक्रिया र मेरो करिव ८ वर्षको विद्यालय शिक्षामा सिकाइ सहजीकरण अनुभवका आधारमा गुरु उदयरामको शिक्षा अभियान र वर्तमान शिक्षा प्रणालीको तुलनात्मक अवस्था कारकुर बनाएको छु।

प्रत्येक अभिभावक आफ्ना सन्ततिका लागि अर्काको ज्याला मजदुरी गरेर होस् वा एक गास कम खाएर होस् सन्ततिको शिक्षामा लगानी गर्छ। आमाको दुधबाट छुटेपछि प्रत्येक अभिभावक आफ्ना सन्तानलाई आवासीय सुविधा दिन तयार हुन्छ। त्यसबेला पनि सामाजिक अगुवाहरूले आफनो समुदायमा सबैले पढ्नुपर्छ भन्ने भावनाका साथ शिक्षामा व्यक्तिगत लगानीसमेत गरेर शिक्षा दिने व्यवस्था गरे। कतिपयले आर्थिक, भौगोलिक तथा सामाजिक सांस्कृतिक मूल्य मान्यताका कारणले शिक्षा आर्जन गर्न सकेनन्। तत्कालीन समयका हरि राना (ढकारी) र रामनाथ उपाध्याय (कुइका) लगायतको योगदान जस्तै वर्तमानका शिक्षा अभियन्ता, शिक्षाविद्, शैक्षिक तालिम, सहजकर्ता, जनप्रतिनिधि, सरकारी अधिकारी, विद्यालय सुधार गर्न लागी परेका केही प्रधानाध्यापक र गुणस्तरमा कुनै पनि सम्झौता नगरी लागी परेका शिक्षकहरूले शिक्षामा गरेका सकारात्मक परिवर्तनको चर्चा भइरहन्छ।

तत्कालीन समयमा कर्मकाण्ड, ज्योतिषशास्त्र, तमसुक, चिना टिपन, भर्पाई, हिसाव जस्ता विषयवस्तु शिक्षामा रहे । संरचनात्मक प्रकार्यवादको सिद्धान्तअनुसार व्यक्तिले आफ्नै आर्थिक समाजिक एवम् अवस्थाअनुसार सिक्ने व्यवस्था भयो । वर्तमानमा प्रयोगात्मक शिक्षाको अवधारणानुसार खेतमा कृषि, वनमा वातावरण, भौतिक निर्माणमा इन्जिनियरिङ, ल्यावमा विज्ञानको प्रयोग भए जस्तै गुरु उदयरामले प्रदान गर्ने शिक्षा पनि प्रयोगात्मक र व्यावहारिक थियो । यसको ज्वलन्त उदाहरण आला मेख, उवा वृष गरी दिचा मिनसम्म नामबाट राशि पत्ता लगाउने सूत्र पढाइको मूल्याङ्कन हुक्का, चिलिम, नली के के राशि भए ? भन्ने प्रश्नबाट र पूजापाठमा अवलोकन गरेर गरिने मूल्याङ्कन प्रणाली अवलम्बन गरिन्थ्यो ।

हुनेखानेका लागि सुविधा सम्पन्न निजी विद्यालय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र मातृभाषामा शिक्षा विपन्न र जेहेन्दार लक्षित छात्रवृत्ति आदि सुविधासहित सिकारुको इच्छा, चाहना, फरक क्षमताका आधारमा शिक्षा प्रदान गर्ने वर्तमान व्यवस्था छ । जसको जे चाहना र क्षमता देखिन्छ त्यसको पहिचान गरी त्यसैमा सन्तुष्ट गराई जीवनयापन गर्न उत्प्रेरित गर्ने परिपाटीको उदाहरण एक 'आला मेख, उवा वृष गरी दिचा मिन' सम्म नामबाट राशि पत्ता लगाउने सूत्र कण्ठस्थ गरेको शिष्यले हुक्का, चिलिम, नलीको राशि बताउन नसकेपछि यसले पढ्न सक्दैन भनी घर पुऱ्याइदिने र निजले पढेवाफत दिनुपर्ने शुल्क पनि दिन नपर्ने भनी दिनुभएको थियो । एक दिन बिहान गुरु भित्र नित्यकर्म गरिरहेका र शिष्यहरूले बाहिर ओटालामा कक्षाकार्य गरिरहेका थिए । एकजना शिष्यले साथीमाथि अनुशासनहीन कार्य गरेको देखी गुरुले तत्काल समात्न सकेनन् । उनी भागेर आफ्नो घरतिर जाने बाटो हुँदै दौडँदै गइरहेको देखेर गुरु शिक्षालयमा फर्किए र डराइरहेका बाँकी शिष्यहरूलाई भने तिमीहरू निर्दोष छौ त्यो गयो अब कहिल्यै पढ्न आउँदैन भने । भोलिपल्ट ती शिष्य निन्याउरो मुख गरी फर्किएर आएपछि कुनै सजाय नगरी फर्केर 'आइस् निकरी पढ्, बस्' भनी कुनै सजाय नदिएको देखेर बाँकी शिष्यहरू छक्क परेछन् । सिकाइको भोकलाई शारीरिक सजायको डरले मार्न सक्दैन भन्ने शिष्यको सोचाइ र शारीरिक सजाय नै भए पनि त्यो सकारात्मक हुन्छ र सिकाइ सुधारका लागि नै हुन्छ । एकपटकको गल्तीले सधैँ सजायको भागी हुनुहुँदैन । उसको सिकाइको भोक शारीरिक सजायका कारणले दबाउन सकिँदैन भन्ने मान्यताका साथ निजको उछिट्टो मिनाह भएको र गुरुले पनि कडा सजाय घटाउने र शिष्यहरूले पनि उपद्रो छोडी अनुकूल वातावरण बनेको कुरा शिष्य लक्ष्मीराम स्वार बजगाईंको भनाइ निकै सान्दर्भिक देखियो ।

तत्कालीन शिक्षा अभियानमा पनि योग, ध्यान, सन्ध्या, ईश्वरीय आराधना, पूजापाठ जस्ता मान्यता र संस्कारद्वारा आत्मशान्ति, चित्तशुद्धी र सामाजिक सुव्यवसस्था कायम गर्न नै शिक्षा प्रयत्नशील रह्यो । शिक्षकको ज्ञान, सिप, कला कौशल, सिकाइ सहजीकरण योजना एवम् रणनीतिले

सिकाइमा प्रभाव पार्दछ । यसका अतिरिक्त शिक्षकमा पेसाप्रतिको निष्ठा भावको पनि त्यत्तिकै आवश्यकता हुन्छ । तत्कालीन समयमा गुरु उदयराम जस्ता शिक्षा आर्जन गरेका र समाजमा शिक्षा दिने चाहना भएका व्यक्तिको सङ्ख्या निकै थोरै थियो भने वर्तमान समयमा शिक्षाशास्त्र अध्ययन गरेका वा तालिम प्राप्तले मात्र शिक्षण पेसामा संलग्न हुन पाउने नीति र शिक्षाशास्त्र अध्ययन गरेका तमाम जनशक्ति भए पनि दक्ष, योग्य र पेसाप्रति निष्ठावान् शिक्षकको उपलब्धतामा हालको २१औँ शताब्दीको युग भनिए पनि गम्भीर आशङ्का उत्पन्न भएको छ ।

गुरु उदयरामको शिक्षण पेसामा सिकारुले उठाउने मौसमी माना चामल र गुरुभेटीले उहाँलगायत उहाँमा आश्रित घरपरिवारको भरण पोषणमा कत्तिको सहयोग गऱ्यो सजिलै अनुमान गर्न सकिन्छ । पहिले शिक्षा भनेको 'कर्मकाण्डका श्लोक कण्ठ गर्नु, आला मेष भन्नु' मा नै सीमित थियो भने अहिले अङ्ग्रेजी बोल्नु, कम्प्युटर चलाउनु, प्राविधिक शिक्षा हासिल गर्नु, कुनै जागिर पाउनु आदि देखिन्छन् । गुरु उदयरामले 'आला मेष' कण्ठस्थ पारेका एउटा शिष्यलाई 'हुक्का, नली के के राशि भए' भनी सोध्दा जवाफ दिन नसक्नु, जानेकाले पनि गाउँले जोइसी मात्र बन्न सक्नुमा सीमित रहे जस्तै अहिलेका बालीविज्ञानमा कक्षा १२ पासले लोकसेवाका गेस पेपर मात्र रटेर बस्नु तर आफ्नो घरको करेसावारी बाँझो राखी झिल्लीको तरकारीका लागि अभिभावकसँग पैसा माग्नु एउटै जस्तो लाग्छ ।

दिन गया बार पन गया, महिना बस्स गया ।
सत्य सिक्ने बाटै नपाई, जीवन त्यसाइ गया ॥

# ओ३म्
# नमः पूर्वजाय च
# पूर्वी अछाममा वेद पठनपाठनका पथप्रदर्शक- स्व.उदयराम उपाध्याय

टीकाराम आर्य जैमिनि
संस्थापक/सञ्चालक
श्री मल्लिका विद्यापीठ गुरुकुल
टीकापुर, कैलाली

संसारमा अनेकौँ महामानवहरू जन्मेका छन्, कतिका विषयमा हामीले सुनेका छौँ, पढेका छौँ र जानेका पनि छौँ। मानिस जन्मन्छ जीवनमा अनेक कार्यहरू गर्दछ र ती कार्यहरूको फललाई साथमा लिएर संसार त्यागेर जान्छ। कोही संसारमा आएर आफ्नो अमीट छाप छोडेर जान्छन् त कोही अस्ताइसकेपछि संसारले चिन्ने वा सम्झिने कुनै कीर्ति छोडेको हुँदैन र पाइँदैन पनि। भनिन्छ 'कीर्तिर्यस्य स जीवति' जसको कीर्ति संसारमा फैलिएको छ, त्यही सधैँ बाँचिरहन्छ अर्थात् त्यही अमर हुन्छ। नश्वर शरीरबाट अलग भए पनि यस्तै आफ्नो सत्कीर्तिले जीवित व्यक्तित्वको नाम हो उदयराम उपाध्याय। अछाम जिल्लाको पूर्वी भेकमा अवस्थित घोडासैनको माजी गाउँमा पिता शिवराम उपाध्याय र माता राधिकादेवी उपाध्यायका चार भाइ सन्तान हुनुहुन्थ्यो। जेठा देवीराम उपाध्याय, माहिला उदयराम उपाध्याय, साहिँला भूमिनन्द उपाध्याय र कान्छा शंकरप्रसाद उपाध्याय। जेठा देवीराम उपाध्यायको जन्म वि.सं. १९७३ साल कार्तिक १७ गते भएको थियो, माहिला उदयराम उपाध्यायको जन्म वि.सं. १९७७ साल, असार ३० गते भएको थियो, साहिँला भूमिनन्द उपाध्यायको जन्म वि.सं. १९७९ साल पौषमा भएको थियो भने कान्छा शंकरप्रसाद उपाध्यायको जन्म वि.सं. १९८५ साल चैत्र महिनाको १५ गते भएको थियो।

पिताका चार भाइबाट हामी जम्मा चौध भाइ छोरा तथा दस बहिनी छोरीहरूको जन्म भएको हो। यो शिवराम तथा राधिकादेवी उपाध्यायको वंशवृक्ष झाँगिदै गइरहेको छ। पिताका सबै भाइहरू तत्कालीन व्यवस्थानुसार प्रायः शिक्षित नै हुनुहुन्थ्यो। सुनेअनुसार त्यसमा पनि माहिला पिता उदयराम उपाध्यायले त्यति बेला नेपालको प्युठान जिल्लामा अवस्थित स्वर्गद्वारीमा गएर नेपालमा धेरै प्रचलनमा रहेको शुक्लयजुर्वेद माध्यन्दिनीय शाखाको अध्ययन गर्नुभएको थियो। स्वर्गद्वारीबाट शुक्लयजुर्वेदको अध्ययन गरेर अछाममा आइसकेपछि घोडासैनको सेरोफेरोमा रहेका

गाउँहरू जस्तै- कुइका, विनायक, बजगाउँ, बाँडा, बस्ती, ढाङ्टा, ध्यानेवस्तालगायतका ठाउँहरूमा बसेर धेरैलाई वेद र ज्योतिषसम्बन्धी पठनपाठन गराउनुभएको थियो। उहाँले नै साहिँला बुबा भूमिनन्द उपाध्यायलाई समेत शिक्षा दिएर माथि उल्लिखित ठाउँहरूमा गएर वेदको शिक्षा दिनुभएको हो भन्ने कुरा धेरै उहाँहरूबाट पढेका हाल केही जीवित उहाँका शिष्यहरूबाट सुन्नमा आएको छ। ज्येष्ठ पिता देवीराम उपाध्याय र कान्छा शंकरप्रसाद उपाध्यायले कहीँ गएर कसैलाई पढाउनुभएको थियो भन्ने कुरा कहीँ सुन्नमा आएको छैन। त्यतिबेला वेदको सस्वर पठनपाठनलाई नै सबैभन्दा बढी महत्त्व दिइन्थ्यो र त्यहीअनुसार वेदको पठनपाठन हुन्थ्यो। यहाँ विशेष गरेर माहिला पिता उदयराम उपाध्यायका बारेमा नै बढी केन्द्रित हुनुपर्ने भएकाले अरू पिताहरूको सामान्य जानकारी मात्रै राख्ने धृष्टता गरेको हुँ।

माहिला पिता उदयराम उपाध्याय (गुरुकुल बास) वेदाध्ययनका लागि वि.सं. १९९४ सालतिर स्वर्गद्वारी जानुभएको हो भन्ने अनुमान गर्न सकिन्छ किनकि १८/१९ वर्षको उमेरमा पढ्नका लागि जानुभएको भन्ने जनश्रुति छ, तथापि त्यससम्बन्धमा खासै यथार्थ जानकारी मैले कहीँ कसैबाट पनि प्राप्त गर्न सकिनँ। यो कुरा दाजु जगनाथ उपाध्यायले भनेबमोजिम र केवल अनुमानका आधारमा निर्धारण गरिएको हो। जतिबेला पिताका भाइहरू जीवित हुनुहुन्थ्यो त्यतिबेला यसको कुनै कल्पना नै गरिएन, आज जब आवश्यकता भयो त सम्भावना नै रहेन। उहाँको सन्निधिमा रहेर अध्ययन गरेका तथा उहाँका सम्बन्धमा केही कुराहरू सुनेका धेरैलाई सोध्ने प्रयास पनि गरेँ तर खासै तथ्य कुरा प्राप्त गर्न सकिनँ र कतिपयले भन्न पनि चाहेनन्। तर जसले केही जिज्ञासाको समाधान गर्ने प्रयास गर्नुभयो र उहाँहरूबाट जे जति जान्ने अवरसर पाएँ त्यसैलाई आधार बनाएर थोरै उहाँको परिचय राख्ने दुःसाहस गरेँ। पिता उदयराम उपाध्यायले जुन शुक्लयजुर्वेदको अध्ययन गरेर पूर्वी अछामका तमाम ब्राह्मणहरूलाई शुक्लयजुर्वेदको अध्ययन गराउनुभयो त्यसको प्रभाव सम्भवतः त्यस क्षेत्रका सबै ब्राह्मणहरूमा परेको स्पष्टै देखिन्छ। उहाँको शिक्षाको प्रभाव जब त्यस क्षेत्रभरि नै पर्न सक्छ भने आफ्ना भाइहरूमा त्यसको प्रभाव नहुने त कुरै भएन। जसले गर्दा पिताका भाइहरूमा वेद पाठको सस्वर ज्ञान रहेको स्पष्टै थियो।

हामी चार पिताका चौध भाइ सन्तानहरूमा पनि वेदाध्ययनको प्रभाव प्रचुर मात्रामा परेको छ, परन्तु मेरो दुर्भाग्य नै भन्नुपर्छ कि त्यतिबेला विशेषतः माहिला बुबाको समीपमा रहेर उहाँबाट शिक्षा प्राप्त गर्न सकिनँ। सम्भवतः त्यो मेरो भाग्यमा थिएन र पाइनँ तापनि उहाँहरूको आशीर्वादले नै वेद जस्तो पवित्र ज्ञानको रसास्वादन गर्ने सौभाग्य प्राप्त भयो। आज जेजति वेदका सम्बन्धमा अलिकति ज्ञान प्राप्त भएको छ त्यो सबै पिताहरूको सत्प्रेरणा र ईश्वरको असीम कृपाले नै हो भन्ने लाग्छ। वेद तथा वेदार्थको बोध प्राप्त हुनु भनेको 'ईश्वर, जीव र प्रकृति'को प्राकाट्य पनि हो। यो

त्रैतवादको सम्यक् ज्ञानबिना मानव आफ्नो पारमार्थिक श्रेय मार्गको यात्री बन्न सक्दैन। त्यसैले पनि वेदको पठनपाठन मात्रै होइन वेदार्थको बोध हुनु पनि जरुरी देखिन्छ। यो थोरै पिताका भाइहरूको जन्म र कर्मका बारेमा जानकारी राख्ने प्रयास गरेँ र आज हामीसामु पिताका भाइहरू तथा माताहरू कोही पनि जीवित हुनुहुन्न यही स्मृति उहाँहरूप्रति श्रद्धा समर्पण पनि हो।

संसारमा अनेकौँ पन्थ अनि तिनीहरूका अनेकौं ग्रन्थहरू छन् जसले गर्दा एक ईश्वरको नाम अनि उसका कर्मका सम्बन्धमा करिब तीन हजार वर्षदेखि सर्वदा विवाद हुँदै आएको पाइन्छ। कहीँ पनि ईश्वरका सम्बन्धमा एक मत छैन। अज्ञानता, स्वार्थ र दम्भका कारण ती तमाम पन्थहरू वेद विरोधी भए र वेदविरुद्ध ग्रन्थहरूको रचना गरेर दिग्भ्रमित बनाउँदै गए। कैयौँ आचार्यहरूले स्वार्थकै कारण वेदमन्त्रको प्रकरण विरुद्ध भाष्य गरेर पनि वेदप्रति अश्रद्धा पैदा गरे। वेदको त्रैतवाद अर्थात् प्रकृति, जीव र ब्रह्मको स्वरूप तथा यिनीहरूको अनादित्व एवं भिन्न भिन्न अस्तित्वलाई बिर्सेर जीवब्रह्मको एकत्व अनि प्रकृति नष्ट भइसकेपछि अस्तित्व बिहीन भइहाल्ने कुराको प्रचार बढी भयो। केवल विपरीत भावलाई नै भाव वा भावनाको संज्ञा दिएर वेदविरुद्ध मतको विस्तार निरन्तर भयो र भइरहेको छ।

ईश्वरको स्वरूपका विषयमा विभिन्न सम्प्रदायहरूका भिन्न भिन्न विचार छन् कोही ईश्वरलाई निराकार छ भन्छन्, कोही साकार, कोही साकार निराकार किन्तु अवतार लिने, कोही एकदेशी त कोही व्यापक, यसरी अनेकौं विचारधाराहरू ईश्वरका सम्बन्धमा प्रचलित छन्। ईश्वरको स्वरूपका सम्बन्धमा प्रत्यक्ष र अनुमान प्रमाण आंशिक रूपबाट नै साध्य छ अतः ईश्वरको स्वरूपलाई दर्साउनमा अर्थात् जनाउनमा शब्द प्रमाण मात्र समर्थ छ। निर्भ्रान्त र ईश्वरको वर्णन हुनाले वेद नै शब्द प्रमाणका रूपमा सर्वाधिक प्रसिद्ध र मान्य छ तथा सबै ऋषि र मिनीषीहरूद्वारा वेदलाई नै शब्दब्रह्म भनिएको छ। अतः वेदहरूद्वारा नै ईश्वरका वास्तविक स्वरूपको व्याख्यान सम्भव छ। जस्तो वेदहरूमा ईश्वरका स्वरूपको वर्णन गरिएको छ त्यही वर्णन ईश्वरका विषयमा प्रामाणिक र सत्य छ। जस्तो वेदमा ईश्वरको स्वरूप वर्णित छ त्यस्तो कुनै ग्रन्थमा हुनु सम्भव छैन। अतः ईश्वरको स्वरूपलाई जिज्ञासुहरूले वेदद्वारा सम्झनुपर्दछ र वेदोक्त ईश्वरको स्वरूपलाई जानेर तदनुसार उसको उपासना गर्नुपर्दछ। वेदमन्त्रहरूमा यही ईश्वरको स्वरूपलाई उपकारक तथा उपासनीय बताइएको छ। ओ३म् अलमिति विस्तरेण ...

# मेरा सम्झनामा : बाजे पं. उदयराम उपाध्याय

विष्णुप्रसाद देवकोटा
ढुङ्गाला, अछाम
हाल : टीकापुर, कैलाली

पं. उदयराम उपाध्यायज्यूका साहिँला भाइसँग मेरी फुपू बज्यैको बिहे भएका नाताले म पं. उदयरामज्यूलाई बाजे भन्छु । उहाँलाई मैले प्रत्यक्ष रूपमा देख्न पाइनँ तर उहाँ मेरा बाजे मनिराज देवकोटाका साथी हुनुहुन्थ्यो । उहाँलाई मेरा बाजे गुरु मान्नुहुन्थ्यो । मेरा बाजे पनि उहाँकै प्रेरणाले स्वर्गद्वारी पढ्न जानुभएको हो । उहाँ स्वर्गद्वारी पढेर आएको दुई वर्षपछि मेरा बाजे पढ्न जानुभएको हो । उहाँले स्वर्गद्वारी महाप्रभुलाई भेट्नुभएको थियो तर मेरा बाजे भन्नुहुन्थ्यो मैले महाप्रभुलाई फेला पार्न सकिनँ । स्वर्गद्वारी महाप्रभुले वि.सं. १९९७ सालको मङ्सिरमा देहत्याग गर्नुभयो । मेरा बाजेले मलाई म २००३ सालमा स्वर्गद्वारी पढ्न गएको हुँ भनी मलाई भन्नुभएको थियो ।

उदयराम उपाध्यायज्यूका बारेमा मलाई त्यति धेरै जानकारी भएन । तर २०३९ सालमा मेरो उमेर ९ वर्षको थियो । त्यतिबेला मेरा हजुरबुबा मनिराज देवकोटा कैलाली जिल्लाको हालको मोहन्याल गाउँपालिकाको अजिँगरेभन्दा पारिपट्टि पर्ने सुनफाल्ने भन्ने ठाउँमा बस्नुहुन्थ्यो । म पनि पढाइको सिलसिलामा हजुरबुबासँगै थिएँ । त्यतिबेला मैले मेरा हजुरबुबाबाट बाजे पं. उदयराम उपाध्यायज्यूका बारेमा केही जानकारी पाएको थिएँ ।

मेरा हजुरबुबा वि.सं. २००३ सालमा अछामबाट १२ दिन पैदल हिँडेर प्युठान जिल्लाको स्वर्गद्वारी आश्रममा पुग्नुभएको थियो रे ! मेरा हजुरबुबा त्यहाँ पढ्नका लागि जानुभएको थियो । उहाँ जानुभन्दा २ वर्ष पहिला नै त्यहाँबाट वेद अध्ययन गरी बाजे पं. उदयराम उपाध्याय फर्किसक्नुभएको थियो रे ! उहाँले स्वर्गद्वारी महाप्रभुलाई भेटेको र उहाँबाट अथाह ज्ञान हासिल गरेको कुरा मेरा हजुरबुबाले बताउनुभएको थियो । उहाँले आफूले बिहा गर्नुभएको थिएन । मेरा बाजेलाई पनि त्यस्तै शिक्षा दिएर उहाँले ब्रह्मचर्यको पालना गर्नमा जोड दिनुभएको थियो । मेरा बाजेले त घरबार छोडेर पाँचुलीका लेकमा पनि केही दिन बिताउनुभएको थियो पछि बड्डा बाजेले सम्झाइबुझाइ गरेर घर ल्याउनुभएको थियो भन्ने सुनेको हुँ ।

मेरा हजुरबुबाको भनाइअनुसार बाजे पं. उदयराम उपाध्याय तान्त्रिक विद्यामा पनि उत्तिकै निपुण हुनुहुन्थ्यो । बाजे पं. उदयरामज्यूले लसुन, प्याज, मासु केही पनि खानु हुँदैनथ्यो । उहाँको सात्विक जीवन थियो । उहाँले कहिल्यै गोरु जोत्नु भएन । उहाँ आफ्नो नित्यकर्ममा सधैँ लागि रहनुहुन्थ्यो । उहाँले आफ्ना चेलाहरूलाई शिक्षादीक्षा दिने गर्नुहुन्थ्यो । उहाँ ज्ञानी र विद्वान् हुनुहुन्थ्यो । बाजे पं. उदयराम हामी सबैका लागि एउटा उदाहरणीय व्यक्तित्व हुनुहुन्थ्यो । उहाँको जीवनकालमा के कति कुराहरू भए ती सबै कुराको पूर्ण जानकारी मलाई छैन । मैले पाएको जानकारी यति नै हो । जुन कुरा मैले ९ वर्षको उमेरमा आफ्ना हजुरबुबाबाट सुनेको थिएँ ।

# मेरा मनमा लागेको

दुर्गाप्रसाद बजगाईं
लम्कीचुहा नगरपालिका-४, भल्का, कैलाली

अछाम जिल्ला तत्कालीन घोडासैन गाविस वडा नं. ९, माजीमा जन्मिनुभएका स्व. उदयराम उपाध्यायज्यू वि.सं. १९७७ साल असार महिनाको ३० गते, द्वादशी तिथिको मङ्गलवारका दिन जन्मी वि.सं. २०५२ साल असोज २० गते शुक्रवार, शुक्लपक्षको त्रयोदशी तिथिका दिन स्वर्गारोहण भएको थियो । उहाँले आफ्नो जवानी तथा जीवित अवस्थामा धेरै वैदिक ज्ञान प्राप्त गर्नुभएको थियो । उहाँले चालिस अध्याय वेद सबै मुखाग्र गर्नुभएको थियो । सबै वेदशास्त्रको ह्रस्व, दीर्घको शुद्धतापूर्ण उच्चारण गर्नुहुन्थ्यो । उहाँले आफैँ मलाई के भन्नुभएको थियो भने "मलाई रात्रीको समयमा मेरो नेत्रबाट ज्वाला उत्पन्न भई मैले झलमल्ल ज्योतिको उज्यालो देखेको हुँ । त्यसो हुँदा म ज्ञानको खोजीमा धेरै भौँतारिएको थिएँ । यो मन कतै शान्त हुन नसकेपछि राधास्वामीमा गएँ र त्यहाँबाट नाम प्राप्त गरेपछि मेरो चित्तमा विश्वास लाग्यो र म आत्मज्ञानमा निर्भर भइरहेको छु । त्यसैले आत्माको जन्ममृत्यु नहुँदो रहेछ । यो शरीर त कपडा जस्तै फेर्ने चिज रहेछ" भन्नुहुन्थ्यो ।

उहाँले गोट्टे बुढा नाम गरेका व्यक्तिको जीवनमा आधारित गीति कविता पनि लेख्नुभएको छ, जस्तै :

सरग बिजुली मल्काई यस्तै मानिन्या हो । यो जुगै भत्कन्या होइन पापै छानिन्या हो ।

उहाँले अछाम जिल्लाको कुइका, विनायक, बजगाउँ, ढकारी आदि ठाउँमा गुरुकुल विद्याश्रम बनाई अध्यापन गराउनुभएको थियो । उहाँ शिक्षाप्रेमी, साहित्यप्रेमी, धर्मप्रेमी र ज्ञानी हुनुहुन्थ्यो । उहाँले प्युठान जिल्लाको स्वर्गद्वारी गुरुकुल आश्रमका महाप्रभु महात्माबाट आध्यात्मिक ज्ञान तथा हरिहर बाबाबाट षट्शास्त्रको अध्ययन गर्नुभएको थियो ।

# वेदका गुरुदेखि सद्गुरुका शिष्यसम्म

रत्ना जैसी ढकाल
मुली, अछाम
हाल : लम्कीचुहा नगरपालिका, भल्का, कैलाली

उदयराम उपाध्यायज्यू धेरै पढेका विद्वान् हुनुहुन्थ्यो । उहाँ मेरा बुबाका समकालीन हुनुहुन्थ्यो । मेरा बुबासँग उहाँको उठबस थियो । मेरा माइती पनि बजगाई र उहाँको ससुराली पनि बजगाउँ भएकाले मैले ती घटना सानैमा देखेसुनेका हुन् । उहाँ उमेरले धेरै ठुला हुनुहुथ्यो । उहाँको बिहे हुँदा दुलही सानी हुनुहुन्थ्यो । अरू मानिसहरू यो के अचम्म भयो भन्थे । मैले उहाँको बिहे हुँदा सबै देखेकी थिएँ । म त दुलहीकी साथी भएर गाउँदेखि धेरै परसम्म पुऱ्याउन पनि गएकी थिएँ ।

उहाँले धेरैलाई ज्योतिष र वेदको शिक्षा दिनुभयो । पढेर अनि पढाएर उहाँलाई सन्तुष्टि भएन । उहाँ सत्यको खोजीमा लाग्नुभएको थियो । ईश्वरको खोजीमा उहाँ धेरै ठाउँ जानुभएको थियो । स्वर्गद्वारीबाट आएपछि उहाँले मालिकाको यात्रा गर्नुभएको थियो । त्यसपछि खप्तडबाबालाई भेट्न खप्तड लेकमा पनि जानुभएको थियो । जीवनको अन्तकालमा उहाँ परमार्थी मार्गमा लाग्नुभएको थियो । डेरा ब्यासका सन्त सद्गुरु हजुर महाराज चरणसिंहज्यूसँग नामदान पाएपछि उहाँ त्यसमा निरन्तर लाग्नुभयो । उहाँ ध्यानमा बसेपछि अरू सबैलाई बिर्सिनुहुन्थ्यो । उहाँको आन्तरिक पर्दा खुलेको थियो । उहाँ निरन्तर ध्यानमा बस्नुहुथ्यो । उहाँ जस्ता अभ्यासी साधक विरलै भेटिन्छन् । उहाँले कुनै प्रकारका लोकनिन्दाको वास्ता गर्नुभएन । सबैसँग निडर भएर उभिनुभयो । यी सबैको एउटै कारण थियो उहाँले खोजेको असली आध्यात्मिक मार्गमा पूर्ण विश्वास थियो ।

# कीर्ति कहिल्यै मर्दैन

उद्धवराज उपाध्याय घोडासैनी
अछाम, ढकारी गाउँपालिका
वडा नं. ८ को वडाध्यक्ष
अवकाश प्राप्त शिक्षक

मानिसको शरीर हाड, छाला, रगत र मासुबाट बनेको हुन्छ । पाँच कर्मेन्द्रिय र पाँच ज्ञानेन्द्रियले बनेको शरीर विभिन्न रङको देखिन्छ । त्यसैमाथि विभिन्न पोसाक र रङरोगनबाट आफूलाई आकर्षक बनाउन चाहन्छन् । मानिस धनदौलतबाट आफूलाई सुसम्पन्न भएको समाजमा आफ्नो इज्जत मानसम्मान खोज्ने मानिस अन्ततः मृत्युपश्चात् शरीर हावा, पानी, माटामा मिलेर मानिसको जिन्दगी विसर्जन भएको हुन्छ । जीवित छँदाका चाहना भौतिक शरीर समाप्त भएपछि सबै समाप्त हुन्छन् तर जन्मदेखि मृत्युसम्म आफूले गरेका काम, सामाजिक कीर्ति, भौतिक संरचना, धार्मिक कीर्ति, बानी बेहोरा, सद्भाव, पुण्यकर्म, परोपकार, विद्वता आदि बाँकी रहन्छन् ।

अछाम जिल्ला ढकारी गाउँपालिका वडा नं.८ साविकको घोडासैन गाविसमा अघि परापूर्व कालमा भारतवर्षको कनौजीगढ भन्ने ठाउँबाट घोडासैनका गडामा आइबसेका महादेव जोइसीका सन्तान नै घोडासैनी हुन् भन्ने विभिन्न प्रमाणहरू छन् । तिनै महादेव जोइसीका २२ औँ पुस्ताका सन्तान साविकको घोडासैन गाविसको माजी गाउँमा बसोवास गर्ने पिता श्री शिवराम उपाध्याय र माता राधिकादेवीका कोखबाट २३औँ पुस्तामा वि.सं.१९७७ साल असार महिनाको ३० गते उदयराम उपाध्याय (पोकु पाध्य) जन्मिनुभएको थियो । पोकु पाध्या भन्ने उहाँका मातापिताले दिनुभएको प्यारो नाम रहेछ । उहाँ १८-१९ वर्षको उमेरमा प्युठान जिल्लाको स्वर्गद्वारीमा ज्योतिष र वेदशास्त्र पढेर पण्डित हुनुभयो । पछि आफ्नो गृहजिल्ला अछाममा गएर आफ्नो जन्मभूमि माजी गाउँमै पाठशाला खोल्नुभयो र त्यसबेला गाउँमा लेखपढ गर्ने मानिसहरू बिरलै थिए । त्यसपछि २००१ सालदेखि २०३८ सालसम्म अछामका विभिन्न गाउँमा पाठशाला खोली मानिसहरूलाई शिक्षा दिनुभयो । उहाँले स्थापना गर्नुभएको ढकारी बाँच्कोटको गुरुकुल पाठशाला हाल उहाँले राखेकै नामबाट गुरुकुल माध्यमिक विद्यालय बनेको छ । हाल उक्त विद्यालय नमुना बन्नुका साथै इन्जिनियरिङतर्फका प्राविधिक विषयसँगै अन्य विभिन्न विषयहरू अध्यापन हुँदै छन् ।

उहाँका सन्दर्भमा बाँच्कोट नन्दपुरबासी मेरा ससुरा उमाकान्त उपाध्याय रिमालले आफूले उहाँसँग शिक्षा लिएको र उहाँको अध्ययन गराउने शैलीका बारेमा मसँग कुरा गर्नुभएको थियो ।

बिहान १० बजेदेखि ५ बजेसम्म पाठशाला सञ्चालन गर्नुहुन्थ्यो रे !  दिउँसो एकपटक खाजा खाने समय दिनुहुन्थ्यो र खाजा नभएका छात्रलाई सबै बाँडेर खान भन्नुहुन्थ्यो । त्यतिबेला कक्षा सञ्चालन ग्रेड आदिको व्यवस्था थिएन । उहाँसँग   करिब ४५-५० जना छात्रहरू अध्ययन गर्थे रे ! छात्रालाई भने त्यसबेला पढाउने व्यवस्था थिएन । पाँचओटा समूह बनाएर उहाँले अध्यापन गराउनुहुन्थ्यो । मैले मेरा ससुरा उमाकान्त उपाध्यायसँग गृहकार्य दिनुहुन्थ्यो कि भन्दा घरबाट पाठ कण्ठ गरेर आउनु भन्नुहुन्थ्यो नगर्नेलाई सामान्य दण्ड दिनुहुन्थ्यो रे ! अनुशासन धेरै राम्रो थियो । पाँचओटा समूह पालैपालो अध्यापन गराउँदा चारओटा समूहलाई काम दिएर आफू एक समूहमा अध्यापन गराउनुहुन्थ्यो भनी मेरा ससुराले भन्नुहुन्थ्यो । मेरा ससुराले उहाँसँग कुइका, ढकारी, माजी गाउँमा ८ वर्ष सँगै बसेर अध्ययन गरेको र आफू पनि उहाँले सिकाएजति सिकेको भन्नुहुन्थ्यो । यहाँ सबै कुरा नियाल्दा अहिले अध्यापनको ढाँचा र शिक्षा प्रणाली उहाँले आजभन्दा ७० वर्ष अगाडि नै पाठशाला सञ्चालनमा लागु गर्नुभएको बुझिन्छ ।

हाम्रा गाउँमा विशेष गरेर उहाँको उमेरसँग मिल्दाजुल्दा साथीभाइहरू उहाँलाई मुलेगडाका माहिला भनेर भन्थे । मुलेगडाका माहिला भनेपछि त्यस शब्दका पछाडि केही कुरा जोडिएको हुन्थ्यो, जस्तै ज्योतिष, तन्त्रमन्त, वेदपाठ । उहाँ अछाम, दैलेख, सुर्खेत र कैलाली जिल्लामा विशेष विद्वान्का रूपमा चिनिनुहुन्थ्यो । उहाँले धेरै मानिसका चिना बनाउनुभएको छ । उहाँ धेरै चर्चित हुनाको मुख्य कारण वेदपाठ तथा वेदमा धेरै जानकार हुनुहुन्थ्यो । उहाँले लेखेका कर्मकाण्डका किताबहरू मैले पनि हेरेको छु । उहाँको लेख्ने शैली अक्षर देखेर सारै प्रभावित भएँ । कटुजको मसी, निगालाको कमलले नेपाली कागतमा लेखेका केही कृतिहरू उहाँका सन्ततिहरूसँग छन् । यस्तै अछामका विभिन्न गाउँका ब्राह्मणहरूसँग उहाँले लेखेका थुप्रै पुस्तकहरू छन् । अन्तत: यस स्मृतिग्रन्थमा मैले पनि केही कुरा लेख्न पाउँदा धेरै खुसी लागेको छ । उहाँको भौतिक शरीर नभए तापनि उहाँले गर्नुभएको कीर्ति हजारौँ वर्षसम्म पनि रहिरहने छ ।

# पिताज्यूका गुरुज्यू

नेत्रराज उपाध्याय
कुइका, रिसडा, अछाम

अछाम जिल्लाको वर्तमान ढकारी गाउँपालिका वडा नं.८, घोडासैन, माजी मुलेगडामा जन्मिनुभएका स्व.उदयराम उपाध्यायका बारेमा मैले पाएको जानकारी निम्नलिखित रूपमा उल्लेख गरेको छु :

१. उहाँले हाम्रा पिता स्व. विष्णुभक्त उपाध्यायलाई पढाउनुभएको हो । उहाँलाई हाम्रा पिताज्यूले माजीका गुरु भनेर सम्बोधन गर्नुहुन्थ्यो । म ८/१० वर्षको हुँदा उहाँलाई धेरैपटक हाम्रो घरमा आउँदा देखेको पनि थिएँ । उहाँ गोरो, उज्यालो मुहारका हुनुहुन्थ्यो । उहाँ सधैँजसो प्रफुल्ल मुद्रामा हुनुहुन्थ्यो । हाम्रा घरमा आएर पिताजीसँग ज्ञान र शास्त्रका कुरा गरेको मैले सुनेको थिएँ । उहाँको अनुहार अहिले पनि मैले सम्झेको छु ।

२. उहाँ कर्मकाण्डी, ज्ञानी र ज्योतिषी पनि हुनुहुन्थ्यो । उहाँले वि.सं.२०३५ सालमा म र मेरा दुईजना दाजुहरूका चिना पनि लेखेर ल्याउनुभएको थियो । त्यतिखेर हाम्रा पिताजीले सम्मान पनि गर्नुभएको मलाई याद छ । चिनामा रहेका उहाँका हस्ताक्षर आज पनि मसँग सुरक्षित छन् ।

३. उहाँ स्पष्ट वक्ता र प्रशासनिक व्यक्तित्व हुनुहुन्थ्यो भन्ने कुरा मुढापाकाहरूबाट सुनिएको छ । उहाँले स्वर्गद्वारी आश्रममा अध्ययन गरेर अछामको तल्लो र मल्लो भैँसोल्याअन्तर्गत रहेका धेरै ब्राह्मणहरूलाई वेदको शिक्षा दिनुभएको थियो ।

४. उहाँका बारेमा जानकारी दिनुहुने पञ्चदेवल बिनायक नपा वडा नं.२ का लक्ष्मीकान्त न्यौपानेसँगको कुराकानीको अंशको भिडियो सामग्री पनि पठाएको छु ।

# सत्यका अनुयायी

हरिदत्त गौतम
तोषी, बगल्देउ, अछाम
हाल : लम्कीचुहा नगरपालिका, भुरुवा, कैलाली

सत्संगका बारेमा हामीलाई खासै जानकारी थिएन । अरू कसैले यसबारे कुरा गरेको थाहा भएन । मेरो पहिले बसाइ कैलाली जिल्लाको मोहन्याल गाउँपालिका सोल्टामा थियो । त्यहीँ बस्दा मैले अछामको घोडासैनका बाउन उदयराम उपाध्यायज्यूलाई सत्संगमा लाग्नुभएको थाहा पाएँ । उहाँलाई मैले अछाममा त चिनेको थिइनँ । म कैलाली आएपछि उहाँका बारेमा जानकारी भयो । उहाँ ज्योतिषी पुरोहित गर्नुहुन्थ्यो । उहाँ सत्य र ज्ञानको खोजीमा धेरै ठाउँ पुग्नुभएको भन्ने जानकारी भयो । उहाँ सत्यको खोजीकै क्रममा पन्जाबको ब्यासमा पुग्नुभयो । ब्यासका बारेमा उहाँलाई गुटुका बाँस्पाने कामीले जानकारी दिनुभएको थियो । ब्यासबाट दीक्षित भएपछि उहाँ घरमा आएर अलग कोठामा बसी निरन्तर अभ्यासमा लाग्नुभयो । अभ्यास गर्दा गर्दै उहाँले संसार छोडेर जानुभएको हो ।

# हाम्रा प्रेरणाका स्रोत

मदनलाल धमला
चौकुने-गुटु, सुर्खेत

पं. उदयराम उपाध्याय अछामबाट २०४० सालमा सुर्खेतको भुडेभावर आउनुभयो । त्यसपछि उहाँका बारेमा चर्चा सुरु भयो । उहाँ हाम्रा कुल पुरोहित हुनुहुन्छ भनी बुबाले परिचय दिनुभएको थियो । त्यसक्रममा उहाँ हाम्रा घरमा पनि आउनुभयो । त्यतिबेला उहाँ विशेष गरेर पाती लगाउन (अछामतिर औंसी र पूर्णिमाका दिन पुरोहितले यजमानका घर गएर पाती काँधमा सिउँरी आसिक दिने र यजमानले दक्षिणा चामल दिने परम्परा छ, अब कम हुँदै गएको पनि देखिन्छ) र अरू धार्मिक कर्म गर्नुपर्दा गुटु आउनुहुन्थ्यो । यहाँ आउँदा उहाँको प्रायः बास हाम्रै घर हुन्थ्यो । मलाई घरका यस्ता धार्मिक क्रियाकलापसँग त्यति वास्ता थिएन । म सन्तमतमा दीक्षित भइसकेको थिएँ । त्यतिबेला बलिराम बाँस्पाने र मैले मात्रै सन्तमत अपनाएका थियौँ । मैले यस मार्गको जानकारी मेरा छिमेकी बलिरामबाट पाएको थिएँ । बलिरामले बम्बईबाट नाम प्राप्त गरेर आएपछि मलाई यसबारे जानकारी भयो । बलिरामले व्यास नदेखेका कारण मलाई व्यास कता पर्छ भनी पत्ता लगाउन धेरै समय लाग्यो । पछि सुरतमा गएर व्यासबारे जानकारी पाई नामको दीक्षा प्राप्त गरेर आएँ । त्यतिबेला गुटुमा धेरैलाई यसबारे थाहै थिएन, भएकाहरूले पनि यो बाँस्पाने र धमलाको धर्म भन्थे अझ कसैले त यो बाँस्पाने कामीको धर्मसमेत भन्न भ्याएका थिए ।

एक दिन पं. उदयराम उपाध्यायज्यू पाती लगाउन गुटु आउनुभएको थियो । त्यस दिन उहाँ हाम्रै घर बास बस्नुभएको थियो । एकजना मगरले मलाई सन्तमतका विषयमा भन्न अनुरोध गरेको थियो । उसको पहिरन र प्रस्तुति अलि फरक भएकाले बुबाले यसलाई गोठको माथिल्लो तलमा लगेर कुरा गर भनी मलाई अह्राउनुभयो । हामी त्यतै लाग्यौँ । हामी त्यहीँ सन्तमतको किताब फर्काएर कुरा गर्दै थियौँ । उहाँले मेरै घरबाट पाती लगाउन सुरु गर्नुभयो । जेठो खै भनी सोध्नुभएछ बुबाले छोड्नुहोस्, ऊ माथि छ भनेपछि उहाँ मलाई खोज्दै आउनुभयो । म ठ्याक्कै पाँच नामका विषयमा बताउँदै थिएँ । उहाँले के हो पाँच नाम भनेर सोध्नुभयो । मैले पाँच मन्त्र भनेपछि त्यो किताब समाउनुभयो । उहाँका हातबाट कुर्बानको थैलो छुट्यो । उहाँले किताब ओर्काइफर्काइ गरेर त्यही झोलामा राख्नुभयो । त्यसपछि पाती लगाएर दिउँसो घर जानुभयो ।

केही दिन पछि उहाँ घर आएर बुबालाई भन्नुभएछ- ‘मैले स्वर्गद्वारी पढ्दाखेरि सद्गुरुका विषयमा जानकारी पाएको थिएँ । पाँच नाम प्राप्त हुन सकेको थिएन । पाँच नामका गुरु कतै फेला

पारेको थिइनँ। म पाँच नामको खोजीमा थिएँ। अहिले यही किताबले यसबारे जानकारी दिएको छ। मलाई तुरुन्तै व्यास लैजानुपऱ्यो भन्नुभयो।' बुबालाई पनि यसबारे धेरै जानकारी थिएन। पछि मलाई पनि भन्नुभयो। मैले बाँस्पानेकहाँ लगेँ। उनले बम्बईबाट नाम पाएका हुनाले व्यास देखेका थिएनन्। म पनि तुरुन्तै जान सकिनँ। केही महिना यसैरी बित्यो। पछि उहाँका जेठा छोरा कृष्णराजलाई मैले व्यास जाने बाटो र डेरा बाबा जैमलसिंहको ठेगाना दिएँ। उहाँहरू बाबुछोरा गएर व्यासबाट हजुर महाराज चरनसिंहज्यूबाट पाँच नामको दीक्षा लिएर आउनुभयो।

उतिबेला पञ्चायती शासन व्यवस्था थियो। जातपात र धार्मिक कट्टरता भएका मान्छेहरू धेरै थिए। हामीलाई धेरै कठिनाइ बेहोर्नुपऱ्यो। त्यतिबेला अहिलेको जस्तो सत्संगको माहोल पनि थिएन। उहाँ पण्डित मान्छे, धेरैका गुरु, पुरोहित भएर समाजमा परिचय बनाउनुभएको थियो। एकाएक उहाँको दैनिक जीवनचर्यामा परिवर्तन भयो। उहाँका अगाडि कसैले केही भन्ने हिम्मत त गरेनन् तर पछाडि अनेकौँ लाञ्छना लगाउने काम गरे। केही मान्छेहरूले यथार्थ बुझ्ने कोसिस गरे। केहीले यसैमा सही थप्दै गए तर हामीलाई असली कुराको जानकारी थियो, त्यस्तो कुप्रचारले हामीलाई विचलित बनाएन। हामी आँत्तिएका बेला पनि उहाँ आएर हामीलाई उल्टै सम्झाउनुहुन्थ्यो- 'कसैले गाली गरे पनि, रिसाए पनि हामीले रिसाउन र नराम्रो मान्नुहुँदैन' भनी सम्झाउनुहुन्थ्यो। त्यसपछि मेरा बुबाआमा र अरू केही उहाँको विश्वास गर्नेहरूले पनि सन्तमार्ग अपनाउनुभयो।

उहाँले लामो अभ्यास गरेर आफ्ना अन्तरमा शब्द प्रकट गर्नुभएको थियो। आन्तरिक अनुभूति अरूलाई भन्न नहुने हो। उहाँले यसैबाट अरूमा विश्वास जागृत हुन्छ कि भनेर एकजनालाई आन्तरिक अनुभव सुनाउनुभयो। त्यसपछि त्यो देखिन छोड्यो। उहाँको ध्यान टुटेपछि उहाँले हामीलाई खबर पठाउनुभयो। बलिराम बाँस्पाने र म गयौँ। हजुरको ध्यानमा किन समस्या भयो भने कतै नाम त बिर्सनुभएन भनी सोध्यौँ। उहाँले आफूले निरन्तर नामको अभ्यास गर्ने गरेको सुनाउनुभयो। बरु आफ्नो आन्तरिक अनुभव एकजना आफ्ना विश्वासी मित्रलाई भनेको कुरा बताउनुभयो। यसरी आन्तरिक अनुभव भन्नुहुँदैन। सत्संगका किताबमा पनि यो लेखिएको छ भन्यौँ। त्यसपछि उहाँलाई अभ्यास जारी राख्न भन्यौँ। गुटुका मुखिया कान्तिका बुबालाई उहाँले अभ्यासमा दुई तीन घण्टा बसेपछि थरथर कपाउँछ भन्नुभएको थियो। पाँच नाम र शब्दसँग यिनको केही लाग्दैन भन्ने मैले बुझेको छु भन्नुभयो।

महाराजजीले बलिराम विकका माध्यमबाट मलाई जोड्ने अवसर दिनुभयो। म सन्तमतसँग जोडिएँ। मेरा माध्यमबाट उहाँलाई जोड्ने अवसर प्राप्त भयो। भनिन्छ नि हरेक कुराको साधन हुन्छ, समय हुन्छ, माध्यम हुन्छ। ईश्वर आफैँ आउँदैनन् तर कसैलाई माध्यम बनाउँछन् आफूसँग जोडिने। यो पनि कुनै कर्म नै होला। मैले बुबाआमा सरह उहाँलाई पनि सम्झन्छु। सन्तमतमा उहाँ छँदा हामीलाई पनि आड भरोसा थियो।

उहाँ नश्वर शरीर छोडेर गएपछि तुरुन्त खबर पायौँ । हामीले झाला फेला पार्‍यैँ घाटतिर जाँदै गर्दा । उहाँले आफ्नो समयमा आफूले गर्नुपर्ने कमाइ गरेर जानुभएको हो । उहाँलाई आज पनि हामी सम्झन्छौँ । यहाँका अरू मानिसहरूले पनि अब सत्य कुरा बुझेका छन् । कर्मकाण्ड र स्वार्थ त्याग्न नसकेकाहरूले मात्रै आलोचलना गर्ने हुन् । सत्य बुझेकाहरूले व्यासमा गएर पनि हेरेर आएका छन् । यिनलाई पहिलेको जस्तो भ्रम छैन । कर्मकाण्ड बाहिरी र सतही कुरा हो । यो सत्यको पहिचान गर्ने त्यसभन्दा माथिल्लो मार्ग हो भन्ने बुझेका मानिसहरूलाई कर्मकाण्ड सामान्य लाग्छ । यो सत्संग घर बन्नु र यसको विस्तार हुनुमा पनि उहाँको कुनै न कुनै प्रकारको देन छ ।

उहाँले कर्मकाण्डको कुरा गरेर राजा जनक र अष्टावक्रको कथा पनि हामीलाई सुनाउनुभएको थियो । वास्तवमा सत्य र ज्ञानको कुरा त नयाँ होइन तर यो भुसको आगो जस्तै लुकेर रहेको थियो । सूक्ष्म कुरा सबैले बुझ्न खोज्दैनन् र बुझ्न सक्दैनन् पनि । उहाँले आँटेको लक्ष्य हासिल गरेर जानुभएको हो । हाम्रा लागि उहाँ प्रेरणा र उत्साहका स्रोत हुनुहुन्थ्यो र यसैगरी रहनुहुने छ ।

# प्रत्येक सास खेर फाल्नुहुँदैन

लीलाराम बस्टेल
चौकुने-तोस्रा, सुर्खेत

हाम्रो पुर्ख्यौली थलो घोडासैन हो। हामी सानै छँदा पहाडबाट बसाइँ सरेर सुर्खेतको पुच्मा आयौँ। पछि केवडी बस्दाका बखत माजीका गुरु पं. उदयराम उपाध्याय यतै भुडेभावरमा बसाइँ सरेर आउनुभएको जानकारी भयो। मेरो माहिलो छोरो जन्मेको थियो। हेराउनु पनि पर्ने भेटघाट पनि हुने भनेर म उहाँलाई भेट्न गएँ। भेटघाटमा सामान्य कुराकानी र हेराउने काम गराएर म फर्किएँ। त्यसपछि घरायसी लेनदेन र व्यवहार हुँदै गयो। भेटघाट पनि बेलाबेलामा हुन्थ्यो। उहाँ गलामा सधैँ रुद्राक्षको माला, निधारमा त्रिपुण्ड लगाउनुहुन्थ्यो। सन्ध्या, गायत्री जप र ध्यान गर्ने उहाँका नित्यकर्म थिए। उहाँले ज्योतिष, कर्मकाण्ड, जन्त्रमन्त्र र झारफुक गर्नुहुन्थ्यो।

उहाँले गुटुबाट सन्तमतका बारेमा जानकारी प्राप्त गर्नुभयो। त्यतिखेर म सन्तमतसँग जोडिइसकेको थिएँ। म पनि सन्तमतसँग जोडिएको छु भन्ने जानकारी पाएपछि उहाँ मेरा घर पनि आउनुभएको थियो। मैले पनि उहाँलाई व्यासका बारेमा जानकारी गराएँ। घरमा बसेर धेरै बेर छलफल र कुराकानी भए। मसँग भएका सन्तमतका किताबहरू पढ्न दिएँ। उहाँ ती किताबहरू पढेर निकै आकर्षित हुनुभयो। उहाँ निकै खोजबिन र प्रश्न गर्नुहुन्थ्यो। उहाँले प्रश्नको जवाफ नपाएसम्म पुस्तक पढेर, मसँग र गुटु गएर पनि खोजी जारी राख्नुभएको थियो। उहाँले आफूले खोजेको मार्ग यही हो भन्ने पक्का विश्वास भएपछि व्यास जान तयार हुनुभयो।

उहाँ व्यासमा गएर हजुर महाराज चरनसिंहजीबाट नामको दीक्षा प्राप्त गरेर आउनुभयो। त्यसपछि उहाँको पहिरन र नित्यकर्ममा परिवर्तन भयो। उहाँले भन्ने गर्नुहुन्थ्यो ‘हामीले यो सास त फेर्नै पर्छ। यो सास फेर्दा प्रत्येकपटक परमात्माका नामको स्मरण गर्नुपर्छ। रित्तो सास फेर्नुहुँदैन।’ यस्तो कुरा सुन्दा मलाई अचम्म लाग्यो। उहाँमा छिट्टै सन्तमतले निकै असर गरेछ। उहाँमा यस्तो परिवर्तन आयो। उहाँले आफ्नो जीवनलाई सफल बनाएर जानुभयो।

# सत्यका अनुयायी ससुराज्यू

पूर्णप्रसाद बजगाईं
बजगाउँ, अछाम
हाल : लम्कीचुहा, कैलाली

पं. उदयराम उपाध्यायज्यू वेद र गीताको व्याख्या गर्ने क्षमतावान् व्यक्तित्व हुनुहुन्थ्यो । उहाँले कहिल्यै मांसाहार गर्नु भएन न त अरूलाई त्यसका लागि प्रेरित गर्नुभयो त्यसैले उहाँ अहिंसाका मार्गदर्शक हुनुहुन्थ्यो । उहाँ तत्त्वदर्शी हुनुहुन्थ्यो । उहाँ जस्ता व्यक्तिहरू यो धर्तीमा दुर्लभ हुन्छन् । उहाँ हाम्रा पिताज्यू लक्ष्मीकान्त बजगाईका साथमा बजगाउँमा हुँदा हामीले उहाँबाट पाएको शिक्षा र दीक्षाले हामीलाई आत्मोन्नतिको मार्ग प्राप्त भयो । उहाँ साक्षात तत्त्वदर्शी महात्मा हुनुहुन्थ्यो ।

उहाँको जीवनशैलीबाट अरूले धेरै कुरा सिक्ने अवसर पाएका छन् । उहाँ विद्वान्, अध्यात्मवादी हुनुका साथै साहसी व्यक्ति पनि हुनुहुन्थ्यो । उहाँ त त्यतिबेलाको समाजमा सबैका पूज्य र सम्मानित हुनुहुन्थ्यो तर पनि उहाँले त्यस मार्गलाई छोडेर सन्तमत अँगाल्नुभयो । उहाँले आफ्नो जीवन परोपकारमै व्यतीत गर्नुभयो । शिक्षा दानजस्तो पवित्र कर्म गरेर एउटा उदाहरणीय व्यत्वित्व देखाउनुभयो । उहाँले एकै ठाउँमा शिक्षालय खोलेर त्यहीँ शिक्षा दिएको भए उहाँको आज सबैले पूजा गर्थे तर उहाँले सांसारिक मोह, लोभ र लालचलाई अँगाल्नुभएन । त्याग, समर्पण र सेवामै उहाँको प्रेरणादायी जीवन रह्यो । आफूले जीवनभर समाजबाट प्राप्त गरेको मानसम्मानभन्दा सन्तमत सिद्धान्त उहाँका लागि धेरै महत्त्वपूर्ण बन्यो । मानिसहरूले उहाँको बदनाम गर्न खोजे, आलोचलना गरे तर उहाँले त्यसको वास्ता गर्नुभएन किनभने उहाँ सत्यलाई बुझेर त्यसको पालना गर्न कटिबद्ध हुनुहुन्थ्यो ।

उहाँ मेरा लागि पूज्य र सम्मानित व्यक्तित्व भए पनि सन्तमतमा लागेपछि आखिर के रहेछ उहाँले अँगालेको विचार भनी बुझ्न म कैलालीबाट उहाँको घर सुर्खेतको भुडेभावर गएको थिएँ । उहाँसँग साँझ धेरै बेर छलफल र बहस भयो । हजुर अछामको पण्डित भएर वैदिक मार्ग किन छोड्नुभयो ? यस मार्गमा किन लाग्नुभएको हो ? भन्ने मेरा प्रश्नको समाधानमा उहाँले मेरो जन्म सोध्नुभयो । तुरुन्तै धुलौटामा विवरण टिपेर तपाईंले मसँग जति बहस गरे पनि मेरा गुरुले तपाईंलाई पनि यस मार्गमा ल्याइछाड्नुहुने छ भन्नुभयो । त्यतिबेला म जगन्नाथजी सँगै गएका थियौँ। खानपिनपछि उहाँ घरको माथिल्लो तलमा जानुभयो । साँझ नै ध्यानमा बस्नुभयो । हामीले बिहान

पनि उहाँले के गर्दै हुनुहुन्छ भनेर चियो गरेर बस्यौँ। बिहानपख हेर्‍यौँ। उहाँलाई धेरै समय ध्यानमै बसेको हामीले पायौँ। हामी जाँचबुझ गर्न गएका थियौँ। उहाँको निरन्तर लामो साधना र अभ्यास देखेर हामी प्रभावित भयौँ। हामी पनि पछि उहाँले अपनाएको मार्गमा जोडियौँ। त्यसपछि अरू पनि यस मार्गमा लागेका मानिसहरू छन् तर त्यति लामो साधना गर्ने व्यक्ति थोरै देखिन्छन्।

उहाँका दाजु र भाइले पनि पछि यस मार्गको अनुसरण गर्नुभयो। छोरा भतिजाहरू पनि यसै मार्गमा लाग्नुभएको छ। मानिसले कमाएको भौतिक सम्पत्ति त केही समयपछि नासिन्छ तर यो सम्पत्ति ठुलो हो। उहाँले यो सत्यको मार्गमा हिँड्ने सम्पत्ति आर्जन गर्दा निकै दुख खेप्नुभएको थियो। समाजका कतिपय मानिसहरूले उहाँलाई अछूत भने, धर्म छाडा भने तर उहाँले लोकनिन्दा, आलोचना र वादविवादलाई अबुझ भएर गरेका हुन् भन्ने ठानी सत्यको मार्गमा अटल भएर लागिरहनुभयो। यो सम्पत्ति आर्जन गर्न उहाँले देखाउनुभएको त्याग निकै सराहनीय छ।

म सन्तमार्गमा आउनुअघि उहाँ मेरा घरमा आउनुभएको थियो। उहाँ आउँदा चामल पनि लिएर आउनुभएको थियो। किन यसो चामल लिएर आउनुभएको हो भन्दा अर्काको माना खानुहुँदैन भन्नुहुन्थ्यो। खानपानमा यतिसम्म ख्याल राख्ने मान्छे सबै हुँदैनन्। यसरी उहाँलाई म एउटा अभ्यासी साधकका रूपमा सम्झना गर्न चाहन्छु।

# पं. उदयराम उपाध्याय दाजुका बारेमा भ्रम र यथार्थ

रामनन्द जैसी घोडासैनी
लम्कीचुहा-१, कैलाली

म माजी घोडासैन अछाममा जन्मिएको हुँ तर बाल्यकालमै कैलालीको अजिँगरेमा बसाइँ सरेर आएका कारण दाजु पं. उदयराम उपाध्यायसँग मेरो राम्रो परिचय थिएन। मैले पनि उहाँलाई चिनेको थिइनँ। अजिँगरेमा मेरो घर र उदयराम उपाध्यायका सहोदर दाजु देवीरामको घर नजिक थियो। हामी छिमेकी र दाजुभाइ भएकाले उहाँका घरमा मेरो आवतजावत थियो। उहाँका घरमा हाम्रा पुरोहित मनिराज देवकोटा बस्नुहुन्थ्यो। मनिराज देवकोटाबाट मैले दाजु उदयरामका बारेमा धेरै कुरा सुनेको थिएँ। उहाँको भनाइअनुसार-'दाजुले स्वर्गद्वारी पढ्नुभएको हो। उहाँ ज्योतिष र वेदका विद्वान् हुनुहुन्छ। उहाँले नौ अध्यायसम्म वेद आफैँ हस्तलिखित गरेर राख्नुभएको छ। उहाँले अछामका धेरै ठाउँमा पढाउनुभएको छ।' दाजु उदयराम र मनिराज देवकोटा इष्टमित्र र आपसीसम्बन्धले निकै नजिक भएको मैले महसुस गरेको थिएँ।

दाजु सुर्खेतको बिजौरा भुडेभावरमा बसाइँ सरेर आउनुभयो। त्यसपछि उहाँ आफ्ना दाजु देवीरामका घर आउनेजाने गर्नुहुन्थ्यो। साँझबिहान हाम्रो पनि एकआपसमा आवतजावत हुने हुनाले मेरो पनि उहाँसँग भेट भयो। त्यसपछि मैले नजिकबाट चिन्ने र बुझ्ने अवसर पाएँ। समय बित्दै जाँदा उहाँलाई 'सद्गुरु भए' भन्ने हल्ला फैलियो। दैनिक जसो भेटघाट हुने चिया पसलमा पनि उहाँका बारेमा चर्चा परिचर्चा हुन थाले। 'ठुलै विद्वान् हुन् तर बिग्रिए' भनेको मैले सुनेँ। मलाई उहाँका बारेमा भइरहेका चर्चाका विषयमा अझै नजिकबाट बुझ्ने र जान्ने इच्छा जागृत भयो। त्यसको केही दिनपछि उहाँका जेठा छोराको बिहेका क्रममा दुलही नै नल्याएर जन्ती फर्किए। माइती पक्षले सद्गुरु भएकाले छोरी थिएनन् भन्ने कुरा सुन्नमा आयो। पहिलेको भन्दा यस विषयले धेरै चर्चा पायो। 'अब त सद्गुरु भएकाहरूलाई कसैले छोरी पनि नदिने भए भन्न थाले।' यो चर्चा अछाम, दैलेख, सुर्खेत, कैलालीका सबै इष्टमित्रकहाँ पुग्यो। उहाँलाई पण्डित र गुरु मान्ने सबैकहाँ विवाहमा गएका जन्ती दुलही नदिएका कारण रित्तै फर्किए भन्ने विषयले निकै चर्चा पायो। गाउँमा जाँदा जताततै उदयराम उपाध्याय सद्गुरु भए। कसैले पनि उनका छोराछोरी वर विवाह गर्दैनन् भन्ने चर्चा भइराखेको देखेर मलाई उहाँप्रति अझै नजिकबाट बुझ्न मन लाग्यो। पसलमा बसेका बेला सबैको समूहमा मैले पनि सोधेँ- सद्गुरु भएकाहरू कस्ता हुन्छन् ? हामीले के गर्नुपर्छ ? एकजनाले जवाफ दिए- सद्गुरु भएकाहरूले छोएको खाना पानी केही खानुहुँदैन। म दैनिक रूपमा जुन घरमा आवतजावत गर्थेँ, मेरा

छिमेकी र दाजु देवीरामका घरमा उहाँ आउनेजाने गर्नुहुन्थ्यो । यसकारण पनि मैले नजिकबाट जान्न बुझ्न आवश्यक देखियो । मैले पनि उहाँका हातको खाने कि नखाने, छुने कि नछुने । अब बाहिरबाट भनेको सुनेका भरमा भन्दा आफैँ विचार गरेर बुझ्न उचित लाग्यो ।

एक दिन दाजु देवीराम उपाध्यायका घरमा दाजु उदयराम आउनुभयो । खानपिन भयो । उहाँका भतिजा रुद्रमणि राती उहाँले के गर्नुहुन्छ भनी बुझ्नका लागि उहाँकै नजिक बिस्तरा लगाएर सुते । मैले पनि नजिकबाट बुझ्ने इच्छा गरेको हुँदा राती के के भयो ? के गर्नुहुन्छ ? लौ बिस्तारपूर्वक भन भनी सोधेँ । रातभर ध्यानमा बस्नुभएको रहेछ भन्ने जानकारी पाएँ । भतिजाले बताएअनुसार 'म राती उठेर हेर्दा उहाँलाई ध्यानमा बसेको देखेँ, बिहानपख पनि ध्यानमै हुनुहुन्थ्यो । म बिउँझिएका बेला उहाँलाई ध्यान गरिरहेको देखेँ । बाहिर नसुनिने गरेर मन्त्र जप्नुहुन्थ्यो ।' यो कुरा सुनेर मेरा मनमा अझ चासो बढ्यो । यसरी मन्त्र जप्ने, ध्यान गर्ने मान्छेलाई किन बिग्रिएको भनेका रहेछन् भनी अचम्म लाग्यो । के बिग्रिए त भन्दा 'दान लिँदैनन्, ढोग गर्नका लागि खुट्टा छुन जाँदा पछाडि सर्छन्, यज्ञ, यज्ञादि, पूजापाठ जजमानकहाँ गएर गरिदिँदैनन्' भन्ने कुराको चर्चा परिचर्चाहरू हुने गरेका देखिन्थे । यी सबै विषयलाई हेर्दा वास्तविक कुरा के हो बुझ्न निकै गारो थियो । उहाँले कुनै गल्ती गरेको देखिँदैन तर समाजमा त्यत्तिकै असली कुरा नबुझी सबै मानिसहरू होहल्लाकै पछाडि लागेको देखिन्थ्यो । उहाँका अगाडि कसैले प्रश्न सोध्न सक्दैनथे । उहाँसँग भेट गर्न, नजिकबाट बुझ्न पनि खोज्दैनथे । उहाँले मानिसहरूलाई जम्मा गरेर आफूले गर्ने गरेका विषयमा भन्दै पनि हिँड्नुहुँदैनथ्यो । त्यसैले वास्तविक कुरा बुझ्न उहाँ कहाँ गएर बिग्रिनुभयो भन्छन् त्यही ठाउँ गएर जान्ने र बुझ्ने इच्छा भएर अजिँगरेबाट एक समूह बनाएर भारतको पन्जाब प्रान्तको अमृतसरमा अवस्थित राधास्वामी सत्संग ब्यासमा पनि पुग्यौँ । त्यहीँ गएका कारण दाजु उदयराम उपाध्यायलाई सद्गुरु भएको भनेका रहेछन् । उहाँ सद्गुरु नभएर 'सद्गुरुका शरणमा जानुभएको रहेछ' भन्ने कुरा त्यहाँ गएपछि बल्ल थाहा भयो । आफ्नै परिश्रमको कमाइमा जीवन निर्वाह गर्नुपर्छ भन्ने शिक्षाका कारण दानदक्षिणा नलिने गर्नुभएको रहेछ । मेरा शरणमा आउनुभन्दा सद्गुरुका शरणमा जानुहोस् भन्नका लागि पाउ छुन नदिनुभएको रहेछ । वास्तविक कुरा नबुझी बाहिर जतिसुकै मनगढन्ते कुरामा लागेर जतिसुकै बाहिर होहल्ला फैलियो त्यो नबुझेर नै गरेका रहेछन् भन्ने मलाई पक्का विश्वास भयो ।

जजसले उहाँका बारेमा राम्ररी बुझ्न खोजे उनीहरू उहाँ हिँडेको बाटो रोजे । जसले पूर्ण खोजी नै गरेनन्, केवल हल्लाका पछाडि लागे, उनीहरू अझै पनि भ्रममै छन्, वास्तविक कुरा खोज्न चाहँदैनन् । त्यसैले वास्तविक कुरा बुझ्न, विद्वान् दाजुका बारेमा केवल नजानेका मान्छेले भनेका र त्यस्तै मानिसहरूले भनेको सुनेका कुरामा मात्रै विश्वास नगर्न सबैमा अनुरोध गर्दछु ।

# पं. उदयराम उपाध्यायज्यूको सम्झना

भूमिनन्द उपाध्याय
ढकारी-८, घोडासैन, पैयाँसैन, अछाम

मैले पं. उदयराम उपाध्यायलाई चिन्दाखेरि उहाँ स्वर्गद्वारीबाट पढेर आइसक्नुभएको थियो। त्यतिबेला उहाँ पहेँलो कुर्ता र धोती लगाउनुहुन्थ्यो। पछि कुर्ता/दौरा सुरुवाल लगाउनुहुन्थ्यो। उहाँ राम्रो जिउडाल मिलेको हँसिलो अनुहार र गहुँगोरो वर्णका हुनुहुन्थ्यो। कुराकानी गर्दाखेरि हाँस्ने उहाँको बानी थियो। उहाँले एउटा गलबन्दी सधैँ टाउकामा भिर्नुहुन्थ्यो। त्यसबाट उहाँलाई धेरै मानिसहरूका बिचमा पनि सजिलै चिन्न सकिन्थ्यो। गलबन्दी भने कहिले सेतो र कहिले पहेँलो हुन्थ्यो। उहाँको जिउडाल पातलो थियो। बोल्दा सुस्त बोल्ने तर चित्त बुझेका कुरामा खितखिताएर हाँस्नुहुन्थ्यो।

उहाँ नित्य पूजापाठ, गायत्री मन्त्र जप गरेर खाना खानुहुन्थ्यो। उहाँ सात्विक खाना खानुहुथ्यो। उहाँले अछामका माजी, कुइका, विनायक, बजगाउँ, घोडासैन, बस्ती, ढकारी, ढाङ्टा, ध्यानेवस्तालगायत विभिन्न ठाउँमा गएर शिक्षादीक्षा दिई धेरैलाई साक्षर तुल्याउनुभयो। धेरैले उहाँसँग ज्योतिष र वेदको शिक्षा पनि हासिल गरे। यस क्षेत्रका मानिसहरूलाई शिक्षा दिई शैक्षिक क्षेत्रमा योगदान दिनुहुने पं. उदयराम उपाध्यायज्यू हाम्रा लागि सधैँका लागि स्मरणीय हुनुहुन्छ।

# शान्त र सालिन स्वभाव

देवीराम जैसी
चौकुने, तोस्रा, सुर्खेत

पं. उदयराम उपाध्याय सुर्खेतको भुडेभावरमा बसाइँ सरेर आउनुभएको जानकारी पाएपछि म उहाँलाई भेट्न गएँ। घोडासैन माजीबाट बसाइँ सरेर आउनुभएको हाम्रो परिवारका को हुनुहुन्छ भनी बुझ्ने इच्छाले म गएको थिएँ। भेटेर नातासम्बन्ध पहिल्याउँदा हामी दाजुभाइ रहेछौँ। म एक रात त्यहीँ बसेँ। पारिवारिक र बन्डालका विषयमा कुराकानी भए। मैले उहाँलाई २०४० सालमा भेटेको हुँ त्यसअघि हाम्रो चिनजान थिएन। उहाँले अछाममा धेरै ठाउँमा पढाउनुभएको थियो भन्ने कुरा पनि त्यसपछि नै जानकारी पाएको हुँ। त्यसपछि बेलाबखत आउने जानेक्रम बढ्यो। भेटघाट भइरहन्थ्यो। म राजनैतिक कार्यकर्ता र उहाँ आध्यात्मिक साधक भएकाले हाम्राबिच वैचारिक भिन्नता थियो तर म दाजुलाई एउटा श्रद्धाले हेर्थें त्यसैले पनि हामी नजिक थियौँ। त्यसपछि एक दिनको भेटमा दाजुले आध्यात्मिक विषयमा कुरा गर्नुभयो। ईश्वरलाई मान्छेले बाहिर खोज्छन्। मैले स्वर्गद्वारी र खप्तडबाबासँग भेटेर पाप्त गरेको शिक्षाले बाहिर खोज्न भन्दैन। सत्यको खोजीका लागि मैले अहिले प्राप्त गरेको ज्ञानभन्दा अर्को सजिलो र सहजमार्ग छैन भन्नुभयो। म अब त्यस्तो विषयमा खासै चासो नदिने भएकाले मैले वास्ता गरिनँ। साक्षात भगवान्लाई बाहिर कसैले फेला पारेको छैन भन्नुहुन्थ्यो।

एकपटक मैले मेरा घरमा रुद्री लगाएको थिएँ। दाजुलाई पनि निम्ता गरेको थिएँ। त्यतिखेर उहाँ सन्तमार्गमा गइसक्नुभएको थियो। एकजना चलाउनेले उहाँलाई खुट्टामा ढोग दिन खोज्यो उहाँले खुट्टा पछाडि सारेर ढोग्न दिनुभएन। लौ गुरु भएर ढोग्न नदिने भनेर झगडा गर्न थाल्यो। उसले रक्सी पनि सेवन गरेको थियो। मैले उसलाई उहाँको विचार छैन भने किन जिद्दी गर्छौ भनी सम्झाएर पठाएँ तर दाजुले केही भन्नुभएन। उहाँको कसैलाई केही भनेर नबिराउने बानी रहेछ मैले त्यतिखेर अनुभव गरेँ। उहाँ सन्तमतमा गएपछि धेरै मानिसहरूले अनावश्यक कुरा काटे। खासगरी गुटुका हाम्रै परिवारका केही सदस्यहरूले पनि कुराकाटेको मैले सुनेर उनीहरूको प्रतिवाद गरेको छु। उहाँका बारेमा केही इष्टमित्रहरूले पनि कुरा काटेर छोराको बिहे नै रोकियो। त्यो पनि अनावश्यक विवाद थियो। दाजुले यी घटनामा आफ्नो शालिनता प्रदर्शन गर्नुभयो कुनै किसिमको प्रतिवाद गर्नुभएन। बरु आफ्नो उद्देश्यमा सधैँ लागिराख्नुभयो। मैले उहाँको सिद्धान्त र विचार त बुझेको थिइनँ तर म सधैँ उहाँको समर्थक भएर उभिन्थेँ।

दाजुसँग बसेर आध्यात्मिक र गम्भीर विषयमा कहिल्यै हाम्रो छलफल भएन । कसैले विवाद गरे पनि, आलोचना गरे पनि उहाँ त्यसको प्रतिवाद नगरेर हाँसिदिनुहुन्थ्यो । उहाँको त्यही शान्त स्वभाव र आचरणले गर्दा गुटु र सोल्टाका उहाँको विरोध गर्नेहरू र तिनका सन्तानहरूले पनि उहाँको विचारलाई अपनाएको देखिन्छ । उहाँलाई मैले कहिल्यै पनि विवादमा अल्झिनुभएको थाहा पाइनँ । उहाँ जहिले पनि शान्त स्वभावमा प्रस्तुत हुनुहुन्थ्यो । उहाँले आफ्ना बारेमा नराम्रा कुरा गरेपछि सुन्ने अनि हाँसेर टुङ्ग्याइदिने गर्नुहुन्थ्यो । गाउँ समाजमा मानिसहरूले उहाँका बारेमा गरेको टिप्पणी एउटै थियो- 'उहाँ पहिले कर्मकाण्ड गर्ने, पण्डित, ज्योतिष हुनुहुन्थ्यो, पछि सन्तमतमा लागेर यी सबै छोड्नुभयो त्यसैले उहाँको जात गयो' भन्ने विषय नै विवादको विषय थियो । उहाँले बाटाघाटामा मान्छेहरूले आफ्ना बारेमा के भन्छन् भन्ने विषयलाई वास्ता गर्नुभएन । आफ्नो आध्यात्मिक साधनामा लागि रहनुभयो । उहाँले पछिल्ला दिनमा आफूले ध्यान गर्न छुट्टै घरको प्रयोग गर्नुहुन्थ्यो । मान्छेहरूसँग भेटघाट पनि त्यति गर्नुहुँदैनथ्यो । त्यस्तै बेला एक दिन म भेट्न गएँ । उहाँले मलाई एक छिन भेट दिनुभयो । उहाँ त्यसै घरमा बसेर निरन्तर आध्यात्मिक साधनामा लाग्नुभएको रहेछ भन्ने पनि मैले त्यही भेटमा जानकारी पाएँ । मेरा जीवनको खोजी र चासो अध्यात्म नभएकाले मैले 'हजुरले के गर्नुहुन्छ' भनी दाजुसँग कहिल्यै सोधिनँ । त्यो दिन नै उहाँसँगको मेरो अन्तिम भेट हुन गयो ।

# सबैका सम्झनामा : गुरु उदयराम उपाध्याय

पदमराज उपाध्याय (तिमल्सिना)
कमलबजार-५, कुइका, रिसडा, अछाम

अछाम जिल्ला ढकारी गाउँपालिका वडा नम्बर-८, साविक घोडासैन-९, माजीको मुलेगडामा पिताश्री शिवराम उपाध्याय र माता श्रीमती राधिकादेवी उपाध्यायको दोस्रो सन्तान (माहिला छोरा) का रूपमा वि.सं. १९७७ साल असार महिनाको ३० गते द्वादशी तिथिको मङ्गलवारका दिन उदयराम उपाध्यायको जन्म भएको थियो । उहाँका एउटा जेठा दाजु र दुई भाइ गरी जम्मा चार दाजुभाइ थिए । नुहारनको नाम उदयराम उपाध्याय राखेता पनि बाल्यकालमा छोटो (होचो), मोटो र लोभलाग्दो जिउडाल भएकाले उहाँका आमाबुबाले प्यारो नाम 'पोका' भन्थे । सानो (बाल्यकाल) मा पोका भनी बोलाउँथे पछि गएर उहाँलाई उहाँका समकालीन साथीहरू, छिमेकी र गाउँघरका मानिसहरू तथा उहाँलाई चिन्ने सबैले पोकु पाध्या (उपाध्याय) का उपनामले सम्बोधन गर्ने र चिन्ने गर्थे । अछाम जिल्लाको दूरदराज अत्यन्तै विकट स्थान, त्यतिबेला त्यस ठाउँमा आजकलको जस्तो बाटो, घाटो, सडक सञ्जाल, स्वास्थ्य उपचार केन्द्र तथा विद्यालयसम्म केही पनि थिएन । विकास के हो ? जनताका लागि के के चाहिन्छन् त्यसको नामोनिसानसमेत थिएन । गाउँले जीवन साधारण थियो । गाउँबासीको जीवनस्तर निकै दयनीय थियो । पशुचौपाया पाल्नु, खेतीकिसानको काम गर्नु र त्यसबाट प्राप्त आम्दानीले पेट पाल्नु र जीविका निर्वाह गर्नु त्यस समयको सबैको बाध्यता थियो ।

गाउँघरको कहालीलाग्दो समस्याग्रस्त अवस्था, भोक, रोग र गरिबी त्यसैमा अशिक्षित समाजको दर्दनाक पीडाले शिवराम उपाध्यायको मनमा च्वास्स च्वास्स घोचिरहन्थ्यो । आफू र आफ्नो परिवेशका सम्पूर्ण मानिसहरू (गाउँबासीहरू) ले शिक्षाको अभावमा पाएको पीडालाई निरुत्साहित पार्ने उपायको खोजीमा हुनुहुन्थ्यो । उदयराम उपाध्यायका बुबा शिवराम उपाध्याय साक्षर र सामान्य कर्मकाण्डका जानकार हुनुहुन्थ्यो । गाउँघरमा पुरोहितको काम गर्नुहुन्थ्यो । पूजापाठ गर्नु, कर्मकाण्ड गर्नु, उहाँको भ्याइनभ्याइ थियो । उहाँले आफैँ घरमा स्वाध्ययन गर्ने गर्नुहुन्थ्यो । सन्ध्या र गायत्री गर्दा विभिन्न देवीदेवताको स्तोत्र, तन्त्रमन्त्र पाठ पूजा, श्लोक सबैले सुन्ने गरेर पढ्नुहुन्थ्यो । बिहान साँझको नित्यकर्म पश्चात् छोराहरूलाई आफूले पढ्ने गरेका श्लोकहरू पढ्न लगाउनुहुन्थ्यो । उहाँका ससाना छोराहरू लेखपढ गर्नसक्ने भए । तीक्ष्ण बुद्धि र सिक्ने प्रवृत्ति भएका उहाँका माहिला छोरा उदयराम जिज्ञासु प्रवृत्तिका हुनुहुन्थ्यो । उहाँ कसैले उच्चारण गरेर सुनाएका श्लोकहरू स्मरण गरेर कण्ठ गरिहाल्नुहुन्थ्यो । शिक्षा क्षेत्रमा भएको चासो, लगन र निरन्तरता अभिरुचिदेखि प्रभावित बन्नुभएका उहाँका बुबा छोराहरूलाई वेद, वेदाङ्गको अध्ययन गराएर

कर्मकाण्ड र ज्योतिष बनाउन चाहन्थे । आफ्ना पिताको इच्छालाई उदयराम उपाध्यायले आफ्नो जीवनमा सार्थक तुल्याएर छोड्नुभयो ।

गाउँघर छिमेकमा शुभअशुभ कार्यहरू भएका ठाउँमा के के काम भइरहेका छन्, यज्ञ निर्माण विधि के कस्तो छ, त्यसलाई नियालेर आफ्ना ससाना साथीहरूलाई साथमा लिई त्यसको प्रयोगात्मक अभ्यास गर्नुहुन्थ्यो । एक दिन गाईगोठाला गएका बेला साथीहरू जम्मा गरी दुनाटपरी बनाएर विवाह, व्रतबन्ध, रुद्राभिषेकको काल्पनिक यज्ञ निर्माण गरी माटो र बालुवाको साधन ठिक्क पारेर साथीहरूलाई कर्ता र आफू पुरोहित भई काम गर्ने गरेका उदयराम उपाध्यायको वैदिक सनातन धर्मसंस्कृतिको मार्ग जीवनमा साकार भयो ।

'जो धाओ सो फल पाओ' भनेझैँ शिक्षाप्रतिको इच्छाका कारण उहाँले प्युठान जिल्लामा अवस्थित स्वर्गद्वारीमा गई शुक्ल युजुर्वेद, ज्योतिष र कर्मकाण्ड पढ्ने अवसर पाउनुभयो । केही वर्षसम्मको कठोर साधनापश्चात् उहाँले शुक्ल यजुर्वेद कण्ठस्थ गरेर सुनाउन सक्षम हुनुभयो । वेदमन्त्र उच्चारण गर्ने शैली, लय र त्यसको सार मिलाएर पढ्न सक्ने वेदका गुरु बन्न सफल हुनुभयो । स्वर्गद्वारीमा अध्ययन गर्न निकै चुनौतीपूर्ण काम थियो । हप्ताको दुई दिन आइतवार र बुधवार सम्पूर्ण विद्यार्थीहरूले विभिन्न गाउँमा गएर भिक्षाटन गर्नुपर्थ्यो र त्यसरी जम्मा गरेको खाद्यसामग्रीबाट दैनिक जीविकाका लागि प्रयोग गरिन्थ्यो ।

एक दिन आश्रममा मध्यरात्रीको समयमा आश्रममा अचानक आगलागी भयो । पुरै आश्रम र होमकुण्ड वरिपरि खरले छाएको भाग, गुरु शिष्यका लुगाकपडा, ओढ्नेओछ्याउने सबै जलेर खरानी भए । दुर्भाग्यको कुरा पढ्ने किताबसमेत बाँकी रहेन । गासबास र कपास केही नहुँदा बिचल्ली भयो । एक जना महात्मा गुरुले ओढ्ने गरेको पछ्यौरा च्यातेर ७ जनाका लागि नुहाएपछि फेर्ने लगौँटी बनाइएका थिए । केही दिनसम्म लगौँटीमात्रै लगाएर साथीहरूले दिनको घाम र रातीको चिसोबाट बच्न खरानीको लेदो शरीरमा लेपन गरेको कारुणिक कुरा उहाँले सुनाउनुभएको थियो । केही दिनपछि त्यही आश्रममा एक जना भण्डारा लगाउन भनी दानवीर आए र उनैले सबै गुरुहरू र शिष्यहरूका लागि लुगाकपडा र कम्बल दिएको भन्दै गर्दा तत्कालीन समयमा घरबाट टाढा पढ्न जाँदाको दुख र कष्ट जीवनमा परिआउने समस्यासँग सङ्घर्ष गर्न सक्नुपर्छ भन्ने विचार आउँछ ।

अध्ययनका क्रममा विभिन्न चुनौतीसँग सामना गर्दै तत्कालीन अवस्थामा कुनै तह, स्थान र कक्षा उत्तीर्ण गरेको प्रमाणपत्र प्राप्त नभए पनि एक योग्य वेदाध्यायी बनी आफ्नो गाउँ फर्किनुभयो र आफ्नै भाइभतिजाहरूलाई शुक्ल यजुर्वेद पढाउन सुरु गर्नुभयो । उहाँले वेद अध्ययन गरेर आउनुभएको छ भन्ने कुरा सबै ठाउँमा पुग्यो । त्यसपछि उहाँसँग सम्पर्क गरी आआफ्नो घरमा बोलाएर आआफ्ना सन्तानलाई शिक्षा दिन धेरै ठाउँका मानिसहरूले आग्रह गरे । यस क्रममा उहाँले घोडासैन, ढकारी, डुगाला-मुली, विनायक र कुइकासम्म समय मिलाएर विभिन्न समयमा विभिन्न थरीका व्यक्तिहरूलाई शिक्षा दिने काम गर्नुभएको थियो ।

गुरु उदयराम उपाध्यायलाई कुइकाका करुणाखर उपाध्यायले पनि आफ्नो घर कुइकामा बोलाउनुभयो । शुक्ल यजुर्वेद, कर्मकाण्ड र ज्योतिष विषयको राम्रो ज्ञान आफूमा भए पनि वृद्धावस्थाका कारणले पढाउन नसक्ने हुँदा उहाँले आफ्ना भाइ, छोराभतिजा र नातीहरूलाई वेद पढाइदिन गुरुसँग आग्रह गर्नुभयो । करुणाखरका बुबा र बाजेहरूका हस्त लिखित शुक्ल यजुर्वेद र दुर्गाशप्तशती चण्डी, रुद्राष्टध्यायी, बाउन्ने (५२ प्रकारका पूजा विधिसहितको) विधान, श्राद्धविधि, व्यावहारिक ज्योतिष विषयलाई किताब बनाएर अध्यापन कार्य गुरुले गर्नभयो । विशेष गरेर कुइकामा त्यतिबेला पढ्ने गुरुका शिष्यहरूमध्ये रामनाथ उपाध्याय (प्रधान), विष्णुभक्त उपाध्याय (पण्डित, ज्योतिष), जनकलाल उपाध्याय, टीकाराम उपाध्याय आदि हुनुहुन्थ्यो । उहाँहरूले घरमै स्वाध्ययनबाट अग्निस्थापना, रुद्री, चण्डीसमेत पढेकाले उहाँहरूलाई वेद पढ्न सजिलो भयो । कुइका बसाइका समयमा छिमेकी गाउँबाट पनि पढ्ने विद्यार्थीहरू आएर उहाँसँग पढ्ने गरेका थिए ।

पाठकवर्गहरूसँग विनम्र अनुरोध के छ भने यी सबै कुरा सत्य हुन् तर मैले आफैँ अनुभव गरेका भने होइनन् । यी सबै कुराहरू पं. उदयराम उपाध्यायका शिष्य एवम् मेरा बुबा स्वर्गीय जनकलाल उपाध्याय (१९९७-२०७९) बाट मैले सुनेको थिएँ । बुबाले जे गुरुबाट सुन्नुभएको थियो र भोग्नुभएको थियो सोही कुरा मलाई सुनाउनुभएको थियो । गुरु कुइकामा बस्दा बुबासँगको बसाइ हुन्थ्यो । त्यसक्रममा भलाकुसारी र वार्तालाप हुन्थे । उहाँले आफ्ना मनका र आफूले देखेभोगेका धेरै कुराहरू बुबालाई सुनाउनुभएको थियो । गुरुज्यू सरल, शान्त प्रकृतिको स्वभावका हुनुहुन्थ्यो । नित्य पूजाआजा गर्नुहुन्थ्यो । सन्ध्या र गायत्री जप नगरी खाना खानुहुँदैनथ्यो । उहाँ धार्मिक नभई आध्यात्मिक प्रकृतिका हुनुहुन्थ्यो भनी बुबाले मलाई सुनाउनुभएको थियो । बुबाले आफ्ना गुरुले पढ्दा पाएका दुखसुखका कुराहरू मलाई पछि भन्नुभएको थियो । बुबाले आफ्ना गुरुका बारेमा भन्नुभएका कुराहरूलाई नै मैले यहाँ उल्लेख गर्ने धृष्टता गरेको हुँ । गुरुको ‘सबै जनाले पढेलेखे भने समाज शिक्षित हुन्थ्यो । समाजभित्र जरा गाडेर बसेको रोग, शोक, भोग र गरिबी र पछौटेपनको अन्त्य हुन्थ्यो र समाज सभ्य र शिष्ट बन्थ्यो, सबैको जीवनस्तर उच्च भएर समाज रूपान्तरण हुन्थ्यो । त्यसैले शिक्षा सबैका लागि आवश्यक छ’ भन्ने विचार प्रशंसनीय छ ।

हो, उहाँले त्यस समयमा विद्यालय, आश्रम, पीठ, कुटी आदि कुनै नाम दर्ता गराई त्यसबाट प्रमाणपत्र दिने प्रकृतिको शिक्षा दिने व्यवस्था गर्न नसक्नुभए तापनि समय र ठाउँको माग र क्षमताअनुसारको शिक्षा दिने काम गर्नुभयो । साधारण परिवारमा जन्मिनुभएका उदयराम उपाध्यायले आफूले प्राप्त गरेको ज्ञान आफैँमा मात्र सीमित नराखी अरूलाई पनि बाँड्ने काम गर्नुभयो । समाजभित्रका गलत प्रवृत्तिको उहाँ आलोचक हुनुहुन्थ्यो । चोरी, डकैती, मदिरा सेवन, जुवातासप्रति वितृष्णा थियो । समाजको सकारात्मक विकासको आशा गर्नुहुन्थ्यो । वि.सं. २०५२ साल असोज २० गते शुक्रवार, शुक्लपक्षको त्रयोदशी तिथिका दिन ७६ वर्षको उमेरमा उहाँले सुर्खेत जिल्लाको भुडेभावरस्थित आफ्नै घरमा देह त्याग गर्नुभयो । एउटा वेदाध्ययी विद्वान्को नश्वर शरीर सदाका लागि समाप्त भए पनि उहाँको असल कार्य सबैले सम्झिरहेका छन् र उहाँ यस भूमिमा अमर हुनुहुन्छ ।

# एकन्तप्रेमी ससुरा बुबा

बिमकला घोडासैनी
लम्मकीचुहा नगरपालिका-१,कैलाली

पं. उदयराम उपाध्यायलाई म उहाँकी बुहारी हुनुभन्दा धेरै पहिलेदेखि नै चिन्थेँ। उहाँको मेरा बुबाका घरमा आवतजावत थियो। मेरा बुबाले उहाँलाई अत्यन्त विश्वास गर्नुहुन्थ्यो। त्यसैले मेरा दाजु, बहिनी र भाइ उहाँकै घरमा डेरा गरेर पढ्न बसेका थिए। उहाँका घरमा भएका कतिपय भित्री गतिविधिहरूसँग पनि मेरा बुबा परिचित हुनुहुन्थ्यो। म सानी थिएँ त्यसैले यस्ता कुरा भने मलाई त्यतिबेला केही थाहा थिएन।

मेरो उहाँका जेठा छोरा कृष्णराज उपाध्यायसँग २०५० साल मङ्सिरमा बिहे भयो। त्यसपछि अझ नजिकबाट उहाँलाई हेर्ने, चिन्ने र उहाँको व्यवहार बुझ्ने मौका पाएँ। उहाँ एकान्तप्रेमी हुनुहुन्थ्यो। वरपरका मानिसहरू मात्रै होइन घरपरिवारका सदस्यहरूबाट पनि उहाँ धेरै समय एक्लै ध्यानमा बस्नुहुन्थ्यो। उहाँ थोरै बोल्नुहुन्थ्यो। अरूले जे भने पनि दुख मान्नुहुँदैनथ्यो। उहाँमा रिस, डाह केही थिएन। खाना खानेबेला परिवारका हामी बस्ने घरमा आउनुहुन्थ्यो। दिइएको खाने कुरा शान्तभावले केही नभनी खानुहुन्थ्यो। गुलियो कुरा ज्यादा राम्रो मान्नुहुन्थ्यो। चित्त बुझेका कुरामा भने खुलेर हाँस्नुहुन्थ्यो। उहाँ भन्नुहुन्थ्यो, 'कसैले गाली गर्‍यो भने आफूले फिर्ता गर्नुहुँदैन अनि त्यो गाली दिनेकै हुन्छ। त्यसैले गाली दिनेले दिइहाले पनि आफूले नलिएर उसैलाई फिर्ता पठाइदिनुपर्छ, जवाफ दिनुहुँदैन भन्नुहुन्थ्यो।' उहाँसँग मेरो त्यति लामो संगत त भएन जति भयो त्यसले मलाई सुखद् अनुभव गराउँछ। आज हाम्रामाझ उहाँ नभए पनि उहाँका विचार र सन्देशले असल बाटामा लाग्ने प्रेरणा दिइरहन्छ।

# साधक व्यक्तित्व

प्रभुनाथ देवकोटा
कुइका, अछाम

पं. उदयराम उपाध्यायज्यू अछामको पूर्वी भेकका विद्वान् हुनुहुन्थ्यो । मैले उहाँसँग पढ्ने अवसर भने पाइनँ । म घोडासैनीहरूको कुलपुरोहित भए पनि मैले उहाँबाट धेरै कुराहरू सिकेको छु । मेरो जन्म लग्नअनुसार मेरो नाम प्रभुनाथ नभएर रामप्रसाद हुनुपर्छ भनी उहाँले मलाई भन्नुभएको थियो । मेरो चिना बनाइदिन पऱ्यो त भनेपछि 'म चिना बनाउन जान्दिनँ' हाँसेर जवाफ दिनुभयो । पछि चिना त बनाइदिनुभयो । शारदीय नवरात्रभन्दा चैत्रको नवरात्र उत्तम हो भन्ने कुरा मैले उहाँका मुखबाट सुनेको हुँ । उहाँले ६ वर्षजति चैत्र र शारदीय नवरात्रमा चण्डीपाठ गर्न मलाई बोलाएर दुर्गापूजा गर्नुभएको थियो । ती सबै वर्ष मैले पाठ गर्दा उहाँ जप गरेर बस्नुहुन्थ्यो । उहाँका अगाडि पढ्दा धेरै सावधानी अपनाउनुपर्थ्यो किनभने अशुद्ध पढ्न पाइँदैनथ्यो । वेद र दुर्गाशप्तशती शुद्ध पढ्ने र पढाउने क्षमता उहाँको अद्वितीय कला थियो । विद्वान् पुरोहितवर्गमा आज पनि उहाँको चर्चा परिचर्चा हुने गरेको छ । उहाँ सधैँ हाम्रा लागि अनुकरणीय हुनुहुन्छ ।

# सम्पूर्ण भैँसोलेका गुरु : सानाबुबा

काशिराम उपाध्याय
मङ्गलसैन-१, ढुङ्गानी, अछाम

पं. उदयराम उपाध्यायसँग मेरी आमापछाडिकी बहिनी कौसिलादेवीको विवाह भएर उहाँ मेरा सानाबुबा हुनुहुन्छ। भैँसोले क्षेत्रका पण्डित र ज्योतिष हुनुका साथै घोडासैनी रिमालका कुलगुरु हुन्। भौगोलिक हिसावले वारिपारि रिमा र माजी भएकाले रिमाप्रति उहाँको सधैँ सदासयता रह्यो। रिमामा लामो समय पढाउनुभयो। रिमा र बाँचकोटका बिचमा गुरुकुल सञ्चालन भएको थियो। त्यही शिक्षालय हाल गुरुकुल प्राविधिक माध्यमिक विद्यालयका नामले सञ्चालित छ। मैले गुरुसँग पढ्न त पाइनँ उहाँले नै पढाउनुभएका उहाँका साहिँला भाइ अर्थात् साहिँला गुरुज्यू (भूमिनन्द) सँग मैलै अक्षर चिनेर चण्डी रुद्री पढेको हुँ। बुबाबाट सुनेअनुसार उहाँले पढाउनुभएका मध्ये रिमाका जेउडु उपाध्याय बाजेको कुरा गर्नुहुन्थ्यो। अरूले पनि पढेका हुन्। २०२६ सालमा बुबा हामी ५ दाजुभाइ र दिदीबहिनीलाई लिएर रिमाबाट हालको मङ्गलसैन नपाको वडा न.-१, ढुङ्गानीमा बसाइँ सर्नुभयो। त्यसपछि रिमा र माजीसँग हाम्रो सम्पर्क कम भयो।

२०३० सालतिर म ११ वर्षको छँदा कुन्ती ढुङ्गानीमा धेरैलाई बौलाहा कुकुरले खायो (टोक्यो)। त्यसमध्येका त्यस ठाउँका चर्चित मान्छे मध्येका सेक्रेटरी उदय थापाका छोरा राम थापा र मेरा भतिजा (जेठा बुबाको नाति) पद्मराजलाई पनि कुकुरले खायो (टोक्यो)। मेरा जेठाबुबा हामीभन्दा पहिले नै त्यहाँ बसाइँ सरी घरजाम गरेर बस्नुभएको थियो। उहाँहरूका आग्रहमा (मेरा बुबाको नाता भएकाले) झाड्नका लागि बुबाले माजी गई सानाबुबा (पं. उदयराम उपाध्याय) लाई बोलाएर ल्याउनुभयो। उहाँले गाउँका धेरैलाई झाडफुक र ओख्तोमुलो गर्नुभयो। त्यसपछि सबैलाई निको भयो। गाई भैँसी त मरे तर मान्छे कोही पनि मरेनन्। त्यस घटनामा मैले सम्झेको कुरा झारफुक गरेर सबै निको भइसकेपछि एक दिन साँझ दाजुका (जेठाबुवाका छोरा) घरबाट राति अँध्यारामा हाम्रा घर आउनुभयो। हाम्रै घरमा बस्नुभयो। बिहानको खाना खाई आफ्ना घर जानुभएको हो। उहाँले लाम्बाउले बच्छे र सुरुवाल लाउनुभएको थियो। उहाँको लाउने टोपीलाई गोल्टोपी भन्थे त्यतिखेर उहाँले लगाउनुभएको थियो। उहाँसँग शिक्षा लिनुभएका उहाँका साहिँला भाइबाट मैले अक्षरारम्भ

गरी त्यसपछि सदरमुकाम मङ्गलसैन नजिक भएकाले औपचारिक शिक्षाबाट २०४७ सालमा २८ वर्षको उमेरमा एसएलसी उत्तीर्ण गरी २०५२ सालमा सरकारी जागिर पाउनुका अतिरिक्त कर्मकाण्ड र सामान्य ज्योतिषसमेत गर्ने अवसर प्राप्त गरेँ। यसै शिक्षाका माध्यमबाट मलगायत दाजुभाइहरूको थप शिक्षादीक्षा र वृत्तिविकास एवम् कुन्ती ढुङ्गानीमा घर जग्गाको आधार बनी हाल हामी मान्छेका रल बगाल पस्ने भई 'कइल मान्ठका रल बगाल पसओला' भन्ने आमाको चिन्ता पूरा भएको छ। हामी सबै एकमाना खाने भएका छौँ। उहाँको स्मृतिग्रन्थमा यति कुरा लेख्न पाउँदा आफैँलाई भाग्यमानी ठानेको छु। सबै सानीआमा र मामातर्फका दाजुभाइ तथा दिदी बहिनीसँगको मायाममता र आपसी सरसल्लाह र सहयोगलाई पुस्तौँ पुस्तासम्म अटूट राख्न यो स्मृतिग्रन्थले ठुलो भूमिका खेल्ने छ भन्ने पूर्ण विश्वास लिएको छु।

## अविस्मरणीय बाजे

गङ्गाराम बाँस्पाने
चौकुने-गुटु, सुर्खेत

बाजे पं. उदयराम उपाध्याय विद्वान्, शिक्षाप्रेमी र आध्यात्मिक व्यक्तित्व हुनुहुन्थ्यो। उहाँ पुरोहित, ज्योतिष, जडीबुटी र तन्त्रमन्त्रको काम गर्नुहुन्थ्यो। उहाँ स्वर्गद्वारी गुरुकुलमा पढ्दादेखि नै अध्यात्ममा रुचि राख्नुहुन्थ्यो। उहाँ एकपटक भुडेभावरबाट गुटुका डम्बर थापाकी श्रीमती बिरामी भएका बेला उपचार गर्न आउनुभएको थियो। त्यसै बखत म र मेरा भाइ बलबहादुर बाँस्पाने पनि थियौँ। उहाँको मदनलाल धमलाजीका घरमा पनि आवतजावत थियो। त्यतिबेला भाइ बलबहादुर र उहाँको प्रत्यक्ष चिनजान थिएन। त्यहाँ आध्यात्मिक कुरा चल्यो। बलबहादुरले आध्यात्मिक कुरा गरेको र पाँच नामका गुरुको चर्चा गरेपछि बाजेले धेरै चासो दिनुभयो। उहाँको काम सकिएपछि बलबहादुरका बारेमा सोधखोज गर्नुभयो। पछि मदनलाल धमला र भाइसँग भेटेर कुराकानी भयो। यसरी बाजे सन्तमतमा जोडिनुभएको हो।

यस क्षेत्रका सन्तमतमा लाग्ने पुरानो व्यक्ति बलबहादुर बाँस्पाने भए पनि उनलाई धेरै अप्ठ्यारो थियो। दलितलाई हेप्ने र होच्याउने गर्थे। त्यसमा पनि ज्ञानगुनको कुरा गरेको यहाँका बाउनहरूलाई चित्त बुझ्दैनथ्यो। पछि बाजेले नामदान लिनुभयो। अरू धेरै मानिसहरूले पनि चासो दिन थाले। धेरैले सत्संग सुने। उहाँको सुरुमा धेरै विरोध गर्ने मानिसहरू पनि सुस्तसुस्त सन्तमतमा आउन थाले। उहाँ पुरोहित भएर काम गर्नुभएको व्यक्ति सन्तमतमा जोडिएपछि धेरैको ध्यान आकर्षित भयो। दलितले ज्ञान बाँड्न पाइँदैन भन्थे। केही भनिहाले मुद्दामामिला गर्थे। बाजेले सन्तमत अपनाएपछि यसको विकास र विस्तार भयो। त्यस कारण पनि हामी बाजेलाई कहिल्यै बिर्सन सक्दैनौँ। उहाँ हाम्रा लागि सदा स्मरणीय हुनुहुन्छ।

# पं. उदयराम उपाध्यायज्यूका सम्बन्धमा

टेकबहादुर बिसी
चौकुने-४, बिजौरा, सुर्खेत

स्व. उदयराम उपाध्यायज्यूसँग मेरो भेट भुडेभावरमै भएको हो । उहाँले अछाममा रहँदाका बारेमा मलाई जानकारी छैन । म भुडेभावरमा पढाउन गएका बेला उहाँसँग भेट भइरहन्थ्यो । उहाँको घरबारी र विद्यालय सटेको थियो । उहाँ शारीरिक रूपमा गोरो वर्णको हुनुहुन्थ्यो । उहाँ न धेरै अग्लो न धेरै होचो बरु ठिकको कदका हुनुहुन्थ्यो । उहाँको अनुहार लाम्चो प्रकृतिको थियो । उहाँ शुद्ध शाकाहारी खाना खानुहुन्थ्यो । दही, दुध ज्यादा सेवन गर्नुहुन्थ्यो । उहाँको सहयोगी बानी थियो । अरूलाई पनि सहयोग गर्न सल्लाह दिएर सिकाउनुहुन्थ्यो । उहाँको स्वभाव शान्त थियो । हँसिलो पारामा बोल्नुहुन्थ्यो । कहिलेकाहीँ सानो कुरामा पनि ज्यादै गम्भीर बन्नुहुन्थ्यो । उहाँ हिन्दु धर्मका पालक हुनुहुन्थ्यो । उहाँकै कारण गाउँमा राधास्वामीको प्रचारप्रसार भएको हो । उहाँ कुनै प्रकारका कुलत, नशा आदिको सेवन गर्नुहुँदैन्थ्यो । जुवातास  केही खेल्नुहुँदैन्थ्यो र अरूलाई पनि नखेल्ने सल्लाह दिनुहुन्थ्यो । उहाँका यस्ता स्वभावलाई लिएर पनि खराब आचरण गर्ने मानिसहरूले उहाँको विरोध गर्थे ।

उहाँले अरूलाई पढ्नुपर्छ भनेर सिकाउने गर्नुहुन्थ्यो । उहाँको आफ्नो जीवन पनि पठनपाठनमै बितेको हुनाले उहाँ शिक्षाप्रति सकारात्मक धारणा राख्नुहुन्थ्यो । उहाँका चारओटा छोरा र चारओटी छोरीहरू छन् । उहाँ धेरै समय आफ्नै घरमा बिताउनुहुन्थ्यो । गाउँभन्दा बाहिर कमै जानुहुन्थ्यो । उहाँ एकपटक भारत गएको जानकारी छ । उहाँको हिँडाइ, लवाइ र खवाइ साधरण थियो । अलि टाढै जानुपर्‍यो भने लट्ठी टेकेर हिँड्नुहुन्थ्यो । हिँड्दा अलिकति निहुरिएर हिँड्नुहुन्थ्यो । उहाँको शान्त स्वभावले उहाँका अगाडि आउने जोसुकैलाई प्रभावित पार्थ्यो । अब उहाँ सम्झनामा मात्र हुनुहुन्छ ।

# सिद्धान्तनिष्ठ माहिला बुबा

टीकाराम जैसी (घोडासैनी)
घोडासैन, अछाम
हाल : लम्कीचुहा, कैलाली

मेरो जन्म माजी मुलेगडामै भएको हो तर मैले माहिला बुबालाई राम्रोसँग चिन्ने मौका धेरैपछि पाएँ। मेरो बाल्यकाल डुफामा बित्यो। पछि बुबाले सुर्खेतको रानागैरा हुँदै कैलालीको अजिङगरे ल्याएनुभएको हो। माजी त म डुफाबाट पनि गएको थिएँ। एकपटक भागेर पनि माजी गएको थिएँ बुबाले फिर्ता ल्याउनुभयो। माहिला बुबासँग पहिलो भेट कहिले भयो ठ्याक्कै भन्न सक्दिनँ। भुडेभावर आएपछि भने हाम्रो आवतजावत बढ्यो। यता आउँदा उहाँ हाम्रा घर बस्नुहुन्थ्यो। म पनि भुडेभावर गएर चारपाँच दिन बसेको छु। मेरो खास नजिक उहाँ सन्तमतमा गइसकेपछि भयो। उहाँ हाम्रा घर आउनुभयो। सन्तमतका दुई ओटा किताब ल्याउनुभएको थियो। सन्तमार्ग र सत्संग सङ्ग्रह। 'यी किताबबाट आफ्ना भित्रको रहस्यबारे जानकारी पाउन सकिन्छ' भन्नुहुन्थ्यो। म ती कुराहरू बुझ्दैनथेँ त्यतिखेर।

अजिङगरेमा प्रायः उहाँलाई कुनै न कुनै रूपमा चिन्ने मानिसहरू थिए। उनीहरूमध्ये धेरै जसोले उहाँलाई बिग्रिएको भन्थे। हामीलाई आफैँ सिकौँ भन्ने पनि केही थिएन। अरूहरूले यस्ता कुराहरू गरेका बेला हामी सुनेनसुन्यै गर्थ्यौं। गाउँका केही आफन्तहरू माहिला बुबालाई यिनका घर खाना कसरी दिन्छन् भनी चियोचर्चो गर्न पनि आएछन्। हाम्रा घरमा माहिला बुबालाई अलग खाना दिने कुरा हुँदैनथ्यो। उनीहरूले हाम्रा घरको एउटै भान्सामा खाना खाएको देखेपछि तपाईंहरूले त आफ्नै भान्सामा खाना दिनुभयो भनेर बुबालाई भनेको पनि मैले सुनेको हुँ। उहाँ राती ध्यानमा बस्नुहुन्थ्यो। हामीले जतिखेर उठेर हेरे पनि उहाँलाई ध्यानमै बसेको देख्यौँ। हामीले त्यतिबेला वास्ता गरेका थिएनौँ। दाजुले म त माहिला बुबा गएका ठाउँमा जान्छु भन्ने निर्णय गर्नुभयो। त्यतिबेला भर्खर लम्कीमा सत्संग सुरु भएको थियो। मेरा घर नजिक सत्संग छैन टाढा पऱ्यो भन्नुहुन्थ्यो।

माहिला बुबा सत्संगमा गएपछि अरू मानिसहरू पनि सन्तमतमा गए। बजगाईं भिनाजु जानुभयो। मेरा दाजु र आमा पनि जानुभयो। त्यसपछि मैले पनि चासो लिन थालेँ। यो असल मार्ग रहेछ भन्ने लाग्यो। त्यतिबेला 'सत्संग अर्थात् सत्यको संग' भन्ने शब्दकै बारेमा समाजको धारणा कसरी नराम्रो भयो भन्ने कुरा निकै पेचिलो देखिन्छ। हाम्रा आफ्नै दाजुभाइहरूले पनि कुरै नबुझेर सन्तमतको विरोध गर्थे। अब त धेरैले बुझेका छन्, शिक्षित र पढेलेखेका मानिसहरू पनि धेरै भए। यो सबै चेतनाको कमी हो जस्तो लाग्छ।

# प्रेरणाका स्रोत ससुरा बुबा पं. उदयराम उपाध्याय

गोकर्णप्रसाद उपाध्याय (न्यौपाने)
लम्कीचुहा नगरपालिका-१, कैलाली

सुदूरपश्चिम प्रदेशको अछाम जिल्लामा जन्मिनुभएका शिक्षाप्रेमी, बौद्धिक व्यक्तित्व पं. उदयराम उपाध्याय नातामा मेरा ससुरा हुनुहुन्छ । उहाँसँग २०४९ को फागुन महिनामा उहाँका जेठा छोराको विवाहको अवसरमा साविकको बिजौरा-९ भुडेभावरमा मेरो पहिलो भेट भएको हो । त्यसबेला म र मेरा दाजु दाताराम गएका थियौँ । जेठान कृष्णराजको वैवाहिक कार्यक्रम सम्पन्न भइसकेपछि भोलिपल्ट बिहान ससुरा, जेठान, मेरा दाजु र म बिच केही भला कुसारी भएको थियो । उहाँको मिलेको जिउडाल थियो । गहुँगोरो वर्णका उहाँ सुरिलो स्वरमा बोल्ने र कुराकानीका क्रममा चित्तबुझ्दा मज्जाले हाँस्ने गर्नुहुन्थ्यो । गहकिला शब्द प्रयोग गरी बोलेको सुन्दा म दङ्ग गरेको थिएँ। केही बेर कुराकानी भएपछि मेरा दाजुले हजुरकी छोरी मेरा भाइलाई दिनुपऱ्यो भन्ने प्रस्ताव राख्दा उहाँले म र दाजुसँग विभिन्न विषयमा सोधपुछ गर्नुभयो । हामी उत्तर दिँदै गयौँ । अन्तमा ससुरा र जेठानले सल्लाह गरी हुन्छ भन्ने सहमती भएपछि दाजु र म टीका थापी आफ्ना घर फर्कियौँ । तत्पश्चात् मेरो विवाह हुनुभन्दा अघि म उहाँका घरमा दुई तीनपटक भेटघाटका लागि गएको थिएँ । त्यतिबेला उहाँ राधास्वामी सन्तमतका गुरुबाट नाम (दिक्षित) पाइसक्नुभएको रहेछ । भेटघाटका क्रममा थोरै घरायसी खबरका साथै सन्तमतका बारेमा पनि कुरा गर्नुभएको थियो । २०५१ साल मङ्सिर ७ गते उहाँकी माहिली छोरी महेसरासँग मेरो विवाह भयो ।

विवाहपछि मेरो आवतजावत बढ्यो । त्यसक्रममा मैले उहाँ सन्तमतमा गएका कारण उहाँको आलोचना गर्ने कुरा काट्नेहरू पनि भएको पाएँ । मैले उहाँलाई भेट्दा भन्ने गर्नुहुन्थ्यो, 'कठिन परिस्थितिमा पनि विचलित नभई मनलाई नियन्त्रणमा राखी धैर्यका साथ अघि बढ्नुपर्छ । आफ्नो लक्ष्य प्राप्तिका लागि अरूको धाक, धम्की, अपमान, हेला र तिरस्कार जस्ता कुनै पनि कुराको वास्ता गर्नुहुँदैन ।' उहाँका यस्ता हृदयस्पर्शी वचन र प्रेमपूर्ण व्यवहार प्रस्तुत गरी टुक्रिएका मनहरूलाई एकआपसमा जोड्ने सेतुका रूपमा मैले उहाँलाई लिएको छु ।

वास्तवमा उहाँ यस क्षेत्रकै शिक्षाप्रेमी, ज्योतिष, ज्ञानी एवं सन्तमतका अनुयायी हुनुहुन्थ्यो । उहाँका आफन्त र समकालीन व्यक्तिहरूका अनुसार उहाँले स्वर्गद्वारी आश्रम प्युठानबाट विविध विषयमा शिक्षा आर्जन गरेर अछाम फर्किई यहाँका विभिन्न गाउँमा गुरुकुल शिक्षालय सञ्चालन

गर्नुभएको थियो । त्यहाँ वेद र ज्योतिष तथा अन्य व्यवहारोपयोगी शिक्षा प्रदान गरेर समाजमा अग्रस्थानमा स्थापित हुनुभएको छ । त्यस्तै जीवनको उत्तरार्धमा आत्माको मुक्तिका लागि सन्तमत उत्तम मार्ग हो भनी त्यसको अनुशरण गरेर जन्ममृत्युको चक्रलाई अन्त्य गर्न साधना गर्नुपर्ने शिक्षा हामी सबैका लागि आशीर्वादका रूपमा छोड्नुभएको छ ।

उहाँसँगको अन्तिम भेट २०५२ सालको दसैँमा भयो । त्यसपछि म घर फर्किएँ । साँझपखको सामान्य बिसन्चो भएको निहुँमा उहाँले देह त्याग गर्नुभयो । म दुई दिन बसेको भए उहाँको अन्तिम यात्राको साक्षी बन्ने थिएँ । त्यस अवसरलाई मैले पाउन नसकेकामा पछुतो लागेको छ ।

जन्मौँजन्मदेखि अल्मलिएको आत्मालाई परमात्मामा विलीन गर्न जीवनका अन्तिम क्षणसम्म परमात्माका नाम जप्दै साधनामा लीन हुनुभयो । जीवनको उद्देश्य नश्वर देहमा पुनरागमन नहोओस् भन्ने उहाँको चाहाना थियो । यो चाहाना पूरा होओस् । उहाँप्रति मेरो भावपूर्ण श्रद्धा सुमन छ ।

## बाजे पं. उदयराम उपाध्यायज्यूसँगको संगत

रामप्रसाद धमाला
सोभान्चौर (गोब्रा), सुर्खेत

मेरा बुबासँग बाजे पं. उदयराम उपाध्यायको चिनजान अछामदेखि नै थियो। बुबा र बाजे सुर्खेत आएपछि पनि उहाँहरूको आवतजावत थियो। त्यतिबेला म सानै भएकाले थाहा थिएन। बाजे हाम्रा घर आउने गर्नुहुन्थ्यो तर मैले राम्ररी चिनेको थिइनँ। मैले तत्कालीन बेतान गाविसको सोभान्चौर (गोब्रा) बाट कक्षा पाँच उत्तीर्ण गरेँ। त्यसपछि पढ्नका लागि नजिकको विद्यालय बिजौरा पर्थ्यो। त्यहाँ अरू पनि हाम्रा आफन्तहरू हुनुहुन्थ्यो तर बुबाले हाम्रो डेरा बिजौरा-९, भुडेभावरका बाजे उदयराम उपाध्यायका घरमा बनाइदिनुभएको रहेछ। दाजु र दिदी पहिलेदेखि नै त्यहाँ बसेर पढ्नुहुन्थ्यो। हामी तीन भाइबहिनी त्यहीँ बसेर पढ्थ्यौँ। त्यहाँबाट विद्यालय जान १५ मिनेट जति लाग्थ्यो। म करिब दुई वर्षजति उहाँका घरमा बसेँ। त्यसबिच मैले बाजेसँग बिताएका क्षणलाई सम्झेर लेख्ने प्रयास गर्दै छु।

उहाँका दुईओटा घर थिए। बाजे र हामी बस्ने गरेको घर सानो थियो। बाजेको परिवारका सबैजना अर्को ठुलो घरमा बस्नुहुन्थ्यो। बाजे सानो घरको माथिल्लो तला (अथारा) मा बस्नुहुन्थ्यो तल हामी बस्थ्यौँ। उहाँ खाना खान र अरू केही काम भए ठुला घर जानुहुन्थ्यो। धेरै समय त्यहीँ अथारामा बसेर ध्यान गर्नुहुथ्यो। हामी साँझबिहान मात्रै हुन्थ्यौँ। दिउँसो विद्यालय जान्थ्यौँ। बिदाका दिन र शुक्रवारका दिन प्रायः घर गइहाल्थ्यौँ। हाम्रो घरमा बसाइ थोरै हुने भएकाले त्यस घरमा शान्तिको वातावरण थियो। बाजे त्यही घरका अथारामा बसेर ध्यान गर्नुहुन्थ्यो। बिहानपख कसैले ज्योतिष वा हेराउनका लागि उहाँलाई खोजे भने हेर्ने काम पनि गर्नुहुन्थ्यो। त्यसरी हेर्न आएका बेला उहाँले हेर्ने धुलौटो घरको कुनामा राखेको हुन्थ्यो त्यसलाई ठिक्क पारिदिने कार्यमा मैले पनि सघाउँथेँ। त्यसबाहेक उहाँले धेरै बोल्नुहुन्नथ्यो।

उहाँको हँसिलो अनुहार, सेतै फुलेको कपाल, अलिकति कुप्री परेको जिउ म झलझली सम्झन्छु। उहाँको स्वर मसिनो र मिठो थियो। उहाँ रिसाए पनि हाँसि राख्ने स्वभावका हुनुहुन्थ्यो। उहाँलाई मैले बिहान, साँझ विद्यालयबाट आउँदा र राती अबेरसम्म बसेर पढ्दा पनि ध्यानमा बस्नुभएको देख्थेँ। उहाँ शान्त स्वाभावका हुनुहुन्थ्यो।

# बुबासँगको सामीप्यता र वियोग

महेसरा उपाध्याय न्यौपाने
लम्कीचुहा-१, कैलाली

कुनै पनि मानिस जन्मन्छ, बाँच्नका लागि अनेक सङ्घर्ष गर्छ र अन्त्यमा मृत्युवरण गर्छ। जन्म लिने मानिसहरूमध्ये कसैको जीवन सामान्य तरिकाले व्यतीत हुन्छ भने केही मानिसहरू जसले अनेक सङ्घर्षका बावजुद गाउँ, समाज, देश र विश्वकै लागि उल्लेखनीय कार्य गरेर मृत्युपछि पनि आफ्नो नाम इतिहासमा सुनौलो अक्षरले लेखाउन सफल हुन्छन्। त्यस्ता व्यक्तिमध्ये बुबा उदयराम उपाध्याय पनि एक हुनुहुन्थ्यो। उहाँले नेपालको सुदूरपश्चिम प्रदेशमा पर्ने अछाम जिल्लाको पूर्वीभेकमा वेद, वेदाङ्गको शिक्षाको प्रसार गर्नुभएको थियो। उहाँ पिता शिवराम उपाध्याय र माता राधिकादेवीका माहिला सन्तानका रूपमा वि.सं. १९७७ साल, असार ३० गते, द्वादशी तिथिको मङ्गलवारका दिन अछाम जिल्लाको घोडासैन, माजी, मुलेगडामा जन्मिनुभएको थियो। उहाँले स्वर्गद्वारी आश्रम प्युठानबाट शिक्षा आर्जन गर्नुभएको थियो। उहाँ वेद, वेदाङ्ग, ज्योतिष, कर्मकाण्ड, तन्त्रमन्त्रका जानकार भए पनि आत्माको मुक्तिका लागि मानव जन्म श्रेष्ठ भएकाले यस जन्मलाई सफल पार्ने मार्गको खोजी गर्नुपर्छ भन्ने चिन्तन जीवनको आरम्भदेखि नै थियो। उहाँले स्वर्गद्वारी महाप्रभु, त्यहाँ भेटिनुभएका अरू महात्माहरू तथा खप्तड बाबासँगको भेटपछि आफ्नो आध्यात्मिक चिन्तनलाई अझ दृढ बनाउँदै सत्यको मार्गमा हिँडाउने पथप्रदर्शक गुरुको खोजीमा हुनुहुन्थ्यो।

मैले प्रत्यक्ष देखेका बाहेक बुबाका बारेमा उहाँका शिष्यहरू, आफन्तहरूबाट सुनेका कुराअनुसार उहाँले वेद, वेदाङ्ग, ज्योतिष, कर्मकाण्डसम्बन्धी ज्ञान हासिल गरेपछि आफूमा रहेको ज्ञान अपुरो छ भन्दै ज्ञानको खोजीमा हुनुहुन्थ्यो। पूर्ण ज्ञानका बारेमा जान्ने विद्वान् छन् भनी सुनेमा त्यस ठाउँमा जाने र सोधखोज गर्ने गरेर पुगिहाल्नुहुन्थ्यो। स्वर्गद्वारीमा पढ्दादेखि नै उहाँमा वैराग्य भावना प्रवल थियो। उहाँ अरूका अगाडि हाँसे पनि एकान्त मन पराउने अन्तर्मुखी हुनुहुन्थ्यो। स्वर्गद्वारीमा पढेर फर्किएपछि विभिन्न ठाउँमा शिक्षाप्रेमी मानिसहरूले जहाँ जहाँ बोलाउनुभयो त्यहाँ त्यहाँ गएर गुरुकुल सञ्चालन गरी शिक्षा प्रदान गर्नुभयो।

उहाँले घरायसी कामधन्दालाई त्यति धेरै महत्त्व नदिई सामाजिक रूपमा शिक्षाको प्रचारप्रसार, नैतिक आचरण सुधार तथा सभ्य समाज निर्माण कार्यमा समय खर्चिनुभयो। उहाँले घरमा समय कम दिए पनि महत्त्वपूर्ण सुझाव र छरछिमेकीको सरसहयोगबाट परिवारका बिच मेलमिलापको वातावरण देखिन्थ्यो। उहाँको मिजासिलो बोलीवचन र शान्त स्वभावले गर्दा आफन्त, इष्टमित्र र यजमानहरूले पनि आदर र सम्मान गर्दथे।

उहाँले पढाउनुभएका ठाउँ र तिनका बारेमा त मैले सुनेकी मात्रै हुँ प्रत्यक्ष देखेकी होइन तर बुबा सुर्खेत बसाइँ सरेर आई सन्तमतमा लागेपछिका घटनाहरू धेरैजसो मैले देखेभोगेका र कतिपय अनुभव गरेका पनि छन् । मेरा बुबाआमाका सन्तानमध्ये म जेठी दिदी र चार दाजुपछि छैठौँ क्रम र बहिनीहरूमा माहिली हुँ । वि.सं. २०४० सालमा सुदूरपश्चिममा परेको भीषण वर्षाका कारण हाम्रो भातखाने खेत बगाएका कारण बसाइँ सरेर सुर्खेत आएको मलाई अलिअलि सम्झना छ । म दुई दिन लगाएर आमाबुबासँगै सजिलो ठाउँमा हिँडेर अछामबाट सुर्खेत आइपुगेकी थिएँ । नयाँ ठाउँ नयाँ परिवेशका बिच त्यहाँ हाम्रो राम्रोसँग व्यवस्थापन हुन सकेको थिएन । भर्खर घर निर्माण हुँदै थियो । बसाइँ सरेर आएको दुई वर्ष बितेको थिएन भाउजू बित्नुभयो । त्यसको अर्को वर्ष आमा पनि बित्नुभयो । सानै उमेरमा आमासँग बिछोड हुनुपर्दाको पीडाले हामीलाई निकै मर्माहत बनायो । दुईजना दाजुहरू घरबाहिरको काममा खटिनुहुन्थ्यो । अरू दुईजना दाजुहरू पनि सानै भएकाले घरको सम्पूर्ण जिम्मेवारी बुबाका काँधमा आइपऱ्यो । हामी तीन बहिनी जम्मा ६, ४ र २ वर्षका थियौँ । हामीले बुबालाई काममा सघाउनुको साटो अप्ठ्यारो मात्र पार्न थाल्थ्यौँ कि जस्तो अहिले सम्झिँदा लाग्छ । दाजुहरूले घरको काम गर्नुहुन्थ्यो । केही समयपछि साहिँला र कान्छा दाजु पढ्न भारतको दिल्ली जानुभयो । जेठा र माहिला दाजु पनि कहिले काहीँ कामका लागि घरबाहिर जानुहुन्थ्यो । धेरैजसो बुबासँग हामी तीन बहिनीहरू र कोही न कोही एकजना दाजु घरमा हुन्थ्यौँ । जस्तोसुकै अप्ठ्यारो पर्दा पनि नआत्तिने बुबाको स्वभावले गर्दा हामीलाई पनि धेरै हौसला प्राप्त हुन्थ्यो । यस्तो कठिन परिस्थितिले गर्दा विद्यालयमा गएर पढ्न त पाइनँ तर व्यवहारमा परिपक्व हुने अवसर मिलेछ जसले गर्दा बुबालाई हरेक घरायसी काममा सघाउन र बहिनीहरूको निगरानी गर्ने काममा म हरपल सचेत भइरहन्थेँ ।

सन्तमतमा लागिसकेपछि बुबा यजमानहरूकहाँ गएर पूजापाठ एवं ज्योतिषको कार्य गर्नुहुँदैनथ्यो । कसैले मैले हजुरबाटै सधैँ कर्म गराएको अब पनि म हजुरबाटै कर्म गराउँछु भनेमा तिनका घर गइदिनुहुन्थ्यो । त्यस्ता बेला केही ठाउँमा मलाई पनि सँगै लगेर जानुभएको मलाई सम्झना छ । त्यहाँ यजमानहरूले आफूलाई दिने दान दक्षिणा आफैँ स्वीकार नगरी मलाई लिन भन्नुहुन्थ्यो । मैले त्यस्ता कुरा केही नबुझेकी हुनाले दिएको दक्षिणा स्वीकार गर्ने गर्थेँ । घरमा ज्योतिष हेराउन आउँदासमेत देखेको भाग्य एवं लागेको दोष बताइदिनुहुन्थ्यो तर भेटी लिनुहुँदैनथ्यो । पूजापाठ एवं धार्मिक जमघटका बेला भेटिएका जानकारहरूसँग धर्मशास्त्रका बारेमा छलफल गरी सुझाव दिनुहुन्थ्यो । घरमा बसेका बेला आफ्ना वस्तुभाउले अरूको बिराउँदा रिसाउने र झगडा गर्नेहरूसँग पनि चुप लागेर अपशब्द कहिल्यै फर्काउनुहुन्नथ्यो । अरूले दिएको गाली नफर्काई अस्वीकार गरिदिए सो गालीले केही बिगार्दैन, गाली गर्नेलाई नै दोष हुन्छ भनी सम्झाउनुहुन्थ्यो । फलफूल र दुध असाध्यै मन पराउने हुनाले बारीका अम्बा, केरा र मेवा बाह्रै महिना उपलब्ध हुन्थे भने दुध र दहीका लागि सधैँ गाई र भैँसी पनि पालिरहन्थ्यौँ । बुबा जन्मजात शाकाहारी भएकाले घरबाहिर जाँदा खाने कुरा राम्ररी

निरीक्षण गरेर मात्र खाने गर्नुहुन्थ्यो । म र बहिनी घाँस दाउराका लागि जङ्गलतिर गई ढिलो फर्केमा हामी आउने बाटातिर एकोहोरो हेरिराख्नुहुन्थ्यो । यसबाट उहाँको आफ्ना सन्तानप्रतिको असिम मायाको प्रतीक बुबाको अनुहारमा सजिलै देख्न पाइन्थ्यो ।

यजमानका घरमा पूजा गर्ने कार्यका सिलसिलामा सुरुमा गुटुका मदनलाल धमलासँग भेट भयो । कुराकानी र सन्तमतको किताब पाउनुभयो । पछि बलिराम बाँस्पानेसँग पनि यस विषयमा कुराकानी र छलफल भयो । उहाँहरूबाट प्राप्त किताब र छफफलबाट पूर्ण गुरुका बारेमा जानकारी प्राप्त भयो । त्यतिबेला म पनि बुबासँग सँगै गुटु गएकी थिएँ । सन्तमतका बारेमा कुरा गर्दा बुबाले हाँसेर खुसीले बोलेको देख्दा म पनि मख्ख परेर सकेसम्म कुरा बुझ्ने प्रयास गर्थें तर त्यतिबेला केही बुझ्दैनथेँ ।

सन्तमतका बारेमा जानकारी भएपछि उहाँले तुरुन्त त्यसमा विश्वास गरेर कार्यान्वयन गर्नेतिर लाग्नुभएको थियो । गुरुसँग भेटेर यो संसार छोड्न पाए भन्ने उहाँको ठुलो उद्देश्य थियो । जेठादाजुले बुबालाई उहाँहरूले दिनुभएको ठेगाना भारतको पन्जाब स्थित राधास्वामी सत्संग ब्यासमा पुऱ्याउनुभयो । भाग्यवश त्यहाँ पुगेको केही दिनमै त्यहाँका सन्त सद्गुरु हजुर महाराज चरन सिंहजीको सत्संग सुन्ने अवसर प्राप्त गर्नुभयो । त्यसपछि उहाँबाट नामको दीक्षा प्राप्त गर्नुभयो । बुबाले सद्गुरुबाट नाम प्राप्त गरेपछि जीवनको सबैभन्दा ठुलो उपलब्धि हासिल गरेको कुरा पछि हामीलाई घर आएर भन्नुभयो । घर आएर गुरुको आदेशबमोजिम निरन्तर अभ्यास र साधना गर्नमा लाग्नुभयो । उहाँले पहिलेदेखि गर्दै आउनुभएका नित्यकर्ममा परिवर्तन भए । उहाँले नामदान प्राप्त गरेपछि उहाँलाई आदर्श मान्ने केही मानिसहरूले पनि नामदान प्राप्त गर्न गुरुकहाँ पुग्नुभयो । केहीले विरोध पनि गर्नुभयो । समाज र गाउँघरका धेरैजसो इष्टमित्र, आफन्त, चिनेजानेका मानिसहरूले "सद्गुरु भयो, यस्तो ठुलो विद्वान् बिग्रियो" भनेर अपमान गरे । आजभोलि यो सम्झेर मलाई हाँसो पनि उठ्छ । 'सद्गुरु' भनेको त राम्रो सत्यको गुरु पो हो त । यसो गरेर पनि कोही बिग्रिन्छ र ! गुरु सबै विद्यालयमा छन् तर ती 'सत्यका बारेमा जानकारी दिने गुरु होइनन्' । बुबा त सद्गुरुकहाँ जानुभएको थियो तर मानिसहरूले 'सद्गुरु नै भइहाल्नुभयो' भने । कस्ता अबुझ मान्छे रहेछन् जस्तो पो लाग्छ । विवाह, व्रतबन्ध, पूजापाठ जस्ता सांस्कृतिक सामाजिक कार्यक्रममा समेत सद्गुरु भएकाले छोएमा अशुद्ध हुन्छ भनी हामीलाई टाढै बस्न लगाउँथे । धारो, पँधेरोसमेत हामीले पानी भरिसकेपछि त्यसलाई सुनपानीले पखालेर शुद्ध बनाई आफूले प्रयोग गर्थे । आफ्ना पानीका भाँडा हामीलाई छुन लगाउँदैनथे । इष्टमित्रका घरमा गएर खाना खाइसकेपछि हामीले छोएका भाँडा चोख्याएर राख्ने गर्दथे ।

राधास्वामी सत्संगमा गएकै कारण यसमा भएका महत्त्वपूर्ण ज्ञानका बारेमा नबुझी हुन लागेको जेठादाजुको दोस्रो बिहेसमेत बिथोलिएको थियो । यस्ता अपमानपूर्ण व्यवहारका कारण बुबाको सन्तमतप्रतिको प्रबल आस्था भने कत्ति पनि विचलित नभई एकाग्रतापूर्ण रूपले झन

तिखारिन र उहाँ एकोहोरिन थाल्नुभयो । जतिसुकै गाली, अपमान र तिरस्कारले पनि बुबालाई केही असर परेन । पहिल्यैबाट एकान्त र शान्त वातावरण चाहने बुबाको बानीमा झनै विकास भयो । घन्टौँसम्म बन्द कोठामा ध्यानमा बसिरहनुहुन्थ्यो । अत्यावश्यक कुरा र कामबाहेक अन्य समय त्यसै खेर फाल्नुहुँदैनथ्यो । सन्तमतसम्बन्धी पुस्तक पढ्न र सुमिरन ध्यानमै समय बिताउनुहुन्थ्यो । बुबाको एकाग्रताबाट विस्तारै गाउँ समाजमा पनि प्रभाव गर्दै गयो । सन्तमतका बारेमा प्रचारप्रसार बढ्दै गयो । बुबाको सन्तमतप्रतिको मोह र दृढ विश्वासले सुर्खेतका अतिरिक्त कैलालीमा भएका आफन्तहरूमा पनि चर्चाको विषय बन्यो । त्यहाँका केही बुझ्ने मान्छेहरू ब्यास पुगेर सत्संग सुनेपछि उहाँहरूले पनि नामदान लिनुभयो । अरू अरू मान्छेहरूले पनि यसका बारेमा चासो व्यक्त गर्दै गए । उहाँको प्रभावबाटै साहिँला बुबा, जेठीआमा, जेठाबुबा र दाजुभाउजू, दिदीभिनाजु धेरै सन्तमतमा आउनुभयो ।

राधास्वामी सत्संगमा लागेपछि बुबाले सनातन धर्मसंस्कृतिका चालचलन र कर्मकाण्डसम्बन्धी कार्यलाई पूर्णरूपमा महत्त्व दिन छोड्नुभयो । सित्तैमा कसैको केही नखाने, नलिने, सम्पूर्ण मानवलाई समान मानी आफ्ना पाउमा कसैलाई पनि शिर राखेर ढोग्न नदिने गर्नुहुन्थ्यो । उहाँमा प्रतिशोधको भावना थिएन त्यसैले अरूले उहाँप्रति गरेको अन्याय तथा गल्तीलाई पनि सहजै माफ गर्नुहुन्थ्यो ।

बुबाका जीवनको पूर्वार्द्ध शिक्षा आर्जन, गुरुकुलमा शिक्षा प्रदान र समाजसेवा गरेर बित्यो । यसबेला सुखसयल त गर्नुभएन तर मानसम्मान भने धेरै पाउनुभयो । यो मानसम्मानले जीवनमा पूर्ण सन्तुष्टि र आनन्द दिन सकेन । जीवनको उत्तरार्धमा पारिवारिक समस्या, सन्तानलाई स्याहार्ने जिम्मेवारीका साथै सन्तमतमा लागेपछि समाज, छरछिमेकी, इष्टमित्र र आफन्तबाट प्राप्त निन्दा, तिरस्कार, अपमान पाए पनि तिनलाई उहाँले राम्ररी नबुझेका सामान्य मानिसहरूले गरेका त्रुटि हुन् । जानेर गरेका होइनन् भनेर क्षमा गरिदिनुभएको थियो । यसैले उहाँको यो उत्तरार्धको जीवन बढी सन्तोषपूर्ण बितेको मलाई अनुभव हुन्छ ।

वि.सं. २०५१ सालको मङ्सिरमा मेरो बिहे भयो । वि.सं.२०५२ सालको भदौमा म पछिल्लोपटक माइत भुडेभावर गएँ । असोज महिनामा दसैँ थियो । त्यतिबेलासम्म त्यहीँ बसेँ । दसैँको पर्सिपल्ट माहिला दाजु अछाम जानुभयो । भाउजू सुत्केरी भएकी हुनाले म घर गइनँ त्यहीँ बसेँ । दिउँसोतिर बुबा घरदेखि बाहिर बारीमा लोट्नुभएछ । मैले देखेर तुरुन्त साहिँला दाजुलाई बोलाएँ । दुई भाइबहिनी लागेर उठाई घर लग्यौँ । बुबालाई उल्टी पनि भयो । हामी धेरै आत्तियौँ । बुबाले मलाई केही भएको छैन भनेर हामीहरूलाई आश्वस्त पार्नुभयो । गाउँछिमेकका मानिसहरू पनि जम्मा भए । गाउँका आफन्तहरू पनि आइपुगे । बुबासँग आफन्त र छिमेकीहरूले अर्ती उपदेश माग्दा "म के अर्ती दिऊँ तपाईंहरूलाई, तपाईंहरू त सबैजना परिवारसँग, आफन्तका माझमा हुनुहुन्छ । केही

गरेर खाइहाल्नुहोला बरु अर्ती उपदेश त मलाई आवश्यक छ, त्यस लक्ष्यमा पुग्नुहोस् भन्नुहोस् न मलाई" भनेर जवाफ दिनुभएको मैले सुनेकी थिएँ। मैले त्यतिबेला त केही बुझिनँ तिनीहरूले झन के बुझे होलान्। उहाँले आफ्नो परिवार नै परमात्मालाई मान्नुभएको थियो। उहाँसँग भेट होला कि नाइँ भन्ने उहाँको चिन्ता थियो। साँझ बुबालाई मैले रोटी बनाएर खान दिएँ। एक रोटी दुधसँग खानुभयो। आज पेटभरि खाएजस्तो भयो भन्नुभयो। त्यस रात हामी अबेरसम्म बस्यौँ। गाउँघरका मानिसहरूलाई आआफ्नो घर पठाइदिन भन्नुभयो। धनीराम काका, हिरामनी दाजु पनि आउनुभएको थियो। उहाँलाई पनि घर जान भन्नुभयो। हामीलाई राधास्वामी भन भन्नुभयो। त्यसपछि आफूले पनि दोहोऱ्याएर तिमीहरू पनि सुत भन्नुभयो। हामी पनि सुत्यौँ। बिहान पनि बुबालाई अघिल्लै दिनको जस्तो अवस्था थियो। बिहान मैले दुध ल्याएँ। ७ बजेतिर मैले रोटी बनाएँ। रोटीको सानो एक टुक्रा खानुभयो। सत्संगको किताब अगाडि राख्नुभयो। हजुर महाराजजीको फोटो हेरेर राधास्वामी भन्नुभयो। बहिनीहरू कतै बाहिरतिर थिए। मलाई दाजुले धनिराम काकालाई बोलाएर ल्याउन पठाउनुभयो। म उहाँलाई बोलाउन गएँ। बोलाएर ल्याउँदा त बुबालाई सुताएर राख्नुभएको अनि उहाँको मुख लुगाले छोप्नुभएको थियो। मैले दाजुलाई सोधेँ बुबालाई के भयो भनेर। उहाँले केही भन्नुभएन। मैले लुगा उठाएर हेरे बुबाले त हामीलाई सधैँभरिका लागि छोडेर गइसक्नुभएको रहेछ। धेरैपछि मैले दाजुलाई सोधेँ। मलाई त्यतिबेलै किन पठाउनुभएको भनेर। उहाँले आफूले जानेबेला प्रत्यक्षरूपमा देखेपछि केही समस्या हुन्छ कि भनेर पठाउनुभएको होला भन्नुभयो। वि.सं. २०५२ साल असोज २० गते शुक्रवार, शुक्लपक्षको त्रयोदशी तिथिका दिन बिहान ८ बजे उहाँले यस संसारलाई छोडेर परमात्मामा लीन हुनभयो। यसरी हामीले हाम्रा अभिभावकलाई भौतिकरूपमा सदाका लागि गुमायौँ।

# मेरा सम्झनामा बुबा

जौमती उपाध्याय
पञ्चपुरी, कुइने, सुर्खेत

आमा सानैमा बित्नुभयो। त्यसकारण मलाई आमाको राम्ररी सम्झना छैन। घरका अगाडि सालको रुख थियो त्यहींनिर सेतो लुगा ओढाएर आमालाई राखेको सम्झना छ। त्यो पनि सपना हो वा विपना हो राम्ररी भन्न सक्दिनँ। त्यतिखेर दाजुहरू दुई भाइ रोएको मात्रै सम्झना छ। पढ्ने कुरातिर त त्यस्तो ध्यान भएन। आफूलाई त्यो उमेरमा आफैँ त्यस्तो चेतना आउने कुरा भएन। एकजना शाह सर हुनुहुन्थ्यो जनकपुरतिर घर भएको। उहाँ बुबालाई भेट्न बेलाबेला आउने गर्नुहुन्थ्यो। एक दिन उहाँ आउँदा बुबा घर हुनुहुन्नथ्यो। बुबालाई पर्खेर बसेका बेला मलाई अक्षर लेखेर दिनुभयो। तिनै अक्षर पढेर अक्षर लेख्न सिकेकी हुँ। म अक्षर सिकेर विद्यालय गएँ। यसरी मेरो अक्षरारम्भ भएको थियो।

बुबासँग एकपटक अजिङ्गरे जेठाबुबाका घर गएकी थिएँ। बुबासँग झाला पनि गएकी थिएँ। कुनै जजमानका घर जानुपर्दा पनि मलाई अथवा दिदीलाई लिएर जानुहुन्थ्यो। गएर श्राद्ध आदि कर्म गरेर आउनुहुन्थ्यो पैसा रुपियाँ मलाई लिन भन्नुहुन्थ्यो। त्यो पैसाले म किताब, कपी, कलम, डोरी, चुरा किन्थेँ। आमाको माया सम्झना नै नभएकाले त्यो कस्तो हुन्छ त्यसको अभाव कस्तो हुन्छ भन्ने कुराको मलाई बोध भएन। दिदी र म जहाँ जाँदा, खेल्दा घर सधैँ सँगै हुन्थ्यौँ। दिदीको बिहे भएपछि मात्रै मलाई के के कुराको अभाव भएको महसुस भयो। त्यो दिदी हुँदा उहाँबाट पाएको आमाको माया रहेछ भन्ने कुराको बोध भयो। अरू कठै भन्थे तर आफूलाई दिदीको अभाव मात्रै महसुस हुन्थ्यो। दिदीलाई लिन आउँदा पनि मलाई रिस उठ्थ्यो। दिदीको बिहे भए पनि घर आउने जाने गर्नुहुन्थ्यो। बुबाले छोरी पुऱ्याउने भनेपछि मलाई जेठा भिनाजु (भिनाजुका दाजु) सँग रिस उठ्यो। बुबा दिदीलाई पुऱ्याउन जानुभयो। बुबा घरधन्दाभन्दा आफ्नै ध्यान गर्नेमा ज्यादा समय दिनुहुन्थ्यो। घरव्यवहार सबै दाजुलाई सुम्पिनुभएको थियो। उहाँ पल्लो घरमा बस्नुहुन्थ्यो। कसले खायो, के लायो, कता गयो भन्ने कुरासँग उहाँलाई त्यति वास्ता हुँदैनथ्यो। २०४८ सालमा मर्साङ्गी मगरबाट थप जग्गा किनेपछि त्यसमा बनेको सानो घर पनि हाम्रो भएको थियो। बुबा त्यसै घरमा बस्न

थाल्नुभयो। खाना खान र आफूले गर्न सक्ने सानोतिनो काम गर्न मात्रै ओल्ला घर आउनुहुन्थ्यो। नभए उहाँको धेरै समय ध्यान गर्नमै बित्थ्यो। गाउँका मानिसहरू सद्‌गुरु भएका छन् भन्थे। पहिले पहिले पानी पनि बार्थे। पछि त्यस्तो गर्न पनि छोडे। त्यस्ता कुरा बुबासँग कसैले पनि भन्दैनथे केवल हामी केटाकेटीहरूलाई सुनाउँथे।

बुबाले अरू मानिसहरूसँग त्यति धेरै कुराकानी गर्नुहुँदैनथ्यो। आफ्नो चित्तखाने मान्छे आएपछि उनीहरूसँग दिल खोलेर कुराकानी गर्नुहुन्थ्यो अनि बेस्सरी हाँस्नुहुन्थ्यो। बुबा भजनमा बस्नुभएको थियो। भजनबाट उठेपछि माहिला दाजुकी छोरी जन्मी। समयमा जन्मिन अलिकति ढिला भई एकछिन अगाडि राम्रो योग थियो भन्नुहुन्थ्यो। त्यसपछि त्यो भदैनी पनि केही दिनमै बितिहाली। भदैनी जन्मिएका केही दिनमा बुबाले पनि संसार छोडेर जानुभयो।

# बुबाको माया

दुर्गा उपाध्याय बिसी
चौकुने-४, भुडेभावर, सुर्खेत

म सानी छँदा ठुलाबुबा र ठुलीआमाका घरमा थिएँ। बेलाबेला बुबा त्यहाँ जानुहुन्थ्यो। 'तिम्रा बुबा हुनुहुन्छ' भनेर चिनाउनुहुन्थ्यो तर म हेलमेल नभएकाले त होला धेरै टाढिन्थेँ। पछि मलाई घरै (भुडेभावर) ल्याउनुभयो। अजिङगरेमा बोलिने भाषासँग म परिचित थिएँ। यहाँको त भाषा पनि अर्कै लाग्यो। घरकाले बोलेको र टोलछिमेकाले बोलेको पनि अर्कै लाग्थ्यो। म घर गएपछि वरपरका मानिसहरू मलाई हेर्न आए। के हेरेका होलान्। एक्लै जान सक्नेभए फर्किहाल्थेँ भन्ने पनि लागेको थियो। साँझपख बुबाले मलाई सम्झाउनुभयो। त्यसपछि यो मेरै घर रहेछ भन्ने लाग्यो। त्यसपछि म घरको वातावरणसँग भिज्दै गएँ। त्यतिबेलासम्म मैले अक्षर चिनेकी थिइनँ। बुबाले मलाई कखरा लेख्न, एबिसिडी लेख्न सिकाउनुभयो। गनाको मन्त्र, बोक्सीको मन्त्र पनि सिकाउनुभएको थियो। मेरा बुबा नै मेरो अक्षरारम्भ गराउने पहिला गुरु पनि हुनुहुन्छ। घरमा केही दिन बुबासँगै पढेर म विद्यालय गएँ। कक्षा एकमा दश दिनजति पढेँ। त्यसपछि मेरो उमेर र सिकाइमा उत्प्रेरणा तथा सिकाइ क्षमता देखेपछि कक्षा दुईमा राखिदिनुभयो।

हाम्रा दुईओटा घर थिए। एउटा ठुलो घर थियो जसमा हामी सबै बस्थ्यौँ। अर्को सानो घर थियो। बुबा त्यही सानो घरमा बस्नुहुन्थ्यो। बुबासँग भेट्न मान्छेहरू आउँथे तर धेरै बेरसम्म बुबाले ढोका खोल्नुहुँदैनथ्यो। उहाँले हामीलाई कोही आए पनि नबोलाउनू भन्नुहुन्थ्यो। भेट्न आएका मानिसहरूले ढोका खुला भए मात्रै भेट्न पाउँथे। बुबा धेरै बेर एक्लै बस्नुहुन्थ्यो। बुबाले त्यस घरको आगन आफैँ बढारेर सफा गर्नुहुन्थ्यो। बुबा बारीमा घाँस खाट्न पनि जानुहुन्थ्यो। सुरुमा आफू जता जाँदा पनि मलाई सँगै लिएर जानुहुन्थ्यो। घाँस काट्दाखेरि मलाई जम्मा गर्न लगाउनुहुन्थ्यो। साना चिटिक्क परेका मुठा बाँध्नुहुन्थ्यो। बुबाले फुला उठ्ने गरी बिहानै धेरै मकै भुट्नुहुन्थ्यो।

एक दिन डङ्खोलाको खेतमा धान काट्न घरका सबैजना त्यतै जानुभयो। घरमा बुबा र म एक्लै थियौँ। त्यतिबेला गाईबाच्छा गरी बिस पच्चिसओटा थिए। साँझ गाई आएपछि साना गाईबाच्छा बाँध्नु नभए घरनजिक आएकालाई हान्नु भनेर घाँस, घिरौँला, बोडी आदि तरकारी खान नदिनु भनेर जानुभएको थियो। साँझ पऱ्यो। गाई बाच्छा आएर सबै खान लागे। मैले न बाँध्न सकेँ न धपाउन सकेँ। बुबालाई बोलाएको उहाँ ध्यानमा बस्नुभएकाले घर बाहिर आउनुभएन। धेरै बेरसम्म पनि आउनुभएन। म रोएँ। पछि बुबा उठेर किन रोएको, खान दे, यी भोका छन्, भोका भएर खाएका

हुन्, अघाएका भए किन खान्थे भन्नुभयो। सबै खाइसकेपछि साँझ बाँध्न सहयोग गर्नुभयो। बुबालाई ध्यानको लत कस्तो अचम्मको रहेछ आज सम्झँदा अचम्म लाग्छ।

म पनि ठुली हुँदै गएँ। म घर आएपछि ठुलाबुबाको घर कहिले गएको थिएँ भन्ने नै सम्झन सकिनँ। दिदीको बिहे भयो। एक दिन बुबालाई केही बिसन्चो भयो। त्यतिबेला दिदी माइत आउनुभएको थियो।भाउजूले रोटी बनाएर बुबालाई खान दिनुभयो। बुबाले मलाई बोलाएर रोटी खान भन्नुभयो। मैले नाइँ भन्दा पनि कर गर्नुभयो, मैले रोटी खाएँ। आफूले थोरै खानुभयो। साँझ अलि धेरै बिसन्चो भएपछि गाउँका आफन्तलाई बोलायौँ। उहाँहरू अबेरसम्म बसेर जानुभयो। त्यसपछि बुबाले मलाई कसैसँग भेटघाट नगराउनू भन्नुभयो। बुबाले सत्संगका किताब पढ्न र हजुर महाराजजीको फोटो अगाडि राखेर राधास्वामी भन्नु थाल्नुभयो। बिहानपख हामीलाई गाउँका आफन्तहरूलाई बोलाउन पठाउनुभयो। हामी तीन बहिनी बोलाउन गयौँ। माहिली भाउजू सुत्केरी हुनुहुन्थ्यो। अरू घरका कोही हुनुहुँदैनथ्यो। केवल साहिँला दाजु मात्रै हुनुहुन्थ्यो। हामी बोलाएर फिर्ता नआउँदै उहाँले संसार छोडेर गइसक्नुभएको रहेछ।

बुबाको संस्कार सम्पन्न भएपछि मलाई सबैले तिमी सानी छौ, खाना खाऊ, नुन नबार भन्थे। मैले म सानी भए पनि अरूले जे खान्छन्, जसरी बस्छन् म पनि त्यस्तै गर्छु भनेर जिद्दी गरेँ। सबैले जे खाए मैले पनि त्यही खाएर तेह्र दिनसम्म बिताएँ। यसरी मैले जीवनका केही क्षण बुबासँग बिताएँ। ती पलमा पाएको मायाले मलाई सधैँ अनौठो अनुभूति गराइरहन्छ।

# गुरु उदयराम उपाध्यायको सम्झनामा

रामप्रसाद धमाला
धमाली, अछाम
हाल : राजापुर, बर्दिया

गुरु उदयराम उपाध्यायको जन्म वि.सं. १९७७ साल असार महिनाको ३० गते द्वादशी तिथिको मङ्गलवारका दिन अछाम जिल्लाको घोडासैनको माजीमा भएको थियो। उहाँले प्रारम्भिक शिक्षा आफ्नै बुबा शिवराम उपाध्यायबाट पाउनुभएको थियो। उहाँ घरबाट भागेर स्वर्गद्वारी आश्रम प्युठानमा गई करिब ६ वर्षसम्म निरन्तर त्यहीँ बसी वेद, वेदाङ्गको अध्ययन गर्नुभएको थियो। उहाँले वेद, ज्योतिष, तन्त्रमन्त्र र पुराणमा दक्षता हासिल गर्नुभएको थियो। उहाँले त्यसरी आर्जन गरेको शिक्षा आफ्नो जन्मभूमिमा आएर त्यहाँका आफ्ना दाजुभाइ, इष्टमित्र आदि सबै इच्छुकलाई प्रदान गर्नुभयो। उहाँका धेरै शिष्यहरू थिए तीमध्ये उहाँका आफ्ना भाइ भूमिनन्द उपाध्याय र कुइकाका भक्तराज उपाध्याय तिमल्सिना सम्पूर्ण वेद पढेका विद्वान्हरूमा गनिनुहुन्थ्यो। उहाँ कसैको डर नमान्ने साहसी व्यक्ति हुनुहुन्थ्यो। विद्यार्थीहरूलाई दिइएको गृहकार्य पूरा नगरेमा पिट्न पनि पछि पर्नुहुँदैनथ्यो। उहाँ तुरुन्तै रिसाउने र तुरुन्तै माया गर्ने स्वभावका हुनुहुन्थ्यो।

उहाँ तन्त्रमन्त्र र झारफुकद्वारा पनि उपचार गर्नुहुन्थ्यो। उहाँले हाम्री हजुरआमाको ढाड भाँचिएर (नचल्ने भएर) थला पर्नुभएको थियो। उहाँले झारेर तीन दिनमा ठिक पार्नुभएको थियो। मेरो जन्म कुण्डली पनि उहाँले लेख्नुभएको हो। उहाँले मेरो चिनामा लेख्नुभएअनुसार मेरा जीवनका घटनाहरू मेल खान गएका छन् त्यसैले पनि उहाँ मेरा लागि अविस्मरणीय व्यक्तित्व हुनुहुन्छ। उहाँका कुलवंशका सन्ततीहरू नै हाम्रा कुल पुरोहित हुनुहुन्छ। हाम्रा बुढा हजुरबुबाले हामीलाई उहाँका सन्ततीलाई कुलपुरोहितका रूपमा सदैव स्विकार्न अर्ती दिनुभएको छ।

गुरु उदयराम उपाध्यायको देहावसान वि.सं. २०५२ साल असोज २० गते शुक्रवार, शुक्लपक्षको त्रयोदशी तिथिका दिन भयो। उहाँ यस संसारमा नरहे पनि उहाँ मेरा मन र मानसिकतामा सधैँ अमर हुनुहुन्छ।

## विभिन्न व्यक्तिहरूका सामाजिक सञ्जालमा व्यक्त सम्झनाहरू

हजुरले दिनुभएको जीवन र शिक्षाको पोको फुकाएर अरूलाई बाँड्दै र त्यो सर्वोच्च आदर्शको अनुकरण गर्दै सप्रेम श्रद्धाञ्जली अर्पण गर्दछु बुबा। हजुरलाई सधैँ ईश्वरको काखमा शान्ति मिलोस् ! नश्वर देहमा पुनरागमन नगर्ने हजुरको इच्छा पूर्ण होस् !

- दामोदर उपाध्याय

अछामको तल्लो भैँसोलेमा 'क ख' को अक्षर कस्तो थियो भनेर थाहा पनि थिएन रे ! बाजेले आफूले पढेर आइसकेपछि पढ्नुपर्छ भनेर हरेक गाउँमा पढाइ सुरु गर्नुभएको भन्ने कुरा सुनेको हुँ। धर्मकर्ममा आस्था राख्ने मनुष्यको परानी भई जन्म लिएकाले हामी भगवान् रूपी मानिसले कसैको कुभलो नगर्ने। सके भलो गर्ने र पाप बिलकुल नगर्ने र खेतीमा पसेको गाईलाई पनि हान्नुहुँदैन भन्ने विचार थियो रे ! पहडको जसो ठाउँमा उहाँ आफू विद्वान् भए पनि गाउँलेलाई यसका बारेमा केही थाहा थिएन। त्यसैले समाजका मानिसहरूसँग उहाँको कुरा मिलेन भन्थे। आफूले देख्न त पाइयो तर बुझ्न पाइएन। बाजेलाई कोटि प्रणाम। गाउँका बुढापुराना मान्छेसित जानकारी लिन आग्रह गर्दछु।

- रामनाथ जैसी घोडासैनी

अछामको तल्लो भैँसोलेका आम मानिसलाई मात्र हैन उपल्लो भैँसोलेका मानिसहरूले पनि उहाँबाट वेदको शिक्षा पाएको र अछामका थुप्रै हालका पण्डित, ज्योतिषहरूले समेत बाजे पोकुपाध्यायबाट शिक्षा लिएको चर्चा अहिले पनि हामी सुन्छौँ। साथै हालको ढकारीमा रहेको गुरुकुल माविमा समेत उहाँले त्यस आसपासका मान्छेलाई समेत शिक्षा दिई उदाहरणीय काम गर्नुभएको र उहाँकै नामस्वरूप गुरु शिक्षा दिएकाले त्यस विद्यालयलाई गुरुकुल भनी नामकरण गरेको मैले जानकारी पाएको छु। उहाँ एक अब्बल व्यक्ति हनुहुन्थ्यो। उहाँका थुप्रै कृतिहरू यसैगरी प्रकाशित भए उहाँप्रतिको सच्चा श्रद्धा हुन्थ्यो।

माधवप्रसाद उपाध्याय,

घोडासैन, अछाम

मैले सुनेअनुसार उहाँ निकै विद्वान् हुनुहुन्नथ्यो रे ! अब्बल ज्योतिष अनि वेदमा पनि दख्खल हुनुहुन्थ्यो रे ! कुइकामा पनि उहाँले शिक्षा दिनुभएको हो। हामीलाई पढाउनुभएको हो भनेर हाम्रा अग्रज भन्नुहुन्थ्यो।

- माधव उपाध्याय

कुइका

हार्दिक श्रद्धाञ्जली माइला बाजे हजुरले बाल्नुभएको शिक्षाको दियो झन झन तीव्रताका साथ अगाडि बढिरहेको छ।

- रामेश्वर उपाध्याय

हामीले त बाजे र बजैलाई देख्न पाएनौँ। उहाँको अनुहार कस्तो थियो कल्पना गर्न पनि सकिएन। बाजेले बालेको शिक्षाको दियो सदा सर्वदा चम्किँदै जाओस्। पछि जन्मिने हाम्रा सन्ततिले पछि बाजेका बारेमा सबै कुरा थाहा पाउन सकुन् र उहाँले दिनुभएको उपदेश सम्झिँदै सकारात्मक बाटो रोजुन्। म उहाँकी नातिनी भएर जन्मेकामा आफूलाई धेरै गर्व लागेको छ। उहाँ महान हुनुहुन्छ।

- मिना उपाध्याय

# सच्चा साधक मेरा मावली हजुरबुबा

लक्ष्मीप्रसाद बजगाईं
(शास्त्री, वेदान्त दर्शन)
चौकुने, घाटगाउँ, सुर्खेत

मेरा मावली हजुरबुबालाई देखेका, बुझेका र उहाँसँग पढेकाहरूले भनेका आधारमा म यो लेख लेख्दै छु । माता राधिकादेवी र पिता शिवरामका माइला सुपुत्रका रूपमा वि.सं. १९७७ सालमा अछाम जिल्लाको ढकारी-८, घोडासैन माजी मुलेगडामा पं उदयराम उपाध्यायको उदय भएको थियो । हुने बिरुवाको चिल्लो पात भनेझैँ उहाँ सानैदेखि पढ्न र लेख्नमा धेरै रुचि लिने गर्नुहुन्थ्यो । उहाँले उद्देश्य बनाएर अध्यात्मलाई नै आफ्नो जीवनको लक्ष्य बनाउनुभयो । उहाँ गोठाला गएको समयमा पनि पातमा लेख्ने अभ्यास गर्नुहुन्थ्यो । यसरी सधैँ लेख्ने मात्रै गाईवस्तुको वास्ता नगरेपछि अरू गोठालाहरूले घरमा कुरा लगाएछन्, यसले काम केही गर्दैन, लेखेर मात्र बस्छ । त्यसबेला हजुरबुबासँग एक रुपियाँ रहेछ । त्यो एक रुपियाँ र एक माना चामल लिएर आफ्ना मामाका घर दैलेख दुल्लु जानुभयो । मामाले भान्जाले पढ्न चाहेको बुझेर स्वर्गद्वारी पुऱ्याउनुभयो । उहाँले त्यहाँ छ वर्ष पढ्नुभयो । यो कुरा आमाले बताउनुभएको हो । उहाँले स्वर्गद्वारीमा बसेर वेद, कर्मकाण्ड, ज्योतिष, पुरोहितकर्म, स्तोत्र आदि पढ्नुभयो तथा स्वर्गद्वारी महाप्रभुको बाल्यावस्थाबारे थाहा पाउनुभयो । हजुरबुबा स्वर्गद्वारीमा छँदा त्यहाँ भारतबाट दुईजना साधु पनि आउनुभएछ उहाँबाट पनि प्रभावित हुनुभयो होला भन्ने लाग्छ र आध्यात्मिक बन्ने चेतना त्यसै समयदेखि भयो ।

स्वर्गद्वारी ठाउँको नाम हो । यो हाल प्युठान जिल्लामा पर्दछ । यस ठाउँमा महाप्रभुले वि.सं. १९५२ सालमा विश्वशान्तिका लागि यज्ञ सञ्चालन गर्नुभयो र त्यो आजसम्म पनि अनरवत रूपमा चल्दै आएको छ । यहाँ नित्य हवन, रुद्राभिषेक, पाञ्चायन पूजा, गौ सेवा, अतिथि सेवा आदि कार्यहरू हुन्छन् । पढ्न चाहने विद्यार्थीहरूका लागि पनि व्यवस्था छ । स्वर्गद्वरीमा वेद, व्याकरण, कर्मकाण्ड आदि विषयहरूको अध्ययन हुन्छ ।

महाप्रभु रोल्पाको रुम्टीमा वि.सं. १९१६ साल श्रावण एकादशी जेष्ठा नक्षत्र बिहीबारका दिन माता श्वेताकुमारी र पिता अनिरुद्धका सुपुत्रका रूपमा जन्मनुभएको हो । उहाँको नामकरणअनुसार नारायण नाम राखियो र सन्यासपछिको नाम हो हंसानन्द गिरि । उहाँको सानै उमेरमा नै तपस्यामा प्रेम भएकाले र तपस्या गरेकाले उहाँलाई बालतपस्वी भन्न थालियो । आज यस जङ्गलमा गाई नलानु

त्यहाँ पहिरो आउँछ भनेको र सोही हुन गएकाले उहाँलाई प्रभु नामले पुकार्न थालियो। यस्तै सानै उमेरमा नै धेरै भविष्यवाणी गरेको हुनाले पछि बालतपस्वी महाप्रभुका नामले परिचित हुनुभयो। हजुरबुबाले यसै आश्रममा छ वर्षसम्म रहेर वेद, कर्मकाण्ड, ज्योतिष, स्तोत्र आदिको अध्ययन गर्नुभयो। स्वर्गद्वारी आश्रममा बस्दै गर्दा अब दीक्षा लिएर सन्न्यास मार्गलाई नै अँगाल्छु भन्दा 'पहिले आमाबाट भिक्षा लिएर आऊ त्यसपछि सन्यास ग्रहण गर्न पाइन्छ' भन्नुभएछ। घरमा भिक्षा लिन आउनुभयो, बेलुका कुनै कारणवश उहाँकी आमाले चिन्नुभएछ र 'पहिले भाइहरूलाई पढाएपछि मात्र भिक्षा दिन्छु' भन्नुभएछ। सानै उमेरमा नै सन्तको सङ्गत भएर होला उहाँलाई घरगृहस्थीतर्फ त्यति रुचि थिएन। विवाह गर्दिनँ भनेर धेरैपटक भागेको र विवाह भएन भने त घरमा नबस्ने बुझेर इष्टमित्रले कौसिलादेवीसँग विवाह सम्पन्न गराए (आमाबाट थाहा पाएको)। अब हजुरबुबालाई आपत् पऱ्यो अध्यात्ममा लाग्ने भनेको घरकाले चिनेर घरमै राख्ने भए। सधैँ सन्तको अनुसन्धानमा लागेका हुनाले खप्तड लेखमा खप्तड बाबाकहाँ जानुभएछ। बाबाले आफू पनि ज्ञानको खोजीमा हिँडेको भनी बताउनुभएछ। यसले तिम्रो कल्याण गर्छ भनी एक मुठी खरानी फुकेर दिनुभएछ।

गुरुको खोजी गर्ने क्रममा उहाँले भारतको पन्जाव राज्यको अमृतसर जिल्लामा पर्ने व्यास नदीको किनारामा रहेको राधास्वामी सत्संग ब्यासका सन्त सद्गुरु महाराज चरनसिंहजीसँग नामदानको दीक्षा प्राप्त गर्नुभयो। यसपछि उहाँको दैनिकी नै बदलियो। पहिले गर्ने गरेका पाठपूजा अब रहेनन्। केवल नाम जपको कार्य हुन थाल्यो। यो सबै उहाँले सद्गुरुलाई भेट्नुभयो र गुरुको शरणमा पर्नुभयो अनि उहाँको आज्ञानुसार कार्य गर्नुभयो। धान घरमा भित्र्याएर परालको वास्ता नगरेझैँ उहाँले वेदको सार गुरुबाट पाइसक्नुभएको थियो। अथवा हिरा पाएपछि फलाम कसले पो राख्थ्यो र ! अतः उहाँ गुरुबाट अमूल्य कुरा पाउनुभएको थियो। कर्म त बन्धनको कारण हो यसबाट मुक्ति सम्भव छैन। क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति (गीता ९/२१)।

अर्थात् कर्मफलको भोग पश्चात् मर्त्यलोकमा झर्नु त अश्यम्भावी नै छ। त्यसैले कर्म गरेर कुनै सुख मिल्नेवाला छैन। 'अवश्यमेव भोक्तव्यं कृतं कर्म शुभाशुभम्' अर्थात् कर्म गरेपछि त्यसको फल हुन्छ र त्यो भोग्नै पर्छ। शुभाशुभ कर्मको फल नभोगी सुख छैन। तर कसैलाई लाग्यो कि फल भोग्दाभोग्दा धेरै भयो भने त्यसको उपाय पनि भगवान्ले गीतामा बताउनुभएको छ। हे अर्जुन ! जसरी सुकेका दाउरालाई अग्निले भस्म गरिदिन्छ त्यस्तै ज्ञानले सम्पूर्ण कर्महरू भस्म बनाइदिन्छ।

यथैधांसि समिद्धोऽग्निर्भस्मसात्कुरुतेऽर्जुन। ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुते तथा॥ (गीता ४/३७)

ज्ञानरूपी अग्निले सम्पूर्ण कर्महरू नष्ट भएपछि त्यसलाई (परमात्मालाई) जान्न सकिन्छ भनेर पण्डितहरूले भन्दछन्।

ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः ॥ (गीता ४/१९) उहाँले यिनै कुराको ज्ञान सद्गुरुबाट पाउनुभयो र कर्म छोडेर अध्यात्ममा लाग्नुभयो।

हजुरबुबा सद्गुरुको शरणमा गएको कुरालाई लिएर कतिले निन्दा आलोचना गरे तर उहाँले त्यसलाई वास्ता गर्नुभएन। यो एक सच्चा साधकको लक्षण पनि हो। कति अबुझहरूले उहाँलाई धर्मछाडा भने कतिले पागल पनि भने होलान्। यी कुनै पनि कुराले उहाँलाई एक रति पनि छोएन। उहाँले यी अबुझ छन् भन्ने मान्नुभयो। परमात्मामा लागेकालाई अरू अबुझहरूले निन्दा गर्नु कुनै अनौठो पनि होइन यो यिनीहरूको स्वभाव नै हो। यदि कसैले म अध्यात्मलाई अँगाल्छु भन्यो भने सबैभन्दा बढी विरोध गर्नेहरू आफन्त नै हुन्छन्। हामीले इतिहास तथा पुराणमा यसका उदाहरणहरू पाउन सक्छौँ। जस्तै -

प्रह्लादका विरोधमा आफ्नै बुबा हिरण्यकशिपु देखिएका छन्। विभीषणका विरुद्ध आफ्नै दाजु रावण देखिएका छन्। मिराका विरुद्ध पति राणा र सुरदासका विरुद्ध आफ्नै छोरीले विरोध गरेकी छन्। यसरी कसैले पनि आफ्नो मार्गभन्दा फरक मार्गलाई रोज्छ भने त्यसका विरोधमा आफ्नै इष्टमित्र लागेका हुन्छन्। हजुरबुबा जब सद्गुरुसँग भेट गरी राधास्वामी सत्संग ब्यासबाट दीक्षित भएर आउनुभयो तब आफ्नै आफन्त र शिष्यहरूले न पानी दिए न त उहाँले छोएको खाए। यसैले सुरुमा कसैले पनि उहाँको कुरालाई स्वीकार गरेनन्। यो एकप्रकारको परीक्षा जस्तो पनि मान्न सकिन्छ। उहाँ यस परीक्षामा सफल हुनुभएको छ किनकि पछि सबैले आफूलाई धिक्कारेका छन्।

उहाँले अपनाएको मार्ग अध्यात्म हो। सन्त मत हो। सन्त मत कहिल्यै पनि नराम्रो हुन सक्दैन। जसले संसारमा फसेका प्राणीहरूलाई संसार सागरबाट पार लगाउने कार्य गर्दछन् ती सन्त हुन्। यस्ता सन्तहरू आफूसहित आफ्नो शरणमा आएकाहरूलाई पनि कल्याण गर्ने कार्य गर्नुहुन्छ। जुन सिद्धान्त वेदको हो जसलाई श्रीमद्भागवतले प्रतिपादन गरेको छ र जुन तत्त्वलाई बुझाउन गीताको प्रादुर्भाव भयो। त्यही तत्त्वलाई बुझाउनका लागि सन्तहरू लाग्नुभएको हुन्छ। वेद भन्छन् 'या विद्या सा विमुक्तये' अर्थात् जसले मोक्ष दिन्छ त्यो विद्या हो। मुण्डकोपनिषद्मा ब्रह्मविद्‌ले बुझेका दुईओटा परा र अपरा विद्याको निरूपण गरिएको छ। अपरा विद्या भनेको ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, शिक्षा, कल्प व्याकरण, निरुक्त, छन्द र ज्योतिष आदि हुन् भने परा विद्या भनेको त्यो हो जसद्वारा अक्षर अर्थात् परमात्मालाई प्राप्त गराउँछ।

तस्मै स होवाच। द्वे विद्ये वेदितव्ये इति ह स्म यद्ब्रह्मविदो वदन्ति परा चैवापरा च॥ ४॥ तत्रापरा, ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्ववेदः शिक्षा कल्पो व्याकरणं निरुक्तं छन्दो ज्योतिषमिति। अथ परा यया तदक्षरमधिगम्यते॥५॥

मुण्डकोपनिषद्मा नै परा विद्याको व्याख्या गर्दै यस्तो भनिएको छ :

यत्तदद्रेश्यमग्राह्यमगोत्रमवर्णमचक्षुःश्रोत्रं तदपाणिपादम् ।
नित्यं विभुं सर्वगतं सुसूक्ष्मं तदव्ययं यद्भूतयोनिं परिपश्यन्ति धीराः ॥ ६ ॥

अर्थात् जसलाई आँखाले देख्न सकिँदैन, हातले समात्न सकिँदैन, जसको चिह्न छैन, जसका इन्द्रिय पनि छैनन् । जो नित्य छ, व्यापक छ, सबैतिर छ, सूक्ष्मभन्दा पनि सूक्ष्म छ, अव्यय छ र धीर व्यक्तिहरूले सम्पूर्ण भूत-प्राणीको कारण मानेका छन् त्यो नै आत्मा हो, परमात्मा हो र ईश्वर पनि त्यही नै हो । किनकि  भागवतमा भनिएको छ -

ब्रह्मेति परमात्मेति भगवान् इति शब्दितः । ब्रह्म भन्नु परमात्मा भन्नु र ईश्वर भन्नु शब्दको खेल मात्र हो वास्तवमा एउटै तत्त्व हो । वेदान्तिले भन्ने ब्रह्म, योगीले मानेको परमात्मा र भक्तद्वरा भजित ईश्वर एउटै तत्त्व हो । भागवतमा नै 'योगीभिर्ध्यानगम्यम्, ध्यानावस्थिततद्गतेन मनसा पश्यति यं योगीनो' भन्नेजस्ता वाक्यले पनि यी सबैको ध्येय एउटै हो भन्ने बुझाउँछ । केवल मार्ग फरक फरक हुन सक्छ । बाटो फरक हुन त व्यत्तिको स्वभावमा भर पर्ने कुरा हो ।

मन्त्रे तीर्थे द्विजे देवे दैवज्ञे भेषजे गुरौ । यादृशी भावना यस्य सिद्धिर्भवति तादृशी ।।

अर्थात् मन्त्रमा, तीर्थमा, ब्राह्मणमा, देवतामा, ज्योतिषीमा, औषधिमा र गेरुमा जस्तो विश्वास भयो त्यस्तै सिद्ध हुन्छ । किनकि 'विश्वासो फलदायकः' भनिएको पनि छ । गीतामा भगवान्ले भन्नुभयो - पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति । तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः ९/२६।। अर्थात् जसले भक्तिपूर्वक पत्रले, पुष्पले, जलले, पूजा गर्छ भने त्यो मेरा लागि प्रिय हुन्छ । त्यस्ता भक्तहरूको योगक्षेम म आफैँ वहन गर्छु भन्नुहुन्छ । 'योगक्षेम वहाम्यहम्' । अप्राप्त वस्तुको प्राप्ति योग हो भने प्राप्त वस्तुको संरक्षण गर्नु क्षेम हो । सन्तहरूले बोकेका सिद्धान्त पनि यिनै हुन् ।

शास्त्रले शरीरलाई धर्मको साधन मानेको छ । 'शरीरमाध्यं खलु धर्म साधनम् ।' अब धर्मको परिभाषा हेरौँ

'धारणाद्धर्म इत्याहुर्धर्मो धारयते प्रजाः' (मनुः) । मनुले मनुस्मृतिमा जसले धारण गर्छ त्यो धर्म भनेका छन् । धर्म शब्द धृञ् (धारणे) -धातुबाट निष्पन्न हुन्छ । यसको व्युत्पत्ति– 'ध्रियतेऽनेन लोकः । धरति विश्वं' भन्ने हुन्छ । जसले लोकलाई धारण गर्छ अथवा विश्वलाई धारण गर्छ त्यो धर्म हो । अब लोक शब्दले रुढी अर्थमा संसारलाई त बुझाउँछ नै तर पनि लोक शब्दले शरीरलाई पनि बुझाउँछ । जसले लोकलाई धारण गर्छ अर्थात् शरीरलाई जसले बचाएर राखेको छ त्यो नै धर्म हो यस अर्थमा धर्म भनेको आत्मा हो । अब होइन लोकको अर्थ संसार गर्ने नै हो भने पनि संसारलाई त

ईश्वरबाहेक अरू कसले पो धारण गर्न सक्छ र । त्यसैले उपनिषद्मा भनिएको छ -

'अङ्गुष्ठमात्रः पुरुषो मध्य आत्मनि तिष्ठति' । त्यो अङ्गुष्ठपरिणाम पुरुषलाई शरीरको मध्य भागमा रहेको छ । यो कुरा गीतामा यसरी बताइएको छ - 'ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति' । सम्पूर्ण प्राणीहरूको हृदयमा ईश्वरको बास छ । अब धर्म गर्नका लागि मन्दिर नै मानव शरीर हो । यसै शरीरबाट नै परमात्मा प्राप्त हुनुहुन्छ ।

धर्मकर्म गर्ने पुण्य कमाउन पनि अध्यात्म बुझ्नै पर्छ । आफू आत्मालाई अनात्मा मान्नेहरूलाई शास्त्रले पापी मानेको छ । भनाइ पनि छ-

देहाभिमानं पापं न तद्गोवधकोटिभिः । आत्मानं बुद्धिजं पुण्यं न भूतो न भविष्यति ।।

अर्थात् म देह हुँ भन्ने देहाभिमानीले जति पाप गऱ्यो त्यसले त करोडौँ गाई मारेको भन्दा पनि बढी पापको भागी बन्नुपर्छ । बरु गाई मारेको प्रायश्चित्त हुन सक्छ 'म शरीर हुँ' भन्नेले गरेको प्रायश्चित्त नै छैन । बुद्धिपूर्वक जसले म आत्मा हुँ यस्तो निश्चय गऱ्यो त्यो पुण्य अरू कुनै पनि कर्मबाट प्राप्त हुन सक्दैन । अध्यात्मलाई नबुझीकन धर्म हुन सक्दैन । बरु अधर्मै हुन्छ ।

वास्तवमा धर्म त परमात्मा हो अझ भनौँ आफैँ हो तर त्यो गुरुकृपाविना सम्भव नै छैन । यसैले उपनिषद्मा गुरु र देवतामा अभेद देख्नुपर्छ भनेको छ । 'यथादेवे तथा गुरौ' किनकि- गुरु भनेका ब्रह्मा हुन्, विष्णु हुन्, महेश हुन् र साक्षात् ब्रह्म (आत्मा) स्वरूप हुनुहुन्छ । भनिएको पनि छ -

गुरुर्ब्रह्मागुरुर्विष्णुर्गुरुर्देवोमहेश्वरः। गुरुः साक्षात्परं ब्रह्म तस्मै श्रीगुरवे नमः ।।

स्वर्गद्वारीमा एउटा विशेष प्रार्थना हुन्छ त्यो हो गुरु प्रार्थना अथवा गुरु वन्दना । हजुरबुबाको औपचारिक शिक्षा पनि स्वर्गद्वारीमा भएको हुनाले अध्यात्म चिन्तन गुरुको अन्वेषण पनि त्यतिवेलादेखि नै भएको हो । गुरु शब्द 'गृ' शब्दे धातुबाट बन्दछ । 'गुणाति उपदिशति गुरुः' अर्थात् जसले जीवनका लागि उपदेश गर्छ ती सबै गुरु हुन् । सच्चा ती हुन् जसले आत्मा र अनात्माको पृथक्तालाई बुझाई आत्मज्ञानको उपदेश गर्छन् । 'गु' भनेको अन्धकार हो भने 'रु' माने हटाउनेवाला । यसरी जसले अन्धकारलाई हटाएर जीवनमा उज्यालो छर्छ त्यो गुरु हो । सनातन धर्मले गुरुतत्त्वलाई सबैभन्दा उच्च स्थान दिएको छ ।

गुरुविना व्यावहारिक कार्य त सिद्ध हुन सक्दैन भने अझ अध्यात्म त कसरी गुरुविना सिद्ध होला र ! संसारसागर पार तार्ने भनौँ या अन्धकारलाई चिरेर ज्ञानको ज्योति बाल्ने कार्य गुरुको नै हो । यसै कुरालाई राम्रोसँग बुझेका हजुरबुबाले अध्यात्मको चिन्तन गर्ने वा गराउने व्यक्तिको खोजीमा हुनुहुन्थ्यो । अध्यात्म भनेको सरल भाषामा भन्दा आत्मसम्बन्धी हो । आत्मा भनेको के हो भन्दा

जसले यो शरीरलाई हेर्न लायक बनाएर राखेको छ त्यो नै आत्मा हो। यो कसरी थाहा हुन्छ ? जसको अभावमा यो शरीर एक छिन पनि रहन सक्दैन यो सबैले प्रत्यक्ष गरेकै कुरा हो। अब अध्यात्मलाई किन अँगाल्ने भन्ने कुरा आउला त्यसको फाइदा के ? इत्यादि प्रश्नहरू मनमा आउनु स्वाभाविकै हो। प्राणीलाई चाहिएको के हो ? सुख त्यो पनि कहिल्यै नसकिने। अर्को कुरा दुःख कहिल्यै नहोस् प्राणीहरूमा यी दुई चिजको चाहना हुन्छ। अतः यी दुबैलाई एकैसाथ हटाउनका लागि आत्मज्ञानको आवश्यकता पर्छ। यो गुरुको उपदेशविना सम्भव छैन। हजुरबुबाले ज्ञानका लागि कहिल्यै पनि जातभातको कुरालाई हेर्नुभएन त्यो नितान्त आवश्यक पनि छैन। भेद देख्न आवश्यक पनि छैन किनकि शरीरका दृष्टिले भेद देख्ने हो भने सबैको शरीर पाञ्चभौतिक हो र आत्मा सबैको एउटै हो। आत्मामा कुनै पनि भेद छैन।

गुरुकृपा भएमा मात्र जीवनमा आध्यात्मिक सुख प्राप्त गर्न सम्भव छ। यदि गुरुकृपा भएमा कुनै देवताले पनि त्यसलाई असफल गर्न सक्दैन। किनकि उसलाई गुरुकृपा भइसकेको छ। भगवान् रुष्ट भएमा गुरुले रक्षा गर्नुहुन्छ भने यदि गुरु नै रुष्ट भएमा कसैले पनि रक्षा गर्न सक्दैन। त्यसैले सम्पूर्ण प्रयत्न गरेर गुरुको शरणमा पर्नुपर्छ।

हरौ रुष्टे गुरुस्त्राता गुरौ रुष्टे नकश्चन। तस्मात्सर्वप्रयत्नेन श्रीगुरोः शरण व्रज॥

न गुरुभन्दा ठुलो तत्त्व छ, न तपस्या छ, गुरुकृपाबाट नै तत्त्वज्ञान हुन्छ त्यसैले तत्त्वज्ञानभन्दा अर्को उत्कृष्ट वस्तु पनि छैन।

न गुरोरधिकं तत्त्वं न गुरोरधिकं तपः। तत्त्वज्ञानात्परं नास्ति तस्मै श्रीगुरवे नमः॥

ध्यान गुरुको गर्ने, पूजा गर्दा गुरुचरणको गर्ने, मन्त्र गुरुको वाक्य हो भने मोक्ष पनि गुरुकृपा बाटै प्राप्त हुन्छ भनिएको पनि छ -

ध्यानमूलं गुरोमूर्ति पूजामूलं गुरोः पदम्। मन्त्रमूलं गुरोर्वाक्यं मोक्षमूलं गुरोः कृपा॥

यसरी गुरुको महत्त्वलाई बुझेका हजुरबुबाले जीवनभर गुरुको खोजी गर्नुभयो र गुरुको शरणमा जानुभयो।

श्रेयश्च प्रेयश्च मनुष्यमेतस्तौ सम्परीत्य विविनक्ति धीरः।
श्रेयो हि धीरोऽभि प्रेयसो वृणीते प्रेयो मन्दो योगक्षेमाद्वृणीते॥ २॥ कठोपनिषद्

संसारमा श्रेय र प्रेय गरी दुईओटा बाटाहरू छन्। श्रेय अर्थात् कल्याणको मार्ग र प्रेय माने हामी सबैलाई प्रीय लाग्ने। ती दुईओटामा धीर व्यक्तिले अथवा आफ्नो कल्याण चाहने व्यक्तिले श्रेय मार्गलाई अँगाल्छ भने धनसम्पत्ति थुपार्ने र त्यसको रक्षाका लागि लागि पर्ने व्यक्तिले प्रेय मार्गलाई अँगाल्छ। यसलाई सहजरूपमा बुझ्न खोज्दा प्रेय भनेको प्रीय सुन्दैमा मिठो छ। यसरी पनि हजुरबुबाले आत्मकल्याणको बाटोलाई रोज्नुभएको छ। संसारमा तीनओटा चिज प्राप्त गर्न कठिन छ

र ती देवताको अनुग्रहविना प्राप्त हुन पनि सक्दैनन् । विवेकचूडामणीमा यस्तो भनिएको छ -

मनुष्यत्वं मुमुक्षुत्वं महापुरुषसंश्रयः । दुर्लभं त्रयमेवैतत् देवानुग्रहहेतुकम् ।।

१. मानव देह प्राप्त गर्न,

२. मोक्ष हुने इच्छा,

३. महापुरुषको सङ्गत प्राप्त गर्न ।

यी माथि बताइएका चिज प्राप्त गर्न करोडौँ जन्मको पुण्यको परिपाकले पाइन्छ । यी तीनओटै कुरा हजुरबुबामा घटेको देखिन्छ । यसरी पनि उहाँलाई महान् मानवका रूपमा लिन सकिन्छ । यी तीनओटै हजुरबुबालाई प्राप्त भएका छन् । अतः उहाँ अध्यात्मका एक सच्चा साधक भएको बुझिन्छ ।

मानव जीवन एक अमूल्य जीवन हो । संसारमा धेरै प्राणीहरूको जन्म हुन्छ तिनीहरूमा सर्वश्रेष्ठ प्राणी मानव हो । मानवमा नै विवेक हुन्छ । विवेक माने सत् र असत् विवेचन गर्ने बुद्धि । जसले सत्य र असत्यलाई सहजै छुट्ट्याउन सक्छ त्यो नै विवेकी कहलाउँछ । यदि मानवमा विवेक भएन भने त्यो मानवको नाममा कलङ्क बन्न पुग्छ । संसारका सम्पूर्णकार्यहरू आफूविना पनि सिद्ध हुन्छन् तर आत्मज्ञानका लागि आफ्नै आवश्यकता पर्छ । भगवान्ले व्यक्तिको गतिभन्दा पनि मति हेर्नुहुन्छ । यस कुरालाई राम्ररी मनन गरेका र अध्यात्मलाई आफ्नो जीवनको एक मात्र लक्ष्य बनाएका हामी सबैका परमादरणीय पं उदयराम उपाध्याय (मेरा मावलका हजुरबुबा) अध्यात्मका सच्चा साधक हुनुहुन्थ्यो ।

## सन्दर्भ ग्रन्थसूची


१. *अष्टावक्रगीता* (२०७०). महेश सन्न्यास आश्रम ।

२. *ईशादि दश उपनिषद्* (२०७९). महेश सन्न्यास आश्रम ।

३. खप्तड बाबा (२०५५). *धर्म विज्ञान* (सार सङ्क्षेप) श्री खप्तड आश्रम प्रकाशन समिति ।

४. *श्रीस्तुतिमञ्जरी* (२०७९). श्रुतिसपर्या प्रकाशनम् ।

५. *श्रीमद्भगवद्गीता* (२०७८). गीताप्रेस गोरखपुर ।

# हजुरबुबा र हजुरआमा सम्झना मात्र

कल्पना उपाध्याय
लम्की, कैलाली
हाल : जापान

मैले न हजुरबुबालाई देखेँ न हजुरआमालाई । मलाई उहाँहरूका बारेमा घरमा आउने आफन्त र पाहुनाहरूले धेरै जानकारी दिनुहुन्छ । मैले त उहाँहरूलाई देखिँनँ । म कतै जाँदा मानिसहरूसँग परिचय भयो भने हजुरबुबाको नाम लिएर 'ए उहाँकी नातिनी हौ, उहाँले त मलाई पढाउनुभएको अथवा उहाँ यस्ता हुनुहुन्थ्यो' इत्यादि । म उहाँहरूसँग कुरा गर्दा गर्दै आफ्नै मनोलोकमा हराउँछु । मेरा हजुरबुबा र हजुरआमा हुनुभएको भए । अरूका छन् मेरा छैनन् । उहाँहरूका नामले आज पनि मेरो परिचय बन्छ । उहाँहरूसँगै संगत गरेको भए मेरो परिचय कति फराकिलो हुन्थ्यो है ! म कति भाग्यमानी हुन्थेँ । आज त्यो केवल कल्पना मात्रै त हो यो कल्पनाले गर्ने भनेर फेरि आफ्नो वास्तविकतामा फर्किन्छु ।

मेरी हजुरआमा पनि त अरूकी हजुरआमा जस्तै नातिनीलाई माया गर्ने, स्नेह गर्ने र आफ्नो काखमा बसालेर सुताउने गर्नुहुन्थ्यो नि । आफ्ना पुराना अनुभव र दन्त्यकथाहरू मैले पनि त हजुरआमा र हजुरबुबाका काखमा बसेर सुन्न पाउने थिएँ तर त्यस्तो हुन सकेन । मेरो मामाको घरको सानो भाइले हजुरआमाको खाकमा बसेर कथा सुने जस्तो मेरो कथा सुन्ने धोको बाँकी नै रह्यो । सबैले भन्छन्, म हजुरआमा जस्तै छु रे ! ए ! साँच्चै मेरी हजुरआमा चाहिँ कस्ती हुनुहुन्थ्यो होला ? एकचोटि फोटो पनि देख्न पाएकी छैन । उहाँको फोटो कसैसँग छैन । कसरी पाउनु अब मैले उहाँको फोटो ?

अरूका कुरा सुन्छु । म आफैँ दङ्ग पर्छु । हजुरबुबा र हजुरआमा सारै महान् हुनुहुन्थ्यो रे ! मलाई लाग्ने गर्छ कति अभागी म । एकचोटि पनि उहाँको काखमा बस्न पाइनँ । एकचोटि ती चाउरी परेका हातबाट आशीर्वाद लिन पाए कति भाग्यमानी हुन्थेँ हुँला । धेरैका घरका हजुरबुबा र हजुरआमा हुनुहुन्छ तर उहाँहरूले अहिले उहाँको महत्त्व बुझ्नुभएको छैन । मैले त कुनै पनि बेला उहाँहरूलाई देख्न र उहाँको स्नेही सुमसुम्याइको अनुभव गर्न पाइनँ । अरूले आफ्ना हजुरबुबा र हजुरआमाको सेवा गरेको देख्दा मलाई त्यो अवसर किन मिलेन भन्ने विचार गर्छु । एक दिन मम्मीले मलाई पिट्दै गर्दा हजुरआमा आएर भन्दै हुनुहुन्थ्यो, 'बुहारी त्यसरी किन पिटेको नातिनीलाई, नपिट ।' मम्मीको पिटाइ रोकियो । म रुँदै हजुरआमाको काखमा गएँ । हजुरआमाले आँसु पुछिदिनुभयो । त्यत्तिकैमा मम्मीको आवाज आयो, 'कल्पना ! आठ बजिसक्यो छिटो उठ् ।' म झलक्क बिउझिएँ । कस्तो सपना देखेकी हुँला भन्ने लाग्यो । मैले फोटोसम्म नदेखेकी मेरी हजुरआमा सपना भने प्राय: आइराख्नुहुन्छ ।

जहाँ हुनुहुन्छ, जस्ता हुनुहुन्छ, मेरा हजुरबुबा र हजुरआमाको आत्माले शान्ति पाओस् । उहाँहरूको सम्झना सदैव मनमा रहने नै छ । उहाँहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

# केवल सम्झनामा मात्र हजुरबुबा र हजुरआमा

दर्शना घोडासैनी
ढकारी-८, घोडासैन अछाम
हाल : तुलसीपुर-१८, दाङ

म उदयराम उपाध्यायकी नातिनी हुँ । उहाँका कान्छा छोराकी जेठी छोरीका रूपमा मेरो जन्म भयो । मैले मेरा हजुरबुबालाई प्रत्यक्ष देखेकी त छैन मात्र उहाँको तस्विर देखेकी छु । म यस संसारमा आउनभन्दा धेरै वर्ष अगाडि नै हजुरबुबाले संसार छोडिसक्नुभएको रहेछ । त्यसैले मैले उहाँको काखमा बसेर खेल्न, उहाँको हात समातेर घुम्न र उहाँका मुखबाट दन्त्यकथा सुन्ने अवसर कहिल्यै प्राप्त गर्न सकिनँ । मैले ‘उहाँले आफ्नो जीवनमा शिक्षा र आध्यात्मिक क्षेत्रमा धेरै ठुलो काम गर्नुभएको’ भन्ने सुनेकी छु । विशेष गरेर यो स्मृतिग्रन्थका लागि बाबाले सामग्री सङ्कलन गर्न विभिन्न व्यक्तिहरूसँग सम्पर्क गरेर उहाँहरूसँग गरेका कुराकानी सुन्दासुन्दा मैले पनि हजुरबुबाका बारेमा केही जानकारी हासिल गरेँ ।

मैले सुनेअनुसार ‘उहाँ सानो छँदा उहाँको एकदमै पढ्ने इच्छा थियो तर गाउँघर र समाजमा पढ्ने वातावरण र विद्यालयहरू थिएनन् । जहाँ इच्छा त्यहाँ उपाय भनेझैँ उहाँ घरबाट गोठाला जानुभएका बेला त्यतैबाट भागेर दैलेख आफ्ना मामाका घर जानुभयो । त्यहाँ गएर उहाँले आफूलाई घरबाट पढ्न पठाउनुभएको कुरा सुनाउनुभयो । त्यतिबेला अहिलेको जस्तो सरल र सहज सञ्चारको माध्यम थिएन । त्यसैले उहाँका मामाले उहाँलाई पढ्न स्वर्गद्वारी आश्रम प्युठान पठाउनुभयो । आफूलाई घरबाट पढ्न पठाएका हुन् भनी मामाका घरमा गएर भन्नुभएको झुटले पढ्ने बाटो खोल्यो । पढेर आफ्नो समाजलाई पनि शिक्षित बनाउने अवसर प्राप्त भयो । यस घटनाले उहाँको पढाइप्रतिको रुचि कति धेरै रहेछ भन्ने कुराको अनुमान गर्न सकिन्छ । उहाँले लगातार करिब ६ वर्षसम्म घर नआई त्यहीँ पढ्नुभयो । आफ्नो पढाइ सकेर घर फर्किनुभयो । बिस्तारै आफ्ना वरपरका मानिसहरूलाई पढाउन थाल्नुभयो । सुरुमा आफ्नै भाइभतिजाहरूलाई पढाउनुभयो । पछि घरमा मात्रै होइन गाउँगाउँमा गएर पनि धेरै ठाउँका मानिसहरूलाई पढाउनुभयो । पढेलेखेका धेरै मानिसहरू नभएकाले उहाँलाई खोज्दै हामीलाई पनि पढाइ दिनुपर्‍यो भनेर प्रस्ताव गर्न थाले । यसक्रममा उहाँले अछाम जिल्लाको पूर्वीभेकका धेरै गाउँमा गएर पढाउने काम गर्नुभयो । उहाँले आफूले प्राप्त गरेको ज्ञान अछाम जिल्लाको कुनाकुनासम्म पुर्‍याउनुभयो । उहाँ शिक्षण कार्यमा धेरै संलग्न हुनुभएकाले आफ्नो निजी जीवनतिर खासै ध्यान गएन । उहाँको उमेर ढल्किन लाग्दा पनि बिहे गर्नुभएको थिएन ।

उहाँकी आमा र छिमेकी दाजुभाइहरूको जोडले गर्दा उहाँले ३३ वर्षको उमेरमा कौसिलोदेवीसँग बिहे गर्नुभयो। उहाँका ४ छोरा र ४ ओटी छोरीहरू गरेर ८ ओटा सन्ताहरू भए।

जीवनको उत्तरार्धतिर उहाँ आफ्नो सबै परिवारलाई लिएर अछाम छोडी सुर्खेत आउनुभयो। यसका केही वर्षभित्रै हजुरआमाको मृत्यु भयो । उहाँले आफ्ना छोराछोरीहरूलाई पनि साक्षर तुल्याउनुभएको थियो । त्यसभन्दा माथिको शिक्षा अब घरबाट सम्भव नदेखेर दुई छोरालाई दिल्ली पढ्न पठाउनुभयो। घरव्यवहारको सबै काम जेठा छोरालाई सुम्पिनुभयो। त्यसपछि उहाँ पुरै आध्यात्मिक साधना र अभ्यासमा लाग्नुभयो। आध्यात्मिक साधनामा लागेरै उहाँले यो नश्वर संसारलाई वि.सं. २०५२ साल असोज २० गते शुक्रवार, शुक्लपक्षको त्रयोदशी तिथिका दिन त्यागेर जानुभयो।


हजुरआमाको अनुहार त बाबालाई पनि स्मरण छैन भने मलाई झन कसरी हुन्थ्यो। उहाँको कुनै तस्बिर पनि नभएकाले मैले उहाँलाई देखेकी मात्र होइन कि बरु उहाँको तस्बिर पनि देखेकी छैन। हजुरबुबाको तस्बिर भएकाले उहाँ कस्तो हुनुहुन्थ्यो होला भन्ने कल्पना मेरा मानस्पटलमा आउने गर्दछ। उहाँहरू हामीसँग नभए पनि उहाँको सम्झना सधैँ रहेने छ।

ψ ψ ψ ψ ψ

# परिशिष्ट खण्ड 'क' पारिवारिक तथा सम्बन्धगत वंशवृक्ष

पं.उदयराम उपाध्यायका मावली हजुरबुबा चूडामणि खनाल र हजुरआमा महोधरा खनालकी जेठी सुपत्री उहाँकी आमा हुनुहुन्छ।


### १. पं. उदयराम उपाध्यायका मावलीतर्फको वंशवृक्ष





© देउमा-माजी मुलेगडाका जगदेव उपाध्यायकी बहिनी, उहाँको बिहे हजुरबुबा दैलेख छँदै भएको। ÷ राधिका- आमा, माजी मुलेगडा बिहे भएर आउनुभयो।

± सतरूपा- किमडा सानी आमा।

**२. पं. उदयराम उपाध्यायको ससुराली तथा उहाँकी धर्मपत्नी कौसिलादेवीका माइतीपक्षको वंशवृक्ष**






**३. कौसिलादेवीका मावलीहरूको वंशावली :**




**(कौसिलादेवीका मावलीहरू कुइका सयरका तिमल्सिना हुनुहुन्छ ।)**


## ४. पारिवारिक वंशवृक्ष




उदयराम र कौसिलादेवीका छोराबुहारी र नातिनातिनाहरू
कृष्णराज/विमकला
रामप्र./मनकला
दामोदर/राधा
खगेन्द्र/ मिना
विजय
कल्पना
घनश्याम
कपिल
मिना
दिपेन्द्र
त्रिलोचन
महेश्वर
दर्शना
दर्शनप्रिया
उदयराम र कौसिलादेवीका छोरीज्वाइँ र नातिनातिनाहरू
रङ्गादेवी/विशाखर बजगाईं
महेसरा/गोकर्ण न्यौपाने
जौमती/जनक आचार्य
दुर्गा/टोप बिसी
दुर्गाप्र.
कृष्ण
लक्ष्मी
शान्ति
स्मृति
रीता
हेमराज
बबिता
सीता
लोकराज
मेनुका
अञ्जना
भानुभक्त
सुवास
रचना

# परिशिष्ट खण्ड 'ख' पं. उदयराम उपाध्यायसँग सम्बन्धित सामग्री

## १. पं. उदयराम उपाध्यायको नागरिकताको प्रमाणपत्र



नेपाली नागरिकताको प्रमाण–पत्र

प्रमाण–पत्र पाउनेको फोटो

औंठाको छाप

दायाँ बायाँ

## २. वैद्यरत्नसारको पाण्डुलिपि

हस्तलिखित सामग्रीलाई नमुनाका रूपमा टाइप गरेर निम्नलिखित रूपमा राखिएको छ :

जस्को तप गरि पाउँछन् सब कुरा मन्माफीकैको ञाहाँ। उस्ता शङ्कर आसुतोष् शिवजीका पर्छु म पाउमहाँ।

प्राणनाथ भनि विस्मय साथ। जोरि कोमल अति दुई हाथ॥


गौरिले यहि भनिन् शीवलाई। मर्जिहोस् कल मन्त्र मलाई॥

नाथ भक्ति यसमा छ अपार। हुनुपर्छ यसको सुप्रचार॥

जान्दछु जगतमा कहिँ कोही। सिद्ध हुन्न किन हे प्रभू सोही॥


देख्दु सब कुरा बसि याहीँ। शान्ति छैन पृथिवी बिच काहीँ॥

(बाँकी हस्त लिखित समग्रीमा)


मूल लोनभर्नु: नापा भाँडा उपमुधना दिन सात ७ पाछि अन्धिमुषिकी नानन्नू सत्रुषानदिनु मत्र
वोलाईजा ॥ उन्मद करण प्रयोग: ॥ ॥


अथवै घरल्लसार्ति ख्यते


जस्को नपुगारि पा उस्छ नस वकुराँ मन्मा फरीकै कोन्भाहाँ ॥ उस्तासंकार आसुतोम् शीव
जिका पर्छन् मपा उमहा ॥ प्राण नाथभनि विघ्नमय साथ ॥ जोरि कोमल अति दुर्दहाथ ॥
गौरि लीयहि भनिन्त्री वलाई ॥ मर्जि होस्सकल मन्त्र महाई ॥ नाथ सक्ति यसमा छ अ
पार ॥ हुनुपर्छ यसको सुप्रचार ॥ जान्द छं जगत मा कंहि कोहि ॥ सिध्द हुन्छ किन हे प्रभू
सोहि ॥ १ ॥ देरछन् सबकुरा वसि याहिँ ॥ शान्ति छैन पृथिवीबिच काहिँ ॥ मन्त्रज
पर्छ जसले उ अवस्थ ॥ भो त्यो भने किन छ कोन रहस्य ॥ मन्त्र हो स्प्रभुले शव वात ॥ मेटिन्पार्छ
मन को परिताप ॥ देरछ मान्त्री कहस्त डहिरहु ॥ नापदेखि मन हुन्छ भरडु ॥ हुकम्भो
प्रभूको उमालाई हाँसि ॥ कहन्छन् सबै भेद हरु प्रगासि ॥ जिमिले साध्या योज उन्प्रश्नभा
ज ॥ जगतको भलाई भई पुग्छ काज ॥ विधाता पनि निर्दयि गर्छ काम ॥ मनुष्यादि छन्
मूषसो न्छा सुहान ॥ नसो चुनेन बुन्छ नेउसै काम थालि ॥ जपि मन्त्र वस्छं मीहिं नेत फालि ॥
का होत कक हू मन्त्र सामन्दि येका ॥ वढे ले गन्यादि जान्ये भयेका ॥ हजारौं मदेरछु
अज्ञानि व स्व माहा ॥ विना श्रीगुरुको छहेसि ध्दी काहाँ ॥ ॥ज उन्ब्रह्मचारि पडे को


हे। ।।सुँगरको बोसो: मह्रपिसि: लिंगलेपकर्नु लिंगदृढहो ।। पद्मकोकेसर: मह्रपिसिलिं
गलेपकर्नु श्रीपाक्षेपुरुषवस ।। ठुल्याकाजकाविज भितरपारासचुरोमिसि मुखबालनुश्रीये
स्यवसहो ।। कोछाकोजडोवि उसमकरी पिसिघृतमध्ये पचाउनु नवखानदिनु॥ ७ सातसि
रमिसिखानु स्वपुरुषस्त्री दृसरव ॥ ॥ अथमन्त्र ॥ कामिनी परमेश्वरी कामिकामन्त्र एन्त्र ए
अमकि साध ॥ अमकर्षणमन्त्र ॥ ॥ इनमन्त्र मन्त्री आकर्षणकरिसेन अष्टोत्तर १०८ सये
सत्ताकनि उरकापुरुलमन्त्री सिन्धुरुकि मूर्तिकर्ना: फरलचाए वनाजाचिनेयेनसो आव ।। निसि
काकमा एकसारी नाठोहो ॥ इनमन्त्र मन्त्री पानिपियाउनावार २१ नाठो आव ॥ अन्यमन्त्र ॥ ॐ
एजमुखि एजाभीमुखिवस्य मुखित स्यमुखि श्री श्री सु क्रा क्रां श क्रां क्र सर्व जन वस्य मुखि हृदेस
मवस्य कुरु कुरु स्वाहा ॥ इनमन्त्र मन्त्री पानिपिउनु वार २१ प्रभात मुखधुनी नाशर्वलो कवेस्यहो ॥
अन्यमन्त्र ॥ ॐ नमो भगवति श्री प्राणनाथाये देवि पद्मशनि वानस्य हिताये गिरिधि पद्मनभा
पडजन्जा जो हो ह उषाश्री मो हों परस्त्री मो हों जविनविन मो हों उ स्वामिनी मो हों जाई मुञ्चा अमु
किवस्य हो स्वाहा ॥ श्रीखण्ड चन्दन मन्त्रीवार २१ तिलककर्नु वस्य हो ।। मर्दमानुसको मसाड
गिध्द्रका हाड एक भाँडा घालि शत्रुको द्वार गाडना इन मन्त्र मन्त्री गाडना ॥ ॐ नमो भगवती
रुद्र भैरव स्वराय उत्तस्तादय उघार यविषाय हन्य पच ठठ स्वाहा ॥ कृष्ण दसमिकी दिउसप्रेय
गकर्नु ॥ यस्पकाह्वा गाडि यतसात ७ दिनभितरमर: ।। यति सत्रु मारणप्रयोग: ॥ हुं हुं को

गुटिका करिर्पि नवधना: चाकोएकोखो त्यासैसो आननू तस्को खो त्याँसको फनिमा ऊवा
तनु: उभोजे ला गत्तलिनू धान मध्येहरवनु धान आयेभेयत ॥ ज्ञामुनि काविज्ञ उभीकावि
ज: विजौरी कावीज: सिरिसका बीज: स्पसना कावीज: प्रति वस्तु चुरो करी खा यत दीउस भूषन
लाग: ॥ पिनुढकेकापात: कुंकुम: चिनो: दँतिकोजरो: गाँडाम्ह गकि सीन्: अगर: प्रति
वस्तु पानि पिसि: कोनैसुगन्धीमिसिआँगा त्युपडियत: हे मत्तजाडो नहो: वंधाका त्याम नहो॥
इतिश्रीवविधी ज्ञाक्षिणाम् ॥ मयुएसिकाकुंकुम: संख: पुष्फीरस पोद्द: हठाणर्पपकि आँदि
नि लिचि नकरि वाद्दु त्वाईनू तस्को भयशैर्वकर: ॥ इन्द्राईनीका विज: लोहाचूर्ण पिसि लेपव
नु: अरिडका पात वरि एषनु फूल्या वाल काला हुन् ॥ हरिताल टंकन संखका चूर्णकवा
कारस पिसि लायत वालजानि॥ गभका धनुरकारस: संखका चूर्ण: मनसिलाशम करि सुराका
पानि मिसि लायत वालकादिन आउ ॥ तुलाक्षिकारस: पारो: द्दान घा घालि मिसियत तपस
मातनीनारि द्राव कहो॥ टंकर: मह: कपुर: गूड: मिसि लेपकर्नू द्राव कहो॥ टंकर: पान: म
ध्येखानू द्राव कहो॥ टंकर: मह: गूड: कपुर: मिसि लेप गनु द्राव कहो ॥ सालाकिए
ल: गन्धक: मह मिसि लिंग लेपकर्नु: लिंग दृढ हो ॥ घानुब्याकोपट काजुका टंकन मुतमि
सि नाभि लेप कर्नु लिंग दृढ हो ॥ स्फटिक: सुहाग: कपुर: महपिसि लिंग लेप कर्नु आम द्राव

## ३. अप्रकाशित मन्त्रसङ्ग्रहको पाण्डुलिपि





55

४४ फुलसे तोमि लाई लेपगर्नु तत्काल लेमा आराम गर्छ अथवा मेहँदिको पात खूब सँग पिंधी लेप
लाउनाले पनि आराम हुन्छ अथवा केनुको पात पिंधेर लाउनु अथवा अनारको जरा पिंधेर
लेपगर्नु अथवा सुंठा अडिलको तेल पिंधेर ले पगरे सर्दिवाट भएको कम हुन्छ चन्दन रत
जटुवे बराबर घोटेर मनतातो लेपगर्नाले गरमि सरदि दुवै कि सीसमा बसहुन्छ अथवा कुखु
एको विस्टा हमारि पिंधेर दाहिने तिर दूखेको भए वाआँ तिर वाआँ तिर दूखेको भए दाहिना ति
र लेपगर्नु फाइदा गर्छ ———— (५५) केस लामु गर्नुपर ———— (५५) सरिफा
को बिआर वएर को पात पिंधेर त्यस कारस के समा दल्नु दलेको ४ घडि पछि मनतातो पा
निले धुनु लामु हुन्छ अथवा अमलालाई कागति को रस मा पिंधेर रौं काजरमा मल्नु अ
थवा भङ्गि एजको [redacted] रससमभाग खा ने तेलमा ह्वालि पकाउनु पानि सुकि तेल मात्र बाँ
कि रहे पछि रोजि न्दा कपाल मा दल्नु लामु पनि हुन्छ (मुलायम) नरम पनि हुन्छ अथ
वा न्वाहुने वेलामा कालो तिलको पात ल्याई कुटि कपाल मा मलि के स्नान गर्नाले केस लामु
को भल हुन्छ अथवा कुसुमको फुल र कुसुमको बोक्रा लाई पोलेर खरानि पारि त्यस माच
मोलि कोतेल ह्वालि मल हमला पजस्ते गरि लाउनु को भल हुन्छ ऐं मर्न लाग्या भने ह्वादि


छ अथवा भेडाको वा गैंडाको मुत्र १०।८ थोपा कानभित्र हाल्नाले कानपाकि पिप बग्ने भए
मा आराम हुन्छ अथवा कोडापोलेको धूलो कानमा हालि त्यस माथि कागतिको ताजा रस
५।७ थोपा हालिदिनु पाके कानिको हुन्छ कान सुन्न छोडेको भए पनि सुन्ने हुन्छ ———
की लकि लेदुखमा ——————— (५१) घाँटिभित्रको डल्लो लाई किल्किले भ
न्द छन् फट्किरी चूर्ण ६ मासा चिनि ३ मासा: माजुमफलको काँढा ३ मानामि लाएर कुल्ला
गर्नु दिनको ३ पालि सो औषधी मनतातो गरि कुल्ला गरे घाँटि भीत्रको डल्लो अर्थात् किलकि
ले दुखमा फाई दागछ ——— घाँटि दुखमा ——— (५२) फट्किरी चूर्ण १॥ मासा
मह २॥ तोला: माजुमफलको काँढा १ पा ३ मिलाएर रूवाका सिखले त्यहि औषधि घाँटि
मा लाइदिनु अथवा फट्किरी ३ मासा पानि १५ तोलामि लाएर कुल्ला गर्नु अथवा दा
रीमफलको बोक्रा कुटेको ५ तोला ल्वाङ चूर्ण ३ मासा पानि १ माना मीलाएर १५ मिने
ट सम्म पकाउनु पाछि वाट फट्किरी चूर्ण २ मासा मिलाई कुल्ला गर्नु अथवा फट्किरी चू
र्ण ६ मासा र ववुरको बोक्राको काँढा १ माना मिलाई मनतातो हुने गरि गर्नाई त्यसले कुल
गरे घाँटि सफा हुन्छ ——— कपाल दुखमा ——— (५३) आलिकनि जाई फल

55

४४ फुलबसे तोमिलाई लेपगर्नु तत्कालैमा आराम गर्छ अथवा मेहँदिको पात खूबसँग पिंधी लेप
लाउनाले पनि आराम हुन्छ अथवा केनुको पात पिंधेर लाउनु अथवा अनारको जरा पिंधेर
लेपगर्नु अथवा सूठो र अडिलको तेल पिंधेर लेपगरे सर्दिबाट भएको कम हुन्छ चन्दन र त
जदुवे बराबर घोटेर मनत्तातो लेपगर्नाले गराम्मे सर्दि हुवैकि सीस मा व सहुन्छ अथवा कुखु
राको विष्टा र मरिपिंधेर दाहिने तिर दूखेको भए वाओ तिर वाओ तिर दूखेको भए दाहिने तिर
लेपगर्नु फाइदा गर्छ ———— (५५) केस लामु गर्नुपर ———— (५५) सरिफ
कोविआर वएरको पात पिंधेर त्यस का रस के समा दल्नु दलेको ४ घडि पछि मनत्तातो पा
निले धुनु लामु हुन्छ अथवा अमलालाई कागति कोरस मा पिंधेर रौंका जरामा मल्नु अ
थवा भृङ्गि राजको [redacted] रससमभाग खा नेतेलमा हालि पका उनु पानि सुकि तेल मात्र वाँ
कि रहे पछि राजि न्दा कपाल मा दल्नु लामु पनि हुन्छ (मुलायम) नरमु पनि हुन्छ अथ
वा न्वाहुने बेलामा कालो तिलको पात त्यपार कुठि कपाल मा मालिके स्नान गर्नाले केस लामु
को मलहुन्छ अथवा कुसुमको फुल र कुसुमको बोक्रा लाई पोलेर खराने पारि त्यस माच
मालिको तेल हालि मल हमला एजास्ते गरि लाउनु को मलहुन्छ रौं झर्न लाग्यो भने हादि

## ४. व्यक्तिगत परिचय खुल्ने हस्त लिखित पाण्डुलिपि

तल दिइएको पाण्डुलिपिको पहिलो पानाको अन्तिम पङ्क्तिमा '... श्री शाके १८६९' उल्लेख गरिएको छ। यसबाट २०८० सालमा शक संवत्को १९४५ औं वर्ष चल्दै छ। यस्तै 'संवत् २००४ साल फाल्गुन महिना २३ गते वारै ७ तिथौ ११ नक्षत्रे २१ लग्ने ४' स्पष्ट रूपमा उल्लेख गरिएको छ। त्यसैगरेर ' घोडासैन बह्मस्थाने माजी जन्मभूमौ कुइका ग्रामे वास्थव्यायां शिवराम उपाध्याय सुत उदयराम लिखितम् शुभम्' लेखिएको छ। यसबाट विसं. २००४ सालमा कुइकामा बस्दै आउनुभएको र त्यहीँ पढाउँदै हुनुहुन्थ्यो भन्ने कुराको पुष्टि भयो।



शाल फाल्गुन गते ३३ वारे ७ तिथौ ११ नक्षेत्रे २१ लग्ने

४ माताराम्मो मातृपिताराम्मो रामचन्द्रस्वामिनमोऽस्तुते

घोडाशैनब्रह्मस्थाने माजिजन्मभूमौ कुरकाग्रामेवा

स्तव्यायं सिवराम उपाध्याया शुतक उदेराम लेषितं सुस्मृ

ॐ तत्सत नारायण श्री कृष्णाऽर्पणमस्तु ॥ [illegible] रामराम

**५. उदय-कौसिला स्मृतिग्रन्थ प्रकाशनका लागि तयार पारिएको प्रश्नावली**

वि.सं. १९७७ सालमा अछाम जिल्लाको ढकारी- ८, घोडासैन, माजी, मुलेगडामा जन्मिएर यस जिल्लाको पूर्वी भेकका विभिन्न ठाउँमा अध्यापन कार्य गरी त्यस क्षेत्रको प्रारम्भिक शैक्षिक उन्नयनका स्तम्भ गुरुजी र पोकु पाध्या उपनामले परिचित पुरोहित, ज्योतिष, मन्त्रोपचार र आध्यात्मिक व्यक्तित्व पं. उदयराम उपाध्याय र उहाँकी धर्मपत्नी कौसिलादेवी उपाध्यायको सम्झनामा उदय-कौसिला स्मृतिग्रन्थ प्रकाशन गर्न लागिएको कुरा यहाँलाई जानकारी गराउन पाउँदा खुसी लागेको छ। त्यसका लागि निम्नलिखित प्रश्नावलीको प्रयोग गरिदिनुहुन अनुरोध छ :

१. उदयराम उपाध्यायको व्यक्तित्व कस्तो थियो ?

२. उहाँको आनीबानी, स्वभाव कस्तो थियो ?

३. उहाँसँग शिक्षा आर्जन गरेका र उहाँको व्यक्तित्वलाई नजिकबाट बुझेका अथवा उहाँका बारेमा सुनेजानेका कुराहरू के के छन् ?

४. उहाँले लेखेका हस्तलिखित सामग्री, फोटो वा सम्झना गराउने अरू कुनै कुरा छन् ? छन् भने के के छन् ?

५. उहाँले शिक्षा आर्जन गरेको स्वर्गद्वारी आश्रम र त्यहाँ पढ्दाका साथी वा त्यहाँका बारेमा उहाँले के कस्तो बयान गर्नुहुन्थ्यो ?

६. त्यतिखेर घरमा शिक्षक राखेर पढाउनुपर्ने मुख्य कारण के थियो ?

७. यहाँले वा यहाँका कुनै अभिभावकले उहाँसँग पढेको भए कुन ठाउँमा, यहाँका समकालीन सहपाठी को को हुनुहुन्थ्यो ?

८. उहाँ चर्चित हुनाको कारण के हो ?

९. उहाँको जीवनीबाट हामीले पाइने शिक्षा /प्रेरणा के हो ?

१०. उहाँसँग सम्बन्धित सम्झनलायक कुनै घटना छ ?

११. उहाँले स्वर्गद्वारी महाप्रभुको संगत पाएर जोसमनी सन्तपरम्परामा दीक्षित हुनुहुन्थ्यो त्यसैकारण उहाँ जीवनको उत्तरार्धतिर आफ्नो जीवनलाई पूर्णरूपमा सन्तको शरणमा समर्पित गरी लोकलाज र लोकनिन्दाको वास्ता नगरी आफ्नो पारमार्थिक उन्नतिको मार्गमा लागेपछि लोकजनमानसमा के कस्ता भ्रमहरू सिर्जना भए ?

इत्यादि प्रश्न समेट्न सकिनुका साथै अरू कुनै विषयमा थप जानकारी भए त्यसलाई पनि समावेश गरी तयार पारिएको लेख वा अडियो/भिडियो निम्नलिखित व्यक्ति वा ठेगानामा उपलब्ध गराइदिनुहुन विनम्र अनुरोध छ -

बिमकला उपाध्याय- ९८४८६५६९८७ रामप्रसाद उपाध्याय- ९८६६८१९०३७

दामोदर उपाध्याय- ९८४८०३०६१३ खगेन्द्र घोडासैनी- ९८४८९६२०६१

इमेल- ghodasaini2020@gआफ्नाail.coआफ्ना

## ६. उदय-कौसिला स्मृतिग्रन्थ प्रकाशन मूल समिति र उपसमिति

वि.सं. १९७७ सालमा अछाम जिल्लाको ढकारी- ८, घोडासैन, माजी, मुलेगडामा जन्मिएर यस जिल्लाको पूर्वी भेकका विभिन्न ठाउँमा अध्यापन कार्य गरी त्यस क्षेत्रको प्रारम्भिक शैक्षिक उन्नयनका स्तम्भ गुरुजी र पोकु पाध्या उपनामले परिचित पुरोहित, ज्योतिष, मन्त्रोपचार र आध्यात्मिक व्यक्तित्व पं. उदयराम उपाध्याय र उहाँकी धर्मपत्नी कौसिलादेवी उपाध्यायको सम्झनामा उदय-कौसिला स्मृतिग्रन्थ प्रकाशन गर्न लागिएको कुरा यहाँलाई जानकारी गराउन पाउँदा खुसी लागेको छ । त्यसका लागि श्री **रामप्रसाद रिमालको संयोजकत्व**मा तपसिलबमोजिमको स्मृतिग्रन्थ प्रकाशन समिति निर्माण गरिएको छ (यसलाई थप परिमार्जन गरिने छ)-

श्री रामप्रसाद रिमाल- संयोजक

श्री जोगीराम बजगाईं- सदस्य

श्री लच्छिराम बजगाईं- सदस्य

श्री नारायण उपाध्याय नेपाल- सदस्य

श्री रामनाथ उपाध्याय तिमल्सिना- सदस्य

श्री कण्ठराज देवकोटा- सदस्य

श्री बलबहादुर कुँवर- सदस्य

श्री खड्गराज ढुङ्गाना - सदस्य

श्री हरिनाथ उपाध्याय- सदस्य

श्री खगेन्द्रप्रसाद उपाध्याय- सदस्य

श्री नेत्रराज उपाध्याय तिमल्सिना- सदस्य

श्री प्रभुनाथ उपाध्याय- सदस्य

श्री नन्दाराम उपाध्याय- सदस्य

श्री पदमराज उपाध्याय- सदस्य

श्री मदनराज धमला- सदस्य

श्री शिवराम जैसी- सदस्य

श्री पहलमान साउँद- सदस्य

यसैगरी स्मृतिग्रन्थ प्रकाशन उपसमिति पनि बनाइएको छ । जसमा तपसिलबमोजिमका व्यक्तिहरू रहनुभएको छ-

श्री डम्बरप्रसाद **उपाध्याय रिमाल**

श्री रुपानन्द उपाध्याय

श्री उद्धवराज उपाध्याय

श्री जगन्नाथ उपाध्याय

श्री शिवराज घोडासैनी

श्री पुष्पराज उपाध्याय

श्री टीकाराम आर्य

श्री झपराज शर्मा

श्री रामेश्वर उपाध्याय घोडासैनी

श्री रामप्रसाद धमला

श्री एकेन्द्र घोडासैनी

सदस्य सचिव डा. खगेन्द्र घोडासैनी

## ७. पं. उदयराम उपाध्यायको स्केच चित्र



जागृत रिमालद्वारा पीपलको पातमा बनाइएको पं. उदयराम उपाध्यायको चित्र

# ८. कौसिला देवि उपाध्यायको स्केच चित्र



## ९. स्व. कृष्णराज उपाध्यायको तस्विर



पं. उदयराम उपाध्याय र कौसिलादेवीका जेष्ठ सुपुत्र स्व. कृष्णराज उपाध्याय

जन्म-२०२३/०८/१४ निधन- २०७२/०३/१४